# काठमाडौँ टेबहालस्थित राजकीर्ति महाविहार परिसरको सांस्कृतिक अध्ययन


**शोधकर्ता**

यमनाथ उपाध्याय

परीक्षा रोल नं. : २८१३०६५

त्रि.वि. दर्ता नं : ६-२-६६३-१२-२००८


त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत

नेपाली इतिहास संस्कृति तथा पुरातत्व विषयमा

स्नातकोत्तर उपाधिको आंशिक

परिपूर्तिको निमित्त प्रस्तुत

**शोधपत्र**


**नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग**

**२०८२**

# प्रतिबद्धतापत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा स्नातकोत्तर तह उपाधिका निमित्त प्रस्तुत **"काठमाडौं टेबहालस्थित राजकीर्ति महाविहार परिसरको सांस्कृतिक अध्ययन"** शीर्षकको शोधपत्र मैले मेरा शोधनिर्देशकज्यूको निर्देशनमा रही सम्पन्न गरेको पूर्णतः मौलिक कार्य हो । मैले यो शोधपत्र लेखनको क्रममा प्राथमिक तथा द्वितीय स्रोत सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु । शोधकार्य गर्दा अन्तर्वार्ताबाट प्राप्त सूचना शोध प्रयोजनको लागि मात्र प्रयोग गरिएको छ । उक्त सूचना अरु प्रयोजनको लागि प्रयोग गरिने छैन । मैले प्रस्तुत गरेका प्रतिबद्धताहरु प्रति पूर्णतः जिम्मेवार रहने छु ।

**यमनाथ उपाध्याय**
शोधार्थी

# सिफारिस पत्र

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा स्नातकोत्तर तहका परीक्षार्थी छात्र यमनाथ उपाध्यायले नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको विशिष्टिकरण कार्य पूरा गर्ने प्रयोजनको लागि **"काठमाडौं टेबहालस्थित राजकीर्ति महाविहार परिसरको सांस्कृतिक अध्ययन"** शीर्षकको शोधपत्र मानविकी तथा सामाजिकशास्त्र सङ्काय, स्नातकोत्तर तह राजनीतिशास्त्र विषयको निम्ति उपयुक्त भएकोले स्वीकृति गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

सह-प्रा.डा. महेशकुमार आचार्य ..................................
विभागीय प्रमुख

प्रा.डा. कमला दाहाल ..................................
बाह्य परीक्षक

उप-प्रा.डा. निर्मला पोखरेल ..................................
आन्तरिक परीक्षक

सह-प्रा.डा. सन्ध्या खनाल पराजुली ..................................
शोध निर्देशक

मिति : २०८२/०५/०८

# कृतज्ञता ज्ञापन

प्रस्तुत **"काठमाडौं टेबहालस्थित राजकीर्ति महाविहार परिसरको सांस्कृतिक अध्ययन"** शीर्षकको यो शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका लागि यस शोधकार्य गरिएको हो । यस शोधकार्यको प्रारम्भदेखि नै सामग्री संकलन, विश्लेषण, र अन्तिम लेखन कार्यसम्म अमूल्य सहयोग र निर्देशन प्रदान गर्नुभएकी शोध निर्देशक आदरणीय सह-प्रा.डा. सन्ध्या खनाल पराजुलीप्रति म हृदयदेखि आभार व्यक्त गर्दछु । उहाँको मार्गदर्शनले यो शोधकार्य सफलतापूर्वक सम्पन्न भएको छ ।

शोधकार्यका लागि अमूल्य सुझाव र स्वीकृति प्रदान गर्नुभएका नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागका विभागीय प्रमुख आदरणीय सह-प्रा.डा. महेशकुमार आचार्य, पूर्व विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडा, पूर्व विभागीय प्रमुख प्रा.डा. मदनकुमार रिमाल, प्रा.डा. कमला दाहाल, सह-प्रा.डा. लोकनाथ दुलाल, सह-प्रा.डा. पुनम राज्य लक्ष्मी राणा, उप-प्रा.डा. निर्मला पोखरेल, उप-प्रा.डा. पशुपति न्यौपाने, उप-प्रा.डा. अभिजीत थापा, उप-प्रा.डा. तीना मानन्धरप्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु । यसका साथै, शोधकार्यमा सहयोग पुऱ्याउने प्रिय मित्रहरु स्वीटी मानन्धर, रामचन्द्र श्रेष्ठ, दिपक गुरौ र भानुभक्त आचार्यलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

अन्तमा, यो शोधकार्यको सम्पूर्ण यात्रामा शुरू देखि मलाई हौसला दिने, समर्थन गर्ने र उच्च शिक्षा हासिल गर्न आशिर्वाद दिनु हुने मेरा स्व. पिताजी विष्णु प्रसाद उपाध्याय र माता बागमती उपाध्याय तथा परिवारजनप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसका साथै, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपयोग गरिएका पुस्तक, पत्रपत्रिका, लेख रचनाका लेखक तथा प्रकाशकहरू र सबै सहयोगी संस्था तथा व्यक्तिहरूलाई पनि म आभार व्यक्त गर्दछु ।

यमनाथ उपाध्याय

# शोधसार


त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागबाट स्नातकोत्तर उपाधि प्राप्तिका लागि तयार पारिएको यो शोधपत्रको शीर्षक **"काठमाडौं टेबहालस्थित राजकीर्ति महाविहार परिसरको सांस्कृतिक अध्ययन"** हो। यस शोधकार्यमा राजकीर्ति महाविहार परिसरको ऐतिहासिकता, मूर्त सांस्कृतिक सम्पदा अन्तर्गत वास्तुकला, मूर्तिका प्रतिमालक्षण, अमूर्त सांस्कृतिक सम्पदामा नित्य पूजा, नैमित्तिक पूजा, जात्रा पर्वहरु र राजकीर्ति महाविहार परिसरमा रहेका सांस्कृतिक सम्पदाको मूर्त तथा अमूर्त संस्कृतिमा आएको परिवर्तनको बारेमा अध्ययन गरिएको छ।

राजकीर्ति महाविहार परिसरमा रहेका मूर्त सांस्कृतिक सम्पदालाई विधानका आधारमा मूर्तिकला, वास्तुकला र यस परिसर भित्र रहेका अमूर्त संस्कृति अन्तर्गतका नित्य पूजा, नैमित्तिक पूजा, जात्रापर्व र सांस्कृतिक सम्पदामा आएका परिवर्तनहरुको बारेमा विस्तृत रुपमा अध्ययन नभएको हुँदा समस्या पहिचान गरी यसको उत्तर खोजी गरिएको छ। मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा लिच्छविकालदेखि नै रहेका छन्। राजकीर्ति महाविहार परिसरमा रहेका राजकीर्ति महाविहार, बन्धुदत्त विहार र सङ्कटा मन्दिर लिच्छविकालमै स्थापना भएको प्रमाण फेला परेको छ। यस परिसरमा पाँचौ/छैठौं शताब्दीका लिच्छविकालीन चैत्यमा गवाक्ष खाली भएका पाइएका छन्। लिच्छविकालदेखि हाल सम्म यस महाविहारको नाम बन्धुदत्त विहार, त्रिरत्न विहार, तेदो विहार, राजकीर्ति महाविहार रहेको अभिलेखीय प्रमाणले स्पष्ट पारेका छन्। राजकीर्ति महाविहार परिसरमा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुले आस्था, विश्वास र पूजा गर्ने मन्दिर, विहार, चैत्य, मूर्तिहरु रहेका छन्। उक्त मूर्त सम्पदा सँग जोडिएका अमूर्त संस्कृतिहरु रहेका छन्। नित्य पूजा, नैमित्तिक पूजा, *बुसाधँ,* सङ्कटाको १२ वर्षे जात्रा, भद्रकालीमा खड्गजात्रा, भद्रकाली नृत्य आदि अमूर्त संस्कृतिले यस परिसरलाई जीवन्त पारिरहेको छ।

यो शोधपत्र प्राथमिक र द्वितीयक स्रोतमा आधारित रहेको छ। यस शोधपत्रमा गुणात्मक प्रकृतिका तथ्याङ्कहरू सङ्कलन तथा विश्लेषण गरिएका छन्। राजकीर्ति महाविहार परिसर एक महत्वपूर्ण धार्मिक स्थल हो। एउटै परिसरभित्र हिन्दू तथा बौद्ध देवीदेवताहरु रहनु र पूजा गर्नुले पनि धार्मिक सहिष्णुताको अन्योन्याश्रित सम्बन्धलाई देखाएको छ।

# विषयसूची


| | |
|---|---|
| प्रतिबद्धता पत्र | i |
| सिफारिस पत्र | ii |
| स्वीकृति पत्र | iii |
| कृतज्ञता ज्ञापन | iv |
| शोधसार | v |
| विषयसूची | vi |
| संक्षिप्त शब्द | x |

**अध्याय एक**

**शोधको परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधप्रश्न | ३ |
| १.४ अध्ययनको उद्देश्य | ३ |
| १.५ अध्ययनको सीमा | ४ |
| १.६ पूर्व साहित्यको समीक्षा | ४ |
| १.७ अध्ययनको विधि | १० |
| १.७.१ अध्ययनको ढाँचा | १० |
| १.७.२ तथ्याङ्क सङ्कलन विधि | ११ |
| १.७.२.१ प्राथमिक स्रोत | १२ |
| १.७.२.२ द्वितीयक स्रोत | १३ |
| १.७.३ तथ्याङ्क विश्लेषण र लेखन विधि | १४ |
| १.८ अध्ययनको महत्व/औचित्य | १४ |
| १.९. अध्ययनको रुपरेखा | १५ |

**अध्याय दुई**

**राजकीर्ति महाविहार परिसरको मूर्त सांस्कृतिक सम्पदा**

| | |
|---|---|
| २.१ विहार निर्माणको ऐतिहासिकता | १६ |

२.२ राजकीर्ति महाविहार १८

२.२.१ राजकीर्ति महाविहारको ऐतिहासिकता १९

२.२.२ राजकीर्ति महाविहारको वास्तुकला २१

२.२.३ राजकीर्ति महाविहारमा रहेको अक्षोभ्य बुद्ध र प्रतिमालक्षण २५

२.३ बन्धुदत्त विहार २६

२.३.१ बन्धुदत्त विहारको ऐतिहासिकता २६

२.३.२ बन्धुदत्त विहारको वास्तुकला २८

२.३.३ बन्धुदत्त विहारमा रहेको अक्षोभ्य बुद्ध र प्रतिमालक्षण ३०

२.३.३.१ राजकीर्ति र बन्धुदत्त विहारमा रहेका सारिपुत्र र मौद्गल्यायन ३१

२.४ सङ्कटा मन्दिर ३२

२.४.१ सङ्कटाको ऐतिहासिकता ३३

२.४.२ सङ्कटा मन्दिरको वास्तुकला ३६

२.४.३ सङ्कटा देवताको प्रतिमालक्षण ३९

२.४.४ सङ्कटा मन्दिरमा रहेको पद्मपाणी लोकेश्वर र प्रतिमालक्षण ४१

२.५ *नासःद्य* (नृत्यनाथ) ४३

२.५.१ *नासःद्य* (नृत्यनाथ) को ऐतिहासिकता ४५

२.५.२ *नासःद्य* मन्दिर ४६

२.६ लुँमधि भद्रकाली देवघर ४७

२.६.१ लुँमधि भद्रकालीको ऐतिहासिकता ४८

२.६.२ लुँमधि भद्रकाली देवघरको वास्तुशैली ५०

२.६.३ भद्रकालीको प्रतिमालक्षण ५९

२.७ राजकीर्ति महाविहार परिसरमा रहेका चैत्यहरु ६३

२.८ राजकीर्ति महाविहार परिसरमा रहेको सरस्वतीको मूर्ति ६७

२.९ राजकीर्ति महाविहार परिसरमा रहेका सूर्य र चन्द्रका मूर्ति ६८

२.९.१ सूर्यका मूर्ति र प्रतिमालक्षण ६९

२.९.२ चन्द्रका मूर्ति र प्रतिमालक्षण ७०

२.१० राजकीर्ति महाविहार परिसरमा रहेका गणेश र महांकालका मूर्तिहरु ७१

## अध्याय तीन

## राजकीर्ति महाविहार परिसरको अमूर्त सांस्कृतिक सम्पदा


३.१ सङ्कटा मन्दिरमा गरिने पूजा परम्परा ७४

३.१.१ नित्य पूजा ७४

३.१.२ नैमित्तिक पूजा ७६

३.१.२.१ *बुसाधँ* (वर्ष बन्धन) पूजा ७६

३.१.२.२ स्वांछा पूजा ७७

३.१.२.३ नाग पूजा ७७

३.१.२.४ सङ्कटा मन्दिरको गजुरलाई मान्द्रोले छोप्ने ७८

३.१.२.५ दिशीपूजा ७८

३.१.२.६ गथांमुगः ७८

३.१.२.७ गुन्हुपुन्ही ७९

३.१.२.८ घटस्थापना ७९

३.१.२.९ सङ्कटामा गजुरको मान्द्रो निकाल्ने ७९

३.१.२.१० मिलापुन्ही पूजा ७९

३.१.२.११ महावली पूजा ८०

३.१.३ शनिबारे पूजा तथा भाकल पूजा ८०

३.१.४ सङ्कटाको १२ वर्षे जात्रा ८०

३.१.५ सङ्कटाको जात्रामा टेबहाल शिखाकार गुठीको भूमिका ८६

३.२ टेबहालमा प्रचलित *य:सिं* परम्परा ८७

३.३ स्थान गणेशमा पूजा ८८

३.४ भद्रकाली देवघरमा पूजा परम्परा ८९

३.४.१ नित्य पूजा ८९

३.४.२ नैमित्तिक पूजा ९०

३.४.२.१ चतुर्दशी पूजा ९०

३.४.२.२ पाहाँचह्रे अर्थात पिशाच चतुर्दशी पर्व ९०

३.४.२.३ *पाया:* अर्थात खड्गजात्रा ९३

३.४.२.४ शिवरात्रीमा होम पूजा ९४

३.४.२.५ भाकल पूजा ९५

३.४.२.६ भद्रकाली नृत्य ९५

३.५ गुंला पर्व र अभ्यास ९६

## अध्याय चार

## राजकीर्ति महाविहार परिसरमा आएका परिवर्तन र तिनका कारणहरु

४.१ सांस्कृतिक सम्पदामा परिवर्तनको अवधारणा ९९

४.२ संस्कृतिमा परिवर्तन ल्याउने कारक तत्वहरु ९९

४.३ सांस्कृतिक सम्पदामा परिवर्तनको प्रक्रिया १००

४.४ राजकीर्ति महाविहार परिसरमा रहेका मूर्त सांस्कृतिक सम्पदामा आएका परिवर्तनहरु १००

४.५ राजकीर्ति महाविहार परिसरमा रहेका अमूर्त सांस्कृतिक सम्पदामा आएका परिवर्तनहरु १०१

४.५.१ सङ्कटाको १२ वर्षे जात्रामा परिवर्तन १०१

४.५.२ गुंला बाजा बजाउँदा आएको परिवर्तन १०३

४.५.३ भद्रकाली देवघरमा हुने पर्वमा आएको परिवर्तन १०३

४.६ राजकीर्ति महाविहार र बन्धुदत्त विहार ओझेलमा १०४

## अध्याय पाँच

## प्राप्ति, छलफल र निष्कर्ष

५.१ प्राप्ति तथा छलफल १०५

५.१.१ राजकीर्ति महाविहार परिसरको ऐतिहासिकता १०५

५.१.२ राजकीर्ति महाविहार परिसरका मूर्त सम्पदा १०९

५.१.३ राजकीर्ति महाविहार परिसरका अमूर्त सम्पदा १११

५.१.४ राजकीर्ति महाविहार परिसरका सांस्कृतिक सम्पदामा आएका परिवर्तन ११५

५.२ निष्कर्ष ११७

परिशिष्ट ११८

पारिभाषिक शब्दावली १३२

सन्दर्भ सामग्री १३५

# संक्षिप्त शब्द

| | |
|---|---|
| अनु. | - अनुवाद |
| ई.सं. | - ईश्वी सम्वत् |
| ए.पी.ए. | - अमेरिकन साइक्लोजी एशोसियसन् |
| का.म.न.पा. | - काठमाडौँ महानगरपालिका |
| कि.मि. | - किलो मिटर |
| क्र.सं. | - क्रम संख्या |
| चित्र नं. | - चित्र नम्बर |
| दर्ता नं. | - दर्ता नम्बर |
| ने. सं. | - नेपाल सम्वत् |
| प्र.सम्पा. | - प्रमुख सम्पादक |
| पृ. | - पृष्ठ |
| मि.न. | - मिति नभएको |
| रोल नं. | - रोल नम्बर |
| वडा नं. | - वडा नम्बर |
| वि. सं. | - विक्रम सम्वत् |
| सं. | - सम्पादक |
| सि.नं. | - सिरियल नम्बर |
| त्रि. वि. | - त्रिभुवन विश्वविद्यालय |
| Ltd. | - Limited |
| P. | - Page |
| pp. | - Pages |
| Pvt. | - Private |

# अध्याय एक

# काठमाडौँ टेबहालस्थित राजकीर्ति महाविहार परिसरको सांस्कृतिक अध्ययन

## १.१ अध्ययनको परिचय

नेपाल सांस्कृतिक सम्पदाले समृद्ध भएको राष्ट्र हो । काठमाडौँ उपत्यका प्राचीन कालदेखि नै समृद्ध रहेको थियो भन्ने कुरा विभिन्न अभिलेख एवं साहित्यिक स्रोतहरुले पुष्टि गरेका छन् । काठमाडौँ उपत्यका समृद्ध हुनुको पछाडि यहाँको धार्मिक सहिष्णुता हो । यहाँ प्राचीन कालदेखि नै हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुको बसोबास र धार्मिक अभ्यास रहेको पाइन्छ । प्राचीनकाल र मध्यकालमा देवीदेवताहरुको मूर्ति अत्यधिक मात्रामा बनेको पाइन्छ । एउटै देवतालाई हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुले पूजा गर्ने, आस्था राख्ने भएको हुँदा यहाँ धार्मिक सहिष्णुता रहेको देखिन्छ । यसै क्रममा मन्दिर, विहारहरुको निर्माण पनि धेरै मात्रामा भएको देखिन्छ ।

काठमाडौँ महानगरपालिका वडा नं. २२ अन्तर्गत टेबहालमा राजकीर्ति महाविहार परिसर रहेको छ । यस महाविहारको वरपरका महत्वपूर्ण स्थलहरूमा पूर्वमा टुँडिखेल, उत्तरमा नयाँ सडक गेट, दक्षिणमा धरहरा, दक्षिण पश्चिममा खिचापोखरी रहेका छन् । टेबहाल भित्र पस्ने पूर्वतिरको मूल बाटोमा गणेशको एउटा सानो मन्दिर रहेको छ । टेबहाल राजकीर्ति महाविहार परिसरको पूर्व पश्चिम लम्बाई ८० मिटर र उत्तर दक्षिणको चौडाई ५५ मिटर नापी विभागले निकालेको टेबहाल काठमाडौँ महानगरपालिका वडा नं.२२ को नक्सामा उल्लेख गरिएको छ (बज्राचार्य, २०५८, पृ. ७) । राजकीर्ति महाविहार परिसर आवासीय घरहरुले घेरिएर रहेको छ ।

राजकीर्ति महाविहार परिसर आफैँमा एक धार्मिक दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण स्थल हो । यस परिसर भित्र हिन्दू धर्मावलम्बीहरुले पूजा गर्ने भद्रकाली देवघर, सूर्य चन्द्रका मूर्तिहरु, सरस्वतीको मूर्ति, गणेशको मूर्ति तथा बौद्ध धर्मावलम्बीहरुले पूजा गर्ने राजकीर्ति महाविहार, बन्धुदत्त विहार तथा चैत्यहरु रहेको छ । हिन्दू र बौद्ध धर्मावलम्बीहरुले विभिन्न नाम दिएर सङ्कट हर्ने देवताको रुपमा सङ्कटालाई पूजा गर्ने गर्दछन् । *नासःद्य* (नृत्यनाथ) र सङ्कटालाई दुवै धर्मावलम्बीहरुले साझा देवताको रुपमा पूजा गर्नुले पनि यस परिसरले धार्मिक सहिष्णुताको लागि अत्यन्तै महत्वपूर्ण क्षेत्रको रुपमा आफ्नो परिचय स्थापित गरेको छ ।

राजकीर्ति शब्दले राजाको कीर्तिको बारेमा वर्णन गरेको अनुमान गर्न सकिन्छ । यस परिसर भित्र लिच्छविकालीन चैत्य, अभिलेखहरु पाइएका छन् । अभिलेखको आधारमा यो परिसर पहिल्यै देखि नै विहारको रुपमा रहेको बुझिन्छ । यहाँ लिच्छविकालीन, मल्लकालीन एवं शाहकालीन राजाहरुले जग्गा दान, गुठी राखेको तथा जीर्णोद्धार गरेको प्रमाणहरु पाइएका छन् । यस परिसर भित्र लिच्छविकालीन, मल्लकालीन र शाहकालीन मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरु रहेका छन् । जसले गर्दा यस परिसरको महत्व रहेको छ ।

राजकीर्ति महाविहार परिसरमा रहेका मूर्त सांस्कृतिक सम्पदालाई विधानका आधारमा मूर्तिकला, वास्तुकला र यस परिसर भित्र रहेका अमूर्त संस्कृति अन्तर्गतका नित्य पूजा, नैमित्तिक पूजा, जात्रापर्व, मूर्त र अमूर्त संस्कृतिमा आएका परिवर्तनहरुको बारेमा विस्तृत रुपमा अध्ययन नभएको हुँदा समस्या पहिचान गरी यसको उत्तर खोजी गरिएको छ । मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा लिच्छविकालदेखि कै रहेका छन् । यस महाविहार परिसरको बारेमा अहिलेसम्म व्यवस्थित रुपमा यथेष्टमात्रामा अध्ययन अनुसन्धान हुन सकेको छैन । यसै पृष्ठभूमिमा यस राजकीर्ति महाविहार परिसरको सांस्कृतिक पक्षको विस्तृत खोजी गरी प्रकाशमा ल्याउनका लागि गहन अनुसन्धान गर्नुपर्ने बोध गरिएको हो । यो अनुसन्धान प्राथमिक र द्वितीयक स्रोतमा आधारित रहेको छ । यस शोधपत्रमा गुणात्मक प्रकृतिका तथ्याङ्कहरू सङ्कलन तथा विश्लेषण गरिएका छन् । अतः यो गुणात्मक ढाँचामा आधारित शोधपत्र हो । काठमाडौंमा रहेका बहाल मध्ये राजकीर्ति महाविहार परिसरको सांस्कृतिक सम्पदाको बारेमा अध्ययन अनुसन्धान गर्न वाञ्छनीय भएको हुनाले यस शोधपत्र उक्त विहार परिसरको सांस्कृतिक सम्पदा बारे अध्ययन अनुसन्धानमा केन्द्रित गरिएको छ ।

## १.२ समस्या कथन

काठमाडौं महानगरपालिकाको वडा नं. २२ टेबहालमा अवस्थित राजकीर्ति महाविहार परिसर ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण स्थल हो । यहाँ धर्म, संस्कृति र संस्कारसँग सम्बन्धित अनेक किसिमका गतिविधिहरू गरिन्छन् । राजकीर्ति महाविहार परिसरको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका बारेमा विभिन्न खोज तथा अनुसन्धान भएता पनि यसको ऐतिहासिकता, मूर्त तथा अमूर्त संस्कृति, सांस्कृतिक सम्पदामा आएका परिवर्तनको बारेमा अहिलेसम्म पर्याप्त मात्रामा अध्ययन हुन सकेको छैन । केही अध्येताहरूले यस विहारको बारेमा सामान्य जानकारी दिएको भएता पनि विस्तृत अध्ययनको अभावमा यस

सम्पदा ओझेलमा परेको छ । यस महाविहार भित्र रहेका राजकीर्ति महाविहार, बन्धुदत्त विहार, सङ्कटा मन्दिर, भद्रकाली (लुँमधि), सूर्य चन्द्रका मूर्ति, सरस्वतीको मूर्ति, *नासःद्यः*, प्राचीन चैत्य आदिको ऐतिहासिकता, मूर्त, अमूर्त सांस्कृतिक सम्पदा र सांस्कृतिक सम्पदामा आएको परिवर्तनको बारेमा विस्तृत रुपमा अध्ययन नभएको हुनाले अनुसन्धानको समस्याको रुपमा देखाइएको छ । त्यसैले यस सम्पदाको बारेमा थप अध्ययन अनुसन्धान गर्नको निमित्त यो शोधपत्र तयार गरिएको हो ।

## १.३ शोधप्रश्न

राजकीर्ति महाविहार परिसरमा रहेका सांस्कृतिक सम्पदाहरुको विस्तृत रुपमा अध्ययन अनुसन्धान कार्य हुन सकेको थिएन । महाविहार परिसरको व्यवस्थित प्राचीनताको खोजी, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको खोज र सांस्कृतिक सम्पदामा आएका परिवर्तनको खोजको अभावलाई नै प्रमुख शोध समस्याको रुपमा लिइएको छ । यही शोध समस्याका आधारमा यसको रिक्ततालाई परिपूर्ति गर्न निम्न उल्लेखित तीन प्रश्नहरु शोधको रुपमा प्रस्तुत गरिएको छ :

१. राजकीर्ति महाविहार परिसरमा रहेका मूर्त सम्पदाहरु के-के रहेका छन् ?

२. राजकीर्ति महाविहार परिसर भित्रका अमूर्त सम्पदाहरु के-कस्ता रहेका छन् ?

३. राजकीर्ति महाविहार परिसरका सांस्कृतिक सम्पदामा आएका परिवर्तनहरु कस्ता रहेका छन् ?

## १.४ अध्ययनको उद्देश्य

संस्कृति तथा परम्पराको विशेषता भनेको एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै जानु हो । प्रस्तुत अध्ययन राजकीर्ति महाविहार परिसरमा रहेका सांस्कृतिक सम्पदाको ऐतिहासिकता खोजी गर्नु, महाविहार परिसर भित्रका मूर्त तथा अमूर्त सम्पदाहरुको अनुसन्धान गर्नु र महाविहार परिसर भित्रका सम्पदामा आएका परिवर्तनहरु खोज्नु यस अध्ययनको उद्देश्य हो । यस महाविहार परिसरको बारेमा थोरै मात्रामा लेख रचनाहरू प्रकाशित भएका छन्, ती पनि खोज अनुसन्धानका लागि पर्याप्त भएको पाइँदैन । सोही अपर्याप्ततालाई पूरा गर्ने उद्देश्यले यो शोधपत्र तयार गरिएको छ । बुँदागत रूपमा यस शोध तयार पार्नुका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. राजकीर्ति महाविहार परिसरमा रहेको मूर्त सम्पदाहरुको अध्ययन गर्ने ।

२. राजकीर्ति महाविहार परिसर भित्रका अमूर्त सम्पदाहरुको खोजी गर्ने ।

३. राजकीर्ति महाविहार परिसर भित्रका सांस्कृतिक सम्पदामा आएका परिवर्तनहरु अनुसन्धान गर्ने ।

## १.५ अध्ययनको सीमा

'काठमाडौँ टेबहालस्थित राजकीर्ति महाविहार परिसरको सांस्कृतिक अध्ययन' भन्ने शीर्षकमा भौगोलिक सीमा र विषयगत सीमालाई ध्यानमा राख्दै अध्ययनको सीमा निर्धारण निम्नानुसार गरिएको छ ।

१. भौगोलिक सीमा :

काठमाडौँ उपत्यका भित्र रहेका अन्य विहारहरुको तुलनात्मक अध्ययन नगरिकन काठमाडौँ महानगरपालिका वडा नं. २२ अन्तर्गत टेबहालमा रहेको राजकीर्ति महाविहार परिसरको मात्रै अध्ययन गरिएको छ ।

२. विषयगत सीमा :

प्रस्तुत शोधकार्य काठमाडौँ महानगरपालिका वडा नं. २२ टेबहालमा रहेको राजकीर्ति महाविहार परिसरमा केन्द्रित रहेको छ । यस शोधकार्यमा परिसरभित्र रहेका मूर्त सांस्कृतिक सम्पदाअन्तर्गत विहार, मन्दिर, मूर्ति, चैत्य आदिको अध्ययन गरिएको छ । महाविहार परिसर भित्र रहेका अमूर्त सांस्कृतिक सम्पदाअन्तर्गत महाविहार परिसरमा रहेका विहार तथा मन्दिरको ऐतिहासिकता, पूजा पद्धति, जात्रा तथा सांस्कृतिक सम्पदाहरुमा आएको परिवर्तनको बारेमा मात्रै सीमित गरिएको छ । यस शोधपत्रमा आवश्यकता अनुसार अन्य विषयहरुको सान्दर्भिक ठाउँमा चर्चा गरिएको छ ।

## १.६ पूर्व साहित्यको समीक्षा

राजकीर्ति महाविहार परिसरको सांस्कृतिक अध्ययनको विषयमा प्रकाशित पुस्तक, शोधपत्र, अनुसन्धान प्रतिवेदन आदिको अध्ययन गरिएको छ । टेबहालस्थित राजकीर्ति महाविहार परिसरको बारेमा जानकारी गराउने पुस्तक तथा लेखहरू अध्ययन गरिएको छ । यस विहारको मूर्त तथा अमूर्त संस्कृतिको बारेमा पूरा जानकारी दिने कुनै सामग्री प्राप्त नभए

पनि यस अध्ययनमा सहयोगी पुस्तक तथा आलेखहरूलाई पूर्वसाहित्यको रूपमा अध्ययन गरिएको छ । पूर्वकार्यहरुको विस्तृत रुपमा अध्ययन र समीक्षा पश्चात् राजकीर्ति महाविहारको विषयमा केही कार्य आरम्भ भएको र यस महाविहार परिसरको ऐतिहासिकता, सांस्कृतिक सम्पदा र सांस्कृतिक सम्पदामा आएका परिवर्तनको बारेमा कम मात्र कामहरु भएको तथ्य प्रकाशमा आएको छ । अध्ययन गरिएका पूर्व प्रकाशित पुस्तक तथा लेखहरुलाई समयक्रम अनुसार समीक्षाको आधारमा पूर्व साहित्य समीक्षामा समेटिएको छ ।

**वज्राचार्य** (२०१९) ले सुन्दरानन्दले विशेष वर्णन गरेका देवदेवीहरु र स्थानहरुको बारेमा उल्लेख गरेका छन् । नेपालका मुख्य देवता पशुपतिनाथ, स्वयम्भूनाथ, मछिन्द्रनाथ, गुह्येश्वरी, हरसिद्धि, वज्रयोगिनी, गोरखनाथ, लुँमधि भद्रकाली, वज्रतुण्डी, महांकाल, सङ्कटा, बाघभैरव, हारती, त्रिपुरेश्वर कुम्भेश्वर, आनन्दादि लोकेश्वर, प्रचण्डभैरव, नरदेवीको श्वेतकाली, चोभारको गणेश, टौदहको कर्कोटक, लेलेको ट्याङाभैरव, चापागाउँको वज्रवाराही, नुवाकोटको भैरव-भैरवी, शाक्यसिंह, पाटनका कृष्ण, भीमसेन तथा बहाल बहीलका देवता इत्यादिको नामोल्लेख भएको छ। यसमा विशेषगरी लुँमधि भद्रकालीलाई वैद्यशास्त्रमा पारङ्गत भएकी देवी हुन् भनी यिनको पूजा हुन्छ, यिनको नामान्तर 'लज्जापीठ' हो भनी उल्लेख गरिएको छ । त्यस्तैगरि, महांकललाई टुंडिभैरव भनेका छन् भने यिनको शिरमा अक्षोभ्य मूर्ति छ। यिनले हातमा खप्पर र खट्वाङ्ग लिएका छन्। त्यस्तैगरी उनले सङ्कटालाई देव-देवीका (स्त्रीपुरुषका) संयुक्त मूर्ति हुन् भनी उल्लेख गरेका छन् ।

**Locke** (1985) ले टेबहाललाई राजकीर्ति महाविहार, शिवदेव संस्कारित श्री तेदो महाविहार, बन्धुदत्त विहार आदि भनेर उल्लेख गरेका छन् । राजकीर्ति महाविहार परिसरमा रहेका सङ्कटा मन्दिर, लुँमधि भद्रकाली, बन्धुदत्त विहार आदि मूर्त सम्पदाको बारेमा जानकारी दिएका छन् । टेबहाल सम्बन्धी उल्लेख गरिएको ने.सं. २६५ (सन् ११४४) को अभिलेखमा राजा नरेन्द्रदेवको पालामा श्रीमत शिवदेव संस्कारित श्री तेदो विहारका वज्राचार्य भिक्षु अभय गुप्तले पञ्चबुद्ध तथा मणिले सुसज्जित मुकुट चढाएको तथा उक्त मुकुट भिक्षु भास्कर गुप्तले बनाएको कुरा उल्लेख छ । बन्धुदत्त विहार राजकीर्ति महाविहारमध्ये राजकीर्ति महाविहार सर्वप्रथम निर्मित तथा बन्धुदत्त विहार राजा नरेन्द्रदेवले आफ्ना गुरु बन्धुदत्त तथा राजकीर्ति महाविहारका सदस्यहरुले राजगुरुको सम्झनामा निर्माण गरेको विश्वास गरिन्छ । राजकीर्तिमहाविहार परिसरमा थुप्रै चैत्यहरु निर्माण गरिएका पाइन्छन्, जसमध्ये सातवटा लिच्छविकालीन चैत्यहरु रहेका छन् ।

**मानन्धर** (२०५१) ले सङ्कटा मन्दिरको बारेमा उल्लेख गरेका छन् । उनले नामको दृष्टिबाट हेर्दा सङ्कटालाई देवी वा योगिनी भन्न मिल्छ र राहुको दशा संकटमा यिनको विशेष आराधना गर्ने चलन छ भनी उल्लेख गरेका छन् । भगवती तारिणी सङ्कटा भनी नाम लिंदा 'यमशासना नदिन्या भयाका अरिष्ट ग्रहका दुर्दशाकन हर्न्या भएका नेपालका ईश्वरी स्त्री रुप पनि पुरुष रुप पनि' भन्दै यी देवताको परिचय दिने प्रयास भएको उल्लेख गरेका छन् । उनले सङ्कटालाई अचलासँग बढी मिल्ले कुरालाई समेत उल्लेख गरेका छन् । सङ्कटालाई कटुवालदह बाट टेबहाल सम्म ल्याउने विधि प्रक्रियाको बारेमा पनि संक्षिप्त रुपमा उल्लेख गरेका छन् । यो पुस्तकले सङ्कटाको बारेमा जान्न मद्दत गर्ने हुँदा यसलाई यस अध्ययनमा समेटिएको छ ।

**वज्राचार्य** (२०५३) ले लिच्छविकालका १९० वटा अभिलेखहरु प्रकाशित गरेका छन् । तत्कालको भाषा, संस्कृतिमा रहेका अभिलेखका पाठलाई देवनागरी लिपिमा लेखी अशुद्ध अभिलेखको हुनु पर्ने शुद्धता समेतको संकेत गर्दै टुटेफुटेका र नबुझिने अक्षरहरु समेत कुन रुपमा हुनुपर्ने हो, त्यही अनुसार उल्लेख गरेर सम्पादन गरिएको यस पुस्तकको महत्व अतुलनीय छ । नेपाली भाषामा उल्था गरी प्रायः सबै अभिलेखहरुको टिप्पणी समेत लेखिएको पाइने हुनाले लिच्छवीकालका अभिलेख नामक ग्रन्थलाई प्राचीन इतिहास र संस्कृतिको अध्ययनको लागि आवश्यक कृति मानिन्छ । राजकीर्ति महाविहार (टेबहाल) भित्र पस्ने ढोकैनिर बायाँपट्टिको एउटा पसलभित्र महांकालको मुर्ति रहेको छ । महांकालको मूर्तिको पादपीठमा सम्वत् ४०२ आषाढ शुक्ल पूर्णिमाको दिन सार्थवाह गुहमित्रले इन्द्रनामक भगवान् सूर्यलाई भक्ति पूर्वक यहाँ स्थापना गरे भनी उल्लेख रहेको छ । तर हाल त्यहाँ सूर्यको मूर्ति नभई महांकालको मूर्ति रहेको छ । टेबहालको अर्को एक अभिलेखमा सङ्कटा मन्दिरको दक्षिणपट्टी पर्खालमा एउटा जलद्रोणी रहेको छ, उक्त जलद्रोणीको छेउमा उत्तरलिच्छविकालीन अभिलेख रहेको छ । प्रियपाल नाम भएका शाक्य भिक्षुले आमाबुबाको कल्याणको लागि कुवा र टुटेधारा बनाएको उल्लेख पाइन्छ ।

**पौड्याल** (२०५७) ले नेपालमा नटराज-शिवको बारेमा संक्षिप्त चर्चा गरेकी छिन् । काठमाडौं उपत्यका भित्र विभिन्न प्रकारका नाचगान सिक्दा र सुरुवात गर्दा *नासःद्य* भनेर तीनकुने प्वालमा पूजा गर्ने परम्परा देखिन्छ । नटराज शिवको परिकल्पना गरिनुभन्दा पूर्व नृत्य एवं संगीतमय वातावरणमा जीवन जिउने हाम्रा आदिम पुर्खाहरु विशेषतः त्रिकोणाकार प्वालहरु निर्माण गरी तिनीहरुलाई *नासःद्य* र *हैमाद्यः* मान्दै आएका छन् । यसरी नेपाली समाजमा

नाचगानप्रति समर्पित भएर साधना गर्दा त्यसमा सफलता प्राप्त गर्न *नासःद्य*को पूजाआराधना अत्यावश्यक मानिएको छ। हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुले *नासःद्य*लाई नृत्य तथा बाजागाजा सिक्नको लागि प्रमुख देवता मानेका छन् । यस पुस्तक अनुसन्धान कार्यमा सहयोग पुऱ्याउन महत्वपूर्ण रहेकोले यस पुस्तकको समीक्षा गरिएको छ ।

**बज्राचार्य** (२०५८) ले सङ्कटा र राजकीर्ति महाविहार (टेबहाल) को बारेमा संक्षिप्त रुपमा परिचय दिएका छन् । महाविहार परिसरमा रहेका मुर्त सांस्कृतिक सम्पदाको जानकारीमूलक तरिकाले यस पुस्तकमा उल्लेख गरिएको छ। यस महाविहार परिसरको बारेमा सामान्य जानकारी दिएको पाइएता पनि विस्तृत अध्ययनको अभावमा यस सम्पदा ओभ्रेलमा परेको छ ।

**वज्राचार्य** (२०५९) ले हिन्दू तथा बौद्ध धर्मावलम्बी दुवैका साझा देवता चण्डमहारोषण अर्थात सङ्कटाको बारेमा महत्वपूर्ण जानकारी दिएकी छिन् । ललितपुरमा चण्डमहारोषणको मूर्ति हिरण्यवर्ण महाविहारको सँगै इलांननी टोलमा मात्र स्थापना गरिएको पाइन्छ भने काठमाडौंमा सङ्कटाको प्रतिमा राजकीर्ति महाविहार टेबहालमा स्थापना गरिएको पाइन्छ । इलांननीको सङ्कटालाई तान्त्रिक बौद्ध देवता चण्डमहारोषण र दशक्रोध भैरवमा अचल वा अचलान्तकको रुपमा मानिन्छ भने काठमाडौंको टेबहालको सङ्कटालाई पद्मान्तकको रुपमा मानिन्छ । चण्डमहारोषण वा सङ्कटाको बारेमा उल्लेख गरेको हुनाले यो पुस्तकले केही हदसम्म अनुसन्धान कार्यमा सहयोग गरेको छ ।

**श्री सङ्कटा १२ वर्षे मेला सहयोग समिति** (२०५९) मा सङ्कटाको स्थापना, श्री सङ्कटा १२ वर्षे मेलाको यात्रास्मरण, टेबहाल शिखाकार गुठी, श्री सङ्कटा र राजकीर्ति महाविहारको संक्षिप्त परिचय दिइएको छ । सङ्कटाको स्थापना भन्ने शीर्षकमा लेखकले किंवदन्तीलाई बढी जोड दिएको पाइन्छ। श्री सङ्कटा १२ वर्षे मेलाको यात्रास्मरणमा टेबहाल, राजकीर्ति महाविहार परिसर देखि कटुवालदह सम्मको र त्यहाँबाट सङ्कटालाई टेबहाल राजकीर्ति महाविहार सम्म ल्याएको आफ्नो अनुभवलाई उल्लेख गरिएको पाइन्छ । टेबहाल सिखाकार गुठीले राजकीर्ति महाविहार परिसर भित्र गर्ने क्रियाकलाप भन्दा पनि संकटालाई ल्याउँदा बाजा बजाएर स्वागत गरेको कुरालाई बढी जोड दिएको पाइन्छ ।

**अमात्य** (२०६२) ले काठमाडौं उपत्यका भित्र मनाइने धार्मिक नाचगानहरु हिन्दू र बौद्ध पुराण तथा ग्रन्थहरुमा आधारित रहेर नाचिन्छ । साथै यी नाचहरु तान्त्रिक परम्परामा

पनि आधारित छन् भनी उल्लेख गरेका छन् । नेपाल कृषिप्रधान देश भएको हुनाले कृषि, खेतीपाती र कृषक समुदायसँग बढी सम्बन्धित यी जात्रा पर्व र नाचगानहरु खास गरी रोपाईपछि खुसियालीमा मनाउने गरेको पाइन्छन् । काठमाडौँ उपत्यकाभित्र नचाइने यी परम्परागत नाचहरुको उत्पत्ति पनि ज्यादै रोचक देखिन्छ । यी नृत्य तथा नृत्य नाटिकाहरु मध्ये केही राजाको सपना सँग सम्बन्धित छन् त केही प्राकृतिक र दैवी प्रकोप आदि शान्त गर्न देवदेवीलाई खुशी पार्न चलाइएका पाइन्छन् । जात्रा, चाडपर्व, नृत्य आदिले जनतामा धार्मिक भावना जोगाई राख्दछ भने अर्कोतिर कलाका विभिन्न पक्ष तथा अंगहरु जस्तै संगीत, वाद्यवादन, नृत्य, भेषभूषा आदिलाई पनि यसले प्रोत्साहित गरी जीवन्त राख्दछ । जात्रा, पर्व र नृत्यको लागि महत्वपूर्ण भएको हुनाले यस पुस्तकलाई समीक्षा गरिएको छ ।

**प्रजापति** (२०६३) ले *नासःद्य*को परिचय, *नासःद्य*का रुपहरु, लोक आख्यान, पूजा परम्परा, आध्यात्मिक पक्ष आदिको बारेमा उल्लेख गरेका छन् । *नासःद्य*का तीन वटा प्वाल गणेश, *अजिमाद्यः* र *आजुद्यः* का प्रतिनिधि प्वालहरु हुन् भनी पहिचान गरिएको छ । *नासःद्य*लाई महादेवको नृत्येश्वर स्वरुप मात्र नभई यसको दायरालाई फराकिलो पार्न समेत यो पुस्तकले भूमिका खेलेको देखिन्छ । त्यसैले यसलाई यस अध्ययनमा समेटिएको छ ।

**अमात्य** (२०६८) का अनुसार आचार्य बन्धुदत्तले कामरुप कामाक्षाबाट सङ्कटालाई नेपालभित्र ल्याएको मानिन्छ भनेर उल्लेख गरेका छन् । उक्त घटनालाई सम्झन प्रत्येक १२/१२ वर्षमा कटुवाल दहदेखि लावालस्कर गई मन्त्र साधन गरी ल्याएको एक जोडी कलशलाई टेबहालमा स्वागत गरी भित्र्याउने चलन अद्यापि चलिरहेको छ । बाह्र बर्षे मेलामा सङ्कटाका पुजारी बज्राचार्यहरूले कटुवाल दह, टौदह, जलविनायक चोभारसमेतमा तीन दिन दुई रात पुरश्चरन तान्त्रिक रहस्य पूजा गरी कटुवालदहबाट ल्याइएको, सङ्कटा प्रवेश भएको कलश सानेपाको भजन मण्डपमा बिसाइन्छ । दिनभर भक्तजनहरूबाट दर्शन, पूजाआजा गरिसकेपछि खटमा कलशलाई विराजमान गराई साँझ ५/६ बजेतिर विभिन्न सांस्कृतिक बाजागाजाका साथ बज्राचार्यहरूद्वारा ठाउँ, ठाउँमा बाटो, चौबाटोमा देवीलाई खुशी पार्न तान्त्रिक नृत्य, भजन आदि गरी भव्य जुलुसका साथ सानेपाबाट गुसिगालको बाटो गरी, बागमतीको पवित्र जल स्पर्श गरी नदी तरेर विश्व निकेतन स्कुल, पुण्येश्वर, त्रिपुरेश्वर, नागस्थान हुँदै टुंडिखेलको नेपाल वायु सेवा निगमको बाटो गरी टेबहालको गणेशस्थानको मूलढोकामा पुऱ्याइन्छ र पाँचजना पूजारी बज्राचार्यद्वारा मङ्गलगानसहित स्वागत गरी उक्त

कलशलाई मन्दिरभित्र लगिन्छ र शुभयात्रा सुसम्पन्न गरिन्छ । महाविहार परिसरको सांस्कृतिक अध्ययन विषयमा अनुसन्धान गर्नको लागि यस पुस्तक सहायक भएको छ ।

**न्यौपाने** (२०१६) ले श्रीचण्डमहारोषणतन्त्रम्मा चण्डमहारोषण र अचल देवताको बारेमा उल्लेख गरेका छन् । पच्चीस वटा पटलमा विभाजन गरिएको यस ग्रन्थमा पटल १४ मा अचल, एकलवीर र चण्डमहारोषण किन भनिन्छ भन्ने कुरालाई उल्लेख गरेका छन् । यस पुस्तकमा चण्डमहारोषण देवता को हुन्, कस्तो प्रकारका देवता हुन् भन्ने बारेमा उल्लेख गरिएको छ । यसमा अचल, एकलवीर र चण्डमहारोषण यी तीन नामको व्याख्या समेत गरिएको छ, जसले गर्दा अनुसन्धान गर्दा सहज बनाएको छ ।

**वज्राचार्य** (२०७५) ले कान्तिपुरका महाविहारहरुको बारेमा जानकारीमुलक प्रस्तुतिकरण गरेको पाइन्छ । बज्रयान बौद्ध धर्मको बारेमा विस्तृत रुपमा जानकारी दिएको पाइन्छ । कान्तिपुरमा भएका महाविहारहरुको भौतिक स्वरुपको बारेमा उल्लेख गरेका छन् । महाविहारमा हुने क्रियाकलापको बारेमा विस्तृत रुपमा नभएको हुनाले खोज अनुसन्धानको लागि पर्याप्त विषयवस्तु नरहेता पनि राजकीर्ति महाविहार परिसरको सांस्कृतिक अध्ययन विषयमा अनुसन्धान गर्नको लागि यस पुस्तक सहायक भएको छ ।

**Ways** (2019) ले काठमाडौँ उपत्यकाको सम्पदाको बारेमा संक्षिप्त रुपमा समावेश गरेका छन् । टेबहाल राजकीर्ति महाविहार परिसर भित्र रहेको सेतो चैत्य, गणेश मन्दिर, टेबहाल परिसर, टेबहाल स्तुप, भद्रकाली *द्यो:छें,* बन्धुदत्त विहार, सूर्यको मूर्ति, संकटा मन्दिर, टेबहाल (राजकीर्ति महाविहार) आदिको बारेमा संक्षिप्त रुपमा जानकारीमूलक तरिकाले प्रस्तुत गरेको पाइन्छ ।

**ढकाल र थापा** (२०७७) ले प्रधान सम्पादकको रुपमा पाशुपत क्षेत्रको सांस्कृतिक सम्पदाको मूर्त र अमूर्त पक्षको बारेमा विस्तृत रुपमा लेखिएको पुस्तकलाई सम्पादन गरेका छन् । यस पुस्तक तीन खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा वीणा पौड्यालले मूर्त र अमूर्त सम्पदाहरुको परिचय दिएकी छिन् । दोस्रो खण्डमा निर्मला पोखरेलले मूर्त सांस्कृतिक सम्पदाको बारेमा विस्तृत रुपमा उल्लेख गरेकी छिन् भने तेस्रो खण्डमा अमूर्त सांस्कृतिक सम्पदाको बारेमा सन्ध्या खनालले विस्तृत रुपमा प्रस्तुत गरेकी छिन् । यस पुस्तकले मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको बारेमा बुझ्नको लागि महत्वपूर्ण योगदान पुऱ्याएको हुँदा समीक्षा गरिएको छ ।


माथि उल्लेख गरिएका राजकीर्ति महाविहार परिसरका सांस्कृतिक सम्पदामा यसअघि भएका अध्ययन अनुसन्धान कार्यहरुको समीक्षा गर्दा मूर्त सांस्कृतिक सम्पदाको बारेमा जानकारी मूलक कार्यहरु भएको देखिन्छ । तर राजकीर्ति महाविहार परिसर भित्रका मूर्त सांस्कृतिक सम्पदामा मूर्तिकलाको विधानको पक्षबाट, विस्तृत रुपमा वास्तुकलाको विविध पक्षको दृष्टिकोणबाट, अमूर्त संस्कृति अन्तर्गत नित्य पूजा, नैमित्तिक पूजा, मासिक पूजा, वार्षिक पूजा, जात्रापर्व र मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदामा आएको परिवर्तनको बारेमा विस्तृत रुपमा कसैले पनि अध्ययन नगरेको हुँदा यस अनुसन्धानको उद्देश्य सान्दर्भिक र औचित्यपूर्ण देखिएको छ । यही अध्ययनको रिक्तता पूर्ण गर्नको लागि यो शोध कार्य सम्पन्न गरिएको छ ।

## १.७ अध्ययनको विधि

राजकीर्ति महाविहार परिसरको सांस्कृतिक अध्ययन गर्ने क्रममा शोधकार्यका विधिहरु र शोध प्रतिवेदन लेखनका विधिहरु अनुसरण गरिएको छ । यस शोधकार्य निम्नानुसारका अध्ययन विधिहरु प्रयोग गरेर अनुसन्धान गरिएको छ :

### १.७.१ अध्ययनको ढाँचा

प्रस्तुत शोध एक ऐतिहासिक र सांस्कृतिक अन्वेषणमा आधारित रहेको छ । यस शोधकार्यमा राजकीर्ति महाविहार परिसरको सांस्कृतिक सम्पदा सँग जोडिएका विषयहरु ऐतिहासिक र सांस्कृतिक पक्ष रहेको हुनाले गुणात्मक विधि प्रयोग गरेर आगमनात्मक ढाँचामा शोध गरिएको छ । शोध क्षेत्रबाट प्राप्त हुन आएका तथ्यहरुलाई विश्लेषण गरेर यस क्षेत्रको संस्कृतिलाई निष्कर्षमा पुग्ने विधि अनुसरण गरिएको छ । यस शोधकार्यमा विश्लेषणात्मक तथा वर्णनात्मक रुपमा व्याख्या गरिएको छ। शोधपत्र तयार गर्दा निम्न चित्रमा उल्लेख गरिए बमोजिम अनुसन्धानको ढाँचा तयार पारिएको छ ।




शोधपत्रको ढाँचा

## १.७.२ तथ्याङ्क सङ्कलन विधि

अनुसन्धान विधि कुनै पनि अनुसन्धानलाई वैज्ञानिक ढङ्गले तार्किक निष्कर्षमा पुऱ्याउने महत्वपूर्ण पद्दति हो । अनुसन्धानको कार्य गर्दा वैज्ञानिक सिद्धान्तमा आधारित अनुसन्धानले सम्बन्धित विषयमा समस्या पहिचान, उद्देश्य निर्धारण, ढाँचा निर्माण, अध्ययन

क्षेत्र छनोट, तथ्याङ्क सङ्कलन, वर्गीकरण र विश्लेषण गर्न सहयोग पुग्दछ । शोधकार्यको लागि तथ्य सङ्कलन गर्दा प्राथमिक तथा द्वितीयक दुवै प्रकारका तथ्याङ्कका स्रोतहरुको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलन विधि निम्न प्रकारले गरिएको छ :

### १.७.२.१. प्राथमिक स्रोत :

प्रस्तुत शोधकार्यमा प्राथमिक स्रोत सङ्कलनको लागि सम्बन्धित स्थानको स्थलगत अवलोकन, अन्तर्वार्ता, तस्वीर संकलन, अभिलेख सामग्रीको उपयोग गरिएको छ ।

**अवलोकन :** यस अनुसन्धानका लागि राजकीर्ति महाविहार परिसरका विहार, स्तूप, मन्दिर, मूर्ति, सत्तल आदि मूर्त सम्पदा तथा तीसँग सम्बन्धित चाडपर्व, जात्रा, अनुष्ठानहरूमा स्थलगत अवलोकन गरिएको छ। अवलोकन गर्दा व्यक्तिको व्यवहार, वस्तु र घटनालाई हेरेर, अनुभूति गरेर तथ्याङ्क सङ्कलन गरिएको छ । अवलोकन गर्दा असहभागीमूलक (*Non-Participation*) तरिकाले तथ्याङ्क सङ्कलन गरिएको छ । अवलोकन गर्दा कुनै पनि सूची नबनाई त्यहाँ भएका क्रियाकलापहरुको अनिर्मित (*Unstructured*) तरिकाले अवलोकन गरिएको छ । यस क्रममा सम्बन्धित स्थानहरूमा गई प्रत्यक्ष रूपमा परम्परागत क्रियाकलापहरू अवलोकन गर्दै तथ्यहरू संकलन गरिएको छ। राजकीर्ति महाविहार परिसरमा रहेको सङ्कटा मन्दिर सँग सम्बन्धित स्थल कटुवालदहमा २०८२ साल श्रावण १० गते स्थलगत अवलोकन गरेर तथ्याङ्क संकलन गरिएको हो । शोधको प्रारम्भ गरेको क्षण पौष महिना देखि निरन्तर रुपमा अवलोकन, छलफल, कुराकानी, शोधखोज र यस शोधसँग सम्बन्धित अध्ययन सम्पदाको अवलोकन गरिएको हो ।

**अन्तर्वार्ता :** यस शोधपत्रको सन्दर्भमा विस्तृत जानकारी प्राप्त गर्नका लागि सम्बन्धित व्यक्तिहरु सँग अन्तर्वार्ता पनि गरिएको छ। अन्तर्वार्ता गर्दा अनौपचारिक, व्यक्तिगत अन्तर्वार्ता, अनुसन्धानात्मक अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ। यस महाविहार परिसर सँग सम्बन्धित मूर्त तथा अमूर्त संस्कृतिको बारेमा जानकार व्यक्तिहरु, पुजारी, गुठियार, स्थानीय व्यक्ति, संस्कृतिविद्हरु सँग अन्तर्वार्ता लिइएको छ । यी व्यक्तिहरूको परम्परागत ज्ञान, अनुभव, र उनीहरूको विचार संकलन गरी विश्लेषण गरिएको छ। कतिपय तथ्यहरु गुठीका सदस्यहरुबाट, जात्रामा सहभागी भएका गुरुजु तथा स्थानीयहरु बाट सङ्कलन गरिएको छ । २०८२ साल असार र श्रावण महिनामा अन्तर्वार्ता लिने कार्य गरिएको हो ।

**तस्बीर संकलन :** तस्बीर संकलन गुणात्मक तथ्याङ्क सङ्कलनको एक विधि हो । यो सांस्कृतिक अनुसन्धानको लागि धेरै उपयोगी हुने गर्दछ । राजकीर्ति महाविहार परिसरका विहार, चैत्य, मन्दिर, मूर्ति तथा अभिलेखहरुको विश्लेषण, तुलना गर्न, ऐतिहासिकता निर्धारण गर्न यस प्रकारका मूर्त सम्पदाको तस्बीर मार्फत् पनि तथ्यहरु संकलन गरिएको छ । अमूर्त संस्कृति अन्तर्गतका जात्रा, पूजा विधिलाई सम्बन्धित विषयमा थप स्पष्ट पार्न तस्बीर संकलन गरेर विश्लेषण गरिएको छ । अनुसन्धानको विषयसँग सम्बन्धित विभिन्न मूर्त सांस्कृतिक सम्पदा र अमूर्त संस्कृति सँग सम्बन्धित गतिविधिहरुको तस्बीर संकलन गरिएको छ । शोधको प्रारम्भ गरेको क्षण देखि निरन्तर रुपमा अवलोकन, तस्वीर संकलन गर्ने कार्य गरिएको हो ।

**अभिलेखीय सामग्री :** राजकीर्ति महाविहार परिसर भित्र रहेका प्रकाशित र अप्रकाशित अभिलेखहरुबाट समेत तथ्याङ्क सङ्कलन गरिएको छ । महाविहार परिसर भित्रका विहार, मन्दिर, मूर्ति, चैत्य आदिको ऐतिहासिकता, सम्पदाको निर्माता, जात्रा तथा पूजा सञ्चालनका लागि सहयोग गर्ने दाताहरु, के उद्देश्यका लागि दान गरेका हुन् आदिको जानकारी लिनको लागि समेत अभिलेखीय सामग्रीको उपयोग गरिएको छ ।

## १.७.२.२. द्वितीयक स्रोत :

द्वितीयक स्रोतका तथ्याङ्क भन्नाले पहिल्यै कसैले प्रयोग गरिसकेको स्रोतहरुलाई बुझ्ने गरिन्छ । यस शोधकार्य सँग सम्बन्धित पुस्तक, पुरातात्विक प्रकाशित अभिलेख, शोधपत्र, वंशावली, जर्नल, विभिन्न पत्रपत्रिका, वेवसाइट, अनलाइन जर्नल, सामाजिक सञ्जाल, प्रकाशित/अप्रकाशित लेखरचनाहरु आदिलाई समावेश गरिएको छ । द्वितीय स्रोतका तथ्याङ्क सङ्कलन गर्दा त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.को पुस्तकालय, ज्ञानकाजी मानन्धरको पुस्तकालय बनेपा, आशा सफूकुथि पुस्तकालय, (चित्तधर मार्ग) काठमाडौँ, पुरातत्व विभागको पुस्तकालय, राष्ट्रिय अभिलेखालयको पुस्तकालय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि.वि.को पुस्तकालय र अनुसन्धानकर्ताको व्यक्तिगत सङ्कलनमा रहेका पुस्तकहरुको अध्ययन गरिएको छ ।

विद्युतीय सामग्रीहरुबाट पनि लेख, रचना, पुस्तक (पी.डी.एफ.), नेपाल जर्नल अनलाइन (Nepjol), इन्टरनेट आर्काइभ, रिसर्चगेट वेवसाइट, त्रि.वि.को ई-लाइब्रेरी, नेपाल भाषा केन्द्रीय विभागको सीडीएनबी ई-लाइब्रेरी, त्रि.वि. आदि बाट डाउनलोड गरेर र सापटी लिएर पनि अध्ययन गरिएको छ ।

### १.७.३. तथ्याङ्क विश्लेषण र लेखन विधि :

यस शोधकार्यमा राजकीर्ति महाविहार परिसरको सांस्कृतिक सम्पदा सँग जोडिएका विषयहरुको तथ्याङ्क विश्लेषण विवरणात्मक र विश्लेषणात्मक रुपमा प्रस्तुत गरी गुणात्मक तथ्यहरुको आधारमा आगमनात्मक ढाँचामा निष्कर्ष निकालिएको छ । यस शोधकार्यमा विवरणात्मक तथा विश्लेषणात्मक रुपमा व्याख्या गरिएको छ। यस शोधमा सङ्कलन गरिएका तथ्याङ्कहरु अनुक्रमको आधारमा परिच्छेद, शीर्षक तथा उपशीर्षकमा विभाजन गरी विवरण तयार पारिएको छ। वर्तमान समयमा चलेको ए.पी.ए. सातौं संस्करण ढाँचा र यस विभागले उपलब्ध गराएको ढाँचामा लेखन विधि प्रक्रियालाई मूर्त रुप दिइएको छ।

## १.८ अध्ययनको महत्व/औचित्य

काठमाडौं उपत्यकामा रहेका विहारहरुको छुट्टा छुट्टै विशेषता र महत्व रहेको छ। तिनै विहारहरुको बिचमा बेग्लै पहिचान स्थापित गरेको राजकीर्ति महाविहार परिसरको बारेमा हालसम्म विस्तृत जानकारी प्राप्त हुने गरी अध्ययन अनुसन्धान हुन सकेको छैन। यस शोधले यस क्षेत्रको प्राचीनता, कला, वास्तुकला, प्रतिमालक्षण, संस्कृति आदिलाई उजागर गर्ने प्रयास गरेकोले यो शोध सांस्कृतिक अध्ययनमा संलग्न अध्येता, संस्कृतिका विद्यार्थी, राजकीर्ति महाविहार परिसरको व्यवस्थापन, पुजारी एवं भक्तजनहरूको लागि समेत महत्वपूर्ण छ । यसको साथसाथै प्रस्तुत अध्ययन एक महत्वपूर्ण दस्तावेज पनि हुनेछ । यस अध्ययनले भविष्यमा अन्य अनुसन्धानकर्ताहरूलाई राजकीर्ति महाविहार परिसरको ऐतिहासिक पक्ष, धार्मिक एवं सांस्कृतिक महत्वको सम्बन्धमा थप तथ्य पत्ता लगाउन समेत सहयोग पुऱ्याउनेछ । यस अनुसन्धानले राजकीर्ति महाविहारको ऐतिहासिकता, सांस्कृतिक पक्ष र सांस्कृतिक सम्पदामा आएको परिवर्तनलाई खोजी गरी विवेचना गरेको छ । यसबाट राजकीर्ति महाविहारको संरक्षण र विकासमा नीति-नियम र योजना निर्माण गर्न सम्बद्धपक्ष तथा सरोकारवालालाई समेत मद्दत पुग्नेछ । यसबाट विद्यालय, क्याम्पस तथा विश्वविद्यालयमा पठनपाठन गराउने क्रममा यसको उपादेयता हुनेछ । सम्बन्धित समुदाय, समाज र अनुसन्धाताहरुलाई पनि मद्दत पुग्नेछ। यस शोधले राजकीर्ति महाविहार परिसरको सांस्कृतिक सम्पदाको अनुसन्धानमा रिक्तता समेत पूर्ति गर्ने हुनाले माथि उल्लेखित विविध कारणहरुले गर्दा यस शोधको महत्व/औचित्य रहेको छ।

## १.९ अध्ययनको रुपरेखा

अध्ययनको रुपरेखा अनुसन्धान कार्यको एक स्वरुप हो। राजकीर्ति महाविहार परिसरको सांस्कृतिक अध्ययन शोधकार्यलाई निम्नानुसार पाँच अध्यायमा वर्गीकरण गरिएको छ।

अध्याय एक : यस अध्यायमा शोधपत्रको परिचय रहेको छ। यसमा अध्ययनको परिचय, अध्ययनको समस्या, शोधप्रश्न, अध्ययनको उद्देश्य, अध्ययनको सीमा, पूर्व साहित्यको समीक्षा, अध्ययन विधि, अध्ययनको महत्व/औचित्य, अध्ययनको रुपरेखा आदि लगायतका उपशीर्षकहरू राखिएको छ।

अध्याय दुई : यस अध्यायमा राजकीर्ति महाविहार परिसरका मूर्त सांस्कृतिक सम्पदाको बारेमा प्रस्तुत गरिएको छ।

अध्याय तीन : यस अध्यायमा राजकीर्ति महाविहार परिसरमा रहेका अमूर्त संस्कृतिको बारेमा उल्लेख गरिएको छ।

अध्याय चार : यस अध्यायमा राजकीर्ति महाविहार परिसर भित्रका सांस्कृतिक सम्पदामा आएका परिवर्तनहरुको बारेमा प्रस्तुत गरिएको छ।

अध्याय पाँच : यस अध्यायमा समग्र अध्ययनको प्राप्ति, छलफल र निष्कर्ष समेटिएको छ।

# अध्याय दुई

# राजकीर्ति महाविहार परिसरको मूर्त सांस्कृतिक सम्पदा

कुनै पनि राष्ट्रको परिचय भनेको उक्त राष्ट्रको संस्कृति हो । भाषा, धर्म, संस्कार, परम्परागत अभ्यास, खानपान, भेषभूषा, भौगोलिक पहिचान, नाचगान, बाजा, आस्था आदि बाट संस्कृतिको निर्माण हुने गर्दछ । मानव समाजको क्रमिक विकासको प्रक्रियाले संस्कृतिलाई जीवन्त बनाउँदछ । संस्कृतिलाई मानवको जीवन पद्धति मान्ने गरिन्छ । संस्कृतिलाई विगतका मानवले निर्माण गरेका हुन्छन् र पुस्तान्तरण हुँदै वर्तमान समयसम्म पनि अभ्यास गरिएको हुन्छ । संस्कृतिले कुनै पनि देशको पहिचानलाई गौरवान्वित गराउने गर्दछ ।

मानव बाट सृजित सम्पदा सांस्कृतिक सम्पदा हो । सांस्कृतिक सम्पदा मानवको संस्कृति सँग सम्बन्धित रहेको हुन्छ । मानवका परम्परा, चालचलन, रितिरिवाज, स्मारक, कलावस्तु, आवास, सीप आदि सांस्कृतिक सम्पदा हुन् । काठमाडौं टेबहाल स्थित राजकीर्ति महाविहार परिसरमा निर्माण भएका मूर्त सांस्कृतिक सम्पदाहरु यहाँका मानिसहरुको लागि जीवन पद्धतिको रुपमा रहेको छ । यस अध्यायमा राजकीर्ति महाविहार परिसरमा रहेका वास्तुकला, विहार, मन्दिर, चैत्य, अभिलेख तथा अन्य मूर्त सांस्कृतिक सम्पदाको विषयमा खोजी गरिएको छ ।

## २.१ विहार निर्माणको ऐतिहासिकता

विनयपिटक अन्तर्गत रहेको चुलवग्गपालिमा सेनासन स्कन्ध रहेको छ । सेनासन भनेको शयनासन हो । सेनासन स्कन्धमा विहार निर्माण सम्बन्धी विषयहरु रहेका छन् । सुरुमा बुद्धले विहार निर्माण गर्न अनुमति दिएका थिएनन् । भिक्षुहरु जङ्गल, खुल्ला ठाउँ, रुखमुनि, पहाड, ओढार, गुफा आदिमा बस्ने गर्दथे । त्यसरी बस्दा हिंस्रक जीव, सर्प, बिच्छि, किराफट्याङ्ग्रा, घामपानी, चिसो आदिले गर्दा भिक्षुहरुको जीवन सङ्कटमा रहेका थियो । पछि बुद्धले विहार, प्रासाद, अड्ढयोग (गरुढजस्तो बाङ्गो घर), गुहा र हर्म्य (माथिल्लो तल्ला खुल्ला भएको प्रासाद जस्तै रहेको भवन) यि पाँच प्रकारका बस्ने ठाउँको अनुमति दिएका थिए (साङ्कृत्यायन, १९३५, पृ. ४५०) । यसरी विहार निर्माणको सुरुवात भएको पाइन्छ । विभिन्न बौद्धग्रन्थहरुमा बुद्धकालीन समयका विहारहरु जेतवनाराम, पूर्वाराम, वेलुवनाराम, घोषिताराम, न्यग्रोधाराम आदि विहारहरुको उल्लेख गरिएको पाइन्छ ।

नेपालमा लिच्छविकालमा नेपाल उपत्यकाभित्र मुख्य पाँचवटा गुँविहार, श्री मानविहार, मध्यमविहार, श्रीराजविहार, खर्जुरिकाविहार र अन्य धेरै साना साना विहारहरु भएको पाइन्छ (घिमिरे, २०७९, पृ. ४९) । मल्लकालमा धेरै नै विहारहरु, बहाल बहीलको निर्माण भएको पाइन्छ । वर्तमान समयमा नेपाल मण्डल भित्र अस्तित्वमा रहेका पाँच सय भन्दा बढी बौद्ध विहारहरु मल्लकालमा निर्माण भएका देखिन्छन् (बज्राचार्य, २०६९, पृ. १४) । मल्लकालमा नेपाल मण्डल एक बौद्ध अध्ययन केन्द्रको रुपमा रहेको कुरा विभिन्न अभिलेख एवं ग्रन्थहरुमा उल्लेख गरेको पाइन्छ ।

कान्तिपुरमा अठार (१८) वटा महाविहारहरु रहेका छन् । अठार वटा महाविहारहरु कान्तिपुरको उत्तर देखि दक्षिणतिर फैलिएका छन् । उत्तरमा ठमेल देखि दक्षिणमा टेकुभित्र ती अठार विहारहरु रहेका छन् (बज्राचार्य, २०६९, पृ. ४०) । उक्त अठार विहारका प्रत्येकका एक संस्कृत नाम र अर्को नेपाल भाषामा गरी दुई नामहरु रहेका छन् ।

उपरोक्त अठार महाविहारहरुलाई क्षेत्रीय आधारमा चार खण्डमा पनि विभाजन गर्ने परम्परा रहेको छ । उत्तरमा ठमेलदेखि असनको ढुङ्गे माछा सम्मलाई उत्तरी भेग अर्थात उपल्लो क्षेत्र मानिन्छ । त्यस क्षेत्र भित्रका विहारहरुलाई नेपालभाषामा *थथुपुइँ बहा* भन्ने चलन छ । *थथु*को अर्थ उपल्लो र *पुइँ*को अर्थ क्षेत्र हो । उक्त क्षेत्रभित्र क्वा बहाः, न्हु बहाः, ध्वाका बहाः, गं बहाः गरी चारवटा विहारहरु पर्दछन् (बज्राचार्य, २०६९, पृ. ४२) ।

असनको ढुङ्गे माछा देखि मखनटोल सम्मलाई मध्यभेग मानिन्छ । त्यस क्षेत्र भित्रका विहारहरुलाई *दथुपुइँ बहाः* भन्ने चलन रहेको छ । *दथु*को अर्थ बिच भाग हो । उक्त क्षेत्रभित्र तक्षे बहाः, जन बहाः, इटुं बहाः, मु बहाः, सबल बहाः, मखं बहाः र ते बहाः गरी सात वटा विहारहरु पर्दछन् (बज्राचार्य, २०६९, पृ. ४२) ।

मल्लकालीन दरबारको नजिक एक मात्र महाविहार श्रीखण्डतरुमूल महाविहार रहेको छ । नेपालभाषामा उक्त क्षेत्रलाई *लायकूपुइँ* भनिन्छ । यसको अर्थ राजकुल क्षेत्र हो (बज्राचार्य, २०६९, पृ. ४२) । मल्लकालीन राजदरबार परिसरको दक्षिणको सिमानादेखि टेकु वरपर सम्मको क्षेत्रलाई नेपालभाषामा *कोने* भन्ने चलन रहेको छ । *कोने*को अर्थ तल्लो क्षेत्र हो । *कोने* क्षेत्र भित्र ६ वटा विहारहरु पर्दछन् । ती विहारहरुलाई समग्रमा *कोनेपुइँ बहाः* भन्ने चलन रहेको छ । *कोनेपुइँ*का विहारहरु ओँ बहाः, इकू बहाः, मिखा बहाः, लगं बहाः, मुसुं बहाः (जापातुं) र मुसुं बहाः (पिनेया) रहेका छन् (बज्राचार्य, २०६९, पृ. ४३) ।

## २.२ राजकीर्ति महाविहार

*दथुपुइँ* भित्र *ते बहा:* पर्दछ । वर्तमान समयमा *ते बहा:* लाई टेबहाल भन्ने गरिन्छ । टेबहाल भित्र राजकीर्ति महाविहार (चित्र नं. १) परिसर रहेको छ । संस्कृत शब्द 'विहरति' बाट विहार शब्द बनेको हो, जसको अर्थ बस्नु, आराम गर्नु भन्ने हुन्छ (दाहाल र खतिवडा, २०६०, पृ. २८३) । सामान्यतया बौद्ध देवदेवीको पूजा उपासना गर्न र भिक्षुभिक्षुणीहरु बस्नका लागि विहार निर्माण गरिन्छन् । विहारलाई नेपालीमा बहाल र बहिल भनिन्छ भने नेपाल भाषामा *बहा:* र *बही* भनिन्छ (खनाल, २०७०, पृ. ९५) ।

राजकीर्ति महाविहार आवासीय घरहरुले घेरिएर रहेको छ । काठमाडौँको बहालहरु मध्ये क्षेत्रफलको आधारमा सबैभन्दा ठूलो बहाल 'टेबहाल' हो (Ways, 2019, p. 112), जसलाई राजकीर्ति महाविहार भनिन्छ । काठमाडौँको मुटुमा अवस्थित टेबहाल प्राचीन कालमै स्थापना भइसकेको तथा वर्तमान समयमा आवासीय घरहरुको बिचमा अवस्थित रहेको छ । टेबहाल परिसर भित्र पश्चिमपट्टि आवासीय घरहरुको बिचमा पूर्वाभिमुखी अवस्थामा राजकीर्ति महाविहार रहेको छ । महाविहार भित्र *क्वापाद्य:* को रुपमा अक्षोभ्य बुद्धको मूर्ति रहेको छ । पूर्वाभिमुखी अक्षोभ्य बुद्ध *क्वापाद्य:* रहेको राजकीर्ति महाविहारको ढोकाको दायाँ बायाँ बुद्धका अग्रश्रावक सारिपुत्र र मौद्गल्यायनका मुर्तिहरु रहेका छन् । सारिपुत्र र मौद्गल्यायनको मूर्तिको पादपीठमा प्रचलित नेवारी लिपिमा लेखिएको एक/एक लाइनको अभिलेख रहेको छ । पादपीठको छेउ फुटेको छ । धुपबत्ती र तेलको कारणले कालो धब्बाले गर्दा अक्षरहरु नबुझिने खालका देखिएका छन् । पहिला अभिलेखको भाग जमिनमुनि रहेको र पछि पुनः निर्माण कार्य गर्दा व्यवस्थित तरिकाले राखेको हुँदा अभिलेख प्रकाशमा आएको देखिन्छ । ढोकाको माथि काठको एउटा तोरण रहेको छ । तोरणको बिच भागमा महावैरोचन सहित अक्षोभ्य, रत्नसम्भव, अमिताभ र अमोघसिद्धि बुद्ध रहेका छन् । उल्लेखित पाँच बुद्धहरुको समूहलाई पञ्चध्यानी बुद्ध भनिन्छ ।

तीन तल्ले सामान्य घर जस्तो देखिने विहारको पहिलो तल्लामा प्रदक्षिणापथको लागि मुख्य ढोकाको दायाँ बायाँ दुईवटा ढोका रहेका छन् । ढोका प्रायः बन्द गरिएको हुन्छ । दोस्रो तल्लामा आगम घर रहेको छ । यस तल्लाको बीचमा सिसा सहितको झ्याल र दायाँ बायाँ स-साना दुईवटा झ्यालहरु रहेका छन् । विहारको दोस्रो र तेस्रो तल्लामा पर्ने गरी ठूलो कलात्मक *गा:झ्या* रहेको छ । महाविहारको छानो धातुको पाताले छाइएको छ । धुरीमा सुनौलो

धातुको कलात्मक तीन वटा चैत्याकारका गजुरहरु रहेका छन् । यस महाविहारको ढोकाको ठीक अगाडि प्रस्तरको एउटा मण्डप रहेको छ । मण्डपको बिचको भाग साधारण रहेको छ भने वरिपरिको भाग कलात्मक रहेको छ । सङ्कटाका पुजारीहरुले पन्ध्र/पन्ध्र दिनको पालोमा बिहान र बेलुका नित्य पूजा गर्दा मन्दिरभित्र राखेको धर्मगण्डी गंसि बोकेर बाहिर ल्याई सानो गण्डीले १०८ पल्ट मन्त्र पढी बजाउने गर्दछन् (बज्राचार्य, २०५८, पृ. १०) । यस महाविहारको वास्तुकला साधारण रहेको हुँदा धेरै खोज अनुसन्धान र प्रकाशनको विषय बनेको छैन ।

सातौं शताब्दीका उत्तर लिच्छविकालीन राजा नरेन्द्रदेव, मल्लकालीन राजाहरु यक्ष मल्ल र रत्न मल्ल तथा शाहकालीन राजा वीरेन्द्रले समेत यस क्षेत्रमा विहार, मन्दिर बनाउन, मन्दिरको पूजापाठ र मर्मत सम्भारको लागि जग्गा दान तथा आर्थिक सहयोग गरेर महत्वपूर्ण योगदान पुऱ्याएका थिए भन्ने तथ्य यस क्षेत्रमा रहेका कतिपय अभिलेखहरु र मुख्य पुजारीले पनि स्पष्ट पारेका छन् । त्यसैले यस राजकीर्ति महाविहार परिसरको ऐतिहासिकता, विहारको वास्तुकला, विहारमा रहेका काष्ठ कलाकृतिहरु तथा मूर्तिहरुको प्रतिमालक्षणको विषयमा खोजी गर्नु र तथ्यहरुलाई प्रकाशमा ल्याउनु सान्दर्भिक देखिन्छ ।

## २.२.१ राजकीर्ति महाविहारको ऐतिहासिकता

राजविहार निर्माण गर्ने राजाहरु धर्मदेव र अंशुवर्मा हुन् (वज्राचार्य, २०५३, पृ. ३२४) । ती दुई मध्ये कसले राजविहार स्थापना गरेका हुन् यकीनसाथ भन्न नसकिए तापनि विहारको "संकल्प वाक्य"को आधारमा राजकीर्ति महाविहार पहिले नै भैसकेको देखिन्छ (बज्राचार्य, २०५८, पृ. १९) । राजकीर्ति महाविहारको संस्कृत नाम प्रचण्डवीर महाविहार हो । तर शिलालेखको प्रमाण र ग्रन्थहरुमा श्री तेदो विहार र राजकीर्ति महाविहारको नाम उल्लेख गरिएको छ (Locke, 1985, p. 304) । अभिलेख तथा हस्तलिखित ग्रन्थहरुमा श्री तेदो विहार, तीर्थ विहार तथा राजकीर्ति महाविहार भनिएको पाइन्छ (खनाल, २०७०, पृ. ९६) । टेबहाल भित्र पस्ने बायाँ तिरको पसल भित्र महांकालको मूर्तिको पादपीठमा मानदेवको पालाको संवत् ४०२ को अभिलेख रहेको छ । उक्त अभिलेखमा इन्द्रनामक भगवान सूर्यलाई भक्तिपूर्वक सार्थवाह गुहमित्रले स्थापना गरेको उल्लेख रहेको छ (वज्राचार्य, २०५३, पृ. ६०) । सङ्कटा मन्दिरको दक्षिणतर्फको पर्खालमा एउटा जलद्रोणी रहेको छ । प्रियपाल नाउँ भएका शाक्य भिक्षुले उज्जवल कीर्ति भएका रत्नत्रय (बुद्ध, धर्म र संघ) लाई लख गरेर प्राणीहरुको उपभोगको निमित्त यो कुवा र टुटेधारा बनाएको उल्लेख पाइन्छ (वज्राचार्य, २०५३, पृ. ४५४) ।

लिच्छविकालीन अभिलेखमा टेबहालसम्बन्धी उल्लेख गरिएको ने.सं. २६५ (सन् ११४४) को अभिलेखमा राजा नरेन्द्रदेवको पालामा श्रीमत् शिवदेव संस्कारित श्री तेदो विहारका बज्राचार्य भिक्षु अभय गुप्तले पञ्चबुद्ध तथा मणिले सुसज्जित मुकुट चढाएको तथा उक्त मुकुट भिक्षु भास्कर गुप्तले बनाएको कुरा उल्लेख छ (खनाल, २०७०, पृ. ९६) । कामरुप कामाक्षबाट मत्स्येन्द्रनाथलाई तन्त्रको बलबाट आह्वान गरी ल्याउँदा मत्स्येन्द्रनाथको पछि लागेर आएका सङ्कटालाई बन्धुदत्तको निवास रहेको त्रिरत्न महाविहार मा राजकीर्ति महाविहार बनाई उक्त महाविहारमा सङ्कटा स्थापना गरी विराजमान गराइएको हो (उप्रेती, २०२०, पृ. २१६) ।

राजकीर्ति महाविहार पहिला सेतो रङ लगाइएको प्लास्टर गरिएको तीन तल्ले भवन रहेको थियो । पहिलो तल्लाको माथि झिंगटीले छाएको पाली रहेको थियो । विहारको माथिल्लो छानो झिंगटीले छाएको थियो (Locke, 1985, p. 304) । राजकीर्ति महाविहारको संरचना समयानुसार परिवर्तन भएको पाइन्छ । पहिला झिंगटीले छाएको छानो रहेको थियो भने पुनः निर्माण गर्दा सिमेन्टको छानो राखिएको थियो । माथिल्लो तल्लामा पहिला तीन मुखी झ्याल रहेको थियो । पहिलो तल्लाको पालीमा पहिला झिंगटीको पाली रहेको थियो । पुनः निर्माणको कार्य हुँदा झिंगटीको छानो हटाएर जस्ता पाताको छानो राखिएको थियो । पहिला माटोको तीन वटा साना साना गजुर राखिएको थियो (बज्राचार्य, २०५८, पृ. १०) । अहिले धातुको चैत्याकार गजुर राखिएको छ । राजकीर्ति महाविहारलाई पटक पटक पुनः निर्माण गरिएको हुँदा यसको वास्तविक स्वरुप कस्तो थियो भन्ने कुरा जानकारी हुन सकेको छैन । राजकीर्ति शब्दले राजाको कीर्तिको बारेमा वर्णन गरेको अनुमान गर्न सकिन्छ ।

यसरी राजकीर्ति महाविहारको स्थापना ऐतिहासिकताको हिसाबले हेर्दाखेरि लिच्छविकालमा भइसकेको पाइन्छ । मानदेवको पालाको सार्थवाह गुहमित्रको लिच्छविकालीन अभिलेख र सङ्कटा मन्दिरको दक्षिणतिरको पर्खालमा रहेको लिच्छविकालीन अभिलेखले यस स्थानलाई लिच्छविकालीन समय देखि नै विहारको रुपमा रहेको पुष्टि गर्दछ । राजकीर्ति महाविहार परिसरमा रहेका लिच्छविकालीन चैत्यहरुले समेत यस स्थललाई लिच्छविकालीन समयमा बनेको पुष्टि गर्दछन् । मठ, मन्दिर, विहारमा पूजाआजा गर्नको लागि शुद्ध जल ल्याउनको लागि इनार, कुवाको व्यवस्था रहेको पाइन्छ । धार्मिक क्रियाकलाप गरिने स्थानमा पानीको आवश्यकता पर्ने भएको हुँदा प्राणीहरुको हितको लागि कुवा र टुटेधारा बनाएको पाइन्छ ।

## २.२.२ राजकीर्ति महाविहारको वास्तुकला

राजकीर्ति महाविहार तीन तल्लाको रहेको छ। आवासीय घरहरु सँगै जोडिएर रहेको हुँदा विहार साधारण किसिमको रहेको छ। तेलिया इँटाबाट विहारको पुनः निर्माण गरिएको छ। यस विहार तेलिया इँटा, चुन, सुर्की र बालुवा बाट निर्माण गरिएको छ। विहारको अगाडिको भागमा काठबाट निर्मित तीन वटा ढोका रहेका छन्। विहारमा प्रदक्षिणापथ रहेको छ। बिचको मुख्य ढोका कलात्मक रहेको छ भने दायाँबायाँ रहेका ढोका विहारको प्रदक्षिणापथको भागमा लगाइएको छ। दायाँबायाँ ढोका लगाएर प्रदक्षिणापथलाई बन्द गरिएको छ। दायाँतिरको प्रदक्षिणापथको ढोकाभित्रबाट विहारको माथिल्लो तल्लामा जानको लागि सिँढी बनाइएको छ। ढोकाको माथि काठको एउटा कलात्मक तोरण रहेको छ। दोस्रो तल्लाको बिचमा सिसा सहितको झ्याल रहेको छ। सिसा सहितको झ्यालको दायाँ बायाँ साना साना दुईवटा झ्यालहरु रहेका छन्। दोस्रो र तेस्रो तल्लामा पर्ने गरि ठूलो आकारको कलात्मक एउटा *गाःझ्या* रहेको छ। तेस्रो तल्लामा *गाःझ्या*को दायाँबायाँ साना साना दुईवटा आँखीझ्यालहरु रहेका छन्। विहारको छानोलाई अड्याउन चार वटा साधारण किसिमका टुँडालहरु रहेका छन्। विहारको छानो धातुको पाताबाट छाइएको छ। छानो माथि तीन वटा सुनौलो धातुको गजुर रहेको छ।

**ढोका र झ्यालहरु :** राजकीर्ति महाविहारको पहिलो तल्लामा तीनवटा ढोकाहरु रहेका छन्। बिचको ढोका निकै कलात्मक रहेको छ। यही ढोका बाट विहार भित्र प्रवेश गर्न सकिन्छ। ढोकामा आँखीझ्यालको जस्तो बुट्टा रहेको छ। ढोकाको बिचमा गोलाकार लामो बुट्टेदार स्तम्भ रहेको छ। ढोकाको तल्लो भागमा भित्र प्रवेश गर्नको लागि नाघेर जाने खालको तीनवटा फूलबुट्टा भएको काठको बार रहेको छ। ढोकाको चौकोस निकै कलात्मक र बुट्टेदार बनाइएको छ। चौकोसमा कलशको आकृति बनाइएको छ। ढोकाको माथि बिच भागमा फूलको एउटा आकृति रहेको छ। ढोकाको माथिल्लो दायाँ र बायाँ भागमा अष्टमङ्गलको आकृति रहेको छ। दायाँ भागमा श्रीवत्स, पद्म, ध्वज र कलश तथा बायाँ भागमा चमर, मत्स्ययुग्म, छत्र र शङ्ख बनाइएको छ। बिचको ढोकाको दायाँ बायाँ दुई वटा साधारण किसिमका ढोका रहेका छन्। यी दुवै ढोकाहरु प्रदक्षिणापथको लागि बनाइएको हो। प्रवेशद्वारको तल्लो भागमा दायाँ बायाँ प्रस्तरको साना साना दुईवटा सिंहको आकृति विहारको द्वारपालको रुपमा राखिएको छ।

विहारको दोस्रो तल्लामा तीनवटा झ्यालहरु रहेका छन् । बिचमा सिसा सहितको झ्याल बनाइएको छ । तीनवटा सिसाको झ्यालको बिचबिचमा बुट्टा निकालिएको स्तम्भ राखिएको छ । स्तम्भमा कलशको आकृति बनाइएको छ । झ्यालमा चार वटा मुख्य स्तम्भ रहेका छन्, जसमा कलशको आकृति बनाइएको छ । सिसा भएको झ्यालको बिचमा रहेको स्तम्भलाई नेपाल भाषामा *सिलायकु* भनिन्छ (जोशी, २०४४, पृ. ४७) । झ्यालको तल्लो स्तम्भ साधारण रहेको छ । झ्यालको माथिल्लो भाग बुट्टेदार रहेको छ । माथिल्लो भागको बिचमा काठको देवताको आकृति बनाइएको छ । उक्त देवताको आकृति बनाइएको भागलाई नेपाल भाषामा *ध्योकु* भनिन्छ (जोशी, २०४४ पृ. ३७) । *ध्योकु*को तलपट्टि काठका एघार वटा चुच्चा निकालिएको छ, जसलाई पञ्चबुद्धको समूह भन्ने गरिन्छ । झ्यालको दुवै छेउमा दुईवटा घोडाको आकृति बनाइएको छ । घोडाको आकृति बनाइएको ठाउँलाई नेपाल भाषामा *मेराप* भनिन्छ (जोशी, २०४४ पृ. ४७) । सिसा सहितको झ्यालको दायाँ बायाँ स-साना दुईवटा झ्यालहरु रहेका छन् । झ्यालको स्तम्भमा कलशको आकृति बनाइएको छ । झ्यालको बिचमा भित्रबाट जाली राखिएको छ । बिचबाट काठको *सिलायकु*मा पनि कलशको आकृति बनाइएको छ । झ्यालको दुवै स्तम्भको छेउमा घोडाको आकृति सहितको *मेराप* रहेको छ । झ्यालको माथिल्लो भागमा काठका तीनवटा चुच्चा निकालिएको छ । उक्त चुच्चा पञ्चबुद्धका समूह मानिन्छ । झ्यालको माथिल्लो भाग बुट्टेदार रहेको छ भने तल्लो भाग साधारण रहेको छ । झ्याल कलात्मक किसिमको रहेको छ ।

विहारको दोस्रो र तेस्रो तल्लामा पर्ने गरि सिसा झ्यालको माथिपट्टि ठूलो *गा:झ्या* राखिएको छ । *गा:झ्या* निकै कलात्मक किसिमले बनाइएको छ । *गा:झ्या*को तल्लो भागमा तीनवटा आँखीझ्याल र छेउछेउमा दुईवटा लाम्चो परेको आँखीझ्याल रहेको छ । तल्लो भागको तीनवटा आँखीझ्याल सहितको झ्यालमा कलशको आकृति सहितको छवटा बुट्टेदार स्तम्भ रहेको छ । *गा:झ्या*को माथिल्लो भागमा बिचमा तीनवटा र छेउछेउमा दुईवटा लाम्चो परेको आँखीझ्याल रहेको छ । माथिल्लो भागमा पनि निकै कलात्मक रुपमा छवटा बुट्टेदार स्तम्भहरु रहेका छन् । *गा:झ्या*लाई चारवटा साधारण टुँडालले अड्याइएको छ । *गा:झ्या* रहेका तेस्रो तल्लामा दायाँ बायाँ साना साना दुईवटा आँखीझ्यालहरु रहेका छन् । उक्त दुईवटा आँखीझ्यालका दुवै स्तम्भहरुमा कलशको आकृति बनाइएको छ भने तल्लो र माथिल्लो भाग साधारण रहेको छ ।

**तोरण र टुँडाल :** राजकीर्ति महाविहारको ढोका माथि हावादारी प्वाल सहितको पुरानो खालको काठको तोरण (चित्र नं. ८) रहेको छ । तोरणको बिच भागमा दोहोरो पद्मासनमा महावैरोचनको आसन मुद्राको मूर्ति रहेको छ । महावैरोचनलाई तान्त्रिक स्वरुपमा तीनवटा शिर र छवटा हातमा देखाइएको छ । महावैरोचनको तीन वटै शिरमा मुकुट लगाइएको छ । अगाडि फर्किएको शिर निलो रङ र दायाँ बायाँ फर्किएको शिर सेतो रङमा देखाइएको छ । वैरोचनको दायाँपट्टिको हातमा तलबाट माथितिर क्रमशः पात्र, बज्र र खड्ग रहेको छ भने बायाँपट्टिको हातमा माथिबाट तलतिर क्रमशः हथौडा, पद्म रहेको छ भने तल्लो हात भाँचिएको छ । महावैरोचनको मूर्तिमा कानमा कुण्डल, घाँटीमा माला, पाखुरामा केयुर र नाडीमा बाला लगाइएको छ । वैरोचनलाई गरगहनाले सुशोभित गरिएको छ ।

महावैरोचन बुद्धको तल दायाँपट्टि दोहोरो पद्मासनमा अक्षोभ्य बुद्धको बसेको मूर्ति रहेको छ । अक्षोभ्य बुद्धलाई तान्त्रिक स्वरुपमा देखाइएको छैन । अक्षोभ्य बुद्धको रङ निलो रहेको छ । उनलाई दायाँ हातले भूस्पर्श गरेको र बायाँ हातले पात्र समातेको देखाइएको छ । हावादारी प्वाल सहितको ज्वालावली रहेको मूर्तिफलक रहेको छ । अक्षोभ्य बुद्धको शिरमा चुच्चो परेको प्रभामण्डल देखाइएको छ ।

महावैरोचन बुद्धको माथि दायाँपट्टि दोहोरो पद्मासनमा रत्नसम्भव बुद्धको आसन मुद्राको मूर्ति रहेको छ । रत्नसम्भव बुद्धलाई पहेँलो रङमा देखाइएको छ । उनलाई दायाँ हात वरद मुद्रा र बायाँ हातले पात्र समातेको देखाइएको छ । हावादारी प्वाल सहितको ज्वालावली रहेको मूर्तिफलक रहेको छ । रत्नसम्भव बुद्धको शिरमा चुच्चो परेको प्रभामण्डल देखाइएको छ ।

महावैरोचन बुद्धको तल बायाँपट्टि दोहोरो पद्मासनमा अमिताभ बुद्धको आसन मुद्रामा मूर्ति रहेको छ । अमिताभ बुद्धलाई रातो रङमा देखाइएको छ । उनलाई ध्यान मुद्रामा देखाइएको छ । हावादारी प्वाल सहितको ज्वालावली रहेको मूर्तिफलक रहेको छ । उनको शिरमा चुच्चो परेको प्रभामण्डल देखाइएको छ ।

महावैरोचन बुद्धको माथि दायाँपट्टि दोहोरो पद्मासनमा अमोघसिद्धि बुद्धको आसन मुद्रामा मूर्ति रहेको छ । अमोघसिद्धि बुद्धलाई हरियो रङमा देखाइएको छ । उनको दायाँ हात अभय मुद्रामा थोरै हात भाँचिएको अवस्था र बायाँ हातले पात्र समातेको देखाइएको छ ।

हावादारी प्वाल सहितको ज्वालावली रहेको मूर्तिफलक रहेको छ । अमोघसिद्धि बुद्धको शिरमा चुच्चो परेको प्रभामण्डल देखाइएको छ ।

तोरणको तल्लो भाग अक्षोभ्य बुद्ध र अमिताभ बुद्धको छेउमा दुईवटा गोहीको आकृति बनाइएको छ भने माथिल्लो भागमा गरुढको आकृति बनाइएको छ । गरुढको चारवटा हात देखाइएको छ । माथिका दुईवटा हात पखेटामा फैलिएको छ भने तलका दुईवटा हातले पात्र समातेको देखाइएको छ । गरुढको खुट्टाले दायाँबायाँका दुईवटा नागको खुट्टा समातेको छ । नागलाई मानवाकृतिमा नागको आकृति सहितको फणा समेत देखाइएको छ । गरुढलाई उडिरहेको अवस्थामा बनाइएको छ ।। गरुढलाई गरगहनाले सुशोभित गरिएको छ । तोरणको किनारामा फूलको आकृति बनाइएको छ ।

छानोलाई अड्याउन *गाःझ्या*को दायाँ र बायाँ दुई/दुई वटा गरी चार वटा साधारण टुँडाल रहेका छन् । पुनः निर्माण गरिएको यस विहारमा टुँडालहरुलाई कलात्मक र बुट्टेदार बनाइएको छैन ।

**गजुर :** नेपालमा केही अपवाद बाहेक सबै विहारहरुको छानो माथि गजुर राख्ने परम्परा रहेको छ । गजुरलाई प्रतीकात्मक अर्थको रुपमा समेत बुझ्ने गरिन्छ । नेपालका विहारहरुमा राखिने गजुर विशेष कलात्मक र सुन्दर हुने गरेका छन् । विहारहरुमा प्रायजसो एक, तीन, पाँच आदि गजुरहरु राख्ने प्रचलन रहेको छ । गजुरहरु माटो, काठ र धातु बाट बनाइएको पाइन्छ । यस विहारमा पहिला माटोको तीनवटा गजुरहरु रहेका थिए (खनाल, २०७०, पृ. ९७) । विहारको पुनः निर्माण गर्दा धातुको कलात्मक सुनौलो किसिमको चैत्याकारको तीनवटा गजुरहरु राखिएका छन् ।

यसरी राजकीर्ति महाविहारको वास्तुकला अन्तर्गत झ्याल, ढोका र तोरण काठबाट बनाइएको छ । यिनीहरुलाई कलात्मक किसिमको बनाइएको छ । तोरणमा पञ्चध्यानी बुद्धको प्रतिमा बनाइएको छ । झ्यालहरुलाई कलात्मक किसिमले बनाइएको छ । यस विहारलाई हेर्दा सामान्य वास्तुशैली रहेको पाइन्छ ।

### २.२.३ राजकीर्ति महाविहारमा रहेको अक्षोभ्य बुद्ध र प्रतिमालक्षण

पञ्चध्यानी बुद्ध कल्पना गरिएका बुद्धहरु हुन् । वैरोचन, अक्षोभ्य, रत्नसम्भव, अमिताभ र अमोघसिद्धि बुद्धहरु पञ्चध्यानी बुद्ध हुन् । प्रतिमालक्षण अनुसार पञ्चध्यानी बुद्धलाई चैत्यहरुमा आसन मुद्रामा देखाउने गरिन्छ । चैत्यको पूर्वमा अक्षोभ्य बुद्धलाई देखाइएको हुन्छ । दायाँ हात भू-स्पर्श मुद्रा र बायाँ हात काखमा राखिएको हुन्छ । अक्षोभ्य बुद्धको रङ निलो रहेको हुन्छ । अक्षोभ्य बुद्धको वाहन हात्ती हो (Bhattacharyya, 1924, p. 4) ।

राजकीर्ति महाविहार भित्र पूर्वाभिमुख फर्केको अक्षोभ्य बुद्ध (चित्र नं. २३) को मूर्ति रहेको छ । सुनौलो रङको तल फर्किएको कमलको फूलको माथि अर्को एउटा माथि फर्किएको कमलको फूलको आसन रहेको छ । उक्त आसनमा दायाँ हात भूस्पर्श मुद्रा र बायाँ हातले पात्र समातेको जस्तो मुद्रामा अक्षोभ्य बुद्धलाई देखाइएको छ । अक्षोभ्य बुद्धको मूर्ति माटोबाट बनाइएको छ । सुनौलो रङको धातुको मूर्तिफलकमा अक्षोभ्य बुद्धलाई आसन मुद्राको अवस्थामा देखाइएको छ । अक्षोभ्य बुद्धको मूर्तिमा कालो रङ लेपन गरिएको छ । उज्यालो मुहार, हल्का आँखा उघारेको, मन्द मुस्कान देखिने मुखाकृति रहेको छ । कानमा कुण्डल लगाइएको छ । अक्षोभ्य बुद्धको शिरमा चाँदीको मुकुट लगाइएको छ । पाँचवटा रत्न सहितको मुकुट कलात्मक रहेको छ । मुकुटको माथिल्लो भाग तीनवटा चाँदीको पताका जस्तो आकार बनाई त्यसमा रत्न जडान गरिएको छ । अक्षोभ्य बुद्धको निधारमा तीन तहको लाइन भएको बिचमा ठाडो लाइन भएको चाँदीको पातामा आभुषण लगाइएको छ । पारदर्शी खालको चीवर लगाइएको छ । घाँटीमा मण्डलाकारको रत्न जडित चाँदीको माला लगाइएको छ । मूर्तिफलकमा धातुबाट निर्मित आकर्षक किसिमको बुट्टेदार प्रभामण्डल रहेको छ । प्रभामण्डललाई निकै कलात्मक बनाइएको छ । अक्षोभ्य बुद्ध बसेको आधारभागमा उनको वाहन हात्तीको दुईवटा आकृति बनाइएको छ भने बिचमा बज्रको आकृति बनाइएको छ ।

अक्षोभ्य बुद्धको मूर्तिको माथि दायाँ बायाँ दुईवटा कुटिलाक्षरमा मन्त्र लेखिएको छ । ज्वालावली सहितको फलकको बिच भागमा मन्त्र लेखिएको छ । अक्षोभ्य बुद्धको बायाँ भागमा लिच्छविकालीन एउटा सानो चैत्य रहेको छ । दायाँ भागमा शक्ति सहितको मञ्जुश्रीको बसेको मूर्ति भित्तामा टाँसिएको छ । मञ्जुश्रीको चारवटा हात देखाइएको छ । दायाँ माथिल्लो हातले खड्ग र तल्लो हातमा वाण तथा बायाँ माथिल्लो हातमा धनुष तथा बायाँ हातले शक्तिको

कम्मर समातेको आयुधहरु रहेका छन् । अक्षोभ्य बुद्धको मूर्तिको दायाँ भागमा एउटा घण्टी झुण्ड्याइएको छ ।

प्रतिमालक्षणको विधान अनुसार अक्षोभ्य बुद्धको मूर्ति बनाइएको छ । विधान अनुसार अक्षोभ्य बुद्धको रङ निलो भएता पनि मूर्ति बनाउने क्रममा प्रायजसो शरीरको भागमा कालो रङ लेपन गरेको पाइन्छ । अक्षोभ्य बुद्धलाई मुद्रा, वाहन र वस्त्रबाट चिन्न सकिन्छ ।

## २.३ बन्धुदत्त विहार

राजकीर्ति महाविहार परिसर भित्र बिच भागमा जमिनदेखि लगभग तीन फिट माथि एक तल्ले चतुष्कोण आकारको बन्धुदत्त विहार (चित्र नं. २) रहेको छ । बन्धुदत्त विहार पश्चिमाभिमुख रहेको छ । विहार भित्र *क्वापाद्यः* को रुपमा अक्षोभ्य बुद्धको मूर्ति रहेको छ । बन्धुदत्त विहारलाई बज्राचार्य पुजारीहरले *मुगःद्यो* पनि भन्ने गरेको पाइन्छ । पश्चिमाभिमुखी अक्षोभ्य बुद्ध *क्वापाद्यः* रहेको बन्धुदत्त विहारको ढोकाको दायाँ बायाँ बुद्धका अग्रश्रावक सारिपुत्र र मौद्गल्यायनका मुर्तिहरु रहेका छन् । यस विहारको दक्षिण र उत्तरतिर बाट माथि चढ्ने सिँढी रहेको छ । बन्धुदत्त विहारको छानो धातुको पाताले छाइएको छ । छानो माथि सुनौलो रङको ठूलो आकारको एउटा गजुर राखिएको छ । यो विहार राजा नरेन्द्रदेवले आफ्ना गुरु आचार्य बन्धुदत्तको लागि बनाइदिएको भन्ने स्थानीयहरुको भनाई रहेको छ ।

### २.३.१ बन्धुदत्त विहारको ऐतिहासिकता

राजकीर्ति महाविहार परिसरको बिचमा मुख्य विहारतिर फर्केर रहको दोस्रो विहार छ, जसलाई बन्धुदत्त महाविहार भनिन्छ (Locke, 1985, p. 304) । लिच्छविकालीन राजा नरेन्द्रदेवको पालामा उपत्यकामा अनावृष्टि हुँदा ज्योतिषको सल्लाह अनुसार बन्धुदत्त नामक बौद्धाचार्यलाई लिई राजा नरेन्द्रदेवले कामारुप पीठ गई मच्छेन्द्रनाथलाई काठमाडौँ उपत्यकामा ल्याई प्रतिष्ठा गरी मच्छेन्द्रनाथको रथयात्रा चलाएको कुरा भाषावंशावलीमा उल्लेख छ (खनाल, २०७०, पृ. ९७) । राजा नरेन्द्रदेवले बन्धुदत्तको सहयोगमा मच्छेन्द्रनाथलाई ल्याउन सफल भएको कारण खुशी भई उनले बन्धुदत्तका निम्ति उक्त विहार निर्माण गरिदिएको किंवदन्ती पाइन्छ ।

डेनियल राइटले प्रस्तुत गरेको वंशावलीमा गोरखनाथले नागलाई थुनेको र बन्धुदत्तले कर्कोटक नागमाथि चढेर अनेक नदी तरेको वर्णन छ भने गोपालराज वंशावलीमा शिवदेव द्वितीयका छोरा नरेन्द्रदेव र उनका आचार्य बन्धुदत्त र मत्स्येन्द्रनाथको जात्रा वर्णन गरिएको पाइन्छ (कोइराला, २०५२, पृ. २४) ।

लिच्छविकालीन राजा नरेन्द्रदेवको राज्यकालमा नेपालमा दुर्भिक्ष र अनावृष्टि भई हाहाकार मच्चिएको थियो । तत्काल दुःख संकट निवारण गर्न राजाले कामरुप कामाक्षको पीठमा विराजमान रहेका श्री रातो मत्स्येन्द्रनाथलाई यस उपत्यका कान्तिपुरमा ल्याउन राजाले शान्तिकराचार्यलाई आह्वान गरे । शान्तिकराचार्यले आफ्ना शिष्य आचार्य बन्धुदत्तलाई आज्ञा भयो । राजा नरेन्द्रदेव, आचार्य बन्धुदत्त र ललित ज्यापु भएर कामरुप कामाक्षबाट मत्स्येन्द्रनाथलाई तान्त्रिक विधिबाट भमराको रुपमा नेपाल ल्याएको र बुङ्मतीमा स्थापना गरेको खुशीयालीमा राजा नरेन्द्रदेवले पाटनको तःबहामा मत्स्येन्द्रनाथलाई जति जग्गा राखेका थिए त्यही बराबरको जमिन काठमाडौँको टेबहालमा उपलब्ध गराएर बन्धुदत्त विहार बनाइदिएका थिए (बज्राचार्य, २०५८, पृ. २) ।

बन्धुदत्त विहारको स्वरुप हेर्दा पहिला झिंगटीले छाएको छानो रहेको थियो (Locke, 1985, p. 304) । पुनः निर्माण पछि यो विहारको छानो धातुको पाताले छाइएको छ । बन्धुदत्त विहार र राजकीर्ति महाविहारमध्ये राजकीर्ति महाविहार सर्वप्रथम निर्मित तथा बन्धुदत्त विहार राजा नरेन्द्रदेवले आफ्ना गुरु बन्धुदत्त तथा राजकीर्ति महाविहारका सदस्यहरुले राजगुरुको सम्झनामा निर्माण गरेको विश्वास गरिन्छ (खनाल, २०७०, पृ. ९८) । बन्धुदत्त विहारको भित्तामा ज्ञानओन्त संयोजक भई श्रीप्रोहितसे वज्राचार्य, ग्यानवीर आदिले श्री पुर्णमासि व्रतसेवा गरी विहारको चुडामणिको देवल जीर्णोद्धार गरेको ने.सं. ९४६ (सन् १८२५) को अभिलेख रहेको छ । अभिलेखको माथिल्लो भागको बिचमा चैत्यको आकृति रहेको छ । दायाँ भागमा चन्द्र र बायाँ भागमा सूर्यको आकृति रहेको छ (दर्नाल, २०७०, पृ. ७४) ।

राजकीर्ति महाविहार परिसरमा पश्चिमाभिमुख रहेको बन्धुदत्त विहार पनि लिच्छविकालमै बनेको आधार लिच्छविकालीन अभिलेख र विहारको बरण्डा र अक्षोभ्य बुद्धको अगाडि रहेको लिच्छविकालीन सानो चैत्यले स्पष्ट पार्दछ । सातौं शताब्दीका राजा नरेन्द्रदेवले आफ्नो गुरु आचार्य बन्धुदत्तलाई राजकीर्ति महाविहार परिसरमा बन्धुदत्त विहार बनाइदिएको विश्वास गरिन्छ ।

## २.३.२ बन्धुदत्त विहारको वास्तुकला

बन्धुदत्त विहार जमिनदेखि लगभग तीन फिट माथि एक तल्ले चतुष्कोण आकारको रहेको छ। तेलिया इँटा बाट निर्मित यो विहार पश्चिमाभिमुख रहेको छ। यस विहारको दक्षिण र उत्तरतिरको छेउ हुँदै पूर्वको भाग बाट माथि चढ्ने सिँढी रहेको छ। ढोकाको अगाडि बरण्डा रहेको छ। बरण्डाको उत्तर, पश्चिम र दक्षिणमा काठको बार लगाइएको छ। यस विहारमा एउटा कलात्मक ढोका रहेको छ। यस विहारमा प्रदक्षिणापथ रहेको छैन। विहार प्रदक्षिणा गर्नको लागि सतहको भागबाट वरिपरि घुम्नु पर्ने हुन्छ।

बन्धुदत्त विहारमा पश्चिमपट्टि एउटा ढोका रहेको छ। ढोका निकै कलात्मक रहेको छ। ढोकामा आँखीझ्यालको जस्तो बुट्टा रहेको छ। ढोकाको बिचमा गोलाकार लामो बुट्टेदार स्तम्भ रहेको छ। ढोकाको चौकोस निकै कलात्मक र बुट्टेदार बनाइएको छ। चौकोसमा कलशको आकृति बनाइएको छ। ढोकाको माथि बिच भागमा फूलको एउटा आकृति बनाइएको छ। ढोकाको माथिल्लो दायाँ र बायाँ भागमा अष्टमङ्गलको आकृति रहेको छ। दायाँ भागमा श्रीवत्स, पद्म, ध्वज र कलश तथा बायाँ भागमा चमर, मत्स्ययुग्म, छत्र र शङ्ख बनाइएको छ। यो विहार सानो भएको हुँदा तोरण नभएको अनुमान गर्न सकिन्छ। ढोकाको बायाँपट्टि भित्तामा हातको पञ्जाले भाँडो समातेको बत्ती बाल्ने भाग बनाइएको छ।

बरण्डामा भएको छवटा खम्बाले माथिको भागलाई अड्याएको छ। खम्बाको माथिल्लो भाग कलात्मक रहेको छ भने तल्लो भाग साधारण रहेको छ। खम्बा र बिम जोडिएको स्थानमा चैत्यको आकृति बनाइएको छ। बिम कलात्मक नभई साधारण किसिमको रहेको छ। बिमको बिच भागमा धातुको पातामा रञ्जना लिपिमा “अक्षोभ्य तथागत” र देवनागरी लिपि नेपाली भाषामा अक्षोभ्य तथागत (*सुगःद्यः*) राजकीर्ति महाविहार लेखिएको छ। बिमको माथिपट्टि २९ वटा विभिन्न जनावरका मुखाकृति बनाइएको छ। यस विहारको छानो धातुको पाताले छाइएको छ। छानामाथि धातुको सुनौलो रङको चैत्याकारको एउटा गजुर राखिएको छ। ढोकाको अगाडि एउटा सानो खाल्डो रहेको छ। त्यसको अगाडि प्रस्तरले बनेको मण्डल रहेको छ। सारिपुत्र र मौद्गल्यायनको मूर्तिको माथि काठको झ्याल आकार बनाइएको छ। बिचमा गहिरो भागमा विश्वबज्रको आकृति रहेको छ भने माथिपट्टि चुच्चो परेको काठको आकृति रहेको छ, जसलाई पञ्चबुद्धको समूह भन्ने गरिन्छ। छानोको चारैतिर सुनौलो अक्षरमा अभिलेख लेखिएको छ। बन्धुदत्त विहारको अगाडि पट्टि एउटा प्रस्तरबाट निर्मित मण्डल

बनाइएको छ । उक्त मण्डलमा चुडाकर्म गर्ने बालकहरुलाई मण्डपमा राखी कलशाभिषेक दिने गरिन्छ । टेबहालका बज्राचार्यहरुको चुडाकर्म गर्दा पहिले यसै विहारमा पूजा गरिन्छ । यस विहारमा बिहान बेलुका नित्य पूजा विहारका थकालीले गर्ने चलन रहेको छ । यस विहारभित्र रहेको धर्मगण्डी गंसि बाहिर ल्याई मण्डलमाथि उभिएर काँधमा राखी सानो गण्डीले १०८ पल्ट मन्त्र पढी बजाउने गर्दछन् (बज्राचार्य, २०५८, पृ. ११) । यो चलन अहिले पनि चल्दै आइरहेको छ ।

बरण्डामा बायाँपट्टि प्रस्तरबाट निर्मित एउटा चैत्य रहेको छ । चैत्यको तलपट्टि पूर्वमा दायाँ हात भूस्पर्श मुद्रा र बायाँ हातले पात्र समातेको अक्षोभ्य बुद्ध, दक्षिणमा दायाँ हात वरद मुद्रा र बायाँ हातले पात्र समातेको रत्नसम्भव बुद्ध, पश्चिममा ध्यान मुद्रामा अमिताभ बुद्ध र उत्तरमा दायाँ हात अभय मुद्रा र बायाँ हातले पात्र समातेको अमोघसिद्धि बुद्धको प्रतिमा बनाइएको छ । चैत्यमा कालो रङको लेपन गरिएको छ । त्यसैगरि, दायाँपट्टि लिच्छविकालीन सानो एउटा चैत्य रहेको छ । चैत्यको चारैतिर खोपा बनाइएको छ । खोपामा मूर्ति बनाइएको छैन । यो चैत्यमा पनि कालो रङको लेप लगाइएको छ ।

**टुँडाल :** विहारको छानो अड्याउनको लागि चारै दिशामा चार/चार ओटा टुँडाल राखिएको छ भने चारै कोणमा एउटा/एउटा कलात्मक किसिमको टुँडाल राखिएको छ ।

**पूर्व दिशा :** विहारको पूर्वपट्टिको दक्षिण देखि उत्तर तिरको टुँडालमा क्रमशः पहिलो टुँडालको तल्लो भागमा *"ओम् वज्रलाश्ये हुँ",* दोस्रो टुँडालको तल्लो भागमा *"ओम् वज्रमाले त्राँ"* तेस्रो टुँडालको तल्लो भागमा *"ओम् वज्रगीते ह्रिँ"* र चौथो टुँडालको तल्लो भागमा *"ओम् वज्रनृत्य अः"* लेखिएको छ ।

**दक्षिण दिशा :** विहारको दक्षिणपट्टिको पश्चिम देखि पूर्वतिरको टुँडालमा क्रमशः पहिलो टुँडालको तल्लो भागमा *"ओम् वज्रमूनूज अः"*, दोस्रो टुँडालको तल्लो भागमा *"ओम् वज्रमृदङ्ग ह्रिं"*, तेस्रो टुँडालको तल्लो भागमा *"ओम् वज्रवंल त्रां"* र चौथो टुँडालको तल्लो भागमा *"ओम् वज्रवीधे हूँ"* लेखिएको छ ।

**पश्चिम दिशा :** विहारको पश्चिमपट्टिको उत्तर देखि दक्षिणतिरको टुँडालमा क्रमशः पहिलो टुँडालको तल्लो भागमा *"ओम् बज्रादर्शन हूँ"*, दोस्रो टुँडालको तल्लो भागमा *"ओम्*

*रसबज्र त्रां",* तेस्रो टुँडालको तल्लो भागमा *"ओम् स्पर्शबज्र ह्रिं"* र चौथो टुँडालको तल्लो भागमा *"ओम् धर्मधातुगर्व हुँ"* लेखिएको छ ।

**उत्तर दिशा :** विहारको उत्तरपट्टिको पूर्व देखि पश्चिम तिरको टुँडालमा क्रमशः पहिलो टुँडालको तल्लो भागमा *"ओम् वज्रपुष्पे हुँ",* दोस्रो टुँडालको तल्लो भागमा *"ओम् वज्रधूपे त्रां",* तेस्रो टुँडालको तल्लो भागमा *"ओम् वज्रांवलोकिते हूँ",* र चौथो टुँडालको तल्लो भागमा *"ओम् गन्धवज्रो अः"* लेखिएको छ ।

चारै दिशाका सबै टुँडालहरुमा दोहोरो कमलको फूल रहेको छ । कमलको फूलमाथि स्थानक मुद्रामा एकै खालका पूर्ण कदको प्रतिमा बनाइएको छ । चुच्चो परेको प्रभामण्डल रहेको छ । शिरमा मुकुट, कानमा कुण्डल, घाँटीमा माला, पाखुरामा केयुर, नाडीमा बाला, खुट्टामा कल्ली रहेको छ । दुवै हातका औँलाका विभिन्न मुद्रा बनाइएको छ । आभुषणले सुसज्जित गरिएको छ । शिरमाथि कलात्मक पुष्पलताले सिँगारिएको छ ।

## २.३.३ बन्धुदत्त विहारमा रहेको अक्षोभ्य बुद्ध र प्रतिमालक्षण

बन्धुदत्त विहार भित्र पश्चिमाभिमुख फर्केको *क्वापाद्यः*को रुपमा अक्षोभ्य बुद्ध (चित्र नं. २४) को मूर्ति रहेको छ । प्रतिमालक्षण अनुसार चैत्यको पूर्वी भागमा अक्षोभ्य बुद्धलाई दायाँ हात भू-स्पर्श मुद्रा र बायाँ हात काखमा राखेको मुद्रामा देखाइएको हुन्छ । अक्षोभ्य बुद्धलाई निलो रङमा देखाइने गरिन्छ । अक्षोभ्य बुद्धको वाहन हात्ती हो (Bhattacharyya, 1924, p. 4) ।

दोहोरो कमलको फूलमा दायाँ हात भूस्पर्श मुद्रा र बायाँ हातले पात्र समातेको मुद्रामा अक्षोभ्य बुद्धको आसन मुद्रामा मूर्ति रहेको छ । मूर्ति माटो बाट बनाइएको छ । कलात्मक किसिमको धातुको मूर्तिफलकमा अक्षोभ्य बुद्धलाई बसेको स्वरुपमा बनाइएको छ । अक्षोभ्य बुद्धलाई कालो रङले लेपन गरिएको छ । शिरमा चाँदीको मुकुट रहेको छ । चाँदीको मुकुटमा पाँचवटा रत्नहरु जडान गरिएको छ । मुकुटको भाग निधार सम्म ढाकिने किसिमको बनाइएको छ । पारदर्शी किसिमको चीवर लगाइएको छ । घाँटीमा चन्द्राकारको चाँदीको माला लगाइएको छ । बिच भागमा खड्गको चिह्न भएको मण्डलाकारको अर्को चाँदीको माला समेत लगाइएको छ । मुर्तिलाई रातो किसिमको कपडाले ढाकिएको छ ।

अक्षोभ्य बुद्धको मूर्तिको ठीक अगाडि लिच्छविकालीन चैत्य रहेको छ। उक्त चैत्यमा कालो रङको लेप रहेको छ। अक्षोभ्य बुद्धको बायाँ भागमा पद्मपाणी लोकेश्वर र मञ्जुश्रीको दुईवटा मूर्ति रहेका छ। मञ्जुश्रीको मूर्तिको छेउमा शिलालेख रहेको छ। शिलालेखमा दाताहरुको नाम लेखिएको छ। अक्षोभ्य बुद्धको दायाँ भागमा एउटा मूर्ति र शिलामा अभिलेख लेखिएको छ। अक्षोभ्य बुद्धको मूर्तिको माथिपट्टि दायाँ बायाँ दुईवटा कुटिलाक्षरमा लेखिएको सुनौला मन्त्र रहेका छन्।

## २.३.३.१ राजकीर्ति र बन्धुदत्त विहारमा रहेका सारिपुत्र र मौद्गल्यायन

राजकीर्ति महाविहारको मूल प्रवेशद्वारको दायाँ बायाँ बुद्धका अग्रश्रावक सारिपुत्र र मौद्गल्यायनको मूर्ति रहेको छ। प्रस्तरबाट मूर्ति बनाइएको छ। चुच्चो परेको मूर्तिफलकमा चुच्चो परेको प्रभामण्डल बनाइएको छ। प्रस्तरले बनेको माथि फर्किएको कमलको फूलमा सारिपुत्र र मौद्गल्यायनको मूर्ति स्थानक मुद्रामा बनाइएको छ। राजकीर्ति महाविहारमा रहेका सारिपुत्र र मौद्गल्यायन उभिएको उक्त कमलको फूलमाथि एक/एक लाइनको अभिलेख कुँदिएको छ। अभिलेख केही अंश मात्र बुझ्न सकिन्छ। कमलको फूलभन्दा तलपट्टि प्रस्तरमा चार जना भक्तहरु घुँडा टेकेर अञ्जली मुद्रामा बसेका छन्। तर बन्धुदत्त विहारमा रहेका सारिपुत्र र मौद्गल्यायनको मूर्तिमा अभिलेख छैन र भक्तहरु पनि छैनन्। सारिपुत्र र मौद्गल्यायनको दायाँ हातले काँध भन्दा माथि सम्म पुग्ने एउटा मोटो खालको लामो लठ्ठी जस्तो आकारको माथिल्लो भागमा चैत्यको आकृति भएको वस्तु समातेका छन्। बायाँ हातले भरिएको भिक्षा पात्र समातेका छन्। सारिपुत्र र मौद्गल्यायनको मुखाकृति शान्त किसिमको बनाइएको छ। ओँठमा मन्द मुस्कान सहित हल्का खुलेका आँखा बनाइएको छ। सर्लक्क परेको नाक र सुन्दर आँखीभौँ बनाइएको छ। सारिपुत्र र मौद्गल्यायनको कपाल बुद्धको जस्तो उष्णिष किसिमको बनाइएको छ। लामालामा कान रहेका छन् भने दुवै कानमा कुण्डल लगाइएको छ। घाँटीमा माला लगाएको बनाइएको छ। दुवै हातको नाडीमा बाला लगाएको बनाइएको छ। सुगठित किसिमको शरीरको बनावट रहेको छ। सारिपुत्र र मौदगल्यायनले लगाएको चीवर लामो र बुट्टेदार बनाइएको छ। मूर्तिमा कालो रङ लेपन गरिएको छ।

## २.४ सङ्कटा मन्दिर

लिच्छविकालीन चैत्य र अभिलेखहरु सङ्कटाको क्षेत्रभित्र पाइएको हुनाले यो ठाउँले लिच्छविकालमै महत्वपूर्ण स्थान ओगटी सकेको प्रतीत हुन्छ । डेनियल राइटको वंशावलीमा टेबहाल र सङ्कटाको मन्दिरको निर्माताको श्रेय लिच्छवि राजा नरेन्द्रदेवलाई दिइएको छ । उक्त वंशावलीमा राजा नरेन्द्रदेवले आफ्नो गुरु बन्धुदत्त आचार्यको लागि यो बहाल र सङ्कटाको मन्दिर निर्माण गरिदिएका थिए भनी उल्लेख गरिएको छ । सोही वंशावली अनुसार बन्धुदत्तले उक्त विहार जसलाई तीर्थ विहार पनि भनिन्छ सो विहारमा पद्मान्तक स्थापना गरे भनी उल्लेख गरिएको छ (अमात्य, २०५३, पृ. १७) ।

टेबहालको दक्षिण पश्चिम कुनामा सङ्कटा (चित्र नं. ५) को आधुनिक ढाँचाको मन्दिर छ । यो मन्दिरको पूर्वरुप अथवा मौलिक रुप कस्तो थियो त्यो कसैलाई थाहा छैन । हालको मन्दिर दुई तल्ले घर आकारको छ । समय समयमा जीर्णोद्धार र रंगरोगन गरिने हुनाले मन्दिरको अवस्था राम्रो देखिन्छ । मुख्य मन्दिरभित्र पूर्वपट्टि भित्तामा टाँसिएको ने.सं. ८३६ ( सन् १७१५) को राजा महेन्द्रसिंहको समयको शिलालेख अनुसार त्यस समयमा मन्दिरको जीर्णोद्धार भएको देखिन्छ । त्यस शिलालेखमा पनि *श्री पद्मान्तकाये नम:* भन्ने उल्लेख भएबाट सङ्कटा पद्मान्तक देव हो भनी भन्न सकिन्छ (अमात्य, २०५३, पृ. १७) ।

काठमाडौं उपत्यकाका सांस्कृतिक सम्पदाहरुको एकीकृत सूचि तयार गर्न गठित उच्चस्तरीय कार्यदल-२०६१ मा उल्लेख भएअनुसार साधारण घर शैलीमा बनेको यो मन्दिर ई.सं. १९३४ मा जीर्णोद्धार भैसकेको यसको निर्माणकाल १७ औं शताब्दी ई.सं. १६८३ मानिन्छ । (श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०६१, पृ. ७६४) ।

सङ्कटा मन्दिरको दोस्रो तल्लामा सङ्कटाको मूर्ति रहेको छ । भऱ्याङबाट माथि उक्लिसके पछि बायाँ बाट घुम्दै सङ्कटा मन्दिरको प्रवेशद्वारमा पुगिन्छ । प्रवेशद्वारको बायाँ पट्टि बत्ती बाल्नको लागि पित्तलको पाला राखिएको छ । ढोका साधारण किसिमको रहेको छ । सङ्कटाको मूर्ति रहेको ढोकाको अगाडि बाहिर माथि पट्टि काठको मण्डल रहेको छ । बिचमा पित्तलको खड्ग बनाइएको छ भने चारैतिर अष्टमातृकाको आकृति रहेको छ ।

सङ्कटा मन्दिरको भुइँ तल्लामा पद्मपाणी लोकेश्वर (रातो मच्छेन्द्रनाथ) को मूर्ति रहेको छ । मन्दिरको सुरक्षाको लागि अगाडिपट्टि फलामको बार लगाइएको छ । सङ्कटा

मन्दिरको अगाडि प्रस्तरबाट निर्मित मण्डल रहेको छ । मण्डलको अगाडि एउटा चैत्य रहेको छ । चैत्यलाई चारैतिरबाट फलामको जालीले बार लगाइएको छ । मन्दिरको अगाडि दुईवटा स्तम्भ रहेको छ । बायाँ तर्फको स्तम्भको माथिल्लो भागमा माथि फर्किएको कमलको फूलमा आचार्य बन्धुदत्तको उठेको सालिक बनाइएको छ । सालिकको तल *"श्रीमद् आर्यावलोकितेश्वर व श्री पद्मान्तक (संकटा) विज्याकू..... गुरु बन्धुदत्त बज्राचार्य"* लेखिएको छ । स्तम्भको बिच भागमा का.म.पा. वडा २२ वि.सं. २०८१ लेखिएको छ । मन्दिरको पूर्व उत्तरमा सरस्वतीको मूर्तिको छेउमा अर्को एउटा चैत्य रहेको छ । दायाँतर्फको स्तम्भमा माथि फर्किएको कमलको फूल रहेको छ । फूलमाथि दुईजना भक्तहरु अञ्जली मुद्रामा घुँडा टेकेर बसेका छन् । स्तम्भको बिचमा का.म.पा. वडा २२ वि.सं. २०८१ लेखिएको छ । स्तम्भको पछाडि तेलिया इँटाबाट बनेको केही उचाइमा बत्ती बाल्नको लागि वरिपरिको भागमा धातुको पाला बनाइएको छ । छानो हालेर सुरक्षित गरिएको छ । बत्ती बाल्ने ठाउँको उत्तरपट्टि होम गर्नको लागि इँटाबाट यज्ञकुण्ड बनाइएको छ ।

सङ्कट हटाउन पुजीने देवताको मूर्ति राखिएको यस मन्दिर हिन्दू र बौद्ध दुवै धर्मावलम्बीहरुले दर्शन र पूजाआजा गर्ने र शनिबारको दिन भीड लाग्ने गर्दछ । तोरणमा पद्मान्तक र टुँडालहरुमा पञ्चरक्षा देवीका मूर्तिहरु राखिएको यस मन्दिरमा पूजाकोठा माथिल्लो तल्लामा छ । यस मन्दिरको स्थानीय, धार्मिक एवं सांस्कृतिक महत्व धेरै नै रहेको पाइन्छ ।

## २.४.१ सङ्कटाको ऐतिहासिकता

काठमाडौँ उपत्यकाको बौद्ध समाजमा बज्रयान धर्मको प्रभाव परेको पाइन्छ । बज्रयान बौद्ध धर्म तान्त्रिक पद्धतिमा आधारित रहेको छ, जसले गर्दा विभिन्न किसिमका रौद्र एवं सौम्य देवीदेवताको परिकल्पना गरिएको छ । पञ्चध्यानी बुद्धहरु बाट नै विभिन्न किसिमका बौद्ध देवीदेवताको प्रादुर्भाव भएको पाइन्छ । साधनमालामा नीलवर्ण, भूस्पर्श अक्षोभ्यसँग डरलाग्दा र भयङ्कर रुपका देवताहरुको साथै विभिन्न तन्त्रहरु पनि संलग्न भएको देखाइएको पाइन्छ (वज्राचार्य, २०५९, पृ. ४) । अक्षोभ्य बुद्ध बाट उत्पन्न भएका देवताहरु चण्डरोषण, हेरुक, बुद्धकपाल, संवर, हयग्रीव रक्तयमारी, कृष्णयमारी, जम्भल, उच्छुष्म-जम्भल आदि देवताहरु हुन् (Bhattacharyya, 1924, p. 60) । बौद्ध ग्रन्थ साधनमाला अनुसार पञ्चध्यानी बुद्ध मध्ये अक्षोभ्य बुद्धबाट उत्पन्न वा प्रादुर्भाव भएका पुरुष देवताहरुमा जम्भल बाहेक अरु सबै देवताहरुको मुखाकृति डरलाग्दा र भयानक रुपमा देखाइएको छ (वज्राचार्य, २०५९, पृ. ६) ।

यी देवताहरुलाई प्रतिमाहरुमा निलो वर्ण, विकट मुखमण्डल भएका, त्रिनेत्रधारी, तीक्ष्ण स्वभाव भएका, जिब्रो बाहिर निकालिएका, मुण्डमालाधारी, बाघको छाला बेरेका, गलामा सर्पको माला धारण गरेको देवताको रुपमा देखाउने चलन रहेको छ (Bhattacharyya, 1924, p. 60) । नेपालमा यी देवताहरुलाई तान्त्रिक देवताको रुपमा पूजा गर्ने गरिन्छ । उल्लेखित देवताहरुलाई विभिन्न बहालहरुमा स्थापना गरेर तान्त्रिक विधिविधान अनुसार पूजा गरेको पाइन्छ ।

बज्रयान बौद्ध धर्ममा सङ्कटालाई तान्त्रिक देवताको रुपमा लिएता पनि हिन्दू धर्मावलम्बीहरुले पनि उत्तिकै श्रद्धा र भक्तिभावका साथ पूजाआजा गर्ने परम्परा रहेको देखिन्छ । मानिसले आफ्नो जीवनमा सामना गर्नुपर्ने राजभय, चोरभय, शत्रुभय, बज्रभय, अग्निभय, वायुभय, जलभय र भूकम्पभयको साथै विपत्ति, दुःख पीडा निवारणका लागि विभिन्न देवीदेवताहरुको पूजा उपासना गर्ने क्रममा विशेषगरी चण्डमहारोषण वा सङ्कटालाई दुःख, विघ्न र सङ्कट मोचनकर्ताको रुपमा पूजा गरिन्छ (वज्राचार्य, २०५९, पृ. ५) ।

सङ्कटालाई पद्मान्तक र संकष्ट-तारिणी भनेर पनि सम्बोधन गर्ने गर्दछन् । भक्तजनहरुले सङ्कटालाई भगवतीको रुपमा सङ्कटा देवी भनेर मान्ने गर्दछन् भने सङ्कटा दशा हरणका लागि पूजा, पाठ, जप र प्रार्थना गर्ने प्रचलन पाइन्छ । सङ्कटाको मूर्ति हेर्दा भयानक र डरलाग्दो देखिएता पनि यिनलाई 'दुष्टमारविनाशक' र 'अहिंसक' भनेर वर्णन गरेको पाइन्छ (वज्राचार्य, २०५९, पृ. ६) ।

कथनानुसार राजा नरेन्द्रदेव, आचार्य बन्धुदत्त र ललित ज्यापुले कामरुप कामाक्षबाट साधना गरी मत्स्येन्द्रनाथ (करुणामय) लाई नेपालमा साधना गरेर ल्याउँदा (चित्र नं. २६) कटुवालदहको बिच बाटोमा सङ्कटाले पाँच औंलायुक्त दायाँ हत्केला (चित्र नं. २५) देखाएर बाटो रोके । सङ्कटालाई पनि मत्स्येन्द्रनाथ सँगै नेपाल मण्डलमा लैजान आग्रह गरेकाले तान्त्रिक आचार्य बन्धुदत्तले केही समय पश्चात् लिन आउने बाचा गरी कटुवालदहमै स्थापना गरेर मत्स्येन्द्रनाथलाई ललितपुरको बुङ्मतीमा स्थापना गरे । त्यसको केही समयपछि सङ्कटालाई कटुवालदहबाट काठमाडौंको टेबहालमा ल्याएर स्थापना गरे । ललितपुरस्थित पाटनको तःबहामा भएको रातो मत्स्येन्द्रनाथको मन्दिर परिसर जतिको जग्गा काठमाडौंको टेबहालमा उपलब्ध गराएर सङ्कटालाई स्थापना गराएको जनविश्वास रहेको छ ।

शैव, वैष्णव आगमका भक्तहरु श्री सङ्कटालाई भगवतीको रुप वा शनि सङ्कटाको रुप मानि मंगलबार, शनिबार, नवरात्री तथा जन्मोत्सवका अवसरमा पूजा गर्ने गर्दछन् ।

बज्रयानी बौद्ध धर्मावलम्बीहरुले सङ्कटालाई दशक्रोध योगिनी, अष्टमातृकागण, पद्मान्तक, बौद्ध तान्त्रिक भैरव तथा चण्डमहारोषण भनी पूजा गर्दछन् (खनाल, २०७०, पृ. ९८) । सङ्कटालाई हिन्दू धर्मावलम्बीहरुले शनिग्रह, शक्तिपीठ, शनि सङ्कटा, भवानी नवदुर्गाको रुपमा पुज्दछन् (बज्राचार्य, २०६०, पृ. २३) ।

काठमाडौं देखि करिव २२ कि.मी. दक्षिणमा पर्ने कटुवालदह सङ्कटा सँग सम्बन्धित महत्वपूर्ण धार्मिक स्थल हो । कटुवाल दहमा तामाङ समुदायको बसोबास रहेको छ । स्थानीयहरुले पाँच औंला देखाएको स्थानलाई वासुकी थान (चित्र नं. २७) भनेर भन्ने गरेको पाइन्छ । वासुकी थानमा बैशाख १ गते मेला लाग्ने कुरा अन्तर्वार्ताको क्रममा प्राप्त भएको थियो (व्यक्तिगत अन्तर्वार्ता, घोतमान तामाङ, कटुवालदह, २०८२-०४-१०) ।

सङ्कटा मन्दिरको दक्षिणतर्फको पर्खालमा एउटा जलद्रोणी रहेको छ । जलद्रोणीको छेउमा एउटा लिच्छविकालीन अभिलेख रहेको छ । यसमा संवत् उल्लेख गरिएको छैन । यस अभिलेखमा प्रियपाल नामक भिक्षुले कुवा र टुटेधारा बनाएको उल्लेख रहेको छ (वज्राचार्य, २०५३, पृ. ४५४) । यस विहार क्षेत्रमा लिच्छविकालीन अभिलेख रहनुले पनि यस क्षेत्रमा धार्मिक प्रयोजनका लागि मठ मन्दिर, विहारहरु रहेको प्रतीत हुन्छ । भक्तजनहरुको लागि पानीको सहजताको लागि र पुण्य कमाउनको लागि धार्मिक प्रवृत्ति भएका भिक्षुले यस स्थलमा कुवा र टुटेधारा बनाएको देखिन्छ ।

सङ्कटा मन्दिरको दक्षिणतर्फको पर्खालमा भएको शिलापत्र प्रताप मल्लले ने.सं. ७८५ (सन् १६६४) मा राखेको पाइन्छ (राजवंशी, २०७८, पृ. ७१) । अभिलेखको शिरोभागको बिचमा शिवलिङ्गको आकृति बनाइएको छ । शिवलिङ्गको दायाँ बायाँ नन्दीको आकृति रहेको छ । अभिलेख प्रचलित नेवारी लिपिमा लेखिएको छ ।

सङ्कटा देवताको पूर्वतर्फको भित्तामा भएको महीन्द्रसिंह (भास्करमल्ल) ले ने.सं. ८३६ (सन् १७१५) मा शिलापत्र राखेको देखिन्छ । अभिलेखको शिरोभागमा खड्गको आकृति रहेको छ । खड्गको दायाँ बायाँ सूर्यको आकृति बनाइएको छ । उक्त अभिलेख प्रचलित नेवारी लिपिमा लेखिएको छ (राजवंशी, २०७८, पृ. ११६) ।

सङ्कटा मन्दिरको दक्षिणतर्फको पर्खालमा रहेको बुद्ध मूर्तिको पादपीठमा अभिलेख रहेको छ । पर्खालको खोपामा पहिला धेरै देवताहरुको मूर्ति रहेकोमा हाल एउटा मात्र भूस्पर्श मुद्रामा रहेका बुद्धको मूर्ति रहेको छ । बुद्धको मूर्तिको तलपट्टि प्रचलित नेवारी लिपिमा

अभिलेख रहेको छ। अभिलेख चार लाइनको रहेको छ। अभिलेख बुझ्न नसकिने अवस्थामा रहेको छ। छेउका अक्षरहरु केही अंश पढ्न सकिएता पनि बिचका अभिलेख स्पष्ट सँग बुझ्न नसकिने खालको रहेको छ। संरक्षणको अभावले गर्दा अभिलेख मेटिएको देखिन्छ।

सङ्कटा मन्दिरको वरिपरि रहेका लिच्छविकालीन तथा मल्लकालीन अभिलेखहरुमा शिवलिङ्ग र चैत्यको आकृति बनाइएको हुँदा यो स्थल हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुको लागि अत्यन्तै महत्वपूर्ण रहेको प्रतीत हुन्छ। हिन्दूहरुले शनि, भगवति र सङ्कट तारिणी देवीको रुपमा तथा बौद्ध धर्मावलम्बीहरुले चण्डमहारोषण, अचलवीर, पद्मान्तक भैरव मानी सङ्कटा मन्दिरमा पूजाआजा गर्ने गर्दछन्। सङ्कट हर्ने देवताको रुपमा दुवै धर्मावलम्बीहरुले पूजा गर्दै आइरहेका छन्। यस मन्दिरलाई धार्मिक सहिष्णुताको लागि अत्यन्तै महत्वपूर्ण रुपमा लिन सकिन्छ।

## २.४.२ सङ्कटा मन्दिरको वास्तुकला

सङ्कटा मन्दिर राजकीर्ति महाविहारको दक्षिण पूर्वमा रहेको छ। दुई तल्ले घरको आकारमा सङ्कटा मन्दिर रहेको छ। सङ्कटा मन्दिरको भुइँ तल्लामा पद्मपाणी लोकेश्वर (रातो मत्स्येन्द्रनाथ) को मूर्ति रहेको छ। मन्दिरको सुरक्षाको लागि अगाडिपट्टि फलामको बार लगाइएको छ। बारमा खड्ग, कलश, मत्स्ययुग्म, पद्मको आकृति बनाइएको छ। ढोकाको अगाडि ठूला ठूला दुईवटा सिंहको मूर्ति रहेको छ। ढोका काठबाट बनाइएको छ। निकै कलात्मक किसिमको ढोका रहेको छ। ढोकामा तीन किसिमको खम्बा रहेको छ। ढोकाको पहिलो खम्बा बुट्टेदार रहेको छ। दोस्रो बिचको खम्बा कलात्मक किसिमको रहेको छ। ढोकाको दायाँ भागमा तल देखि माथि क्रमशः कलश, ड्रागन, अष्टमङ्गलका चार वटा चिह्नहरु श्रीवत्स, छत्र, चमर र पद्म रहेका छन् भने ढोकाको बायाँ भागमा माथिबाट तलतिर क्रमशः ध्वज, शङ्ख, मत्स्ययुग्म, कलश, बिचको भागमा ड्रागनको आकृति तल्लो भागमा कलशको आकृति रहेको छ। बाहिरको तेस्रो खम्बामा तल्लो भागमा पूर्ण कलश र दुईवटा नाग बटारिएको आकृति रहेको छ। ढोकाको माथि पञ्चबुद्धको बोधिसत्व बज्रपाणी, रत्नपाणी, पद्मपाणी, विश्वपाणी र समन्तभद्रको आकृति रहेको छ। बिच बिचमा चारवटा कलशाकृति कुँदिएको स्तम्भ रहेको छ।

सङ्कटा मन्दिरको छानो तामाको पाताले छाएको छ। छानोमा धातुका पाँचवटा गजुर रहेका छन्। सङ्कटा मन्दिरमा ने.सं. ७१९ (सन् १५९८) मा हाकुराम, गरुजुरामले सुनले

मोलम्बित र ने.सं. ८९७ (सन् १७७६) मा टेबहाल टोल पुखालयताक्षमा बस्ने महर्जन गुणसिं थकाली समेत सीवा खलले गजुर राखेको भनी ताम्रपत्रमा उल्लेख भएको छ (बज्राचार्य, २०५८, पृ. ६१)। बिचको गजुरबाट चारवटा सुनौलो रङको धातुका पताका तोरणको भागसम्म झुण्ड्याइएको छ। दक्षिण तर्फ एउटा षट्कोण आकारको झ्याल रहेको छ।

**झ्याल र भित्तेचित्र :** तोरणको माथिल्लो तल्लामा तीनवटा आँखीझ्याल रहेको छ। आँखीझ्यालको दायाँबायाँ र माथिपट्टि भित्तेचित्र रहेको छ। झ्यालमा रहेको भित्तेचित्र तोरणको आकारमा रहेको छ। बिचको झ्यालको माथिको भित्तेचित्रमा बिचमा षट्कोणभित्र खड्गको चित्र रहेको छ। षट्कोणको माथिपट्टि छेपुले नाग समातेको चित्र रहेको छ। बिचबिचमा फूलका चित्र रहेका छन् भने तोरण आकारको भित्तेचित्रको तल दुवै छेउमा हात्तीको सुँढ जस्तो भएको गोही आकारको चित्र रहेको छ। बिचको झ्यालको दायाँपट्टि दोहोरो कमलको फूलमाथि कछुवा रहेको छ। कछुवा माथि स्थानक मुद्रामा लक्ष्मीको चित्र बनाइएको छ। लक्ष्मीको चारवटा हात बनाइएको छ। माथिको दायाँ हातमा कलश र बायाँ हातमा पद्म छ भने तल्लो दुवै हातले केही दिन लागेको जस्तो देखिन्छ। लक्ष्मीको दायाँपट्टि राजाले दुवै हातले भाँडो थापेको छ। राजाले श्रीपेच लगाएको छ। राजाको छेउमा रहेको *ख्याक*ले पनि भाँडो थापेको छ।

बिचको झ्यालको बायाँपट्टि दोहोरो कमलको फूल माथि हाँस रहेको छ। हाँसमाथि स्थानक मुद्रामा चारवटा हात भएकी सरस्वतीको चित्र रहेको छ। माथिल्लो दायाँ हातमा पद्म र बायाँ हातमा पुस्तक रहेको छ। तल्लो दुवै हातले केही दिन लागेको जस्तो देखिन्छ। सरस्वतीको बायाँ भागमा एउटा देव र मानवाकृतिको नागले भाँडो थापेका छन्। बिचको झ्यालको दुवै पट्टिका देवीहरुले मुकुट, घाँटीमा माला, नाडीमा बाला लगाएका छन्। तीनवटै झ्यालको माथि तोरणको चित्र बनाइएको छ।

सङ्कटा मन्दिरको पूर्वपट्टिको भित्ता निकै कलात्मक देखिन्छ। तेलिया इँटाबाट निर्मित भित्ताको माथिको भाग फलामको झ्यालहरु राखिएको छ। दोस्रो तल्लामा पाँचवटा षट्कोण आकारको झ्याल बनाइएको छ। त्यसमाथि फलामको झ्याल रहेको छ। झ्यालमा बायाँ बाट दायाँ तर्फ क्रमशः चन्द्र, श्रीवत्स, पद्म, ध्वज, कलश, चमर, मत्स्ययुग्म, छत्र, शङ्ख र सूर्यको आकृति बनाइएको छ। फलामको पाँचवटा झ्यालमा पाँचवटा कमलको फूल बनाइएको छ। तामाको पाताको पाली निकालिएको छ। पूर्वपट्टिको बाहिरी भित्ता पछि थपिएको हो।

मन्दिरको पूर्वपट्टिको माथिल्लो तल्लाको बाहिरी भागमा गोलाकार झ्याल बनाइएको छ । उक्त झ्यालमा षट्कोण बनाइएको छ । षट्कोणको बिचमा खड्ग रहेको छ । झ्यालको दायाँबायाँ ड्रागनको आकृति रहेको छ र उक्त झ्याल दोहोरो कमलको फूलमाथि बनाइएको छ । कमलको फूल, कोपिला, पात समेत बनाएर आकर्षक बनाइएको छ । छानोको कोणमा छेपुको मुखाकृति रहेको छ भने छेपुको मुखाकृति भएको छानोको टुप्पामा चैत्य सहितको गजुर राखिएको छ । छानोको तल्लो भाग र झ्यालको माथिपट्टि लाम्चो आकारको छेपु, अन्य देवाकृति, कमलको फूल, पुष्पलताले सुशोभित गरिएको छ ।

**टुँडाल :** माथिको छानो अड्याउनको लागि दुवै कोणमा एउटा/एउटा र बिचमा चारवटा कलात्मक टुँडालहरु रहेका छन् । तीन वटा शिर र छ वटा हात सहितका पञ्चरक्षादेवी (महाप्रतिसरा, महासहस्रप्रमर्दिनी, महामन्त्रानुसारिणी, महामायुरी, महासशतवनी) को मूर्ति टुँडालमा रहेको छ (खनाल, २०७०, पृ. ९९) । टुँडालको तल्लो भागमा आभुषणले सुसज्जित रहेर बसेको अवस्थामा मानवाकृति रहेको छ । मानवाकृतिको माथिपट्टिको भागमा माथि फर्किएको कमलको फूल रहेको छ । उक्त कमलको फूलमाथि तीनवटा शिर र छ वटा हात भएको डरलाग्दो किसिमको मूर्ति बनाइएको छ । हातहरुमा विभिन्न किसिमका आयुधहरु रहेका छन् । आयुधहरु चिन्न नसकिने अवस्थामा छन् ।

पहिलो टुँडालको मूर्तिको रङ हरियो रहेको छ । बिचको शिर हरियो, दायाँ शिर सेतो र बायाँ शिर पहेँलो रङको छ । दायाँ खुट्टाले कमलको फूलमाथि टेकेको छ भने बायाँ खुट्टा बङ्ग्याएर दायाँ खुट्टाको घुँडामा राखेको छ । दोस्रो टुँडालको मूर्तिको रङ सेतो रहेको छ । बिचको शिर सेतो, बायाँ शिर सेतो र दायाँ शिर हरियो छ । बायाँ खुट्टाले कमलको फूलमाथि टेकेको छ भने दायाँ खुट्टा बङ्ग्याएर बायाँ खुट्टाको घुँडामा राखेको छ । तेस्रो टुँडालको मूर्तिको रङ पहेँलो रहेको छ । बिचको शिर सेतो, दायाँ र बायाँ शिर कालो रहेको छ । दायाँ खुट्टाले कमलको फूलमाथि टेकेको छ भने बायाँ खुट्टा बङ्ग्याएर दायाँ खुट्टाको घुँडामा राखेको छ । चौँथो टुँडालको मूर्तिको रङ कालो रहेको छ । तीनवटै शिर कालो रङको बनाइएको छ । बायाँ खुट्टाले कमलको फूल माथि टेकेको छ भने दायाँ खुट्टा बङ्ग्याएर बायाँ खुट्टाको घुँडामा राखेको छ । टुँडालहरुमा माथि फर्किएको ज्वाला सहितको मुकुट, कानमा कुण्डल, घाँटीमा माला, नाडीमा बाला, खुट्टामा कल्ली र घुँडासम्म आइपुग्ने लामो पुष्पमाला लगाइएको छ । आभुषणले सुशोभित पारिएको छ । मूर्तिको माथि पुष्पलताले कलात्मक बनाइएको छ ।

**तोरण :** सङ्कटा मन्दिरको ढोकामाथि काठको तोरण (चित्र नं. ९) रहेको छ। तोरणको तल्लो भागमा काठमा सम्वत् ८०३ (सन् १६८२) लेखेको अभिलेख रहेको छ । सङ्कटा मन्दिरमाथि नृत्यदेवताको दायाँ पूर्वपट्टि भुइँमा भएको शिलापत्राभिलेख गंगुभारोले ने.सं. ७४५ (सन् १६२४) मा राखेका हुन् । शिखरिकार गंगु भारोले श्री ३ परादेवका लागि छत्र तोरण र क्वाचपाल देवताका लागि *पयँति* (एक प्रकारको आभुषण) समर्पण गरेको पाइन्छ (भट्टराई, २०६८, पृ. ९) ।

ढोका माथिको तोरण कलात्मक रहेको छ। तोरणको बिच भागमा गोलाकार मूर्तिफलक रहेको छ । मूर्तिफलकमा तीनवटा शिर, छ वटा हात भएको बसेको अवस्थामा डरलाग्दो किसिमको मूर्ति (सङ्कटा) रहेको छ । मूर्तिको प्रमुख दुई हातमध्ये दायाँ हात अभय मुद्रा र बायाँ हातले घण्टी समातेको छ । अन्य दायाँ पट्टिको बिचको हातले केही समातेको जस्तो देखिन्छ तर आयुध भाँचिएको हुँदा पहिल्याउन सकिँदैन । माथिको हातले खड्ग समातिएको छ भने बायाँ बिचको हातले पाश समातेको देखिन्छ। बायाँ माथिको हातमा परसु रहेको छ। शिरमा मुकुट रहेको छ। कानमा कुण्डल, घाँटीमा माला, नाडीमा बाला र अलङ्कारले युक्त मूर्ति रहेको छ । मूर्तिको दायाँ बायाँ सेविका रहेका छन् । तोरणको दुवै छेउमा सिंहको मुखाकृति, सिङ भएको, पखेटा भएको अगाडिको एउटा खुट्टा माथि र अर्को खुट्टाले शिर कुल्चेको छ भने पछाडिको खुट्टाले भुइँमा टेकेको जनावर रहेको छ।

सङ्कटाको मूर्तिको माथि ठूलो आकारको डरलाग्दो छेपुको आकृति बनाइएको छ । छेपुको आँखा ठूला ठूला र मुखाकृति डरलाग्दो रहेको छ। छेपुको दुवै हातले माथि उल्लेखित जनावरको पुच्छर समातेको छ । छेपुको शिर माथि अर्धचन्द्र र सूर्यको आकृति रहेको छ । चन्द्र सूर्यको आकृति माथि ज्वालावली सहितको चोसो परेको मूर्तिफलकमा बुद्धको धर्मचक्र प्रवर्तन मुद्राको सानो मूर्ति रहेको छ।

## २.४.३ सङ्कटा देवताको प्रतिमालक्षण

सङ्कटाको मन्दिर माथिल्लो तल्लामा रहेको छ । सङ्कटाको मूर्तिको माथि धातुको ठूलो छाता जस्तो मण्डल बनाइएको छ। बिच भागमा बज्र बनाइएको छ। सङ्कटाको मूर्ति कृष्ण वर्णको बनाइएको छ। घाँटी देखि तल खुट्टा सम्मको भाग बुट्टा भएको निलो वस्त्र लगाइएको छ। वस्त्रलाई तान्त्रिक पूजा गरेर लगाइएको हो भन्ने गुरुजुको भनाइ रहेको छ। सङ्कटालाई निलो वस्त्रको बाहिरबाट चाँदीका गरगहनाले सुसज्जित पारिएको छ। आभुषणहरु

अत्यन्तै धेरै लगाइएको छ । सङ्कटाको मूर्तिमा माथितिर दुई वटा हात देखिएको छ । दायाँ हातमा खड्ग र बायाँ हातमा पद्म समातिएको छ। सङ्कटाको शिरमा सुन र चाँदीको मुकुट रहेको छ। दुवै हातको नाडीमा मोटो खालको बाला लगाइएको छ। सुनले बनाइएको मुकुटमा चन्द्र अङ्कित पाता रहेको छ। कानमा बाहिर बाट सुनको कुण्डल लगाइएको छ भने कानमा रत्न सहितको चाँदीको कुण्डल रहेको छ । घाँटीको भागमा छाता आकारको चाँदीको ठूलो पाता रहेको छ । उक्त पाताले मूर्तिको घाँटी देखि तल्लो भाग देख्न नसकिने गराइएको छ । सङ्कटाको दायाँ हात माथितिर सूर्य अङ्कित चाँदीको गोलो पाता झुण्ड्याइएको छ । सङ्कटाको निधारमा चाँदीको टीका रहेको छ । दुई वटा आँखा चाँदीको बनाइएको छ । निधारको भागमा चाँदीको तीन तहको घेरा भएको मुकुट र बिचमा लामो आकारमा सुनमा रत्न जडित टीका रहेको छ । सङ्कटाको मुकुटमा सानो सानो पाँच वटा खप्परको आकृति कुँदिएको छ। मुकुटमा रहेको चाँदीको पातामा चन्द्र, सूर्य आदि विभिन्न बुट्टा कुँदिएको छ। सङ्कटाको घाँटीमा धातुको नागको माला रहेको छ। विभिन्न किसिमका मालाहरु लगाइएको छ। पात्रलाई समेत माला बनाएर लगाइएको छ।

सङ्कटाको मूर्तिको बायाँ पट्टि साना साना दुईवटा मूर्ति तथा बायाँतर्फ खड्गयोगिनी र वज्रयोगिनीका मूर्तिहरू छन्। घाँटी देखि तलको भाग बुट्टा भएको निलो वस्त्र लगाइएको छ । सङ्कटाको सामुन्ने केही भक्तहरूको स-साना धातु मूर्तिहरू बिनीत मुद्रामा छन् । सङ्कटाको दायाँ बायाँ चाँदीका खम्बा बनाइएको छ । माथिको मण्डललाई अड्याउन उक्त चाँदीको खम्बा राखिएको छ ।

सङ्कटाको मन्दिरमा सुनले मोलम्बित गरेको इलां चदुवा ने.सं. ७१४ (सन् १५९३) तेदोबहा यताछैं भिक्षु जकसिंले चढाएको भनी उक्त चदुवामा उल्लेख गरिएको छ। सङ्कटाको मूर्तिको ठीक अगाडि भक्तजनहरूको स्पर्शको लागि नौ वटा टाउको भएको नागको छत्र ओढाइएको सिंहासनमा सङ्कटाको सानो चाँदीको पाउ राखिएको छ । मुख्य पूजा कोठामा दशक्रोधका पौभा चित्रहरू राखिएका छन् । ती चित्रहरू अति नै जीर्ण भैसकेका छन् । पूजा कक्षमा वि.सं. २०२७ सालमा ज्योतिरत्न भन्ने व्यक्तिले टायल छापेको भनी कुँदेको अभिलेख छ। पूजा कोठाको चारैतिर स-साना चारपाते टल्कने टायलहरू छापिएका छन्। सङ्कटाको मूर्ति भएको ठाउँको अगाडि जालिदार फलामको बार लगाइएको छ। सङ्कटाको मूर्ति भएको स्थानमा गुरुजु मात्र जान पाउने व्यवस्था रहेको पाइन्छ।

सङ्कटाको मूर्ति भएको स्थान र गुरुजु बस्ने स्थानमा जानको लागि बार चढेर जानुपर्छ । बारको दायाँ बायाँ दुई वटा प्रस्तर मूर्ति रहेको छ । बारको अगाडि सानो धातुको द्वारपाल राखिएको छ । बाहिरपट्टि अष्टमातृकाको काठको मण्डलको ठीक तल भुइँमा चाँदीको फूलबुट्टा भएको मण्डल रहेको छ । मन्दिर घुम्नको लागि प्रदक्षिणापथ समेत रहेको छ ।

सङ्कटा मन्दिरको ढोका बाहिर दायाँ बायाँ दुवैतिर मञ्जुश्रीको मूर्ति रहेको छ । मञ्जुश्रीको दायाँ हातमा खड्ग र बायाँ हातमा पुस्तक रहेको छ । माथि फर्किएको कमलको फूलमा बसेको अवस्थामा मञ्जुश्रीको मूर्ति राखिएको छ । चोसो परेको मूर्तिफलकमा प्रभामण्डल पनि चोसो परेको छ । बायाँ तिरको मञ्जुश्रीको मूर्तिको अगाडि तीनवटा र दायाँ तिरको मञ्जुश्रीको अगाडि पाँचवटा मण्डल रहेको छ । मण्डलको छेउमा कङ्काल सहितको दियो बाल्ने धातुको प्रतिमा रहेको छ । मन्दिरको बाहिर जालि लगाएको भन्दा बाहिर एक पुरुष र एक महिला उठेको धातुको प्रतिमा रहेको छ । पुरुषको मूर्तिको तलपट्टिको भागमा दाताको नाम सहितको अभिलेख लेखिएको छ ।

सङ्कटाको बाहिर निस्कने ढोका साधारण रहेको छ । दायाँ बायाँ तीन/तीन वटा खम्बा रहेका छन् । खम्बामा बुट्टा कुँदिएका छन् । ढोकाको दायाँ बायाँ र माथि मुण्ड माला बनाइएको छ । दायाँ र बायाँ ३०/३० वटा र माथि १७ वटा मुण्डको आकृति रहेको छ ।

## २.४.४ सङ्कटा मन्दिरमा रहेको पद्मपाणी लोकेश्वर र प्रतिमालक्षण

पद्मपाणी लोकेश्वरलाई रातो मत्स्येन्द्रनाथ पनि भनिन्छ । मत्स्येन्द्रनाथलाई तान्त्रिक विधिबाट काठमाडौं उपत्यकामा ल्याउने क्रममा कटुवालदहमा सङ्कट उत्पन्न भएपछि तान्त्रिक विधिले पूजा गरी सङ्कटालाई पछि लिन आउने बाचा गरी मत्स्येन्द्रनाथलाई बुङ्मतीमा स्थापना गरेको केही दिन पछि सङ्कटालाई पनि राजकीर्ति महाविहार परिसरमा मन्दिर निर्माण गरेर स्थापना गरेको विश्वास गरिन्छ । सङ्कटा सँग सम्बन्ध देखाउन पद्मपाणी लोकेश्वरलाई तल्लो तलामा स्थापित गराएको देखिन्छ ।

पद्मपाणी लोकेश्वर अमिताभ बुद्धको परिवार भित्र पर्ने बोधिसत्व हुन् । अमिताभ बुद्ध परिवारको प्रतिक कमलको फूल र रङ रातो हुन्छ । पद्मपाणी लोकेश्वरको प्रतिमालक्षणको आधारमा हेर्दा रातो रङ र हातमा कमलको फूल समातेका हुन्छन् (Bhattacharyya, 1958, p.51) । पद्मपाणी लोकेश्वरलाई प्रायजसो स्थानक मुद्रामा देखाइएको हुन्छ ।

पद्मपाणी लोकेश्वरको मूर्तिमा घाँटी देखि खुट्टा सम्मको भागमा रातो वस्त्र (चित्र नं. १६) लगाइएको छ । उक्त वस्त्र आकर्षक किसिमको बुट्टाबाट बनाइएको छ । वस्त्रको माथि लामो खालको गरगहना लगाइएको छ। वस्त्रको तल्लो भाग थोरै काटिएको छ, जसबाट पद्मपाणी लोकेश्वरको दुवै पाउ देखिन्छ । दोहोरो कमलको फूलमाथि उभिएको पद्मपाणी लोकेश्वरको मूर्ति रहेको छ। मूर्ति माटोबाट बनाइएको छ।

पद्मपाणी लोकेश्वरको घाँटीदेखि खुट्टासम्म रातो वस्त्र लगाइएको उक्त रातो वस्त्र निकाल्न मिल्ने रहेछ। पद्मपाणी लोकेश्वरको पूर्ण कदको मूर्ति (चित्र नं. १५) सुन्दर किसिमको रहेको छ। पद्मपाणी लोकेश्वरको मूर्ति दोहोरो कमलको फूलमाथि चोसो परेको मूर्ति फलकमा स्थानक मुद्रामा रहेको छ । प्रभामण्डल पनि चोसो परेको छ । पद्मपाणी लोकेश्वरको हात दुईवटा रहेको छ । दायाँ हात वरद मुद्रामा र बायाँ हातले डाँठ सहितको कमलको फूल समातेको बनाइएको छ । खुट्टा सिधा सर्लक्क परेका छन्। शिरमा चाँदीको मुकुट रहेको छ । मुकुटको बिच भागमा ध्यान मुद्रामा बुद्धको आकृति रहेको छ । कानमा कुण्डल, घाँटीमा माला, पाखुरामा केयुर, नाडीमा बाला, कम्मरमा कम्मरबन्धन रहेको छ भने खुट्टामा फूल आकारको आभूषण रहेको छ। मूर्तिमा टाँसिएको मालाको यज्ञोपवित जस्तै बनाएर घुँडासम्म आएर पछाडि घुमेको बनाइएको छ। मूर्तिफलकको तल्लो भाग कलात्मक रहेको छ। पद्मपाणी लोकेश्वरको मुखाकृति उज्यालो र मुसुक्क हाँसेको जस्तो देखिन्छ। घाँटीमा चाँदीको पाताको माला रहेको छ। मूर्तिफलकको वारि देखि पारि सम्म पद्मपाणी लोकेश्वरको छातीको भागमा पर्ने गरि अष्टमङ्गल सहितको आठ वटा चाँदीको पाता र एउटा अर्को पाता गरी नौ वटा पाता झुण्ड्याई माला लगाइएको छ। अर्को एउटा चाँदीको माला *तायो* आकारको कम्मरभन्दा मुनि रहेको छ भने अर्को मण्डल आकारको चाँदीको पाता भएको माला घुँडासम्म लगाइएको छ।

मूर्तिको बायाँ छेउमा चोसो परेको मूर्तिफलकमा चुच्चो परेको प्रभामण्डलमा चारवटा हात भएको स्थानक मुद्रामा नारी मूर्ति रहेको छ। दायाँ तल्लो हात वरद मुद्रा र माथिको हात केही समातेको जस्तो देखिन्छ तर अस्पष्ट रहेको छ भने बायाँ तल्लो हात अभय मुद्रामा र माथिको हातले माला समातिएको छ। शिरमा कपालको चारवटा चुल्ठो पारिएको छ। कानमा कुण्डल, घाँटीमा माला, नाडीमा बाला र लामो पुष्पमाला लगाइएको छ । उक्त मूर्ति पनि माटोबाट बनाइएको छ ।

उक्त मूर्तिको बायाँतिर चोसो परेको मूर्तिफलकमा बसेको मूर्ति रहेको छ। पेट अलि ठूलो देखिएको छ। चोसो परेको प्रभामण्डल रहेको छ। शिरमा मुकुट, कानमा कुण्डल, घाँटीमा माला, नाडीमा बाला रहेको छ। यो मूर्ति पनि माटो बाट निर्मित रहेको छ। दायाँ हात माथि फर्किएको छ भने बायाँ हातले फूल समातेको छ।

नारी मूर्तिको अगाडि साना साना दुईवटा धातुको मूर्ति राखिएको छ। आठ ओटा हात भएकी नामसङ्गीती र वरद मुद्रामा रत्नसम्भवको मूर्ति रहेको छ। पद्मपाणी लोकेश्वरको दायाँ पट्टि दुईवटा मूर्ति रहेका छन्। चोसो परेको मूर्तिफलकममा स्थानक मुद्रामा नारी मूर्ति रहेको छ। उक्त मूर्तिमा दुई हात देखाइएको छ। दायाँ हात वरद मुद्रामा र बायाँ हात अभय मुद्रामा रहेको छ। प्रभामण्डल चोसो परेको छ। कानमा कुण्डल, घाँटीमा माला, नाडीमा बाला, कम्मरबन्धन र ठूलो पुष्पमाला लगाइएको छ। यो मूर्ति पनि माटोबाट बनाइएको देखिन्छ।

नारी मूर्तिको दायाँतिर चोसो परेको मूर्तिफलकमा अञ्जली मुद्रामा बसेको एउटा मूर्ति रहेको छ। मूर्ति स्पष्ट चिन्न सकिँदैन। शिरमा मुकुट, कानमा कुण्डल, नाडीमा बाला लगाइएको छ। यो मूर्ति पनि माटोबाट बनेको छ। नारी मूर्तिको अगाडि धातुको दोहोरो पद्मासनमा मञ्जुश्रीको बसेको मूर्तिको रहेको छ। दायाँ हातमा खड्ग र बायाँ हातले पुस्तक समातेको र कमलको फूल काँधसम्म पुगेको छ। पद्मपाणी लोकेश्वरले टेकेको दोहोरो कमलको फूलको दायाँपट्टि छातीको भागदेखि माथि मात्र देखिने अस्पष्ट किसिमको गाडिएको एउटा सानो मूर्ति रहेको छ।

सङ्कटा मन्दिर हाल लोकप्रिय रुपमा रहेको छ। संकट, बाधा अड्चन आदि हरण गरिदिने देवताको रुपमा सङ्कटा मन्दिर प्रख्यात हुँदै गइरहेको पाइन्छ। ग्रहदशा सँग सम्बन्धित रहेको हुँदा भक्तजनहरुको घुँइचो लागेको पाइन्छ।

## २.५ *नासःद्य* (नृत्यनाथ)

शिव ज्ञान, योग र विभिन्न शास्त्रमा पारङ्गत हुनुको साथै नृत्यमा पनि निपुण मानिएका छन्। त्यसैले उनलाई नृत्यका राजा नटराज पनि भनिन्छ। विशेष गरेर काठमाडौं उपत्यका भित्र विभिन्न प्रकारका नाचगान सिक्दा र सुरुवात गर्दा *नासःद्य* भनेर तीनकुने प्वालमा पूजा गर्ने परम्परा देखिन्छ (पौड्याल, २०५७, पृ. १४०)।

*नासःद्य* मूलतः संगीत कलाका देवता भएपनि दैनिक जीवनमा चाहिने वाक्‌कला सहित हरेक प्रकारको कार्यसिद्धिका लागि *नासःद्य* पूजनको परम्परा नेवार समाजमा विद्यमान छ । *नासः* को अर्थ कार्यसिद्धि र *द्य* को अर्थ देवता हो । यसप्रकार *नासःद्य* को अर्थ कार्यसिद्धि र प्रतिभाका देवता हुन् । त्यसै कारणले संगीत र नृत्यमा लागेका कलाकारहरु मात्र नभई जो कोहीले पनि *नासःद्य* को पूजा गर्ने गर्दछन् । कुनै पनि नेवार बस्तीमा गणेश जस्तै *नासःद्य* पनि अनिवार्य रुपमा हुने गर्दछ (प्रजापति, २०६३, पृ. १) ।

*नासःद्य* को रुप अत्यन्तै व्यापक छ । सामान्यतया *नासःद्य* को रुपलाई तीन प्रकारमा विभाजन गर्न सकिन्छ ।

१. *नासःप्वाः*

*नासःप्वाः* भनेको प्वालको रुपमा *नासःद्य* लाई पूजा गर्ने परम्परा हो । यस अन्तर्गत सामान्यतया तीन वटा त्रिभुजाकार प्वाललाई *नासःद्य* को रुपमा लिइन्छ । यी प्वालहरु कहीँ एउटा र कहीँ पाँच वटा सम्म पनि रहेका छन् ।

२. *नासःद्य* को मानव रुप

शिवको मानवीय नृत्य मूर्तिलाई पनि नटराज भन्ने गरिएको पाइन्छ । शिवलाई नृत्यनाथ, नृत्येश्वर, नटराज, नाट्येश्वर पनि भन्ने गरिन्छ ।

३. बाजाको रुपमा *नासःद्य*

बाजा स्वयम्‌लाई पनि *नासःद्य* को रुपमा मान्ने परम्परा रहेको छ । यसैकारण कलाकारहरुले बाजा बजाउनु भन्दा अघि बाजालाई ढोग्ने गर्दछन् । छालाले मोडिएको बाजामा तीखो स्वर आउने भागलाई *नासः* भन्ने गरिन्छ भने यस प्रकारको बाजा झुण्ड्याउँदा *नासः* को भाग जहिले पनि माथि फर्काएर राख्नुपर्ने मान्यता रहेको छ ।

नाचगानमा आकाश, अन्तरिक्ष, विश्व ब्रह्माण्डलाई व्याप्त गरेर रहने शब्दको प्राधान्य हुने हुनाले नै होला यस सम्बन्धी देवताको स्वरुप शून्य, अमूर्त एवं निराकार तुल्याएको छ । त्यसैले नटराज शिवको परिकल्पना गरिनुभन्दा पूर्व नृत्य एवं संगीतमय वातावरणमा जीवन जिउने हाम्रा आदिम पुर्खाहरुले विशेषतः त्रिकोणाकार प्वालहरु निर्माण गरी तिनीहरुलाई *नासःद्य* र *हैमाद्य* मान्दै आएका हुन् (मानन्धर, २०५१, पृ. ७१) । बौद्ध समाजमा प्रख्यात अष्टोत्तर शत

र द्वादश लोकेश्वरहरुमध्ये क्रमशः नृत्यनाथ लोकेश्वर र पद्मनृत्य लोकेश्वरलाई नटराजकै रुपमा लिइएको छ (मानन्धर, २०५१, पृ. ७२) ।

## २.५.१ *नासःद्य* (नृत्यनाथ) को ऐतिहासिकता

काठमाडौँको जनश्रुतिअनुसार एकपल्ट पाण्डव भीमसेन गायनशास्त्र सिक्नका लागि नाचगानका ज्ञाता शिवजीकहाँ गए । शिवजीले पनि उनलाई गायनशास्त्रको सम्पूर्ण शिक्षा प्रदान गरेर बिदा दिए । आफ्नो सैद्धान्तिक शिक्षा पूरा भएपछि भीमसेन जङ्गलमा गएर आफूले सिकेको संगीतको रियाज गर्न थाले । त्यही बेला नजिकैको गाउँबाट एउटा धोवी आफ्नो हराएको गधा खोज्दै त्यहाँ आइपुग्यो । आफ्नो गधाको र भीमसेनको स्वर उस्तै सुनिएको कुरा धोबीले बताएपछि आफ्नो शिक्षा अपूर्ण भएको ठानी भीमसेन रिसले चुर भएर आफ्ना गुरु शिवलाई लखेट्न थाले । शिव भाग्दाभाग्दै तीनवटा स-साना प्वालबाट छिरेर लुके । भीमसेन भने त्यस सानो प्वालबाट छिर्न नसकेर बाहिरै कुरेर बसे । त्यसैले आजसम्म पनि काठमाडौँमा नाचगानका देवता *नासःद्य* लाई तीनवटा प्वालमा निराकार रुपमा पूजा गरिन्छ (पौड्याल, २०५७, पृ. १४१) । यसरी अमूर्त रुपमा नाचगान सम्बन्धी शक्तिको पूजाआराधनाको साथसाथै शिवको नटराजस्वरुपको पूजा गर्ने परम्परा नेपाली समाजमा विद्यमान छ ।

बौद्ध मतावलम्वीहरु भने *नासःद्य* लाई पद्मनृत्येश्वरको रुपमा पूजा गर्ने गर्दछन् । बज्राचार्यहरुलाई *देखा* दिने बखत *नासःद्य* भनी एक मूर्ति प्रदर्शन गर्न ल्याउनु पर्दछ । यस मूर्ति अरुलाई देखाइँदैन । पद्मनृत्येश्वर भनी नामकरण गरिएका यी देवता कमलमाथि नृत्य मुद्रामा रहेका लोकेश्वर हुन् (प्रजापति, २०६३, पृ. १२) ।

नेपालमण्डलमा रहेका *नासःद्य* हरु मध्ये नुवाकोटको कविलासमा रहेका *नासःद्य* लाई सबभन्दा प्रमुख र प्राचीन *नासःद्य* मानिन्छ । यहाँका *नासःद्य* को कुनै मूर्ति छैन र केवल ढुङ्गाको पहरोमा एउटा सानो प्वाललाई प्रतीक मानी पुजिन्छ । नेपालमण्डलका अन्य *नासःद्य* हरु यहीँकै *नासःद्य* बाट बिस्तारित भई व्यापक भएको मानिन्छ (प्रजापति, २०६३, पृ. १२) ।

*नासःद्य* लाई हिन्दू धर्मावलम्बीहरुले भगवान शिव सँग जोडेर नटराज, नृत्यनाथको स्वरुपमा पूजा गर्दछन् भने बौद्ध धर्मावलम्बीहरुले पनि भगवान शिव सँग जोडेर संगीत, वाद्यवाजनका देवता सँग जोडेर पूजा गरेको पाइन्छ । *नासःद्य* देवतालाई हिन्दू र बौद्ध धर्मावलम्बीहरुले पूजा गर्ने हुँदा यि दुवै धर्मावलम्बीहरु बिच समन्वयात्मक र भावनात्मक दृष्टिकोण रहेको पाइन्छ ।

## २.५.२ *नासःद्य* मन्दिर

राजकीर्ति महाविहार परिसरमा उत्तरतिर *नासःद्य* को मन्दिर (चित्र नं. ४) रहेको छ । तेलिया इँटाबाट बनेको *नासःद्य* को प्रवेशद्वार पश्चिमाभिमुखी रहेको छ । ढोका काठबाट बनाइएको साधारण किसिमको रहेको छ । ढोकाको दुवै पल्लामा आँखीभौं सहितको एउटा/एउटा आँखा रहेको छ । ढोकाको बिच भागमा काठको कलात्मक खड्ग रहेको छ । *नासःद्य* को छानो झिंगटीले छाएको छ । छानो अड्याउनको लागि साधारण टुँडालहरु रहेका छन् । ढोकाको दुवै छेउमा साधारण किसिमका दुईवटा आँखीझ्यालहरु रहेका छन् । ढोका माथि रहेको छानो अड्याइएको ६ वटा टुँडालमा राँगाको टाउको काटिएको दुवै सिङको भाग राखिएको छ ।

ढोकाभित्र *नासःद्य* को अर्को एउटा सानो मन्दिर रहेको छ। ढोकातिर फर्किएको काठको तोरणसहितको देवघर रहेको छ । देवघरलाई शिवजीको जस्तै चित्र बनाएको एउटा सेतो कपडाले ढाकिएको छ । सेतो कपडामा त्रिशुलको चित्र तीनवटा, आँखा, तेस्रो नेत्र, दुईवटा हात सहितको रङ्गीविरङ्गी रङमा बनाइएको छ। कपडाले ढाकिएको देवघर भित्र दुवै छेउमा दुई/दुई वटा घण्टी गरी चार वटा घण्टी राखिएको छ । कपडाले ढाकिएको भागको पछाडि बाहिरसम्म देखिने गरी लाम्चो आकारको सानो एउटा प्वाल रहेको छ। देवघरको तलपट्टि सानो बार लगाइएको छ ।

कपडाले ढाकिएको देवघरको माथि काठको कालो रङ लगाइएको तोरण (चित्र नं. १२) रहेको छ । तोरणको बिच भागमा ठाडो किसिमको काठको आकृति रहेको छ । *नासःद्य* को भित्रको मन्दिर तेलिया इँटाबाट बनेको छ भने छानो पनि तेलिया इँटाबाट बनाइएको छ । मन्दिरमाथि धातुको एउटा गजुर राखिएको छ । मन्दिरको माथिल्लो भाग माला आकारको बुट्टेदार, विभिन्न जनावरका मुखाकृति, बिच बिचमा कमलको फूल आदि कलात्मक किसिमले बनाइएको छ । भित्रको मन्दिर पछाडिको भित्तामा लाम्चो आकारको प्वाल रहेको छ र उक्त प्वालको सिधा पर्ने गरी *नासःद्य* को बाहिरी भित्ताको पछाडि पनि एउटा प्वाल रहेको छ ।

ढोका भित्रको मन्दिरको माथिल्लो भागमा काठहरुको संरचना रहेको छ । जीर्णोद्वार कार्य समेत भइरहेको देखिन्छ । भित्रको मन्दिरको कपडाले ढाकिएको भाग भन्दा अगाडि एक हात जति फराकिलो पारिएको भाग छ । जसमा दायाँ बायाँ गरी तीन/तीन वटा बत्ती बाल्नको

लागि पाला राखिएको छ । मन्दिरको भित्ता चुन, सुर्कीबाट जडान गरिएको छ । *नासःद्य* को बाहिरपट्टिको मन्दिरको छानोमा धातुको एउटा गजुर रहेको छ ।

बाहिरी मन्दिरको वरिपरि छानो अड्याउनको लागि साधारण किसिमका टुँडालहरु रहेका छन् । मन्दिरसँगै जोडिएर दक्षिणतिर एउटा ठूलो सत्तल बनाइएको छ । सत्तलको छानो झिँगटीले छाइएको छ । छानो अड्याउन चारैतिर साधारण टुँडालहरु राखिएको छ । तीन तिरको भाग खुल्ला रहेको छ भने माथिको भागहरुमा भित्रबाट माथि खोल्न मिल्ने आँखीझ्यालहरु राखिएको छ । खम्बाहरुको माथिल्लो भाग कलात्मक रहेको छ भने तल्लो भाग सादा रहेको छ । दुई कुनाको दुईवटा खम्बामाथि सिंह र सिंह माथि गरुढले दबाएको जस्तो आकृति बनाइएको छ । सत्तलको भित्र उक्लिनको लागि दक्षिणतर्फ चारवटा आँखीझ्याल भएको दुई पल्लाको ढोका राखिएको छ । ढोकाको माथि दुवै छेउमा दुईवटा ड्रागनको आकृति बनाइएको छ । सत्तलको भित्रपट्टिको भुइँ तेलिया इँटा बिछ्याइएको छ । ढोकाको दुवै छेउमा भएको खम्बाको माथिल्लो भाग कलात्मक छ भने तल्लो भाग साधारण रहेको छ । प्रत्येक खम्बाको माथि तिर एउटा/एउटा दर्पणको आकृति राखिएको छ । सत्तलको भित्रपट्टि उत्तरतिर आठवटा खापा बनाइएको छ ।

## २.६ लुँमधि भद्रकाली देवघर

भद्रकाली देवीको देवघर काठमाडौं महानगरपालिका वडा नं. २२, टेबहाल राजकीर्ति महाविहार परिसरमा रहेको छ । भद्रकाली *द्योःछें* देवघर (चित्र नं. ३) पश्चिमाभिमुख गरी निर्माण गरिएको छ । देवघरको बिच तल्लाको सम्मुख भागमा दायाँ बायाँ दुई वटा काठका आँखीझ्याल र बिचमा देवीका सुवर्ण मूर्ति सहितका सुवर्णमय आँखीझ्याल जडित छ । देवघरको दक्षिणतर्फ काठका ३ मुखे काष्ठमय झ्यालका साथै अष्टमातृका अंकित सुन्दर १८ वटा टुँडाल सुशोभित छन् । छाना माथि बिचभागमा सुनको प्रभासहितको सुन्दर गुजर रहेको छ ।

यस देवघरमा पश्चिमाभिमुख गरी प्रतिस्थापित भद्रकाली, श्वेतकाली, चामुण्डा, रक्तकाली, दक्षिणकाली, कुमारी, वैष्णवी, बाराही, ब्रह्मायणी, इन्द्रायणी, माहेश्वरी, भैरव, गणेश, कुमार, सिंगिनी, व्याघ्रिनी गरी १६ वटा देवदेवीगण विराजमान छन् । ती मध्ये तत्कालीन समयमा निर्मित यस देवघरमा प्रतिस्थापित प्राचीन मूर्तिका अतिरिक्त उपरोक्त अन्य १६ वटा देवदेवीका मूर्तिहरु राजा रणबहादुर शाहले नेपाल सम्बत् ९१६ मा नव निर्माण गरी स्थापना गरिएको देखिन्छ । साथै देवीको नित्य पूजा, नैमित्तिक पूजा, मासिक पूजा, वार्षिक पर्वपूजा

सुचारु रुपले सञ्चालन गर्न लिच्छवि, मल्ल राजाहरुका अतिरिक्त राजा रणबहादुर शाहले पनि गुठी व्यवस्था गरी दिएको पाइन्छ ।

हिन्दूहरुले पूजा गर्ने शक्तिपीठहरु मध्ये भद्रकाली शक्तिपीठको देवघर लुँमधि भद्रकालीको नामबाट टेबहालमा स्थापित रहेको छ । टुँडीखेलको भद्रकाली, ओटुको भद्रकाली र टेबहालको भद्रकाली एकै हुन् (खनाल, २०७०, पृ.९९) । भद्रकालीको पूजा महर्जनहरुले गर्दै आइरहेका छन् । पहिले उक्त मन्दिर ओटुमा रहेको थियो । पछि ज्यापु समुदायमा पूजा सम्बन्धी विवाद परेपछि एक समूहले टेबहाल परिसरमा थान बनाई स्थापना गरेको पाइन्छ । यी देवीको जात्रा घोडेजात्राको दिनमा गरिने प्रचलन रहेको छ । उक्त दिन ओटु तथा टेबहालमा अवस्थित आ-आफ्ना थानका देवीलाई विशेष पूजा, बलि पूजा गरी देवीलाई खटमा राखि जात्रा गर्दै टुँडिखेल स्थित भद्रकाली पीठमा लगी रातभर विशेष पूजा गरी पञ्चबलि दिई जात्रा गर्दै भोलिपल्ट आ-आफ्नो स्थानमा ल्याई पुनः प्रतिष्ठा गरिन्छ (खनाल, २०७०, पृ. १००) ।

शाक्त सम्प्रदायमा मातृकाहरुको स्थान महत्वपूर्ण रहेको छ । भद्रकालीलाई कालीको सौम्यरुपवाली देवीको रुपमा मान्छि । यिनलाई महामारी रोक्ने देवी मानिने हुँदा महामारी सुरु हुनासाथा यिनको पूजाआजा गर्ने चलन रहेको पाइन्छ । भद्रकालीको दक्षिण तिर दुई वटा लिच्छविकालीन चैत्य रहेको छ ।

## २.६.१ लुँमधि भद्रकालीको ऐतिहासिकता

काठमाडौँ उपत्यकाका सांस्कृतिक सम्पदाहरुको एकीकृत सूचि तयार गर्न गठित उच्चस्तरीय कार्यदल-२०६१ मा आवास घर तथा देवस्थलको स्वरुपमा बनेको भद्रकाली *द्योःछें* को निर्माण १७ औं शताब्दीमा भएको मानिन्छ । त्यहाँ स्थित सन् १७०७ तथा सन् १८२७ को अभिलेख प्राप्त बाट त्यतिखेर जीर्णोद्धार समेत भइसकेको बुझिन्छ (श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०६१, पृ. ७६५) ।

नेपालमा कालीका विभिन्न नौ वटा रुप रहेको पाइन्छ । तिनमा दक्षिणकाली, गुह्यकाली, भद्रकाली, कामकलाकाली, श्मसानकाली, धनकाली, महाकाली, सिद्धिकाली र चण्डिकालीको चर्चा गरिएको पाइन्छ (खतिवडा र ढकाल, २०८२, पृ. ५४४) ।

हिन्दू पुराणमा दक्षप्रजापतिको यज्ञमा शिवजीको अपमान हुँदा भद्रकालीको अभ्युदय भएको उल्लेख पाइन्छ । भद्रकालीले शिवका गण सदस्य वीरभद्र सँग मिलेर दक्षप्रजापतिको यज्ञ ध्वंस गरेको पौराणिक कथा पाइन्छ (खतिवडा र ढकाल, २०८२, पृ. ५४४) ।

भद्रकालीलाई काठमाडौँका बासिन्दाहरू खासगरी नेवार समुदायका मानिसहरूले लुँमधि अजिमा भनी भन्दछन् । एउटा हस्तलिखित ग्रन्थ अनुसार कुनै समयमा काठमाडौं शहरका अष्टमातृका पीठहरू सबै नदी भित्र थिए । यी पीठहरूमध्ये मूल वैष्णवी पीठ थियो । ईशाको सातौं शताब्दीका प्रसिद्ध तान्त्रिक बज्राचार्य शाश्वत बज्रले कालीको साधना गरी यही वैष्णवी पीठमा स्थापना गरेपछि यस पीठलाई वैष्णवी पीठ नभनी भद्रकाली पीठ भन्न थालियो (अमात्य, २०५३, पृ. ५) ।

भद्रकाली (लुँमधि अजिमा) को नेपाल प्रवेश र भद्रकाली पीठको स्थापनाबारे प्रचलित कथा यस्तो छ । परापूर्वकालमा एकपटक काठमाडौं र पाटन बीच ठूलो युद्ध भयो । यस युद्धमा मरेकाहरूलाई जलाउन नसकेको हुनाले शवहरूको ठूलो डुंगुर त्यसै परिरह्यो । यी दुवै देश बीच चलिरहेको युद्ध शान्त पार्न शाश्वत बज्रले कामारुप कामाक्ष पीठमा गई श्री भद्रकाली देवीलाई पूजापाठ, जप, तप गरी खुशी तुल्याई देवीलाई एउटा कलशमा राखी नेपालमा ल्याए । पहिले शहर बाहिर पर्ने हाल राष्ट्रिय नाँचघर रहेको ठाउँ जमलनिर शाश्वत बज्रले आफूले साधना गरी ल्याएको देवीको पूजा राख्ने भाँडो एउटा रूखमा झुण्ड्याई आफू देवीलाई लावालस्कर सहित शहर भित्र्याउन मानिसहरूलाई खबर गर्न गए । यतातिर रूखमा झुण्ड्याई राखेको पूजा भाँडोबाट कालिका सानी बालिकाको रूप धारण गरी बाहिर आई रुँदै रुँदै यताउति भौंतारिन थालिन् । सोही बखत मल बोकी टोखा भद्रकाली निरको आफ्नो खेततिर जाँदै गरेको एक किसानले बाटोमा यसरी रुँदै गरेकी बालिकालाई देख्छ । रुँदै गरेकी बालिकालाई तिम्रो आमाबाबु को हुन् भनी सोद्धा पनि तिनी केही जवाफ नदिई रुँदै रहिन् । त्यो देखी किसानले ती बालिकालाई के तिमी मसँग आउँछौ भनी सोध्छ । बालिकाले पनि टाउको मात्र हल्लाई “हुन्छ” भनी स्वीकार गर्छिन् ।

किसानले आफूले बोकी ल्याएको आधा खर्पन मल भूईमा फालेर त्यही खाली खर्पनमा बालिकालाई राखी अर्कोतिर चिउरा र जाँडको घ्याम्पो राखी बालिकालाई बोक्दै खेततिर लाग्छ । खेतमा पुग्नासाथ सानी बालिकालाई निद्रा लागेछ । किसानले पनि सानी बालिकालाई आफ्नो खेतको सानो घरमा लगी बालिकाको आधा शरीरमा छायाँ पर्ने गरी सुताई आफू खेतमा काम

गर्न जान्छ। खाना खाने समयमा किसान काम रोकी खाजा खान आउँछ। उसले बालिकालाई देख्दैन र खाजा पनि देख्दैन। बालिका कहाँ गयो होला भनी उसले यताउति खोज्न थाल्छ। त्यति नै बेला बालिकाले आफ्नो बालिकाको रूप छोडी कालिकाको रूपमा किसानलाई दर्शन दिन्छिन्। कालिकाको दर्शन र प्रसाद पाइसकेपछि चाँडै नै काम छोट्याई खुशी भई किसान आफ्नो घरतिर फर्किन्छ। यतातिर शाश्वत बज्र शहर बासीहरूलाई जम्मा गरी कालिकालाई स्वागत गरी शहर भित्र्याउन भनी जमल आइपुग्छन्। आफूले साधना गरी ल्याएको रूखमा झुण्ड्याई गएको पूजा भाँडो रूखबाट खसी छ्यालब्याल भैरहेको देखी शाश्वत बज्र र जनसमूह बडो आश्चर्य चकित हुन्छन्। त्यतिबेला कालिकाको दर्शन पाई खेतबाट फर्की रहेको किसानले त्यहाँ मानिसहरूको हूल देखी के भएछ भनी सोध्दा कालिका साधना गरी ल्याएको तर हराएको कुरा सुन्छ। त्यो कुरा सुनी किसानले पनि आफूलाई कालिकाले दर्शन दिएको सम्पूर्ण वृत्तान्त जनसमूहलाई भन्छ। त्यो कुरा सुनी शाश्वत बज्र सम्पूर्ण जनसमुदाय लिएर कालिकालाई खोज्न जान्छन्। बालिकाले पुनः कालिकाको रूपमा सबैलाई दर्शन दिइन्। बालिका रूप लिएकी कालिकालाई शहर भित्र्याउन अनेकन किसिमबाट फकाउँदा कोशिस गर्दा पनि सफल भएनन्। बल्ल तल्ल लुँमधि (सुनको रोटी) दिने बाचा गरी चित्त बुझाई रातारात नै कालिकालाई शहर भित्र्याउँछन्। त्यसैले यी कालिका भद्रकालीलाई लुँमधि (सुनको रोटी) भनी चामलको चतामरी (रोटी) मा बेसार दली पहेँलो पारी चढाउने चलन अझै पनि चलेको छ।

बागमती पारि पाटनतिरबाट युद्ध गर्न आएकाहरूले कुपण्डोलको हालको कानदेवतास्थान निर नपुग्दै श्री कालिका काठमाडौं शहरभित्र ल्याई पुऱ्याएको खबर पाउँछन्। यो खबर सुन्नासाथ तिनीहरू भागाभाग गर्छन्। युद्ध रोकिन्छ र शान्ति स्थापना हुन्छ। यिनै कालिका टुँडिखेलको किनारामा पर्ने वैष्णवी पीठमा अन्तर्ध्यान भएको हुनाले यस स्थानको नाम भद्रकाली रहन गएको भन्ने किंवदन्ती पाइन्छ।

## २.६.२ लुँमधि भद्रकाली देवघरको वास्तुशैली

**ढोका र झ्यालहरु :** लुँमधि भद्रकाली देवघर पश्चिमाभिमुख रहेको छ। भद्रकाली देवघरको प्रवेशद्वार अगाडि षट्कोण आकारको मण्डल रहेको छ। ढोकाको दायाँबायाँ ठूलाठूला दुईवटा सिंह रहेका छन्। ढोका कलात्मक किसिमको काठबाट निर्मित रहेको छ। ढोकाको दायाँबायाँ पल्लामा माथिल्लो भागमा चन्द्र र सूर्य, बिचमा आँखा र तलपट्टि कलशको आकृति रहेको छ। ढोकाको दुवै छेउमा तीन/तीनवटा खम्बा रहेको छ। ढोकाको दुवै छेउको स्तम्भमा

काठबाट निर्मित सानासाना मानव खप्पर कुँदिएका छन् । बायाँ खम्बामा ५० वटा, दायाँ खम्बामा ५१ वटा र माथि ३० वटा खप्पर कुँदिएको छ। लुँमधि भद्रकाली देवघर चार तहको पेटी माथि बनाइएको छ । ढोकाको दुवै छेउमा रहेका तीनवटा खम्बा कलात्मक किसिमले बनाइएको छ। ढोकाको माथि तोरण अड्याइएको भागमा अगाडि र तलपट्टि फूलको आकृति बनाइएको छ।

ढोकाको दायाँ बायाँ तीन/तीन वटा आँखीझ्यालहरु रहेका छन्। आँखीझ्यालको तल्लो भाग कलात्मक किसिमको रहेको छ । ढोकाको दायाँ बायाँ चारवटा खम्बाहरु रहेका छन् । खम्बाको माथिल्लो भाग कलात्मक बुट्टेदार रहेको छ भने तल्लो भाग साधारण रहेको छ । बुट्टेदार रहेको माथिल्लो भागमा एउटा/एउटा मुखाकृति रहेको छ। आँखीझ्यालको माथिपट्टि बिचको भागमा एउटा दर्पण रहेको छ । दर्पणको दायाँ र बायाँ भागमा आभुषणले सजिएको र सुँडले फूल समातेर बसेको दुईवटा हात्तीको आकृति रहेको छ। दुवै हात्तीको पछाडिपट्टि लहरेफूल रहेका छन् । उक्त स्थान साना साना प्वाल जस्तो आकृतिले कलात्मक बनाइएको छ । प्रत्येक खम्बाको माथिपट्टि दायाँ र बायाँ भागमा विभिन्न अवस्थाका कामुकताका आकृतिहरु गोलो घेरा भित्र बनाइएको छ । उक्त स्थान पुष्पलतालाई कलात्मक तरिकाले चित्रण गरिएको छ । छेउछेउको खम्बाको माथि सिंह र सिंहको माथि गरुढको मुखाकृति बनाइएको छ।

दोस्रो तल्लाको बिच भागमा तोरणसहितको एउटा आँखीझ्याल रहेको छ । आँखीझ्यालको बिचमा षट्कोण बनाइएको छ । षट्कोणको बिचमा खड्ग राखिएको छ । झ्यालको चौकोस निकै कलात्मक बनाइएको छ । तोरण अड्याउनको लागि झ्यालको दुवै छेउमा कलात्मक खम्बा रहेका छन्। खम्बाको बिचमा कलशको आकृति बनाइएको छ। खम्बा अड्याइएको तल्लो भागमा दायाँ र बायाँ दुवैपट्टि प्रत्यालिढासनमा हातले ड्रागन समातेको बिचको भाग दुवै खुट्टाले कुल्चिएको र दायाँ हातको बिचबाट ड्रागनको शिर एउटा देवताको मूर्तिको शिरको सामुन्ने रहेको छ भने दायाँ हात अभय मुद्रामा रहेको छ। उक्त देव मूर्तिमा मुकुट लगाइएको छ । कानमा कुण्डल, घाँटीमा माला र नाडीमा बाला लगाइएको छ भने खुट्टामा पनि कल्ली लगाइएको छ। मूर्तिको तलपट्टि दुवै छेउमा अञ्जली मुद्रामा घुँडा टेकेर दुई/दुईजना भक्तहरु बसेका छन्। आँखीझ्यालको माथिपट्टि सातवटा फणा भएको नागको शिर रहेको छ। सातवटै शिरमा नागमणि समेत बनाइएको छ। शिरको बिच भागमा खड्ग रहेको छ।

दोस्रो तल्लाको षट्कोण सहितको आँखीझ्यालको दायाँ बायाँ दुईवटा *संझ्या* रहेका छन् । झ्याल निकै बुट्टेदार र कलात्मक रहेको छ । झ्यालको तलपट्टि ४२ वटा चराका आकृति बनाइएको छ । यसभन्दा माथि आँखीझ्याल रहेको छ । आँखीझ्यालको बिचमा दुईवटा देवीको मूर्ति रहेको छ । जसमा सिंहमाथि बसेर एउटा हातमा ढाल र अर्को हातले खड्ग समातेर प्रहार गर्न लागेको अवस्थाको मूर्ति रहेको छ ।

**तोरण :** ढोकाको माथि काठको तोरण (चित्र नं. १०) बनाइएको छ । तोरणको बिच भागमा भद्रकालीको मूर्ति रहेको छ । भद्रकालीको साथसाथै तोरणमा गणेश, अष्टमातृका, देवपरी र गोहीको आकृति बनाइएको छ । तोरणमा अर्धचन्द्राकार रुपमा गणेश र अष्टमातृकाको आकृति बनाइएको छ ।

**भद्रकाली :** सातवटा खप्परको माथि दायाँ बायाँ फर्किएका जिब्रो निकालेका दुईवटा वेताललाई प्रलम्बपादासनमा बसेर खुट्टाले टेकेको भद्रकालीको मूर्ति रहेको छ । आठवटा हात सहितको भद्रकालीको मूर्तिमा प्रमुख दुई हात मध्ये दायाँ हातमा कपालपात्र र बायाँ हात अभय मुद्रामा रहेको छ । दायाँ तल्लो हातमा घण्टी, बिचको हातमा डमरु र माथिल्लो हातमा खड्ग समातिएको छ भने बायाँ हातको माथिल्लो हातमा खेटक, बिचको हातमा त्रिशुल र तल्लो हातमा कपाल समातेको नरमुण्ड रहेको छ । भद्रकालीले मुण्ड माला लगाएको बनाइएको छ । शिरमा कलात्मक मुकुट, कानमा कुण्डल, गलामा माला, नाडीमा बाला, खुट्टामा कल्ली रहेको छ । चुच्चो परेको मूर्तिफलकमा भद्रकालीलाई आभुषणले सुशोभित गरिएको छ । भद्रकालीको शिरमा चुच्चो परेको प्रभामण्डल रहेको छ ।

**महालक्ष्मी :** भद्रकालीको दायाँपट्टि महालक्ष्मीको मूर्ति रहेको छ । ज्वालावली सहितको मूर्तिफलकमा महालक्ष्मीलाई एउटा पाउ कमलको फूल र अर्को पाउ सिंहमाथि टेकेको स्थानक मुद्राको मूर्ति बनाइएको छ । महालक्ष्मीको वाहन सिंह बनाइएको छ । महालक्ष्मीका हात चारवटा बनाइएका छन् । हातमा आयुधहरु समेत रहेका छन् । दायाँ माथिल्लो हातले खड्ग र तल्लो हातले पात्र तथा बायाँ माथिल्लो हातमा खेटक र तल्लो हात अभय मुद्रामा रहेका छन् । महालक्ष्मीको शिरमा कलात्मक मुकुट, कानमा पुष्पकुण्डल, पुष्पमाला, गलामा आभुषण, नाडीमा बाला र आभुषणले सुसज्जित पारिएको छ । चुच्चो परेको मूर्तिफलकमा शिरमा प्रभामण्डल पनि चुच्चो रहेको छ ।

**गणेश :** महालक्ष्मीको दायाँ माथिपट्टि ज्वालावली सहितको गोलाकार मूर्तिफलकभित्र कमलको फूलमाथि मुसाको आकृति रहेको छ । मुसा माथि गणेशको आसन मुद्रामा मूर्ति रहेको छ । गणेशका चारवटा हात बनाइएका छन् । माथिल्लो दायाँ हातले परसु र तल्लो हातले लड्डु समातेका छन् भने बायाँ माथिल्लो हातले कमलको फूल र तल्लो हात अभय मुद्रामा रहेका छन् । गणेशको शिरमा कलात्मक मुकुट बनाइएको छ । घाँटीमा पुष्पमाला र हातका नाडीमा बाला लगाइएको छ । गणेशलाई आभुषणले सुशोभित गरिएको छ ।

**ब्रह्मायणी :** गणेशको मूर्ति माथि ब्रह्मायणीको मूर्ति बनाइएको छ । ज्वालावली सहितको गोलाकार मूर्तिफलक भित्र कमलको फूल रहेको छ । कमलको फूल माथि हाँस बनाइएको छ । हाँस माथि ब्रह्मायणीको मूर्ति बनाइएको छ । ब्रह्मायणीको चारवटा हात बनाइएको छ, जसमा आयुधहरु समातिएका छन् । दायाँ माथिल्लो हातमा पुस्तक र तल्लो हातले पात्र समातेको बनाइएको छ भने बायाँ माथिल्लो हातले कमलको फूल र तल्लो हात अभय मुद्रामा रहेको छ । ब्रह्मायणीको शिरमा कलात्मक मुकुट बनाइएको छ । कानमा कुण्डल, घाँटीमा पुष्पमाला, नाडीमा बाला र विविध आभुषणले सुसज्जित गरिएको छ । ब्रह्मायणीको वाहन हाँसको आकृति बनाइएको छ ।

**माहेश्वरी :** ब्रह्मायणीको मूर्तिको माथि माहेश्वरीको मूर्ति बनाइएको छ । ज्वालावली सहितको गोलाकार मूर्तिफलक भित्र कमलको फूल रहेको छ । कमलको फूल माथि नन्दी बसेको बनाइएको छ । नन्दी माथि बसेको माहेश्वरीको मूर्ति बनाइएको छ । माहेश्वरीको चारवटा हात बनाइएको छ, जसमा आयुधहरु समातिएका छन् । दायाँ माथिल्लो हातले डमरु र तल्लो हातले पात्र तथा बायाँ माथिल्लो हातले त्रिशुल र तल्लो हात अभय मुद्रामा रहेको छ । माहेश्वरीको शिरमा कलात्मक मुकुट बनाइएको छ । कानमा कुण्डल, घाँटीमा पुष्पमाला, नाडीमा बाला र विविध आभुषणले सुसज्जित गरिएको छ । माहेश्वरीको वाहन नन्दीको आकृति बनाइएको छ ।

**चामुण्डा :** माहेश्वरीको मूर्तिको बायाँ छेउमा चामुण्डाको मूर्ति बनाइएको छ । ज्वालावली सहितको गोलाकार मूर्तिफलकको तलपट्टि कमलको फूल रहेको छ । कमलको फूलमाथि शवलाई सुताइएको छ । शवमाथि चामुण्डाको बसेको मूर्ति रहेको छ । चामुण्डाको चारवटा हात बनाइएको छ, जसमा दायाँ माथिल्लो हातले खड्ग र तल्लो हातमा पात्र एवं बायाँ माथिल्लो हातले ढाल र तल्लो हात अभय मुद्रमा रहेको छ । चामुण्डाको मुखाकृति

डरलाग्दो बनाइएको छ। आँखा पनि ठूलाठूला रहेका छन्। चामुण्डाको शिरमा मुकुट लगाइएको छ। कानमा कुण्डल, घाँटीमा पुष्पमाला, नाडीमा बाला र आभुषणले सुसज्जित गरिएको छ।

**वैष्णवी :** चामुण्डाको मूर्तिको बायाँ छेउमा वैष्णवीको मूर्ति बनाइएको छ। ज्वालावली सहितको गोलाकार मूर्तिफलकको तलपट्टि कमलको फूल रहेको छ। कमलको फूल माथि गरुढको आकृति बनाइएको छ। गरुढमाथि वैष्णवीको मूर्ति रहेको छ। वैष्णवीको चारवटा हात देखाइएको छ, जसमा दायाँ माथिल्लो हातले चक्र र तल्लो हातले पात्र समातेको छ भने बायाँ माथिल्लो हात कमलको फूल र तल्लो हात अभय मुद्रामा रहेको छ। वैष्णवीको शिरमा मुकुट लगाइएको छ। कानमा कुण्डल, घाँटीमा पुष्पमाला, नाडीमा बाला र विविध आभुषणले सुसज्जित गरिएको छ। वैष्णवीको वाहन गरुढ देखाइएको छ।

**बाराही :** वैष्णवीको मूर्तिको बायाँ तलपट्टि बाराहीको मूर्ति बनाइएको छ। ज्वालावली सहितको गोलाकार मूर्तिफलकको तलपट्टि कमलको फूल रहेको छ। कमलको फूल माथि भैँसीको आकृति बनाइएको छ। भैँसी माथि बसेकी बाराहीको मूर्ति रहेको छ। बाराहीको चारवटा हात रहेको छ, जसमा दायाँ माथिल्लो हातले अंकुश र तल्लो हातमा पात्र तथा बायाँ माथिल्लो हातमा पाश र तल्लो हात अभय मुद्रामा रहेको छ। बाराहीको मुखाकृति बराहको मुख जस्तो देखाइएको छ। बाराहीको शिरमा मुकुट लगाइएको छ। कानमा कुण्डल, घाँटीमा पुष्पमाला, नाडीमा बाला र विविध आभुषणले सुशोभित गरिएको छ। बाराहीको वाहनको रुपमा भैँसीको आकृति रहेको छ।

**इन्द्रायणी :** बाराहीको मूर्तिको तलपट्टि इन्द्रायणीको मूर्ति रहेको छ। ज्वालावली सहितको गोलाकार मूर्तिफलकको तलपट्टि कमलको फूल रहेको छ। कमलको फूलमाथि ऐरावत हात्ती बसेको छ। ऐरावत हात्ती माथि इन्द्रायणीको बसेको मूर्ति रहेको छ। इन्द्रायणीको चारवटा हात रहेको छ, जसमा दायाँ माथिल्लो हातले बज्र र तल्लो हातमा पात्र छ भने बायाँ माथिल्लो हातमा रुद्राक्षमाला र तल्लो हात अभय मुद्रामा रहेको छ। इन्द्रायणीको शिरमा कलात्मक मुकुट लगाइएको छ। कानमा कुण्डल, घाँटीमा पुष्पमाला, नाडीमा बाला र विविध आभुषणहरुले सुसज्जित गरिएको छ। इन्द्रायणीको बाहन ऐरावत हात्ती रहेको छ।

**कौमारी :** भद्रकालीको बायाँ तर्फ ज्वालावली सहित चुच्चो परेको मूर्तिफलकमा कौमारीको मूर्ति रहेको छ। कौमारीको बायाँ पाउ मयूरमाथि र दायाँ पाउ कमलको फूलमाथि टेकेर उभिएको अवस्थाको मूर्ति रहेको छ। चुच्चो परेको प्रभामण्डल समेत रहेको छ।

कौमारीको चारवटा हात रहेका छन्, जसमा दायाँ माथिल्लो हातले अङ्कुश र तल्लो हातमा पात्र छ भने बायाँ माथिल्लो हातमा पाश र तल्लो हात अभय मुद्रामा रहेको छ । कौमारीको शिरमा कलात्मक मुकुट लगाइएको छ । कानमा कुण्डल, घाँटीमा पुष्पमाला, नाडीमा बाला र विविध आभुषणले सुशोभित गरिएको छ । कौमारीको वाहन मयूरको आकृति पनि रहेको छ ।

भद्रकालीको मूर्तिको ठीक माथिपट्टि दुईजना परी हातमा पुष्पमाला लिएर उडिरहेको जस्तो आकृति बनाइएको छ । तोरणको तल्लो दुई छेउमा दुईवटा गोहीको आकृति बनाइएको छ । तोरणको माथिल्लो भागमा त्रिशुल बनाइएको छ । त्रिशुल माथि छत्र बनाइएको छ ।

दोस्रो तल्लाको बिच भागमा तोरणसहितको एउटा आँखीझ्याल रहेको छ । झ्यालको माथि एउटा तोरण रहेको छ । तोरणको बिचमा प्रलम्बपादासनमा भद्रकालीको मूर्ति रहेको छ । मूल ढोकाको तोरणमा भएको भद्रकालीलाई जसरी देखाइएको छ, यसमा पनि त्यस्तै तरिकाले देखाइएको छ ।

भद्रकालीको मूर्तिको माथि उडिरहेको अवस्था देखिने गरुढको मूर्ति रहेको छ । गरुढको पखेटा फिजारिएको छ । फिजारिएको पखेटामा गरुढको दुईवटा हात देखाइएको छ । गरुढको खुट्टाले दुईवटा मानवाकृतिको नागको खुट्टा समातेको छ । नागको शिर र स्वरुप समेत बनाइएको छ । भद्रकालीको शिरको दायाँ बायाँ दुईजना देवपरी हातमा पुष्पमाला लिएर बसेको देखाइएको छ । तोरणको तलपट्टि दुवै छेउमा गोहीको आकृति रहेको छ । तोरणलाई निकै कलात्मक बनाइएको छ । तोरणलाई पुष्पलताले आकर्षण बनाइएको छ । तोरणको माथिल्लो भागमा छत्र बनाइएको छ ।

भद्रकालीको दायाँपट्टि महालक्ष्मीको मूर्ति रहेको छ । मूल ढोकाको तोरणमा भएको महालक्ष्मीलाई जसरी देखाइएको छ, यसमा पनि त्यस्तै तरिकाले देखाइएको छ । भद्रकालीको बायाँ तर्फ कौमारीको मूर्ति रहेको छ । मूल ढोकाको तोरणमा भएको कौमारीलाई जसरी देखाइएको छ, यसमा पनि त्यस्तै तरिकाले देखाइएको छ ।

**टुँडाल :** छानो अड्याउनको लागि पूर्व र पश्चिम मा १२/१२ वटा टुँडाल रहेका छन् भने उत्तर र दक्षिणमा ६/६ वटा टुँडाल रहेका छन् । मन्दिरको चारैवटा कोणमा एउटा/एउटा टुँडाल रहेको छ । मन्दिरको अगाडि पट्टिको टुँडालहरुमा मन्दिरको दायाँ देखि बायाँ तिर क्रमशः उल्लेख गरिएको छ ।

**चामुण्डा :** दोहोरो कमलको फूलमाथि शव रहेको छ । शवमाथि चामुण्डाको स्थानक मुद्राको मूर्ति रहेको छ । चामुण्डाको मुखाकृति कुरुप देखाइएको छ । चामुण्डाको चारवटा हात रहेका छन् । दायाँ माथिको हातमा त्रिशुल र तल्लो हात अभय मुद्रामा छ भने बायाँ माथिल्लो हातमा परसु र तल्लो हातमा पात्र रहेको छ । चामुण्डाको शिरमा मुकुट रहेको छ । कानमा कुण्डल, घाँटीमा माला, पाखुरामा केयुर, नाडीमा बाला, खुट्टामा कल्ली लगाइएको छ । आभुषणहरुले सुसज्जित पारिएको छ ।

**गणेश :** चामुण्डाको टुँडालको बायाँपट्टि दोहोरो कमलको फूलमाथि मूसा रहेको छ । मुसा माथि गणेशको स्थानक मुद्रामा मूर्ति रहेको छ । एउटा खुट्टाले मुसामा टेकेको र अर्को खुट्टा बङ्ग्याएर बायाँ खुट्टाको घुँडामा टेकाइएको छ । गणेशका चारवटा हात रहेका छन् । दायाँ माथिको हातमा रुद्राक्षको माला र तल्लो हात अभय मुद्रामा छ भने बायाँ माथिको हातमा परसु र तल्लो हातमा लड्डु रहेको छ । गणेशको शिरमा मुकुट लगाइएको छ । घाँटीमा माला, नाडीमा बाला र खुट्टामा कल्ली लगाइएको छ । घुँडा सम्म आउने पुष्पमाला लगाएको देखाइएको छ । आभुषणले सुशोभित पारिएको छ ।

**वैष्णवी :** गणेशको मूर्ति रहेको टुँडालको बायाँपट्टि *संभ्या* मा दुईवटा टुँडालमा माथि फर्किएको कमलको फूलमा गरुढ बसेको आकृति रहेको छ । गरुढको माथि स्थानक मुद्रामा वैष्णवीलाई देखाइएको छ । वैष्णवीको चारवटा हात रहेका छन् । दायाँ माथिको हातमा चक्र, तल्लो हातमा पद्मबीज छ भने बायाँ माथिल्लो हातमा शङ्ख र तल्लो हातमा गदा समातेको आयुधहरु रहेका छन् । शिरमा मुकुट, कानमा कुण्डल, घाँटीमा माला, घुँडाभन्दा तलसम्म आउने आभुषण युक्त माला, नाडीमा बाला, खुट्टामा कल्ली र अत्यधिक मात्रामा आभुषण लगाइएको छ । गरुढको पनि शिरमा मुकुट, कानमा कुण्डल, घाँटीमा माला र नाडीमा बाला लगाएको देखाइएको छ ।

**महालक्ष्मी :** वैष्णवीको मूर्ति रहेको टुँडालको बायाँपट्टि दोहोरो कमलको फूलमाथि सिंहको मूर्ति रहेको छ । सिंहको मूर्ति माथि महालक्ष्मीलाई स्थानक मुद्रामा देखाइएको छ । महालक्ष्मीको चारवटा हात रहेका छन् । दायाँ माथिको हातले खड्ग र तल्लो हातमा पात्र छ भने बायाँ माथिल्लो हातले ढाल र तल्लो हात अभय मुद्रामा रहेको छ । शिरमा कलात्मक मुकुट, कानमा कुण्डल, घाँटीमा माला, नाडीमा बाला र खुट्टामा कल्ली लगाइएको छ । आभुषणले सुशोभित पारिएको छ ।

**कौमारी :** महालक्ष्मीको बायाँ भागमा दोहोरो कमलको फूलमाथि मयूरको आकृति बनाइएको छ। मयूर माथि स्थानक मुद्रामा कौमारीको मूर्ति रहेको छ। कौमारीको चारवटा हात रहेका छन् । दायाँ माथिको हातमा पाश र तल्लो हातमा पात्र रहेको छ भने बायाँ माथिको हातमा दण्ड र तल्लो हात अभय मुद्रामा रहेको छ। शिरमा कलात्मक मुकुट, कानमा कुण्डल, घाँटीमा माला, नाडीमा बाला, घुँडा सम्म आउने माला र खुट्टामा कल्ली लगाइएको छ। कौमारीलाई आभुषणले सुशोभित पारिएको छ।

**माहेश्वरी :** कौमारीको बायाँ पट्टिको टुँडालमा दोहोरो कमलको फूलमाथि नन्दीको बसेको आकृति रहेको छ । नन्दी माथि स्थानक मुद्रामा माहेश्वरीलाई देखाइएको छ । माहेश्वरीको चारवटा हात रहेका छन् । दायाँ माथिल्लो हातमा डमरु र तल्लो हातमा पात्र छ भने बायाँ माथिल्लो हातमा त्रिशुल र तल्लो हात अभय मुद्रामा रहेको छ। शिरमा कलात्मक मुकुट, कानमा कुण्डल, घाँटीमा माला, घुँडासम्म आउने पुष्पमाला, नाडीमा बाला र खुट्टामा कल्ली लगाइएको छ। आभुषणले सुसज्जित गरिएको छ।

**ब्रह्मायणी :** माहेश्वरीको बायाँ पट्टि टुँडालमा दोहोरो कमलको फूलमाथि हाँसको आकृति रहेको छ। हाँसमाथि स्थानक मुद्रामा ब्रह्मायणीलाई देखाइएको छ। ब्रह्मायणीको चारवटा हात रहेका छन् । दायाँ माथिको हातमा रुद्राक्षमाला र तल्लो हातमा पात्र छ भने बायाँ माथिको हातमा पुस्तक र तल्लो हात अभय मुद्रामा देखाइएको छ। शिरमा कलात्मक मुकुट, कानमा कुण्डल, घाँटीमा माला, घुँडासम्म आउने पुष्पमाला, नाडीमा बाला, खुट्टामा कल्ली रहेको छ। आभुषणले सुशोभित पारिएको छ।

ब्रह्मायणीको टुँडालको बायाँपट्टि *संभ्या* रहेको छ। *संभ्या*मा पनि माथि उल्लेखित *संभ्या*को जस्तै मूर्ति, आयुध र वाहन रहेका छन् । *संभ्या* को बायाँपट्टिको टुँडालमा दोहोरो कमलको फूलमाथि शवको आकृति रहेको छ।

**चामुण्डा :** शवको माथि स्थानक मुद्रामा चामुण्डालाई देखाइएको छ । चामुण्डाको चारवटा हात रहेका छन् । दायाँ माथिको हातमा खड्ग र तल्लो हातमा पात्र रहेको छ भने बायाँ माथिल्लो हातमा ढाल र तल्लो हात अभय मुद्रामा रहेको छ। मुखाकृति कुरुप खालको पारिएको छ। शिरमा कलात्मक मुकुट रहेको छ। कानमा कुण्डल, घाँटीमा माला, घुँडासम्म आउने मुण्डमाला, पाखुरामा केयुर, नाडीमा बाला र खुट्टामा कल्ली लगाएको देखाइएको छ।

**बाराही :** चामुण्डाको बायाँपट्टिको टुँडालमा दोहोरो कमलको फूल माथि भैँसीको आकृति रहेको छ । भैँसीको माथि स्थानक मुद्रामा बाराहीको मूर्ति रहेको छ । बाराहीको चारवटा हात रहेका छन् । दायाँ माथिको हातमा पुस्तक र तल्लो हातमा पात्र र बायाँ माथिको हातमा कमलको फूल र तल्लो हात अभय मुद्रामा रहेको छ । शिरमा कलात्मक मुकुट, कानमा कुण्डल, घाँटीमा माला, घुँडासम्म आउने पुष्पमाला, नाडीमा बाला र खुट्टामा कल्ली लगाइएको देखाइएको छ । आभुषणले सुसज्जित पारिएको छ ।

मन्दिरको दक्षिण तिरको टुँडालहरु ६ वटा रहेका छन् । दायाँबाट बायाँ तर्फ क्रमशः कौमारी, बाराही, *संभ्या* मा वैष्णवी, सिंहिनी र व्याघ्रिनीको रहेका छन् ।

**कौमारी :** दोहोरो कमलको फूलमाथि मयूरको आकृति रहेको छ । मयूरमाथि स्थानक मुद्रामा कौमारीको मूर्ति रहेको छ । कौमारीको चार वटा हात रहेका छन् । दायाँ माथिल्लो हातमा पाश, तल्लो हातमा पात्र र बायाँ माथिल्लो हातमा दण्ड र तल्लो हात अभय मुद्रामा रहेको छ । शिरमा मुकुट रहेको छ । कानमा कुण्डल, घाँटीमा माला, घुँडासम्म आउने आभुषण माला, पाखुरामा केयुर, नाडीमा बाला, खुट्टामा कल्ली लगाएको देखाइएको छ । आभुषणले सुसज्जित पारिएको छ ।

कौमारीको टुँडालको बायाँ पट्टि बाराहीको मूर्ति रहेको टुँडाल रहेको छ । आसन, वाहन, हातका आयुधहरु माथि बाराहीको टुँडालमा उल्लेखित जस्तै रहेका छन् । *संभ्या* मा रहेका दुईवटा टुँडालमा पनि आसन, वाहन, हातका आयुधहरु माथि वैष्णवीको टुँडालमा उल्लेखित जस्तै रहेका छन् ।

**सिंहिनी :** *संभ्या* को बायाँपट्टि रहेको टुँडालमा दोहोरो कमलको फूलमाथि वेताल रहेको छ । वेताल माथि सिंहिनीको स्थानक मुद्राको मूर्ति रहेको छ । सिंहिनीको चारवटा हात रहेको छ । दायाँ माथिको हातमा खड्ग र तल्लो हातमा पात्र तथा बायाँ माथिको हातमा ढाल र तल्लो हात अभय मुद्रामा रहेको छ । शिरमा मुकुट, घाँटीमा माला, कानमा कुण्डल, नाडीमा बाला, खुट्टामा कल्ली लगाएको देखाइएको छ । मुण्ड माला घुँडा सम्म आउने गरी लगाइएको छ ।

**व्याघ्रिनी :** बायाँतिर अर्को टुँडालमा दोहोरो कमलको फूलमाथि वेताल रहेको छ । वेतालमाथि बाघको मुखाकृति भएको व्याघ्रिनी देवीको मूर्ति रहेको छ । मूर्तिको चारवटा हात रहेको छ । दायाँ माथिल्लो हातमा डमरु र तल्लो हात अभय मुद्रामा र बायाँ माथिल्लो हातमा

त्रिशुल र तल्लो हातमा पात्र समातेको आयुधहरु रहेका छन् । शिरमा मुकुट लगाइएको छ । कानमा कुण्डल, घाँटीमा माला, नाडीमा बाला, खुट्टामा कल्ली र घुँडासम्म आउने पुष्पमाला लगाइएको छ ।

यसैगरी, पूर्वपट्टि १२ वटा टुँडालहरुमा पनि पश्चिमको टुँडालको जस्तै मातृकाहरुको मूर्ति रहेका छन् । पूर्वतिरको भागमा माथि एउटा सानो किसिमको आँखीभ्याल रहेको छ । पूर्वतिरको भागको उत्तरतिरको छेउमा एउटा कलात्मक किसिमको ढोका रहेको छ । उत्तरका ६ वटा टुँडालहरुमा पनि दक्षिणमा रहेका टुँडालहरुको जस्तै मातृकाहरुको मूर्ति रहेको छ । भद्रकाली देवघरको छानो झिंगटीले छाएको छ । छाना माथि धातुको एउटा गजुर रहेको छ । गजुरबाट सुनौलो रङको धातुको एउटा पताका झुण्ड्याएको छ ।

मन्दिर प्रवेशद्वारको भित्रपट्टि अर्को एउटा काठको ढोका (चित्र नं. ११) रहेको छ । ढोकाको अगाडि दुईवटा सिंहको मूर्ति रहेको छ । ढोकाको दायाँ बायाँ चौकोसको भागमा तीन/तीनवटा मुर्ति कुँदिएको छ । ढोकाको दुवै छेउमा तीन/तीन वटा खम्बा रहेका छन् । बिचको दुबै खम्बामा ४०/४० वटा खप्परको आकृति र माथि तेर्सो परेको भागमा २८ वटा खप्पर आकृति रहेको छ । दुवै तिरको खम्बामा कलशको आकृति बनाइएको छ । ढोकाको माथिपट्टि दुवै छेउमा दुईवटा ड्रागनको आकृति रहेको छ । ढोका निकै कलात्मक किसिमले बनाइएको छ ।

ढोकाको माथि काठको एउटा तोरण रहेको छ । तोरणमा मूल प्रवेशद्वारमा भएको जस्तै प्रतिमा एवं आकृतिहरु एकै किसिमका रहेका छन् । ढोकाको भित्र भित्तामा शक्तिको प्रतिकको रुपमा एउटा खड्ग राखिएको छ ।

नेपालमा मातृकाहरुको मन्दिरमा विशेषगरी तोरण र टुँडालमा अष्टमातृका सँग सम्बन्धित मातृकाहरु र अष्टभैरवहरुको प्रतिमा राख्ने चलन भएको हुँदा त्यही अनुसार यस भद्रकाली देवघरको तोरण र टुँडालमा अष्टमातृकाको प्रतिमा बनाएर राखिएको छ ।

### २.६.३ भद्रकालीको प्रतिमालक्षण

भद्रकालीलाई कालीको सौम्यरुपवाली देवी मानिन्छ । हिन्दू पुराणहरुमा भद्रकालीलाई १६ वटा हात भएको दुर्गा देवीको एउटा रुप मानिएको छ । यिनको पूजाआजा फलफूल, दूध र पृथ्वीमा उत्पादन हुने वस्तुले गर्नुपर्ने विधान पाइन्छ (खतिवडा र ढकाल, २०८२, पृ. ५४४)।

माथिल्लो तल्लामा भद्रकाली देवीको मन्दिर (चित्र नं. १३) रहेको छ। मन्दिरको ढोका निकै कलात्मक रहेको छ। ढोकाको दायाँ बायाँ पल्लामा चन्द्र, सूर्य, आँखा, मयूर र कलशको आकृति रहेको छ। ढोकाको माथि काठको पुरानो तोरण (चित्र नं. १४) रहेको छ। तोरणमा मूल प्रवेशद्वारको जस्तै एउटै किसिमको आकृति रहेको छ। ढोकाको भित्र सुनौलो रङको धातुबाट निर्मित देवीहरु राखिएको कोठा रहेको छ। देवीहरु राखिएको स्थानमा सुनौलो रङको धातुको निकै आकर्षक देखिने तोरण रहेको छ। तोरणको माथिल्लो भागमा छत्र रहेको छ। तोरणको भित्रि भागमा जोडिएर बनेको चाँदीद्वारा निर्मित नौवटा नागको फणा भएको नागको आकृति रहेको छ। तोरण भित्र पाँचवटा कालीको स्वरुप रहेको छ। पाँचवटा कालीको मूर्तिको पछाडि चाँदीको पाँचवटा खड्ग रहेको छ।

**भद्रकाली :** भद्रकालीको धातुको मूर्ति बिचमा रहेको छ। भद्रकालीलाई कंकाल स्वरुपमा देखाइएको छ। प्रलम्बपादासनमा दुईवटा वेताललाई कुल्चिएको अवस्थामा देखाइएको छ। भद्रकालीको आठवटा हात रहेको छ। प्रमुख दुई हात मध्ये दायाँ हातमा कपालपात्र र बायाँ हात अभय मुद्रामा रहेको छ। दायाँ अन्य हातहरुमा तलदेखि माथितिर क्रमशः घण्ट, डमरु र खड्ग रहेको छ भने बायाँ अन्य हातहरुमा तलदेखि माथितिर क्रमशः ढाल, त्रिशुल र कपाल समातिएको नरमुण्ड रहेको छ। भद्रकालीलाई धातुको मूर्तिफलकमा बनाइएको छ। भद्रकालीको शिरमा कलात्मक मुकुट, कानमा कुण्डल, नाडीमा बाला र खुट्टामा कल्ली लगाएको देखाइएको छ। भद्रकालीलाई बाहिरबाट चाँदीको अर्को कलात्मक मुकुट लगाइएको छ भने अर्धचन्द्राकारको चाँदीको पाताको माला लगाइएको छ। उक्त पातामा दुवै छेउमा स्वस्तिकको चिह्न बनाइएको छ भने भद्रकाली भनेर लेखिएको छ। भद्रकालीलाई धातुको कमलको फूलमाथि रहेका वेताललाई कुल्चिएको अवस्थामा देखाइएको छ।

भद्रकालीको मूर्तिको अगाडि प्रस्तरको मण्डल रहेको छ। मूर्तिफलकको वरिपरि खप्परले सुसज्जित पारिएको छ। भद्रकालीको दुवै छेउमा तलपट्टि अञ्जली मुद्रामा बसेका दुईवटा भक्तहरुको मूर्ति रहेको छ। भद्रकालीको माथितिर धातुबाट निर्मित तोरण रहेको छ। डरलाग्दो किसिमको छेपुको आकृति रहेको छ। छेपुको दुवै हातले नागलाई समातेको छ। नागको ढडलाई छेपुले टोकेको देखाइएको छ। तोरणको तल्लो भाग दुवै पट्टि घुमेको तीन/तीनवटा पुष्प र पुष्पलता रहेको छ। तोरणको दुवै छेउमा गोहीको आकृति रहेको छ। छेपुको शिरको माथि छत्र बनाइएको छ। छत्रको माथि भित्तामा बाहिर सम्म देखिने सानो एउटा प्वाल रहेको छ। उक्त प्वाल रहेको ठाउँलाई कलात्मक बनाइएको छ।

**चामुण्डा :** भद्रकालीको मूर्तिको दायाँतिर धातुबाट निर्मित चामुण्डाको मूर्ति रहेको छ । चोसो परेको मूर्तिफलकमा चामुण्डाको मूर्ति बनाइएको छ । चामुण्डालाई कंकाल स्वरुपमा बनाइएको छ । धातुको कमलको बुट्टा तल फर्किएको र माथिल्लो भागमा खप्परको आकृति भएको पातामा शव माथि प्रलम्बपादासनमा खुट्टाले कुल्चिएको चामुण्डाको मूर्ति रहेको छ । चामुण्डाको आठवटा हात देखाइएको छ । प्रमुख दुई हात मध्ये दायाँ हातले कपालपात्र र बायाँ हात अभय मुद्रामा रहेको छ । दायाँ अन्य हातहरुमा तलदेखि माथितिर क्रमशः घण्ट, डमरु र खड्ग रहेको छ भने बायाँ हातहरुमा माथिदेखि तल क्रमशः ढाल, त्रिशुल र कपाल समातिएको नरमुण्ड रहेको छ। चामुण्डाको मूर्तिफलकको वरिपरि किनारामा खप्परको बुट्टाको आकृति रहेको छ । शिरमा मुकुट, कानमा कुण्डल, घाँटीमा माला, हातमा बाला, खुट्टामा कल्ली रहेको छ । चामुण्डालाई बाहिरबाट कलात्मक चाँदीको अर्को मुकुट लगाइएको छ भने अर्धचन्द्राकार चाँदीको पाताको माला लगाइएको छ । उक्त पातामा दुवै छेउमा स्वस्तिकको चिह्न बनाइएको छ भने चामुण्डा भनेर लेखिएको छ । चामुण्डाको मूर्तिको अगाडि प्रस्तरको मण्डल बनाइएको छ ।

**श्वेतकाली :** चामुण्डाको मुर्तिको दायाँ तिर धातुबाट निर्मित श्वेतकालीको मूर्ति रहेको छ । चोसो परेको मूर्तिफलकमा श्वेतकालीको मूर्ति बनाइएको छ । धातुको कमलको बुट्टा भएको पातामा शवमाथि प्रलम्बपादासनमा खुट्टाले कुल्चिएको श्वेतकालीको मूर्ति रहेको छ। श्वेतकालीको आठ वटा हात देखाइएको छ । प्रमुख दुई हातमध्ये दायाँ हातले कपालपात्र र बायाँ हात अभय मुद्रामा रहेको छ । दायाँ अन्य हातहरुमा तलदेखि माथितिर क्रमशः घण्टी, डमरु र खड्ग रहेको छ भने बायाँ हातहरुमा माथिदेखि तल क्रमशः ढाल, त्रिशुल र कपाल समातिएको नरमुण्ड रहेको छ। श्वेतकालीको मूर्तिफलकको वरिपरि किनारामा खप्परको बुट्टा भएको आकृति रहेको छ । शिरमा मुकुट, कानमा कुण्डल, घाँटीमा माला, हातमा बाला, खुट्टामा कल्ली रहेको छ । श्वेतकालीलाई बाहिरबाट कलात्मक चाँदीको अर्को मुकुट लगाइएको छ भने अर्धचन्द्राकार चाँदीको पाताको माला लगाइएको छ । उक्त पातामा दुवै छेउमा स्वस्तिकको चिह्न रहेको छ भने श्वेतकाली भनेर लेखिएको छ। श्वेतकालीको मूर्तिको अगाडि प्रस्तरको मण्डल बनाइएको छ ।

**रक्तकाली :** भद्रकालीको मूर्तिको बायाँतिर धातुबाट निर्मित रक्तकालीको मूर्ति रहेको छ । चोसो परेको मूर्तिफलकमा रक्तकालीको मूर्ति बनाइएको छ । रक्तकालीलाई कंकाल स्वरुपमा बनाइएको छ। धातुको कमलको बुट्टा तल फर्किएको र माथिल्लो भागमा खप्परको

आकृति भएको पातामा शव माथि प्रलम्बपादासानमा खुट्टाले कुल्चिएको रक्तकालीको मूर्ति रहेको छ । रक्तकालीको आठवटा हात देखाइएको छ । प्रमुख दुई हातमध्ये दायाँ हातले कपालपात्र र बायाँ हात वरद मुद्रामा रहेको छ । दायाँ अन्य हातहरुमा तलदेखि माथितिर क्रमशः घण्टी, डमरु र खड्ग रहेको छ भने बायाँ अन्य हातहरुमा माथिदेखि तलसम्म क्रमशः ढाल, त्रिशुल र कपाल समातिएको नरमुण्ड रहेको छ । रक्तकालीको मूर्तिफलकको वरिपरि किनारामा खप्परको बुट्टाको आकृति रहेको छ । शिरमा मुकुट, कानमा कुण्डल, घाँटीमा माला, नाडीमा बाला, खुट्टामा कल्ली रहेको छ। रक्तकालीलाई बाहिरबाट कलात्मक चाँदीको अर्को मुकुट लगाइएको छ भने अर्धचन्द्राकार चाँदीको पाताको माला लगाइएको छ । उक्त पातामा दुवै छेउमा स्वस्तिकको चिह्न बनाइएको छ भने रक्तकाली भनेर लेखिएको छ । चाँदीको मुकुटमा तीनवटा रक्त रङको मणि राखिएको छ । रक्तकालीको मूर्तिको अगाडि प्रस्तरको मण्डल बनाइएको छ ।

**दक्षिणकाली :** रक्तकालीको मूर्तिको बायाँतिर धातुबाट निर्मित दक्षिणकालीको मूर्ति रहेको छ। चोसो परेको मूर्तिफलकमा दक्षिणकालीको मूर्ति रहेको छ। दक्षिणकालीलाई कंकाल स्वरुपमा बनाइएको छ । धातुको पातामा शवमाथि प्रलम्बपादासनमा खुट्टाले कुल्चिएको दक्षिणकालीको मूर्ति रहेको छ । दक्षिणकालीको आठवटा हात देखाइएको छ । प्रमुख दुई हातमध्ये दायाँ हातले कपालपात्र र बायाँ हात अभय मुद्रामा रहेको छ। दायाँ अन्य हातहरुमा तलदेखि माथि क्रमशः घण्टी, डमरु र खड्ग रहेको छ भने बायाँ हातहरुमा माथि देखि तल क्रमशः ढाल, त्रिशुल र कपाल समातिएको नरमुण्ड रहेको छ। शिरमा मुकुट, कानमा कुण्डल, घाँटीमा माला, नाडीमा बाला र खुट्टामा कल्ली रहेको छ । दक्षिणकालीलाई बाहिरबाट कलात्मक चाँदीको अर्को मुकुट लगाइएको छ भने अर्धचन्द्राकार चाँदीको पाताको माला लगाइएको छ। उक्त पातामा दुवै छेउमा स्वस्तिकको चिह्न रहेको छ भने दक्षिणकाली भनेर लेखिएको छ। दक्षिणकालीको मूर्तिको अगाडि प्रस्तरको मण्डल बनाइएको छ।

मन्दिरको दायाँ बायाँ भागमा आँखीझ्याल रहेका छन् । मूर्ति राखिएको फलकको अगाडिपट्टि चामुण्डा र रक्तकालीको अगाडि तलपट्टि दुईवटा सिंहको मुखाकृति भएको धातुको मूर्ति राखिएको छ। उक्त मूर्तिको अगाडि प्रस्तरको मण्डल रहेको छ। दुईवटा सिंहको मूर्ति अगाडि भद्रकालीको मूर्ति रहेको रेखाको ठीक अगाडि धातुको एउटा मण्डल रहेको छ।

पाँचवटा कालीको मूर्तिको दायाँ पट्टिको छेउमा क्रमशः कुमार, गणेशको पूर्ण मूर्ति, माहेश्वरी, इन्द्रायणी, ब्रह्मायणी र बायाँ भागतिर क्रमशः कौमारी, भैरव, वैष्णवी र बाराहीको शिरको भागको धातु मूर्ति रहेको छ । प्रत्येक मूर्तिको अगाडि प्रस्तरको मण्डल रहेको छ । भित्रपट्टिको मन्दिरको माथि तीनवटा मण्डल रहेको छ । बिचको मण्डलमा धातुको भद्रकालीको मूर्ति रहेको छ । भित्रि मन्दिरको छानोबाट तल झारिएको पाँचवटा चाँदीको पताका राखिएको छ । चाँदीको पातामा बायाँबाट दायाँ तिर क्रमशः बुट्टेदार अर्धचन्द्राकार भएको भद्रकाली, मण्डल, भद्रकाली, मण्डल र भद्रकालीको आकृति कुँदिएको छ । भित्रि मन्दिरको छानो धातुबाट बनाइएको छ ।

मन्दिरको अगाडिको तल्लो भागमा प्रस्तरबाट निर्मित बिचमा दायाँबायाँ फर्किएको हात्तीको मूर्ति रहेको छ भने दुवै छेउमा सिंहको मूर्ति राखिएको छ । उक्त स्थानमा कालो रङ लगाइएको छ । मन्दिरको अगाडिपट्टि काठको बार लगाइएको छ । मन्दिरको दायाँ बाहिरी भागमा अस्थिपञ्जर र बायाँ भागमा *ख्याक*को चित्र राखिएको छ । *ख्याक*को चित्रको तलपट्टि प्रस्तरबाट बनेको एउटा सन्दुक रहेको छ । त्यसको छेउमा धातुबाट बनेको सानो भाँडो रहेको छ । उक्त सन्दुक र भाँडोमा पूजा गर्ने गर्दछन् । तर त्यहाँभित्र के राखिएको छ भन्ने कुरा जानकारी हुन सकेन । ढोकाको दायाँ बायाँ दुई/दुईवटा आँखीझ्याल रहेको छ । मन्दिरभित्र प्रवेश गर्नको लागि बाहिर खुल्ला भाग रहेको छ ।

## २.७ राजकीर्ति महाविहार परिसरमा रहेका चैत्यहरु

सङ्कटा मन्दिरको अगाडि उत्तर पूर्वमा एउटा चैत्य रहेको छ । प्रस्तरबाट निर्मित चैत्यको आधारभाग चतुष्कोणात्मक रहेको छ । दोहोरो कमलको फूलमाथि पञ्चध्यानी बुद्धको मूर्ति रहेको छ । पूर्वमा भूस्पर्श मुद्रामा अक्षोभ्य, दक्षिणमा वरद मुद्रामा रत्नसम्भव, पश्चिममा ध्यान मुद्रामा अमिताभ र उत्तरमा अभय मुद्रामा अमोघसिद्धि बुद्धको मूर्ति रहेको छ । त्यसमाथि पुनः दोहोरो कमलको फूल सहितको चैत्य बनाइएको छ । डोमको चारैतिर बुद्धको मूर्ति बनाइएको छ । हर्मिका, त्रयोदश भुवन आदि सहितको चैत्य रहेको छ ।

भद्रकाली मन्दिरको दक्षिणपट्टि दुई वटा लिच्छविकालीन चैत्य रहेको छ । लिच्छविकालीन चैत्यको पूर्वतिर अर्को एउटा चैत्य रहेको छ । चैत्यमा पञ्चध्यानी बुद्ध रहेका छन् । उक्त चैत्यको पूर्वपट्टि एउटा इनार रहेको छ ।

भद्रकाली मन्दिरको पछाडि पट्टि एउटा ठूलो सेतो चैत्य (चित्र नं. ६) रहेको छ । चैत्यको चारै दिशामा लिच्छविकालीन चैत्य (चित्र नं. ७) राखिएका छन् । चैत्यको उत्तरपट्टि नेपाल हृदयरोग निवारण प्रतिष्ठान रहेको छ। उक्त चैत्य र प्रतिष्ठानको बिचको खाली ठाउँमा फलामको तारबार गरिएको छ। त्यसभित्र एउटा इनार रहेको छ। इनारको उत्तरपट्टि एउटा चैत्य रहेको छ।

राजकीर्ति महाविहारको अगाडिपट्टि तीन वटा चैत्यहरु रहेका छन् । विहारको अगाडिपट्टि दायाँ तिर काभ्रेपलाञ्चोक स्थित नमोबुद्ध चैत्यको प्रतीक स्वरुप एउटा चैत्य बनाइएको छ (बज्राचार्य, २०५८, पृ. १०)। उक्त चैत्यको पूर्वतिरको भागमा तलपट्टि खोपामा धर्मचक्र प्रवर्तन मुद्रामा बुद्धको मूर्ति रहेको छ। बुद्धको छेउछाउमा अन्य दुई मूर्ति रहेको छ तर उक्त दुई मूर्ति कालो लेपन गरिएको हुँदा चिन्न नसकिने अवस्थामा रहेका छन्। लेप पनि ठाउँठाउँमा उक्किएको छ । बुद्धको मूर्तिको तल दुई जना भक्तहरु अञ्जली मुद्रामा बसेका देखिन्छन् । चैत्यको तल्लो भागमा सेतो रङ र माथिल्लो भागमा कालो रङ लगाइएको छ । चैत्यमा पञ्चध्यानी बुद्धको प्रतिमा बनाइएको छ । चार वटै पञ्चध्यानी बुद्धको तलपट्टि अभिलेख लेखिएको छ तर कालो रङको कारणले अभिलेख बुझ्न सकिदैन ।

राजकीर्ति महाविहारको अगाडिपट्टि तीनवटा चैत्य मध्ये बिचमा बज्रधातु चैत्य रहेको छ । चैत्यको डोमको भागसम्म सेतो रङ र हर्मिका देखि माथि कालो रङ लगाइएको छ । चैत्यमा पञ्चध्यानी बुद्धको प्रतिमा बनाइएको छ ।

बिचमा रहेको बज्रधातु चैत्यको उत्तरमा अर्को बज्रधातु चैत्य रहेको छ। यो चैत्यमा रङ लगाइएको छैन । यस चैत्यको बिच भागमा पञ्चध्यानी बुद्धको मूर्ति बनाइएको छ । पञ्चध्यानी बुद्धलाई पद्मासनमाथि देखाइएको छ । पद्मासनको माथि पञ्चध्यानी बुद्धको शक्तिहरु पूर्वमा लोचना, दक्षिणमा मामकी, पश्चिममा पाण्डुरा, दक्षिणमा आर्यतारालाई देखाइको छ। पद्मासनको तल्लो भागमा पञ्चध्यानी बुद्धको बोधिसत्व समेत देखाइएको छ। पूर्वमा बज्रपाणी, दक्षिणमा रत्नपाणी, पश्चिममा पद्मपाणी र उत्तरमा विश्वपाणीलाई देखाइएको छ। चैत्यको तल्लो भागमा पूर्वतिर चारजना भक्तहरु अञ्जली मुद्रामा बसेका छन् । पञ्चध्यानी बुद्धको माथि कमलको फूल बनाइएको छ। चारै दिशामा बुद्धको मूर्ति बनाइएको छ । बिचमा डोम बनाइएको छ । त्रयोदश भुवनमा पूर्वमा बज्र, दक्षिणमा रत्न, पश्चिममा पद्म र उत्तरमा विश्वबज्रको आकृति बनाइएको छ ।

तीनवटा चैत्यको उत्तरमा लिच्छविकालीन एउटा सानो चैत्य रहेको छ। कालो रङको प्रस्तरमा निर्मित उक्त चैत्यको चारै दिशाको खोपा खाली रहेको छ। चैत्यको कुनै कुनै लेपन गरिएको भाग चिल्लो रहेको छ भने अन्य भाग उक्किएको छ।

राजकीर्ति महाविहारको वायोव्य कोणमा फलामको रेलिङले घेरिएको भागमा तीनवटा चैत्य रहेको छ। लिच्छविकालीन सानो चैत्यको उत्तरमा चारैतिर बाट फलामको बारले घेरिएको एउटा बज्रधातु चैत्य रहेको छ। उक्त फलामको बारमा वरिपरि बत्ती बाल्नको लागि पित्तलको पाला बनाइएको छ। यस चैत्यमा कालो रङको लेपन गरिएको छ। तर लेपन कुनै कुनै ठाउँमा उक्किएको छ। चैत्यको आधारभाग वर्गाकार रहेको छ। वर्गाकार भागको माथि अष्टकोण आधारभाग रहेको चैत्य बनाइएको छ। अष्टकोणमाथि कमलको फूल बनाइएको छ। त्यसमाथि बज्रधातु चैत्य निर्माण गरिएको छ। बज्रधातु चैत्यको बिचमा चार तह बनाइएको छ। चारै तह निकै कलात्मक बनाइएको छ। त्यसमाथि दोहोरो पद्मासनमा पञ्चध्यानी बुद्ध र उनीहरुको शक्तिको आकृति वरिपरि बनाइएको छ। बिचमा डोम बनाइएको छ र माथि त्रयोदश भुवन आदि बनाइएको छ। बज्रधातु चैत्यको माथि धातुको वर्गाकार छाना जस्तो निर्माण गरिएको छ। उक्त स्थानको भित्रपट्टि मण्डल निर्माण गरिएको छ। माथिको मण्डल पहेँलो रङको छ।

बज्रधातु चैत्यको उत्तरतर्फ अर्को एक बज्रधातु चैत्य रहेको छ। तल्लो भाग तेलिया इँटाबाट बनेको छ भने माथि रहेको चैत्यको रङ कालो रहेको छ।

तेलिया इँटाबाट बनेको सबैभन्दा तल पश्चिमपट्टि एउटा खोपामा मञ्जुश्रीको तान्त्रिक स्वरुपको मूर्ति रहेको छ। प्रस्तरले बनेको उक्त मूर्तिको मुखाकृति ताछिएको छ भने घाँटीमा माला रहेको छ। मञ्जुश्रीलाई अर्धपर्यङ्क आसनमा देखाइएको छ। मूर्तिफलक चोसो परेको छ। मञ्जुश्रीको दायाँ माथिल्लो हातमा शिरभन्दा माथिसम्म पुग्ने गरी खड्ग छ भने तल्लो हातमा वाण रहेको छ। बायाँ माथिल्लो हातमा प्रज्ञापारमिता छ भने बायाँ हातमा धनुष रहेको छ। इँटाबाट निर्मित तोरणमा छेपु जस्तो मुखाकृति देख्न सकिन्छ।

पूर्वको तल्लो भागमा प्रचलित नेवारी लिपिमा अभिलेख लेखिएको छ। अभिलेख भएको बिच भागमा स्थानक मुद्रामा मैत्रेय बुद्धको मूर्ति रहेको छ। मैत्रेय बुद्धलाई तरङ्गित कपडामा देखाइएको छ। चोसो परेको मूर्तिफलक रहेको छ। मैत्रेय बुद्धको दायाँ भागमा तलपट्टि छ

जना भक्तहरु र बायाँ भागमा सात जना भक्तहरु अञ्जली मुद्रामा घुँडा टेकेर बसेका छन् । मूर्तिलाई कालो रङमा देखाइएको छ ।

तेलिया इँटाबाट बनेको बिचको भागमा पञ्चध्यानी बुद्धको मूर्ति राखिएको छ। पूर्वको खोपामा भूस्पर्श मुद्रामा अक्षोभ्य बुद्धको मूर्ति रहेको छ । माथि फर्किएको कमलको फूलमा अक्षोभ्य बुद्ध बसेका छन् । तेलिया इँटाबाट तोरण बनाइएको छ । छेपुको आकृति जस्तो मुखाकृति तोरणमा देख्न सकिन्छ। दक्षिणको खोपामा तोरण सहितको वरद मुद्रामा रत्नसम्भव बुद्धलाई देखाइएको छ। माथि फर्किएको कमलको फूलमा रत्नसम्भव बुद्ध बसेका छन्। तेलिया इँटाबाट बनेको तोरणमा छेपुको आकृति देख्न सकिन्छ। पश्चिमको खोपामा तेलिया इँटाबाट बनेको तोरणमा छेपुको आकृति बनाइएको छ। उक्त खोपामा माथि फर्किएको कमलको फूलमा ध्यान मुद्रामा अमिताभ बुद्धको मूर्ति राखिएको छ। चोसो परेको प्रभामण्डल रहेको छ। उत्तरको खोपामा नागको फणाले रक्षित भएको अमोघसिद्धि बुद्धलाई अभय मुद्रामा माथि फर्किएको कमलको फूलमा देखाइएको छ । तेलिया इँटाबाट बनेको तोरणमा छेपुको आकृति जस्तो आकार बनाइएको छ ।

तेलिया इँटामाथि कालो रङमा चैत्य बनाइएको छ। दोहोरो कमलको फूलमाथि चैत्य बनाइएको छ । चैत्यको त्रयोदश भुवनमा पूर्वमा बज्र, दक्षिणमा रत्न, पश्चिममा पद्म र उत्तरमा विश्वबज्रको आकृति बनाइएको छ ।

तेलिया इँटाबाट बनेको बज्रधातु चैत्यको पूर्वपट्टि अर्को प्रस्तरबाट निर्मित एउटा चैत्य रहेको छ। चैत्यको आधारभाग वर्गाकार रहेको छ। वर्गाकार भागको माथि अष्टकोण आधार भएको चैत्य बनाइएको छ। अष्टकोणको माथि कमलको फूल बनाइएको छ। त्यसमाथि बज्रधातु चैत्य निर्माण गरिएको छ । चार तह बनाइएको उक्त तह निकै सुन्दर तरिकाले कलात्मक बनाइएको छ । चौथो तहमा वरिपरि घुमाएर बज्रको आकृति बनाइएको छ । त्यसमाथि दोहोरो पद्मासनमा पञ्चध्यानी बुद्ध र उनीहरुको शक्तिको आकृति वरिपरि राखिएको छ। बिचमा डोम बनाइएको छ र माथि त्रयोदश भुवन आदि बनाइएको छ। चैत्यको सबैभन्दा तल दक्षिणपट्टि वर्गाकार भागमा अभिलेख कुँदिएको छ। अभिलेखको तल १४ जना भक्तहरु घुँडा टेकेर अञ्जली मुद्रामा बसेका छन् ।

## २.८ राजकीर्ति महाविहार परिसरमा रहेको सरस्वतीको मूर्ति

हिन्दू धर्मपरम्परा अनुसार विद्याकी देवी सरस्वती हुन् । संस्कृत साहित्यमा ब्रह्माकी मानसपुत्री तथा विद्याकी देवी सरस्वतीलाई वाग्देवी, भारती, शारदा, बागेश्वर, वाणी र सतरुपा पनि भनिएको पाइन्छ । तिनीहरुमा नै सरस्वतीलाई मानिसको जिब्रामा वाक्देवीका रुपमा रहने उल्लेख गरिएको छ। यिनलाई यदाकदा ब्रह्माकी पत्नी पनि भनिएको देखिन्छ (खतिवडा र ढकाल, २०८२, पृ. ८६८) । ऋग्वेदमा यिनी पवित्र, शुद्धि र समृद्धिकी देवी थिइन् । यिनको सम्बन्ध पुषा, इन्द्र र मरुतसँग रहेको उल्लेख पाइन्छ । हिन्दू पुराणहरुमा गङ्गा र यमुनाको सङ्गममा अदृश्य सरस्वती नदी पनि मिसिएको छ भन्ने बताइएको छ। पुराणहरुमा सरस्वतीको स्थापना भने आश्विन शुक्ल नवमीका दिन गर्नुपर्ने धार्मिक विधान पाइन्छ (खतिवडा र ढकाल, २०८२, पृ. ८६८) । तर आजकल श्रीपञ्चमीकै दिन यिनको स्थापना गर्ने चलन पनि चलेको छ ।

सङ्कटा मन्दिरको अगाडि उत्तर पूर्वमा सरस्वतीको सानो मन्दिर रहेको छ । सरस्वतीको मूर्ति (चित्र नं. १७) पश्चिमतिर खोपामा बनाइएको छ । प्रस्तरबाट सरस्वतीको मूर्ति बनाइएको छ । सरस्वतीको चारवटा हात रहेका छन् । दोहोरो पद्मासनमा सरस्वतीको मूर्ति रहेको छ। एउटा खुट्टा तल झारेर बसेको अवस्थामा मूर्ति रहेको छ। प्रमुख दुई हातले वीणा समातेको तथा माथिल्लो दायाँ हातले रुद्राक्षमाला र बायाँ हातले पुस्तक समातेको देखाइएको छ। शिरमा मुकुट, कानमा कुण्डल, घाँटीमा माला, पाखुरामा केयुर, नाडीमा बाला, कम्मरमा कम्बरबन्धन, घुँडा सम्म आउने ठूलो पुष्पमाला लगाइएको छ ।

सरस्वतीको मूर्तिफलकको तलपट्टि बायाँ छेउमा गणेशको बसेको सानो मूर्ति बनाइएको छ। सत्रौं शताब्दीताकाको केही सरस्वती मूर्ति फलकमा सरस्वतीको आसन भन्दा मुन्तिर गणेशको सानो मूर्ति चित्राङ्कित गरेको पाइन्छ । सरस्वती सँग पनि गणेशको केही सम्बन्ध रहेको यसले देखाउँछ। नील सरस्वती, महांकालको सरस्वती, तीनधाराको सरस्वती, टेबहालको सरस्वतीको मूर्ति आदिमा त्यस रुपको गणेश मूर्ति पाइन्छ । बलि दिनु पर्दा मानिसहरु त्यही गणेश मूर्तिमा दिन्छन् । नेपालमा गणेशको मूर्ति अगाडि बलि दिने चलनको सूत्रपात कहिले भयो भन्न सकिँदैन तर नेपालमा तान्त्रिक मतले १३-१४ औं शताब्दी पछि बाहुल्यता पाएकोले हुन सक्छ (टण्डन, २०४२, पृ. ४१) । सरस्वतीको मूर्तिको तलपट्टि

प्रस्तरको आधारभागमा तीनवटा अन्य मूर्ति बनाइएको देखिन्छ तर उक्त तीनवटै मूर्ति चिन्न सकिने अवस्थामा छैन ।

## २.९ राजकीर्ति महाविहार परिसरमा रहेका सूर्य र चन्द्रका मूर्ति

नेपालमा सूर्यको प्रतिमा निर्माण गरी आराधना गर्ने परम्परा प्राचीनकालमै सुरुवात भइसेकेको बुझिन्छ । प्रामाणिक रुपमा सूर्यको मूर्ति लिच्छविकालदेखिको पाइएका छन् । राजा मानदेवको पालाको काठमाडौँको टेबहालमा प्राप्त सम्वत् ४०२ को सार्थबाह गुहमित्रको अभिलेखले उक्त कुराको पुष्टि गर्दछ (पौड्याल र खनाल, २०७७, पृ. ७१) । नेपालमा थुप्रै सुर्यका मूर्तिहरु स्थापना भएका पाइन्छन् । चन्द्रमाका मूर्तिहरु भने पूर्वमध्यकालदेखि मात्र पाइएका छन् ।

नेपालमा सूर्यको मूर्तिलाई विभिन्न स्वरुपमा देखाउने प्रचलन रहेको छ । मण्डलाकार आकृतिमा सारथी अरूणले हाँकेको रथमा बसेका वा उभिएका सूर्यको कम्मर वा घुँडासम्म भाग देखाइएको पाइन्छ । सूर्यलाई पूर्णरूपमा मानव आकृतिमा देखाइन्छ । एउटा वा दुईटा घोडामाथि पलेटी कसेर वा खुट्टा झारेर बसेका मूर्तिहरु, मूर्ति फलकको बिचमा दुवै हातमा डाँठसहितको कमलको फूल लिएर उभिएका सूर्य र उनको दायाँ र बायाँतर्फ अन्य आठ ग्रहलाई दर्शाउने सूर्य मूर्ति, पार्षद दण्डी र पिङ्गललाई दायाँ र बायाँ राखेर उभिएका सूर्य मूर्ति, सूर्यदेवलाई यस्ता मूर्तिमा खाली खुट्टा वा बुट लगाएको दुवै स्वरूपमा प्रस्तुत गरिन्छ । मानव आकृतिमा पद्मासनमा बसेका सूर्यसहित नवग्रहको मूर्तिको रुपमा पनि पाइन्छ । आकाशमा उदाउने प्राकृतिक गोलो आकारमा साधारण, ज्योतिसहितको वृत वा यी दुवै प्रकारका गोलो आकृतिभित्र मुखाकृतिसहित दर्शाइएका सूर्य, नौ ओटा गोलो आकृतिका सूर्यसहित नौ ग्रहको प्राकृतिक रूपलाई चारपाटे शिलामा दर्शाइएका स्वरूपका मूर्तिहरु पाइन्छन् (पौड्याल र खनाल, २०७७, पृ. ७१) ।

नेपालमा सूर्य उपासना ज्यादै नै व्यापक रही सूर्यका यी विभिन्न स्वरूपका मूर्तिहरू प्रशस्त बनेका छन । ती मध्ये काठमाडौँको टेबहाल स्थित राजकीर्ति महाविहार परिसरमा रहेका सूर्य मूर्तिहरूको चर्चा गरिएको छ ।

राजकीर्ति महाविहार परिसर भित्र बन्धुदत्त विहारको उत्तरमा सूर्यका दुईवटा र चन्द्रको एउटा मूर्ति रहेको छ । अहिले उक्त मूर्ति भएको स्थानमा जीर्णोद्वार कार्य भइरहेको छ । तेलीया इँटाबाट निर्मित संरचनामा अभिलेख सहितको मूर्तिफलकमा सूर्य र चन्द्रको मूर्ति रहेका छन्

। सूर्य मूर्तिको पादपीठको अभिलेखमा उल्लेख भए अनुसार ने.सं. ५८३ (सन् १४६२) मा राजा यक्ष मल्लको पालामा स्थापना गरिएको पाइन्छ (Regmi, 1966, p. 78) । उक्त अभिलेखमा पनि सो विहारलाई तेदो विहार भनी नामकरण गरिएको छ । अर्को सूर्यको मूर्ति ने.सं. ६४० (सन् १५१९) मा राजा रत्न मल्लको राज्यकालमा स्थापना गरिएको बुझिन्छ । उक्त अभिलेखमा सो विहारलाई राजकीर्ति महाविहार भनिएको पाइन्छ (खनाल, २०७०, पृ. १०१) ।

नेपालमा चन्द्रमाको उपासनाको परम्परा अत्यन्त प्रचलित रही यी विभिन्न स्वरूपका चन्द्रमाका मूर्तिहरूको स्थापना भएको पाइन्छ । काठमाडौँको टेबहाल स्थित राजकीर्ति महाविहार परिसर भित्र बन्धुदत्त विहारको उत्तरतिर चन्द्रमाको एउटा मूर्ति रहेको छ। चन्द्रमाको मूर्तिको पादपीठको अभिलेखमा उल्लेख भए अनुसार ने.सं. ५८३ (सन् १४६२) मा राजा यक्ष मल्लको पालामा स्थापना गरिएको पाइन्छ (Regmi, 1966, Pp. 78-79) । उक्त अभिलेखमा पनि सो विहारलाई तेदो विहार भनी नामकरण गरिएको छ ।

नेपालमा चन्द्रमाको प्रतिमालाई विभिन्न स्वरूपमा देखाउने प्रचलन छ । चन्द्रमालाई आकाशमा उदाउने पूर्ण स्वरूपको गोलो र अर्धचन्द्रको मूर्ति वा यी दुवै प्रकारका आकृतिभित्र मुखाकृति दर्शाइएका पाइन्छ । गोलाकार नौ वृतका रूपमा चन्द्रमासहित नवग्रहलाई चारपाटे शिलामूर्तिमा दर्शाइएका स्वरूपमा, सूर्यजस्तै मानव आकृतिमा बनाइएका आकाश, शोभा, कान्तिसहित एउटा, पाँच वा दश ओटा हाँसले तानेको रथमा आरुढ चन्द्रमाको मूर्ति पाइन्छ । सूर्यजस्तै मानव आकृतिमा वक्षस्थलसम्म देखाइएका, आकाश, शोभा, कान्तिसहित सात वा दश ओटा घोडाले तानेको रथमा आरुढ चन्द्रमाको मूर्ति, चन्द्रमालाई मुख्य ग्रहका रूपमा बिचमा राखी वरिपरि सूर्यसहित अन्य ग्रहलाई मानवाकृतिमा दर्शाइएको मूर्ति समेत बनाउने गरेको पाइन्छ । मूर्ति फलकको बिचमा चन्द्रमालाई रथारुढ अवस्थामा राखी उनका सोह्र कलालाई चारैतर्फ प्रदर्शन गरिएको मूर्ति, एकल वा उमा र परिवारसहित बसेका शिव वा उनको भैरव, विरुपाक्ष, मुखलिङ्ग आदिका स्वरूपका मूर्तिमा उनको जटामा अङ्कित अर्ध चन्द्रमा समेत बनाउने गरेको देखिन्छ (पौड्याल र खनाल, २०७७, पृ. ७१) ।

## २.९.१ सूर्यका मूर्ति र प्रतिमालक्षण

राजकीर्ति महाविहार परिसरमा भएको सूर्यको मूर्ति (चित्र नं. १९) राजा यक्ष मल्लले ने.सं. ५८३ (सन् १४६२) मा राखेको पाइन्छ । उक्त मूर्तिमा चोसो परेको मूर्तिफलकमा सूर्यको प्रतिमा सात घोडाले तानेको रथमा स्थानक मुद्रामा देखाइएको छ । सूर्यको मूर्तिको मुखाकृति

स्पष्ट छैन । चोसो परेको प्रभामण्डलमा बिन्दुसहितको ज्वालावली देखाइएको छ। सूर्यले मुकुट लगाएका छन् । कानमा कुण्डल र दायाँ काँधभन्दा माथि कमलको फूल रहेको छ। घाँटीमा माला र आभुषणले सुसज्जित पारिएको देखिन्छ । सूर्यको दुई वटा हात देखाइएको छ तर हातमा के समातेका छन् स्पष्ट देखिँदैन । सूर्यको मूर्तिको अगाडि बसेको अवस्थामा सारथी अरुण रहेको छ। आभुषणले सुसज्जित रहेका उनले सात घोडालाई बाँधिएको लगाम समातेका छन् । सूर्यको मूर्तिको दायाँ बायाँ दण्डी र पिङ्गल नामक प्रतिहार रहेका छन् । उनीहरुलाई दुवैतिर धनुषवाण हान्न लागेको अवस्थामा देखाइएको छ। यिनीहरु पनि आभुषणले सुशोभित रहेका छन् । सूर्यको मूर्तिफलकमा नवग्रहका प्रतिमा समेत बनाइएको छ । रथ तानेको घोडा भन्दा तल बिचमा सूर्यको गोलाकार आकृतिको दायाँ बायाँ पुनः दण्डी र पिङ्गलको हातमा तरवार समातेको प्रतिमा बनाइएको छ । त्यसभन्दा तल पादपीठमा अभिलेख लेखिएको छ । जीर्णोद्वार कार्य भइरहेको हुँदा मूर्ति सफा रहेको थिएन ।

अर्को सूर्यको मूर्ति (चित्र नं. २०) राजा रत्न मल्लले ने.सं. ६४० (सन् १५१९) मा राखेको पाइन्छ । यस सूर्यको मूर्तिको मूर्तिफलक बिचको भाग कोप्रो परेको जस्तो र छेउको भाग उठेको देखिन्छ । चोसो परेको मूर्तिफलक रहेको छ । यस मूर्तिफलकको छेउको भाग जीर्णोद्वार गरिएको अनुमान गर्न सकिन्छ । बिचको भागमा सूर्यको बसेको मूर्ति रहेको छ । हात अञ्जली मुद्रा जस्तो अवस्थामा देखिन्छ । दुवै काँधको माथि कमलको फूल रहेको छ । दायाँ र बायाँ दण्डी र पिङ्गलले धनुषवाण हान्न लागेको जस्तो प्रतिमा बनाइएको छ। बसेको सूर्यको मूर्तिको तलपट्टि सातवटा घोडालाई बाँधिएको लगाम समातेको सारथी अरुणलाई पनि बसेको अवस्थामा देखाइएको छ। मूर्तिको धेरै भागमा खण्डित भएको हुनाले स्पष्ट रहेको छैन ।

## २.९.२ चन्द्रका मूर्ति र प्रतिमालक्षण

राजकीर्ति महाविहार परिसरमा भएको चन्द्रमाको मूर्ति (चित्र नं. १८) राजा यक्ष मल्लले ने.सं. ५८३ (सन् १४६२) मा राखेको पाइन्छ । उक्त मूर्तिमा चोसो परेको मूर्तिफलकमा चन्द्रमाको प्रतिमा नौ वटा हाँसले तानेको रथमा स्थानक मुद्रामा देखाइएको छ। चन्द्रमाको मूर्तिको मुखाकृति स्पष्ट छैन। चोसो परेको प्रभामण्डलमा ज्वालावली देखाइएको छ। चन्द्रले मुकुट लगाएका छन् । कानमा कुण्डल र दुवै काँधभन्दा माथि कमलको फूल रहेको छ । घाँटीमा माला र आभुषणले सुसज्जित पारिएको देखिन्छ। चन्द्रमाको दुई वटा हातले कमलको

डाँठ समातेको देखाइएको छ । चन्द्रमाको मूर्तिको अगाडि बसेको अवस्थामा सारथी आकाश रहेका छन् । आभुषणले सुसज्जित रहेका उनले नौ हाँसलाई बाँधिएको लगाम समातेका छन् । आकाशको मूर्तिको दायाँ बायाँ शोभा र कान्तिले धनुषवाण ताकिरहेका छन् । यिनीहरु पनि आभुषणले सुशोभित रहेका छन् । चन्द्रमाको मूर्तिफलकमा नवग्रहका प्रतिमा समेत बनाइएको छ । रथ तानेको हाँस भन्दा तल बिचमा कमलको फूलको गोलाकार आकृतिको दायाँ बायाँ पुनः शोभा र कान्तिको हातमा तरवार समातेको प्रतिमा बनाइएको छ । त्यसभन्दा तल पादपीठमा अभिलेख लेखिएको छ तर अभिलेख बुझ्न नसकिने गरी खण्डित भएको छ । जीर्णोद्धार कार्य भइरहेको हुँदा मूर्ति सफा रहेको छैन ।

चन्द्रमा र सूर्यलाई नवग्रह भित्र राखिएको पाइन्छ । चन्द्र र सूर्यको मूर्तिफलकमा नवग्रहको आकृति समेत बनाइएको हुँदा आफ्नो ग्रहदशा राम्रो होस् भनेर पूजा गर्ने परम्परा रहेको पाइन्छ । मल्लकालीन राजा यक्ष मल्ल र रत्न मल्लले चन्द्र र सूर्यका मूर्तिफलकमा नवग्रह सहितका आकृति बनाउँदा नवग्रहलाई समेत पूजा गरी ग्रहदशा शान्त पारेको देखिन्छ । हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुले पनि आफ्नो ग्रहदशा शान्त पार्नको लागि नवग्रह सहितका चन्द्र र सूर्यको मूर्तिमा र सङ्कटामा पूजाआजा गर्ने प्रचलन बढेर गएको पाइन्छ ।

## २.१० राजकीर्ति महाविहार परिसरमा रहेका गणेश र महांकालका मूर्तिहरु

गणेशलाई हिन्दूहरुले पाँच लोकप्रिय देवतामा समावेश गरी पञ्चायन देवतामा समावेश गर्ने गरेको र जुनसुकै देवताको पूजा गर्नुपूर्व गणेशको पूजा गर्ने परम्परा रहन गएको हुँदा गणेश हिन्दू धर्ममा विशेष महत्वपूर्ण देवता मानिन्छन् । धार्मिक महत्व र लोकप्रियतामा विशेष मानिने गणेश देवताको व्यक्तित्व र परिचय भने आरम्भिक हिन्दू धर्मका ग्रन्थहरुमा र पछिल्ला हिन्दू धर्मग्रन्थहरुमा फरकफरक किसिमले वर्णन गरिएको छ (आचार्य, २०७९, पृ. ३९) ।

जैन धर्मावलम्बीहरुले गणेशलाई आदि तीर्थङ्करको रुपमा आत्मसात् गरी पूजा उपासना गरेको पाइन्छ (आचार्य, २०७९, पृ. ५३) । बज्रयान बौद्ध धर्मले गणेशपूजाको परम्परालाई अझै महत्वका साथमा आत्मसात् गरेको देखिन्छ । उनीहरुले गणेशलाई तन्त्रसाधनामा सिद्धि दिलाउने महत्वपूर्ण देवता मान्दछन् । मध्यकालमा बनेको नेपाली बौद्ध विहारहरुका मुख्य ढोकाको भित्रतर्फ दायाँबायाँ महांकालको मूर्तिको साथमा गणेशको मूर्ति पनि स्थापना गरेको पाइन्छ (आचार्य, २०७९, पृ. ५५) । टेबहाल पस्नु भन्दा अगाडि स्थान गणेशको एक तल्लाको तामाको पाताको छाना भएको गजुर सहितको मन्दिर रहेको छ ।

सडकको बिच भागमा गणेशको मन्दिर रहेको छ । यस मन्दिरमा टेबहाल, नछेंगल्ली र खिचापोखरीका मानिसहरुको पर्व-पर्वमा स्थान गणेशका रुपमा गणेश पूजा गर्ने मन्दिर हो । ढोकाको माथि काठको साधारण तोरण रहेको छ । तोरणको बिच भागमा सुनौलो रङको गणेशको प्रतिमा रहेको छ भने माथि छेपुले दुई हातले सर्प समाती टोकेको देखाइएको छ । मन्दिरको छानो अड्याउन चारै कुनामा एउटा/एउटा शार्दूलको आकृति र बिचमा दुई/दुईवटा नारी आकृति सहितको टुँडाल राखिएको छ ।

मन्दिर भित्र ललितासनमा गणेशको मूर्ति रहेको छ । गणेशका चार हात देखाइएका छन् । दायाँ माथिको हातले रुद्राक्ष माला र तल्लो हात अभय मुद्रामा छ भने बायाँ माथिल्लो हातले परसु र तल्लो हातले लड्डु समातेका छन् । गणेशको शिरमा मुकुट रहेको छ । मूर्तिको दायाँ बायाँ दुईवटा सिंहको मूर्ति रहेका छन् । गणेशको मूर्तिको माथि तोरण रहेको छ । छेपुले दुई हातले नाग समातेर टोकेको छ । तोरणको तल दुवै छेउमा गोहीको आकृति रहेको छ ।

राजकीर्ति महाविहार प्रवेश गर्ने स्थानगणेशको मन्दिर अगाडि दायाँ तिरको घरको भित्तामा गणेश र बायाँ तर्फको पसल भित्र महांकालको मूर्ति रहेको छ । दायाँ तिरको घरको भित्तामा गणेशको मूर्ति (चित्र नं. २२) रहेको छ । चारवटा हात भएका गणेशलाई बसेको अवस्थामा देखाइएको छ । हातहरुमा के आयुध समातेका छन् भन्ने स्पष्ट रुपमा देखिँदैन । आयुध समातेको ठाउँमा ताछेको देखिन्छ । टेबहालको पूर्वपट्टिको गणेश मन्दिर अगाडि घरमुनिको शिलालेख ने.सं.६६५ (सन् १५४४) मा नरेन्द्र मल्लले राखेको पाइन्छ । अभिलेखको शिरोभागको बिचमा बज्र अङ्कित रहेको छ (राजवंशी, २०७८, पृ. ३९) ।

बायाँ तिरको पसलमा महांकालको मूर्ति (चित्र नं.२१) रहेको छ । महांकालको पादपीठमा अभिलेख कुँदिएको छ । उक्त अभिलेख सार्थवाह गुहमित्रले संवत् ४०२ आषाढ शुक्ल पूर्णिमाको दिन इन्द्रनामक भगवान् सूर्यलाई भक्तिपूर्वक स्थापना गरे भनी उल्लेख पाइन्छ (वज्राचार्य, २०५३, पृ. ६०) । हाल यो अभिलेख महांकाल मूर्तिको आसन भागको रुपमा रहेको छ । सूर्यको मूर्ति नष्ट भएपछि त्यसको आसन भागलाई उपयोग गरी तेदो विहार राज्यक्षेत्रका बज्राचार्य भिक्षु श्री अभयसिंहले ने.सं. ६६५ (सन् १५४४) मा महांकालको मूर्ति राखेको पाइन्छ (राजवंशी, २०७८, पृ. ३९) । बौद्ध दर्शनमा गणेश र महांकाललाई क्षेत्रपाल देवताको रुपमा राख्ने गरिन्छ । त्यसैकारणले गर्दा यस महाविहार परिसरमा पनि क्षेत्रपाल देवताको रुपमा गणेश र महांकालको मूर्ति बनाएर राखिएको छ ।

# अध्याय तीन

## राजकीर्ति महाविहार परिसरको अमूर्त सांस्कृतिक सम्पदा

नेपाल सांस्कृतिक सम्पदाले भरिपूर्ण रहेको देश हो । नेपालका धार्मिक तथा सभ्यताको केन्द्रमा मूर्त तथा अमूर्त दुवै प्रकारका सांस्कृतिक सम्पदाको अस्तित्व रहेको पाइन्छ । अमूर्त सांस्कृतिक सम्पदालाई छुन, देख्न र समाउन सकिँदैन । यिनीहरु आनिवानी, मेला, पर्व, नृत्य, गीत, परम्परा, संस्कार, धारणा, सोच र भावना सँग सम्बन्धित हुन्छन् ।

युनेस्कोले अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि २००३ मा अमूर्त सांस्कृतिक सम्पदाको परिभाषा दिएको छ । अमूर्त सांस्कृतिक सम्पदा भन्नाले प्रचलनहरु, प्रतिनिधित्वहरु, अभिव्यक्तिहरु, ज्ञान, सीपहरु साथसाथै साधनहरु, वस्तुहरु, कला वस्तुहरु र त्यससँग जोडिएका सांस्कृतिक स्थलहरु, जसलाई ती समुदायहरु, समूहहरु तथा कतिपय अवस्थामा व्यक्तिहरु समेतले सांस्कृतिक सम्पदाको अंगको रुपमा चिनारी गरिरहेका हुन्छन् तिनलाई बुझ्नु पर्दछ । यो अमूर्त सांस्कृतिक सम्पदा, एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै, समुदायहरु र समूहहरुद्वारा तिनीहरुको वातावरण, प्रकृति तथा तिनका इतिहाससँगको अन्तर्क्रियाको प्रत्युत्तरमा निरन्तर रुपमा पुनरुत्पादन हुन्छ, तथा तिनीहरुलाई परिचय र निरन्तरताको एउटा अनुभूति प्रदान गर्दछ, यसरी सांस्कृतिक विविधता तथा मानव सिर्जनात्मकताप्रतिको सम्मानलाई प्रवर्द्धन गरिरहेको हुन्छ । यस महासन्धिको प्रयोजनका लागि केवल त्यस्ता अमूर्त सांस्कृतिक सम्पदाहरुलाई मात्र ध्यान दिइनेछ, जो विद्यमान अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरुसँग, साथसाथै समुदायहरु, समूहहरु तथा व्यक्तिहरुका बिचमा आपसी सम्मान, तथा दिगो विकासका आवश्यकताहरु सँग मेल खान्छन् (नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०७६, पृ. ७) ।

यसरी माथि उल्लेखित परिभाषा अनुसार अमूर्त सांस्कृतिक सम्पदालाई युनेस्कोले अमूर्त सांस्कृतिक सम्पदाको संवाहकको रुपमा भाषा सहितका मौखिक परम्पराहरु तथा अभिव्यक्तिहरु, अभिनय कलाहरु, सामाजिक व्यवहारहरु, अनुष्ठानहरु तथा चाडपर्वका उत्सवहरु, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरु, परम्परागत कलाकौशलताको विधाहरु अन्तर्गत समेट्न सकिन्छ (नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०७६, पृ. ९) ।

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट स्वीकृत भएको अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ मा अभौतिक सांस्कृतिक सम्पदा भन्नाले नेपालमा परम्परागत रुपमा बसोबास गर्दै आएका जातीय समुदायका एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण हुँदै तथा अभ्यास भई आएका मौखिक परम्परा तथा अभिव्यक्ति, अभिनय तथा मञ्चन कला, सामाजिक व्यवहार, अनुष्ठान, जात्रापर्वहरु, प्रकृति एवं ब्रह्माण्ड सम्बन्धी ज्ञान, परम्परागत कलाकौशल, उत्पादन गर्ने सीप र प्रविधि, परम्परागत खेल, खाद्य परिकारका सीप, पहिरन लगायत आभूषण सम्बन्धी ज्ञान, सम्पदा अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल, स्मरणमा रहेका तर अभ्यासमा नरहेका अमूर्त सांस्कृतिक सम्पदाका विधाहरु समेतलाई सम्झनुपर्दछ (नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०८१, पृ. २-३) ।

यसरी माथि उल्लेखित दश वटा बुँदामा अमूर्त सांस्कृतिक सम्पदाहरुलाई नेपालले अंगीकार गरेको छ । भौतिक रुपमा देख्न नसकिने मानिसका आस्था, विश्वास, परम्परा, मान्यता, जात्रा, पर्व, पूजा परम्परा जस्ता पक्षहरु संस्कृतिका अमूर्त पक्षहरु हुन् । यस अध्यायमा राजकीर्ति महाविहार परिसरमा रहेका विभिन्न विषयमा जनसमुदायले निर्माण र विकास गरेका अमूर्त सांस्कृतिक सम्पदाहरुको खोजी र विश्लेषण गरिएको छ। राजकीर्ति महाविहार परिसरमा रहेका विहार एवं मन्दिरसँग सम्बन्धित आस्था, विश्वास, पूजा परम्परा तथा जात्राहरुका विविध आयाम र स्वरुपहरुको खोजी गरिएको छ ।

## ३.१ सङ्कटा मन्दिरमा गरिने पूजा परम्परा

अमूर्त सांस्कृतिक सम्पदाको अध्ययनमा गर्दा पूजा परम्परा, पूजा विधि, जात्रा आदिको अध्ययन अत्यन्तै महत्वपूर्ण मानिन्छ । सङ्कटा मन्दिरमा गरिने विविध पूजा परम्परा, पूजा विधि र जात्राको विषयमा अध्ययन गरिएको छ ।

### ३.१.१ नित्य पूजा

सबै मन्दिरमा जस्तै यस मन्दिरमा पनि दैनिक रुपमा पूजा हुने गर्दछ। यस मन्दिरमा विभिन्न किसिमका पूजा हुने गर्दछन् । यस मन्दिरमा बज्राचार्यहरुबाट नित्य पूजा हुँदै आइरहेको छ । पूजामा बज्राचार्यहरुको भूमिका कस्तो रहेको छ भन्ने विषयमा पुजारीहरुसँग अन्तर्वार्ता

र प्रत्यक्ष अवलोकनबाट प्राप्त तथ्य अनुसार यस मन्दिरमा नित्य पूजा, नैमित्तिक पूजा, भाकल पूजा, *बुसाधँ* (वर्ष बन्धन) पूजा हुने गर्दछ ।

यस मन्दिरमा प्रत्येक दिन बिहान र साँझ नित्य पूजा गर्ने पुजारीहरु बज्राचार्य समुदायका रहेका छन् । गुरुजु विश्वविजय रत्न बज्राचार्य सँग लिएको अन्तर्वार्ता अनुसार नित्य पूजा कहिले देखि सुरु भएको भन्ने स्पष्ट जानकारी हुन नसके पनि बन्धुदत्तले यस परिसरमा सङ्कटालाई स्थापना गरिसकेपछि पूजा हुँदै आएको पाइएको छ । बज्राचार्य समुदायका मानिसहरुले हाल पन्ध्र/पन्ध्र दिनको पालो गरी मन्दिर परिसरमा रहेर बिहान साँझ सम्पन्न गर्नुपर्ने पूजाको कार्य गर्ने र भक्तजनहरुलाई मन्दिरमा हुने पूजाकार्यमा सहयोग पुऱ्याउँदै आएका छन् । हाल व्रतबन्ध गरेका पुजारीहरु २० जना रहेका छन् । प्रमुख पुजारीलाई चक्रेश्वर भनी सम्बोधन गर्दछन् । हाल चक्रेश्वरको रुपमा मोतीकाजी बज्राचार्य रहेका छन् ।

नित्य पूजा गर्ने पुजारीहरु बिहानै तीन देखि चार बजेको बीचमा सबेरै नित्यकर्म, स्नान गरेर, देवतालाई स्नान गराएर मन्दिरमा बत्ती बाल्ने कार्य गर्दछन् । यसपछि देवतालाई जगाउने क्रममा पालो पर्ने पुजारीले राजकीर्ति महाविहार अगाडिको मण्डपमा उभिएर धर्मगण्डीमा गंसीले बजाएर १०८ पल्ट मन्त्र उच्चारण गर्ने र अक्षोभ्य बुद्धको आरती गरेर देवतालाई जगाउने कार्य गर्दछन् । त्यसपछि मात्र सङ्कटा मन्दिरमा गएर देवता जगाउने कार्य गर्दछन् । सङ्कटामा देवता जगाएपछि तान्त्रिक पूजा गर्ने गर्दछन्, तान्त्रिक पूजा गर्दा कोही पनि जानु हुँदैन र तान्त्रिक पूजाको बारेमा भन्न पनि हुँदैन । तान्त्रिक पूजा गोप्य पूजा भएको हुनाले यसको बारेमा अरुलाई देखाउन र सुनाउन हुँदैन । तान्त्रिक विधिले पूजा गर्दा कसरी पूजा गर्दछन् र के के पूजा सामग्रीहरु प्रयोग गर्दछन् भन्ने कुरा खुलाउन नहुने भनेर अन्तर्वार्ताको क्रममा जानकारी पाइएको छ । सङ्कटा मन्दिरमा धूप, फूल, अक्षता, टीका आदि जस्ता वस्तुहरु चढाई पूजा गर्ने गर्दछन् ।

बन्धुदत्त विहारलाई बज्राचार्य गुरुजुहरुले *मुगःद्यो* भनेर उक्त विहारमा सबेरै बत्ती बाल्ने, आरती गर्ने र ढोका बाहिरको मण्डलमा उभिएर धर्मगण्डी गंसी बजाउँदै १०८ पटक मन्त्रोच्चारण गरेर देवतालाई जगाउने कार्य गर्दछन् । बन्धुदत्त विहारमा *मुगःद्यो* देवता रहेको हुनाले चक्रेश्वरले मात्र हरेक बिहान देवता जगाउने कार्य गर्दछन् । देवता जगाइसके पछि पूजाआजा गरेर सकेपछि राजकीर्ति महाविहार र बन्धुदत्त विहारको ढोका बन्द गर्ने गर्दछन् ।

सङ्कटा मन्दिरमा माथिल्लो तल्लामा रहेका सङ्कटाको पूजा तान्त्रिक विधिबाट हुने गर्दछ भने त्यसपछि तल्लो तल्लामा रहेका पद्मपाणी लोकेश्वरमा धुप, बत्ती, अक्षता, टीका आदि वस्तुहरु चढाई देवता जगाउने कार्य गर्दछन् । त्यसपछि बल्ल भक्तजनहरुको लागि सङ्कटा मन्दिरको माथिल्लो तल्लामा रहेका सङ्कटा र तल्लो तल्लामा रहेका पद्मपाणी लोकेश्वकरमा पूजा गर्न भक्तजनहरुलाई खुल्ला हुने गर्दछ । सङ्कटाको मूर्तिमा भक्तजनहरुले छुन पाउँदैनन् । बाहिरबाटै दर्शन गर्ने र गुरुजुले पूजा गरिदिने गर्दछन् । साँझमा पूजा गर्ने क्रममा घण्ट बजाएर, धुपबत्ती बालेर बहाल भरि नाङ्गो खुट्टाले परिक्रमा गरेर पूजा गर्ने गर्दछन् । सङ्कटा मन्दिर आइतबार देखि शुक्रबार सम्म बिहान ५ बजे देखि बेलुका ८ बजे सम्म र शनिबार बिहान ४ बजे देखि बेलुका ९ बजे सम्म खुल्ला रहन्छ ।

## ३.१.२ नैमित्तिक पूजा

प्रत्येक वर्ष कुनै विशेष दिनमा विशेष तरिकाले पूजा गर्ने पद्धतिलाई नैमित्तिक पूजा भनिन्छ । यो पूजा वर्षभरि नै विभिन्न पर्वका नामबाट हुने गर्दछ ।

### ३.१.२.१ *बुसाधँ* (वर्ष बन्धन) पूजा

नैमित्तिक पूजा गर्ने क्रममा वैशाख कृष्ण चौथीका दिन बन्धुदत्त विहार (*मुगुःद्यो),* राजकीर्ति महाविहार (*क्वापाद्यो)* र सङ्कटा मन्दिरको माथिल्लो तल्ला देवता भएको अगाडि तान्त्रिक विधि अनुसार पूजा हुने गर्दछ । तान्त्रिक विधि अनुसार पूजा गर्दा सुरुमा *मुगःद्यो*को ढोका अगाडि बरण्डामा जग्गे बनाएर होम गर्ने गर्दछन् । ने.सं. ५८२ (सन् १४६१) को ताम्रपत्रमा टेबहालमा अरु कसैले होम यज्ञ गर्न पाउँदैन, होम गरे देवताको कुदृष्टि लाग्ने छ भनी उल्लेख गरिएको छ (बज्राचार्य, २०५८, पृ. ६१) । होम गर्ने बेला ३२ वटा तामाको पालामा विभिन्न अन्नहरु राखेर होम गर्ने गर्दछन् । उक्त ३२ वटा तामाको पालामा धान, चामल, दाल, आलु, चिउरा, कालो भटमास, अदुवा, रक्सी, जाँड, मासु आदि राखेर होम गर्ने गरिन्छ । तान्त्रिक विधिले पूजा गर्दा तीन देखि चार घण्टा सम्म समय लाग्ने गर्दछ । *मुगःद्यो*मा तान्त्रिक विधिपूर्वक होम गरेर सकेपछि राजकीर्ति महाविहार (*क्वापाद्यो*) अगाडि पनि *मुगःद्यो*मा जस्तै एकैप्रकारले तान्त्रिक विधिद्वारा होम गर्ने गर्दछन् । अन्तिममा तान्त्रिक पूजा विधि अनुसार सङ्कटा मूर्तिको अगाडि पूजा गर्ने र चर्या गीत गाउने गरिन्छ । *मुगःद्यो* र क्वापाद्योको तान्त्रिक विधिबाट पूजा र होम गर्दा हेर्न मिल्दछ भने सङ्कटा मन्दिर भित्र गरिने पूजा र चर्या गीत गाउँदा अरुले हेर्न हुँदैन । अति नै गोप्य तरिकाले तान्त्रिक विधिबाट पूजा हुने गर्दछ ।

तान्त्रिक विधिबाट वैशाख कृष्ण चौथीका दिन बन्धुदत्त विहार (*मुगुःद्यो*), राजकीर्ति महाविहार (*क्वापाद्यो*) अगाडि तान्त्रिक विधिबाट होम र सङ्कटा मन्दिरमा पूजा सहित चर्या गीत गाउनुको कारण भनेको सङ्कटा मन्दिरको *बुसाधँ* (वर्षबन्धन) पूजा गर्नु हो । *बुसाधँ* पूजा भनेको वर्षको एकपल्ट मन्दिर स्थापना गरेको दिनमा मन्दिर सरसफाई, होम, पूजा आदि गरेर मन्दिरको जन्मदिवस मनाउने हो । तर सङ्कटा मन्दिरमा वर्षको दुई पटक *बुसाधँ* पूजा गर्ने गरिन्छ। वैशाख कृष्ण चौथीका दिन र माघ कृष्ण सप्तमीदेखि दशमी सम्म सङ्कटाको *बुसाधँ* पूजा गर्ने गरिन्छ । दुवै पटक तान्त्रिक विधिद्वारा होम आदि पूजा गरेर सङ्कटामा चर्या गीत सहित पूजा गर्ने गर्दछन् । सङ्कटा मन्दिरमा *बुसाधँ* पूजा गर्दा १२/१३ वटा चर्या गीत सहित तान्त्रिक पूजा गर्दछन् । चर्या गीत गुरुजुहरुले गाउने गर्दछन् । सङ्कटाको *बुसाधँ* पूजा गर्दा वर्षको एकपटक मुख्य इनारबाट पानी लिई गर्ने चलन रहेको छ । *बुसाधँ* पूजा गर्दा गुरुजुहरु र दीक्षा लिएका पुरुष मानिसहरु मात्र बस्न पाउँदछन् । अरु मानिसहरु मन्दिरमा जान पाउँदैनन् । दुई पटक *बुसाधँ* पूजा गर्नुको कारण पहिले देखि नै चलिआएको हुनाले निरन्तर रुपमा हाल सम्म पनि चलिरहेको कुरा अन्तर्वार्ताको क्रममा जानकारी पाइएको छ ।

### ३.१.२.२ *स्वांछ्या* पूजा

वैशाख शुक्ल स्वांयापुन्हीका दिन सङ्कटा मन्दिरमा चर्या गीतका साथ *स्वांछ्या* पूजा गर्ने गर्दछन् । बुद्ध जयन्तीको दिनमा सङ्कटा देवताको अगाडि बसेर तान्त्रिक गुह्य पूजा गर्दछन् । १२/१३ वटा चर्या गीत सहित तान्त्रिक पूजा गर्दछन् । स्वांछ्या पूजा भनेको मुठा मुठा फूलमाला लिएर फूलमालामा तान्त्रिक विधि अनुसार पूजा गरेर चढाइन्छ । फूलमालामा तान्त्रिक विधि अनुसार पूजा गर्दा तीन देखि चार घण्टा लाग्ने गर्दछ । स्वांछ्या पूजामा विशेष रुपमा बुद्ध जयन्तीको अवसरमा तान्त्रिक पूजा गर्ने गरिन्छ । यो परम्परा अहिले सम्म पनि यथावत् रुपम चलिरहेको छ ।

### ३.१.२.३ नाग पूजा

जेष्ठ शुक्ल कुमारषष्ठीका दिन इनार सफा गरी नाग पूजा गर्दछन् । सिथि नखःको दिनमा टेबहाल परिसरमा रहेका सात वटा इनार सफा गरेर नाग पूजा गर्ने गर्दछन् । नाग पूजामा पुई हायेगु पूजा गरिन्छ । केराको पातमा दही, दूध राखेर नौ वटा *पुई* बनाएर सात वटा इनारमा पूजा गर्दछन् । सिथि नखः पर्वका दिन आफ्नो टोल वरपर रहेका पानीका परम्परागत स्रोत इनार, कुवा, पोखरी, ढुङ्गेधारा आदिको सरसफाई गर्ने गर्दछन् ।

### ३.१.२.४ सङ्कटा मन्दिरको गजुरलाई मान्द्रोले छोप्ने

आषाढ कृष्ण भलभल अष्टमीका दिन सङ्कटा मन्दिरको छानोमा रहेका पाँच वटा गजुरलाई मान्द्रोले छोपी *पुलुं खुइगु* पर्व पूजा गर्दछन् । विधिपूर्वक पूजा गरेर मान्द्रोले गजुरलाई छोप्ने गर्दछन् । स्वयम्भू, बौद्ध, नःघ र सङ्कटामा गरी चार ठाउँमा मान्द्रोले गजुर छोप्ने गर्दछन् । चक्रेश्वर मोतीकाजी बज्राचार्य सँगको अन्तर्वार्तामा वर्षायाममा सुनले मोलम्बित गरेको गजुरलाई हानी हुन सक्ने हुनाले मान्द्रोले छोपेर राख्ने कुरा जानकारी पाइएको छ । आश्विन शुक्ल महाअष्टमीका दिन मान्द्रोले छोपेर राखेको गजुरको मान्द्रो निकाल्दछन् । विधि पूर्वक पूजा गरेर मान्द्रो निकाल्ने गर्दछन् । महाअष्टमीको दिनमा भव्य तरिकाले पूजाआजा हुने, तान्त्रिक विधिबाट पूजा हुने गर्दछ । उक्त दिन राजाको सवारी हुने गर्थ्यो । दुई वर्ष अघि सम्म राष्ट्र प्रमुख आउने गर्दथे तर दुई वर्ष देखि राष्ट्र प्रमुख नआएको जानकारी अन्तर्वार्ताको क्रममा जानकारी पाइएको छ ।

### ३.१.२.५ दिशीपूजा

आषाढ कृष्ण नक्वादिशीका दिन आगममा दिशीपूजा र पर्वपूजा चर्या गीतका साथ गर्ने गर्दछन् । आषाढ कृष्ण भलभल अष्टमीको पर्सी पल्ट भद्रकाली देवघरको पूर्व पट्टि आवासीय घरहरुको बिचमा एउटा पुरानो खालको घर रहेको छ, त्यसलाई बज्राचार्यहरुले आगम घर भन्ने गर्दछन् । उक्त आगम घरमा १२/१३ वटा चर्या गीत बजाएर विधिपूर्वक तान्त्रिक पूजा गर्दछन्, यसलाई दिशीपूजा भनिन्छ । दिशीपूजामा पूजाविधि कस्तो हुन्छ र के के सामग्री सहित पूजा हुन्छ भन्ने कुरा तान्त्रिक पूजा भएको हुनाले भन्न नमिल्ने कुरा अन्तर्वार्ताको क्रममा जानकारी गराएका थिए । दिशीपूजा आषाढ कृष्ण पक्षको दिन सङ्कटा मन्दिरको गजुर मान्द्रोले छोपेको पर्सी पल्ट आगमघरमा दिशी पूजा गर्दछन् । दिशीपूजा प्रत्येक वर्ष गर्ने गर्दछन् ।

### ३.१.२.६ गथांमुगः

श्रावण कृष्ण गथांमुगः चह्रेका दिन नरकटको प्रतिमा बनाई बागमतीमा सेलाउन लैजाने र तत्पश्चात सङ्कटाको मन्दिर बाहिर छ्वाली बाली टेबहाल बाहिर दुई तर्फ फाल्न लैजाने गर्दछन् । गथांमुगःको दिनमा मन्दिरमा जसको पालो पर्छ उसले विधिपूर्वक छ्वाली बालेर बागमती नदीमा फाल्न लैजान्छ । छ्वाली फाले पश्चात् टेबहाल परिसरमा पालो पर्ने

गुरुजुले घण्ट बजाउँदै अगाडि हिंड्छन्, त्यसपछि अरु चोकावजी छर्कदै जान्छन् । त्यसपछि फेरि छ्वाली बालेर पूजा गर्दछन् ।

### ३.१.२.७ गुन्हुपुन्ही

जनैपूर्णिमाको दिन नेवार समुदायमा 'गुन्हुपुन्ही' मनाइन्छ । श्रावण शुक्ल पक्षको दिन यो पर्व मनाइने गरिन्छ । यस दिन टुसा पलाएका सिमी, केराउ, बोडी, मुगी लगायत ९ प्रकारका गेडागुडी भिजाएर त्यसलाई क्वाँटी बनाएर खाने गरिन्छ । काठमाडौं उपत्यकाका नेवार समुदायले भ्यागुतालाई भात खुवाएर यो पर्व मनाउने गर्दछन् । भ्यागुतलाई भात खुवाउने पर्वमा फर्सिको पातमा रोटी, रोटीमा काँचो क्वाँटी, आदि राखेर राजकीर्ति महाविहार परिसरमा रहेका सात वटा इनारमा हालिदिन्छन् । यो दिन पूजा गरेर भ्यागुतालाई भात खुवाउने गर्दछन् ।

### ३.१.२.८ घटस्थापना

आश्विन शुक्ल प्रतिपदा घटस्थापनका दिन सङ्कटा मन्दिरमा विधिपूर्वक तान्त्रिक पूजा गरेर जमरा राख्दछन् । नवरात्रीभरि टीकाको दिनसम्म सङ्कटामा बत्ती बाली पूजा गर्दछन् । यो तान्त्रिक विधिद्वारा गरिने पूजा भएकोले पूजा सामग्रीको बारेमा जानकारी पाउन सकिएन।

### ३.१.२.९ सङ्कटामा गजुरको मान्द्रो निकाल्ने

आषाढ कृष्ण भलभल अष्टमीका दिन सङ्कटा मन्दिरको छानोमा रहेका पाँच वटा गजुरलाई मान्द्रोले छोपी राखेकोलाई आश्विन शुक्ल महाअष्टमीको दिनमा गजुरबाट उक्त मान्द्रो निकालिन्छ । विधिपूर्वक तान्त्रिक पूजा गरेर मान्द्रो निकालिन्छ । मान्द्रो निकाले पछि सङ्कटाको मन्दिरमा पर्व पूजा हुने गर्दछ । पर्व पूजा हुने बेला मन्दिरमा कोही पनि जान पाउँदैन । तान्त्रिक पूजा हुने भएकोले पूजाविधि हेर्न हुँदैन । महाअष्टमीको दिनमा राजाको सवारी हुने गर्थ्यो । राजनीतिक व्यवस्था परिवर्तन भएपछि राष्ट्रपति आउने गर्दथे तर दुई वर्ष देखि राष्ट्रपति आएका छैनन् ।

### ३.१.२.१० मिलापुन्ही पूजा

पौष शुक्ल मिलापुन्हीको राती टेबहालमा मानिसको टाउको भन्दा माथि सम्म पुग्ने गरी काठको कप्टेरा राखी होम गर्दछन् । सङ्कटा मन्दिरको अगाडि रहेको यज्ञकुण्डमा काठको

कप्टेरा राखेर तान्त्रिक विधिद्वारा होम गर्ने गरिन्छ। ६/७ फुटको काठको कप्टेरा बनाई पूजा गर्ने पर्वलाई मिलापुन्ही पनि भनिन्छ। पूजा गरेर सकेपछि भटमास र रातो मूला होममा छोएर सबैलाई प्रसादको रुपमा बाँड्ने गर्दछन्।

## ३.१.२.११ महावली पूजा

फाल्गुन कृष्ण पञ्चमी देखी नवमी सम्म निमन्त्रणा पूजादेखि, होमादि र महावली पूजा हुने गर्दछ। महावली पूजा तान्त्रिक पूजा भएको हुनाले दीक्षा लिएका पुजारीले मात्र गर्दछन्। अरुले हेर्न पनि हुँदैन। यो पूजा अत्यन्तै गोप्य भएको हुनाले रातीमा गर्ने गरिन्छ। पाँच दिन पाँच रात तान्त्रिक पूजा गर्ने गरिन्छ। राती महावली पूजा सकिएपछि अष्टमीको रातमा टक्सारभित्र पनि डमरु बजाई बली चढाई खिचापोखरी नछेगल्ली भै पुनः टेबहालभित्र आई मोतिगामा बाकी रहेको बली सबै फाल्ने गरिन्छ।

## ३.१.३ शनिबारे पूजा तथा भाकल पूजा

हरेक हप्ता शनिबारको दिन सङ्कटा मन्दिरमा भक्तजनहरुको ठूलो भिड लाग्ने गर्दछ। भक्तजनहरुसँगको अन्तर्वार्ताको क्रममा ग्रहदशा शान्त पार्नको लागि पूजा गर्न आएको कुरा जानकारी पाइएको थियो। हिन्दू तथा बौद्ध धर्मावलम्बीहरु शनिबारको दिन सङ्कटा देवताको दर्शन गर्न एवं पूजा गर्न आउने गर्दछन्। हिन्दूले सङ्कटा देवतालाई शनि, भगवती, सङ्कट तारिणी देवीको रुपमा तथा बौद्ध धर्मावलम्बीहरुले चण्डमहारोषण, अचल, पद्मान्तक भैरवको रुपमा सङ्कटा देवतालाई सङ्कट हर्ने, ग्रहदशा शान्त पार्ने देवताको रुपमा पुज्दै आइरहेका छन्। आफ्नो जन्मदिनमा पाठ गराउनको लागि पनि आउने गर्दछन्। आफूले भाकल गरेर कामना गरेको काम सिद्धि हुँदा भक्तजनहरु भाकल पूजा गर्न आउने गर्दछन्। गुरुजुलाई पाठ गराएर भाकल पूजा गर्ने गर्दछन्।

## ३.१.४ सङ्कटाको १२ वर्षे जात्रा

कटुवालदह स्थित सङ्कटा विराजमान गराइएको स्थानबाट प्रत्येक १२ वर्षमा तान्त्रिक साधना गरी सङ्कटा र वरुणको कलशलाई राजकीर्ति महाविहार स्थित मन्दिरमा प्रवेश गराउने कार्यलाई सङ्कटाको १२ वर्षे मेला भन्ने गरिएको पाइन्छ।

सङ्कटालाई कलशमा साधना गरी ल्याउन कटुवालदह जानु भन्दा अघिल्लो दिन देवस्थलभित्र सरसफाई गरी सङ्कटाको मुकुट एवं गरगहनाहरु सफा गरी पुनः क्रमशः उक्त

गहनाहरु सङ्कटालाई पहिऱ्याउने काम गरिन्छ । यसै दिन व्रतबन्ध गरिसकेका पुजारी सबैले कपाल मुण्डन गरी नापितबाट हात खुट्टाको नङ काटी स्नान गरेर पञ्चमीको बेलुका पूर्वाङ्गको रुपमा तान्त्रिक विधि अनुसार सङ्कटाको क्षमापूजा गरिन्छ । त्यसपछि सङ्कटाको दर्शन गर्न नहुने गरी मन्दिरको ढोका झ्याल सबैतिर बन्द गरिने परम्परा रहेको छ (व्यक्तिगत अन्तर्वार्ता, विश्वविजय रत्न बज्राचार्य, २०८२-४-२९) ।

सङ्कटाको जीवन्यास झिकी कलशमा सारी लैजाने हुँदा तदुपरान्त देवदर्शन कसैलाई पनि नगराइने र देवमूर्ति बाहिरबाट समेत कसैले देख्न नपाउन् भन्ने हेतुले गर्भगृहअगाडि रहेको काष्ठनिर्मित आँखीझ्यालमा पनि पर्दा राख्ने गरिन्छ । यस प्रकार प्रत्यक्षतः देवदर्शन नगराइने बेला कुनै पनि भक्तजनले माथिल्लो तल्लाको मूलढोकासम्म मात्र गई प्रसाद लिन पाइन्छ । कुनै व्यक्ति वा परिवार पात्र भर्ने क्रममा त्यहाँ आएमा पालो पर्ने बज्राचार्य पुजारी एक्लै भित्र गई सो कार्य सम्पन्न पारी प्रसाद दिने तर न्यास झिकिसकेको हुँदा देवमन्दिरभित्र डमरु, घण्ट आदि बजाउन हुँदैन (मानन्धर, २०५१, पृ. ८२) ।

षष्ठीको दिन भोलिपल्ट सूर्योदय नहुँदै बिहानै चूडाकर्म गरेका पूजारीहरुले सबैले कलशादि पूजा सामग्री, खाद्य सामग्री र सङ्कटाले पहिरीएको पुराना *ल्हागा वस्त्र,* दशक्रोध देवताका *धकिं* हरु साथ लिई काठमाडौँ टेबहालबाट कटुवालदह तर्फ प्रस्थान गर्दछन् । ललितपुर बुङ्गमती पुगेपछि मच्छिन्द्रनाथको मन्दिरमा पूजापाठ गरेर भोजन ग्रहण गर्दछन् । त्यसपछि मध्यान्ह बुङ्गमतीबाट कटुवालदहतर्फ पैदल जाने गर्दछन् ।

साँझपख सबै पूजारी जम्मा भएर पूजा सामग्री तयार गरेर विधिपूर्वक यथास्थानमा स्थापना गरी मूलाचार्यबाट पुरश्चरण क्रियाको शुभारम्भ गर्दछन् । पुजारीहरु जेष्ठताको क्रमानुसार बसी देवताको तान्त्रिक मन्त्रद्वारा एकचित्त भई जपध्यान गर्दछन् । तान्त्रिक विधिद्वारा रहस्य पूजा आदि गरी सङ्कटाको पुरश्चरण क्रिया सम्पन्न गर्दछन् । प्रसाद ग्रहण गरेर साँझको खानपिन गरेर राती त्यहीँ सुत्ने गर्दछन् ।

भोलि बिहानै सप्तमीको दिनमा पालै पालो गरी मण्डलको पीठमा गई नित्य जपपाठ गरेर सबै पुजारीहरु दुई वटै कलश र पूजा सामग्री लिएर तल दहमा गएर मूल पुजारीले मन्त्रोच्चारणका साथै घण्ट बजाई सङ्कटालाई शङ्खद्वारा अर्घ दिने गर्दछन् । कटुवाल दहमा बज्राचार्य पूजारीहरुले नाग पूजा पनि गर्ने गर्दछन् (बज्राचार्य, २०५९, पृ. ३९-४०) । सबै पुजारीहरु मिलेर सङ्कटाका पुराना *ल्हागा वस्त्र धकिं* हरु दहको पानीमा सेलाउने गर्दछन् ।

मूलाचार्यको मन्त्रोच्चारण र घण्ट वादन सँगै क्रमानुसारका दोस्रो र तेस्रो पुजारीले दुवै कलशमा निर्मल जल दहबाट निकाल्ने गर्दछन् । कटुवालदहका मन्दिर रेखदेख गर्ने स्थानीयले आफूले देखेको कुरा अनुसन्धानकर्तालाई दिएको जानकारी अनुसार सङ्कटाको पाँच औँला सहितको हातको पञ्जा (चित्र नं. २८) राखेको शिलामा तान्त्रिक पूजा गरेर लामो डोरो बाँधेर डोरो सहित दहमा जाने गर्दछन् । दुवै कलशमा दहबाट पानी भर्दा “हाम्रो देवता आउनुभयो ! हाम्रो देवता आउनुभयो !” भनी खुशी व्यक्त गर्दछन् । जल भरिएको दुवै कलश माथि मण्डपमा ल्याएर राखिन्छ (व्यक्तिगत अन्तर्वार्ता, आशाराम तामाङ, २०८२-०४-१०) । मण्डलमा अष्टदल पद्म लेखि दुवै कलश र अन्य पूजा सामग्रीका साथ विधिपूर्वक यथास्थानमा स्थापना गरिन्छ । मूलाचार्यबाट सङ्कटाको पूजा शुभारम्भ हुने गर्दछ । सबै पुजारीहरु यथास्थानमा बसेर देवताको जप ध्यान गरी आराधना गर्दछन् । मूल पुजारी बाट तान्त्रिक विधि अनुसार रहस्य पूजा समेत गरी सङ्कटा एवं वरुण देवतालाई आह्वान गरी दुवै कलशमा प्रवेश गरिन्छ । तान्त्रिक पूजा लगभग ३ घण्टा जति हुन्छ । सङ्कटाको तान्त्रिक पूजा सकेपछि टीका, फूल, प्रसाद ग्रहण गरेर सबै पुजारीहरुले खानपान गरेर मध्यान्हमा त्यहाँबाट पूजा सामग्री बोकेर आउँदछन् ।

कटुवालदहबाट टौदहमा आएपछि मूल पुजारीहरुले नाग पूजा गरिन्छ । टौदहमा मूल पुजारीले मन्त्र वाचनका साथ कर्कोटक नागको पूजा गरी दुवै कलशमा दोस्रो पुजारीबाट जल हालिन्छ । टौदहको पूजा विधि सकेर साँझ चोभार जलविनायक मन्दिर प्राङ्गणको बायाँ पट्टि सत्तलमा सङ्कटा र वरुण देवता प्रवेश भएको दुवै कलशलाई अष्टदल पद्म लेखि राखिन्छ । बेलुका आठ बजे पछि पुनः मूलाचार्यले पूजा सामग्री विधिवत स्थापना गरी तान्त्रिक रहस्यपूजाको आरम्भ गर्दछन् । सबै पुजारीहरु यथास्थानमा बसी देवताको जपध्यान गर्दछन् । लगभग दुई घण्टा सम्मको पूजा समाप्ति पश्चात् मूल पुजारीबाट सबैलाई सङ्कटाको टीका, फूल प्रसाद वितरण गर्दछन् । रात्रीको भोजन सकेर त्यहीँ आराम गर्दछन् । (व्यक्तिगत अन्तर्वार्ता, चक्रेश्वर मोतीकाजी बज्राचार्य, २०८२-०४-२२) ।

भोलि बिहान पुजारीहरु पालै पालो जलविनायक मन्दिरभित्र बसी पूजापाठ गर्दछन् । पूजा सामग्री जोरजाम गरेर सङ्कटा र वरुण देवताको कलश र अरु पूजा सामग्री विधिवत् स्थापना गरी मूलाचार्य बाट सङ्कटाको पूजा शुभारम्भ गर्दछन् । तलपट्टिको नदिमा गई नागलाई *पुइँहायेगु* पूजा सकिएपछि जलविनायकलाई पनि एक भाग पूजा पठाइने गरिन्छ ।

दुई घण्टा सम्मको तान्त्रिक विधि अनुसार रहस्य पूजा समेत गरी सबैले सङ्कटाको टीका, फूल, प्रसाद ग्रहण पश्चात बिहानको खानपिन गर्दछन् (बज्राचार्य, २०५९, पृ. ४१) ।

जलविनायकबाट मूल पुजारी र अन्य क्रमानुसार सात, आठ जना पुजारीहरु ललितपुर सानेपातिर कलश लिएर जान्छन् । अरु पुजारीहरु काठमाडौँ टेबहालमा सङ्कटालाई सजाउने सुन, चाँदीका गहना पूजा सामग्री लिन जान्छन् । सानेपा मण्डलमा नव निर्मित एउटा सुन्दर खालको देवी खटमा सङ्कटा र वरुणको कलशलाई बिसाइने गरिन्छ । सानेपाको भजन मण्डलीद्वारा भजन भइरहेको ठाउँबाट सङ्कटा देवी आइपुगेको खबर सुनाउँछन् ।

सङ्कटा प्रवेश गराइएको कलशमा पञ्चसूत्र बेरी दृष्टि प्रदान गर्नुको साथै किकिम्पा, *हृदयफो,* नरशिलमाला, मुकुट जस्ता विभिन्न सुनचाँदीका रत्न जडित गहनाहरुले शोभायमान गर्दै पुष्पगुच्छा र मालाले सजाइन्छ ।

टेबहालबाट पनि पूजा सामग्री लिई सिखाकार, डंगोल, महर्जनहरु आउँदछन् । सांस्कृतिक, परम्परागत बाजाहरु, पञ्चताल वाद्य (*पयंताः*), धिमे, नायखिं, दाफा, बाँसुरी, गुँला बाजाहरु सहित आ-आफ्ना तालमा सङ्कटाको *द्योः ल्हायेगु* बाजा बजाउने गर्दछन् । बज्राचार्य सबै पुजारीहरुले नयाँ चोखो वस्त्र धोती, टिसर्ट र कषाय्गा (एक किसिमको रातो कपडा) लगाई सङ्कटा देवीको खट निर मण्डलमाथि घेरिएर बस्ने गर्दछन् । मूल पुजारीको संकल्प वाक्य उच्चारण साथ सर्वप्रथम अन्य पुजारीहरुको तर्फबाट सङ्कटाको पूजा शुभारम्भ गरिन्छ । टेबहालका सिखाकारको पूजा र खिचापोखरीका डंगोल, महर्जनहरुको पूजा सकिएपछि पुजारी गुरुजुहरुबाट फूल, टीका, पञ्चसूत्र धागो, प्रसाद वितरण गरिन्छ । पुजारीहरुद्वारा भक्तजनहरुको पूजा सामग्री लिई सङ्कटामा अर्पण गरिन्छ । सिखाकार एवं महर्जनहरुबाट सङ्कटाको टीका फूल ग्रहण पश्चात् त्यहाँ भेला भएका सर्वसाधारण भक्तजनहरुलाई समयबजी प्रसाद खुवाइने गरिन्छ । दिनभरि जसो सानेपा मण्डलमा पूजा र सङ्कटाको दर्शन गर्ने कार्यक्रम हुने गर्दछ । साँझ तिर काठमाडौँका विभिन्न टोलहरुबाट सांस्कृतिक बाजा धिमे, धुन्यामुन्या, बाँसुरी, ब्याण्डबाजाका टोलीहरु शोभा यात्राको लागि उपस्थित हुन आउने गर्दछन् (व्यक्तिगत अन्तर्वार्ता, रञ्जन शिखाकार, २०८२-४-८) ।

साँझको समयमा सानेपाबाट सङ्कटाको कलशको शोभायात्रा प्रारम्भ गर्ने परम्परा रहेको छ । मूल पुजारीले नीलो रङको जामा वस्त्र लगाई शिरमा पञ्चबुद्ध मुकुट लगाई दायाँ

हातमा बज्र र बायाँ हातमा घण्ट लिई कषाय्गा लगाई आचार्य बन्धुदत्तको प्रतिनिधि स्वरुप सङ्कटाको खट सामुन्ने आउँदछन् ।

सांस्कृतिक परम्परागत बाजाहरुका टोलीहरुले आ-आफ्नो तालमा सङ्कटाको *द्यो: ल्हायेगु* कार्य गर्ने गर्दछन् । सङ्कटा क्लबका युवाहरुबाट सेतो कपडाको *बसा* ओछ्याउने गर्दछन्, जुन शोभायात्रा नसकिँदा सम्म निरन्तरता दिने गरिन्छ ।

मूल पुजारीले सङ्कटाको पञ्चोपचार पूजा गर्नुको साथै घण्ट बजाई तान्त्रिक नृत्य गरेपछि, पुजारीहरुको वरियताक्रमानुसार दोस्रो, तेस्रो, चौथोँ र पाचौँ पुजारीहरुले सङ्कटा प्रवेश भएको कलश राखिएको खटलाई उचाली काँधमा बोकी सानेपा मण्डलबाट ढुङ्गेधारा तल ओर्लिन्छन् । अरु बज्राचार्य पुजारीहरुले सङ्कटा विराजमान गरिएको खटलाई कसैबाट छुन नपाउने गरी आपसमा हात समाई खटलाई चारैतिरबाट घेरा हाली सानेपाको मण्डल, ढुङ्गेधारा भई मूल सडकमा आउँदछन् (बज्राचार्य, २०५९, पृ. ४३) ।

हर्ष उमङ्गका साथ भक्तजनहरुले “सङ्कटा माईको जय” भन्दै गुन्जायमान गर्दछन् । शोभायात्राको सबैभन्दा अगाडि सेता जामा पहिरिएका खड्गी समाजका नायखिं बाजा, अनि क्रमशः डंगोल-महर्जनका धिमेबाजा, धुन्यामुन्या, दाफा बाजा, बाँसुरी बाजा, ब्याण्डबाजा र सिखाकारका गुँला बाजा र भक्तजन महिलाहरुको शोभा जुलुश सहित सङ्कटाको शोभायात्रा सञ्चालित गरिन्छ । मूल खटको पछि-पछि मखन बहाल बज्राचार्यहरुको परम्परागत बाजा पञ्चताल (*पयतां खल:*) र अरु भक्तजनहरुको उल्लासपूर्ण सहभागिता हुने गर्दछ । यात्रा मार्गको दायाँ बायाँ अवस्थित घरहरुबाट सङ्कटाको दर्शन, पूजनको साथै झ्याल कौसीबाट महिला, पुरुष, बालक, वृद्ध सबैले दक्षिणा चढाई नतमस्तक हुँदै सङ्कटाको दर्शन गर्दछन् ।

यसरी दोबाटो चौबाटोमा मूल पुजारीबाट सङ्कटाको पञ्चोपचार पूजा गर्नुको साथै तान्त्रिक नृत्य गरी गुसिंगालबाट ओर्लेर बागमती नदी तरी विश्वनिकेतन स्कूलको पछाडि बाटोबाट पुण्येश्वर पुगिन्छ । बागमती नदी क्षेत्रमा भक्तजनहरुको विशाल सहभागिता हुने गर्दछ । सङ्कटाको खटले जल स्पर्श हुँदा भक्तजनहरु नदीमा डुबुल्की मार्ने गर्दछन् । शोभायात्रा पुण्येश्वरबाट त्रिपुरेश्वर, दशरथ रंगशाला, जगन्नाथ-देवल, नागस्थान हुँदै आर.एन्.ए.सी. बाट टेबहाल भित्र प्रवेश गरिन्छ । टेबहाल प्रवेश गर्ने सानो गल्लीको अगाडि बाटोमा गणेशको एउटा मन्दिर रहेको छ । गणेशको मन्दिरलाई दायाँ पारेर सङ्कटाको खट टेबहालको मूल ढोकामा पुऱ्याइने गरिन्छ ।

रातीको करिब आठ बजे तिर सङ्कटाको खट टेबहालमा पुग्दछ। टेबहालभित्र विभिन्न सांस्कृतिक बाजा एवं भक्तजनहरुको भिड धेरै हुने गर्दछ । टेबहाल भित्र विहार र मन्दिरमा झिलिमिलि बत्ती बालिने गरिन्छ । सङ्कटाको खट पुग्नु भन्दा पहिल्यै गणेशस्थाननिरको मूलढोकामा रातो माटोले पोतिएको, *पोताय्* (एक किसिमको अबिर, सिन्दूर मिसिएको सेतो फुस्रो ढुङ्गाको चुर्ण) ले स्वस्तिक लेखी माला ओछ्याइने गरिन्छ । त्यसको दायाँ बायाँ पल्लवयुक्त माघेफूल माथि माटाका पाला भरि चामल राखि एउटा सिङ्गो सुपारी र दक्षिणाले छोपिएको जलपूर्ण कलश राखिन्छ। त्यसको सँगसँगै दायाँबायाँ प्रज्वलित बत्ती भएको कलात्मक पानस दुईवटा राखिन्छ । मूल ढोका *(पिखालुखु)* माथि रातो वस्त्रका चँदुवा टाँगेर राखिन्छ । सङ्कटाको खट मूल ढोकामा पुग्नासाथ पञ्चताल वाद्य (*पयता*) को मंगल ध्वनिका साथ मूल पुजारीको स्वस्ति वाचनमा नेपाली परम्परागत प्रचलन अनुरुप मौलिक संस्कृति स्वरुप पाँच जना थकालीका श्रीमतीहरुले सङ्कटाको *लसकुश* (स्वागत पूजा) गर्दछन् । सर्वप्रथम मूल थकालीको श्रीमतीले *बलिंपियेगु* (चामलको कनिकाहरु छरी भूत पिशाच पन्छाउने काम), *सिफं लुयेगु* (काठको पाटीमा फलफूल, लावा, अबीर, फूल, चामल मिलाई शिरमाथि खन्याई दिई पूजा गर्ने र *धौसगं बियेगु* (दही अबीर चामल मुछिएको टीका लगाई पुरुषको दायाँ र महिलाको बायाँ कञ्चटमा बुढी औँलाले दही लगाउने) कार्य सम्पन्न गर्ने गरिन्छ । त्यसपछि पाँचौ नम्बरका थकालीको श्रीमतीले नयाँ वर्मा कुचोले भुई बढार्दै, चौथो थकालीको श्रीमतीले कलशबाट जलधारा खसाली, तेस्रो थकालीको श्रीमतीले दही कटहर समाई, दोस्रो थकालीको श्रीमतीले पूजा थाली समाई र पहिलो थकालीको श्रीमतीले *माताचा* (एक प्रकारको पुरानो फलामे साँचो) समाई सङ्कटालाई मन्दिर भित्र्याइने गरिन्छ। (व्यक्तिगत अन्तर्वार्ता, चक्रेश्वर मोतीकाजी बज्राचार्य, २०८२-४-२२) ।

सङ्कटाको दुवै कलशलाई खटबाट झिकी मन्दिरको माथिल्लो तल्लामा मूल ढोकाभित्र *थठ्याचा* भन्ने ठाउँमा ढोका बाहिरबाट दर्शन गर्न मिल्ने गरी अष्टदल पद्म लेखी राखिन्छ। त्यसपछि मूलाचार्यको स्तोत्र वाचनका साथ दोस्रो थकालीले पुनः तान्त्रिक विधि अनुसार सङ्कटाको पूजा गरी सकेपछि सर्वसाधारण भक्तजनहरुलाई सङ्कटाको दर्शन गर्न माथि पठाइने गरिन्छ । मध्यरातसम्म भजन मण्डलद्वारा सङ्कटाको भजनकीर्तन समेत गरिन्छ (बज्राचार्य, २०५९, पृ. ४५) ।

मन्दिरभित्र सङ्कटाको कलश प्रवेश पछि सङ्कटाको पूजा सकिनासाथ *पयतां खलः* मखन बहालका गुरुजुहरुलाई भोजन गराई दक्षिणा सहित *किभुः* (थालीमा भरिएको चामल)

प्रदान गरी बिदा गरिन्छ । सङ्कटालाई कटुवाल दहबाट कलशमा आराधना गरी ल्याई विधिपूर्वक शोभायात्रा सुसम्पन्न भएको उपलक्ष्यमा पाँच जना थकाली सहित सबै पुजारीहरुले स्वस्ति मंगल स्तोत्र वाचनका साथ उसिनेको हाँसको फूल र सिंगो माछा पालामा रक्सी राखि लिइने सगुन लिई सकेपछि आ-आफ्ना निवास स्थान तिर लाग्दछन् ।

### ३.१.५ सङ्कटाको जात्रामा टेबहाल शिखाकार गुठीको भूमिका

टेबहालको राजकीर्ति महाविहार वरिपरि बस्ने बासिन्दाहरु मध्ये शिखाकार थरका उदास समुदाय पनि प्रमुख हुन् । टेबहालका शिखाकार गुठीले गुंला बाजा संरक्षण गरी आइरहेका छन् । टेबहालमा शिखाकारहरुले गुंला पर्वको अवसरमा एक महिना नामसङ्गीती पाठ गर्ने गर्दछन् ।

कटुवालदह बाट सङ्कटा र वरुणको कलश ललितपुरको सानेपामा ल्याइसकेपछि शिखाकार गुठीको महत्वपूर्ण भूमिका देखिने गर्दछ । सङ्कटा र वरुणको कलशमा सर्वप्रथम बज्राचार्य गुरुजुहरुले पूजा पश्चात झम्सिखेल सानेपास्थित भजन मण्डलमा विराजमान गराइएका कलशहरुमा भक्तजनहरुमध्ये सबैभन्दा अगाडि टेबहालका शिखाकार गुठीका गुठीयारहरुले पूजा गर्ने प्रचलन रहेको छ ।

प्रत्येक १२ वर्षमा शहर प्रवेशको लागि सानेपास्थित भजन मण्डलमा गृह प्रवेश शोभायात्रा शुरु हुनु भन्दा अगाडि गरिने शिखाकारहरुको *कोतः* पूजा समेत बज्राचार्य गुरुजुहरु बाट नै सम्पन्न गरिन्छ । उक्त शिखाकार गुठीको *कोतः* पूजा पछि सङ्कटामा गुठीको तर्फबाट १२ भाग प्रसाद चढाउने कार्य सम्पन्न गरिन्छ । सङ्कटामा विधिपूर्वक प्रसाद चढाइसकेपछि गुठीयारहरु र अन्य सर्वसाधारणलाई समेत प्रसाद (समय्बजी) वितरण गरिने गरिन्छ । उक्त पूजा र प्रसाद चढाउने र वितरण गर्न लाग्ने खर्च सबै शिखाकार गुठीका गुठीयारहरुद्वारा नै व्यहोर्ने गरिन्छ । (सिखाकार, २०५९, पृ. ७१-७२) ।

सङ्कटाको गृह प्रवेश शोभायात्रा गर्नुभन्दा पहिलाको पूजा र शोभायात्रामा सहभागी हुन शिखाकार गुठीका गुठीयारहरु सबै जानु पर्ने चलन कायम रहेको पाइन्छ । सानेपा भजन मण्डलबाट पूजा र प्रसाद ग्रहण पश्चात् शोभायात्रा शुरु गर्दा टेबहालका शिखाकारहरुको गुँला बाजं खलः अगाडि बाजा बजाई आउने गर्दछन् । उक्त शोभा यात्रामा मखन बहाल स्थित बज्राचार्य गुरुजुद्वारा बजाउने *पयँता खलः बाजा*, महर्जनहरुका *धिमे बाजा खलः*, बासुरी बाजा, खड्गीहरुको नाय्खिं बाजा आदि बजाइएको हुन्छ । शोभा यात्रामा शिखाकार गुठीका प्रमखु र

(उप-प्रमुख) द्वारा सङ्कटा र वरुण विराजमान गराइएका कलशहरुलाई बज्राचार्य गुरुजुहरुले जस्तै केश मुण्डन गरी सेतो धोती र निलो रङको लुगा लगाई चमर हम्काउने गर्दछन् । बज्राचार्य गुरुजुहरु जस्तै उनीहरु पनि पूजा नसकिएसम्म उपवास बस्नु पर्ने रित चलिआएको छ (व्यक्तिगत अन्तर्वार्ता, रञ्जन शिखाकार, २०८२-४-८) ।

त्यसरी प्रत्येक १२ वर्षमा सङ्कटालाई कटुवाल दहबाट साधना गरी ल्याउने मेलामा राजकीर्ति महाविहार स्थित मन्दिरमा प्रतिस्थापन भएपछि शिखाकारहरुको सम्पूर्ण कार्य पनि समाप्त हुने गर्दछ ।

## ३.२ टेबहालमा प्रचलित *य:सिं* परम्परा

इन्द्रजात्राको भव्य अवसरमा हनुमानढोका परिसरमा मात्रै नभएर काठमाडौंको टेबहालमा पनि *य:सिं* ठड्याउने परम्परा छ । हनुमानढोकामा ठड्याइने *य:सिं*को जस्तै टेबहालमा पनि *य:सिं* इन्द्रजात्राको पूरै अवधिभरि अर्थात् ८ दिनसम्म उठाएर राखिन्छ । *य:सिं* ठड्याउँदा विशेष साइतको निर्धारण गरिन्छ, तर टेबहालको *य:सिं*लाई ठड्याउने साइत हनुमानढोका परिसरमा ठड्याइएको *य:सिं* पछि मात्रै लिइन्छ । हनुमानढोकामा विधिवत रूपमा *य:सिं* ठड्याएपछि मात्र यहाँ साइत हेरेर *य:सिं* उठाइन्छ (बज्राचार्य, २०८१, पृ. ३७) ।

टेबहालको *य:सिं*को मुख्य विशेषता इन्द्रको मुकुट पूर्व दिशातर्फ फर्काएर राख्ने परम्परा हो । यो परम्पराले दुईवटा विशेष अर्थ दिन्छ । पहिलो, इन्द्रजात्रा सुरू भएको संकेत गर्न र दोस्रो, इन्द्रलाई वर्षाका लागि धन्यवाद दिनको लागि *य:सिं* को परम्परा चलाइएको हो । यस *य:सिं*मा प्रयोग गरिने इन्द्रको मुकुट पितलबाट बनाइएको हुन्छ । मुकुटको साथसाथै इन्द्रको दुईवटा हात बाँसबाट निर्माण गरिएको हुन्छ (बज्राचार्य, २०८१, पृ. ३७) ।

इन्द्रको मुकुटलाई प्रत्यक्ष उपस्थितिको प्रतीक मानेर यस *य:सिं*सँग जोडेर ठड्याइन्छ । टेबहालको यस परम्परामा इन्द्रको सम्मान गर्दै उनको आशीर्वाद प्राप्त गर्न जनसमुदायले *य:सिं*को पूजा गर्ने परम्परा चलाएको मानिन्छ । यो *य:सिं* उठाउनुको कारण इन्द्रको शक्ति र समर्थनलाई जागृत गर्ने हो । जसले समृद्धि र सुख-शान्ति ल्याउँछ भन्ने जनविश्वास छ । इन्द्रजात्राको अर्को प्रमुख पक्ष भनेको वर्षाको देवता इन्द्रलाई धन्यवाद दिनु हो । यस पर्वमा इन्द्रले दिएको वर्षा र समृद्धिका लागि धन्यवाद ज्ञापन गर्ने परम्परा रहेको छ (बज्राचार्य, २०८१, पृ. ३८) । वर्षाको माध्यमबाट उर्वरता र कृषि उत्पादनमा भएको प्रगतिको लागि इन्द्रलाई

श्रद्धा अर्पण गर्न *य:सिं* ठड्याइन्छ । यसरी इन्द्रको सम्मान गर्दै हरेक वर्ष इन्द्रजात्रा मनाइन्छ, जसले कृषि समुदायमा ठूलो महत्व राख्छ ।

यस *य:सिं*को अर्को महत्वपूर्ण र रोचक पक्ष भनेको यसको टुप्पोमा *"धुँ स्वाँ"* (गुच्छा फूल) राख्ने परम्परा हो । हरेक वर्ष गुह्येश्वरीको जङ्गलमा गएर यस फूललाई खोजेर ल्याउने परम्परा रहेको छ । *य:सिं* प्रत्येक वर्ष नयाँ बनाइँदैन । जबसम्म प्रयोग भइरहेको *य:सिं* बिग्रिँदैन तबसम्म त्यही *य:सिं*लाई हरेक वर्ष ठड्याउने र ढाल्ने कार्य गरिन्छ । इन्द्रजात्राको विधि अनुसार, हनुमानढोका परिसरमा ठड्याइएको *य:सिं* विधिवत रूपमा ढालिसकेपछि मात्रै टेबहालको *य:सिं* ढालिन्छ । *य:सिं*लाई ठड्याउने र ढाल्ने प्रक्रिया पूरा भएपछि यसलाई भद्रकाली गुठीको *द्यो: छे* (देव घर) को पछाडिपट्टि राखिन्छ ।

जब *य:सिं* समयक्रमसँगै कुहिन थाल्छ तब नयाँ *य:सिं*को व्यवस्थापन गरिन्छ । *य:सिं* बनाउन आवश्यक रूखको लागि चोभारको जङ्गलबाट रूख ल्याइन्छ । गुठीयारहरू चोभारमा गएर *य:सिं* निर्माण गर्न उपयुक्त र मनपर्ने रूख छनोट गर्छन् । रूख छनोट भएपछि, वन विभागबाट स्वीकृति प्राप्त गरिन्छ र त्यसपछि मात्र रूख ढाल्ने काम गरिन्छ । यस कार्यको लागि वन विभागमा एक निश्चित दस्तुर तिर्नुपर्छ, जसलाई जरिवाना भनिन्छ ।

यसरी, *य:सिं*को निर्माण, व्यवस्थापन र यससँग सम्बन्धित सम्पूर्ण प्रक्रिया एकदमै परम्परागत र विधिपूर्वक गरिन्छ । जसले यस सांस्कृतिक प्रतीकलाई जीवन्त राख्न महत्वपूर्ण भूमिका खेल्दछ । विहार परिसरमा इन्द्र जात्राको लिंगो ठड्याउँदा हिन्दू र बौद्ध धर्मावलम्बी बिच समन्वयात्मक सम्बन्ध रहेको पाइन्छ ।

## ३.३ स्थान गणेशमा पूजा

टेबहाल पस्नु भन्दा अगाडि स्थान गणेशको मन्दिर सडकको बिच भागमा रहेको छ । यस मन्दिर टेबहाल, नछेंगल्ली र खिचापोखरीका मानिसहरुको पर्व पर्वमा स्थान गणेशका रुपमा गणेश पूजा गर्ने मन्दिर हो । टेबहाल, नछेंगल्ली र खिचापोखरीका छोरीहरुको विवाह हुँदा यस स्थान गणेशमा ल्याई दर्शन गर्न लगाई दुलहा र दुलही दुवै तर्फको गुरुजनहरुले *भौमचाखँ ल्हायगु* भनी दुवै पुरोहित बिच आफ्नो-आफ्नो पक्षको तर्फबाट संवाद गरी बिदा दिई पठाउने चलन रहेको छ ।

उक्त स्थान गणेशमा प्रत्येक वर्ष चैत्रकृष्ण चिल्लागा *पाहाँचह्रे*को राती घोडेजात्राका दिन टेबहालका महर्जनहरुले धिमे आदि बाजा बजाई सङ्कटाको मन्दिरबाट लिएर ढलौटको मूर्ति त्यहाँ राखिन्छ । त्यस समय सङ्कटाका पुजारीहरु नै स्थान गणेशमा पालो बस्ने चलन रहेको छ । अरु पर्वको बेलामा ज-जसको सङ्कटाको पालो पर्छ उसैले अर्को ढलौटको मुकुट सहितको गणेशको मूर्ति उक्त मन्दिरमा लगेर स्थापना गरी पूजा गर्ने चलन रहेको छ । कसैले भाकल गरी बोका बलि चढाउन ल्याएमा सङ्कटाको मन्दिरमा बोका संकल्प मात्र गरेर उक्त स्थान गणेशमा लगेर बलि चढाउने प्रचलन रहेको छ (बज्राचार्य, २०५८, पृ. १५) ।

## ३.४ भद्रकाली देवघरमा पूजा परम्परा

टेबहालमा रहेको भद्रकाली देवघर टुँडीखेलमा रहेको भद्रकाली पीठको *द्योः छें* हो । यस देवघरमा चौध जना गुठी सदस्यहरु रहेका छन् । चौध जना गुठीयारहरुले प्रत्येक महिना भोज गर्ने गर्दछन् । पालो बस्ने सदस्यहरु ३५ जना रहेका छन् । ३५ जनाले नै एक/एक हप्ता पालो गरेर मन्दिरमा बस्ने गर्दछन् । टेबहाल भद्रकालीको जात्रामा वस्त्र, टोपी पहेँलो रंगको लगाउने गर्दछन् । यस देवघरमा वर्षमा तीन पटक बडादशैँ नवमी, *पाहाःचह्रे* (घोडेजात्रा) र शिवरात्रीमा बलि सहितको पूजा गर्ने गरिन्छ । प्रत्येक दिन बिहान पालो पर्ने गुठीका सदस्यहरुले नित्य पूजा र साँझ आरती बालेर पूजा गर्ने गर्दछन् ।

### ३.४.१ नित्य पूजा

भद्रकाली देवघरमा हरेक विहान ५ बजे देखि नित्य पूजा हुने गर्दछ । देवता धुने, धुपबत्ती, दियो, आरती, फलफूल, अक्षता आदि राखेर पूजा गर्ने गरिन्छ । यस भद्रकाली देवघरमा महर्जनहरबाट नित्य पूजा हुँदै आइरहेको छ । पूजामा महर्जनहरुको भूमिका कस्तो रहेको छ भन्ने विषयमा पुजारीहरुसँग अन्तर्वार्ता र प्रत्यक्ष अवलोकनबाट प्राप्त तथ्य अनुसार यस मन्दिरमा नित्य पूजा, नैमित्तिक पूजा, भाकल पूजा हुने गर्दछ ।

यस मन्दिरमा प्रत्येक दिन बिहान र साँझ धुपबत्ती र आरती हुने गर्दछ । महर्जन समुदायका मानिसहरुले हाल हप्ता/हप्ता दिनको पालो गरी मन्दिर परिसरमा रहेर बिहान साँझ सम्पन्न गर्नुपर्ने पूजाको कार्य गर्ने र भक्तजनहरुलाई मन्दिरमा हुने पूजाकार्यमा सहयोग गर्दै आइरहेका छन् । नित्य पूजा गर्दा समयबजी, जजंका, अण्डा, रक्सी, जाँड आदि राखेर पूजा गर्ने गरिन्छ (व्यक्तिगत अन्तर्वार्ता : कान्छा महर्जन, २०८२-०४-२९) ।

### ३.४.२ नैमित्तिक पूजा

हरेक वर्ष एउटै तिथिमा हुने पूजा नैमित्तिक पूजा हो। भद्रकाली देवघरमा हरेक महिना र पर्व विशेष पूजाहरु हुने गर्दछन्। नैमित्तिक पूजामा हरेक पर्वमा आ-आफ्नो तरिकाको पूजा विधि रहेको छ।

#### ३.४.२.१ चतुर्दशी पूजा

भद्रकाली देवघरमा प्रत्येक महिनाको चतुर्दशीको दिन चतुर्दशी पूजा हुने गर्दछ। हरेक महिनाको चतुर्दशीमा सौगलबहालको बज्राचार्य गुरुजुले पूजा गर्ने गर्दछन्। चह्रेपूजालाई विशेष पूजाको रुपमा हेर्ने गरिन्छ। चतुर्दशीको पूजा तान्त्रिक विधिद्वारा हुने हुने गर्दछ। यस पूजामा समयबजी, रक्सी, जाँड, ख्या, भटमास, अण्डा राखेर मण्डल बनाएर पूजा गरिन्छ। यस पूजामा बलि पनि दिने गरिन्छ। बलिमा पहिला बोका दिने प्रचलन रहेको थियो तर महङ्गीको कारणले गर्दा हाल कुखुराको बलि दिने प्रचलन रहेको छ। दिनभरि नै पूजा हुने गर्दछ। पूजा सकेपछि भोज खाने गर्दछन्। सौगलबहालका शास्वतबज्रले भद्रकालीलाई कामरुप कामाक्षाबाट ल्याएर स्थापित गरेको हुँदा सौगलबहालका बज्राचार्य गुरुजुले हरेक महिनाको चतुर्दशीमा पूजा गर्ने परम्परा रहिआएको छ (व्यक्तिगत अन्तर्वार्ता : विष्णुमाया महर्जन, २०८२-०४-२२)।

#### ३.४.२.२ *पाहाँचह्रे* अर्थात पिशाच चतुर्दशी पर्व

भद्रकाली देवघरमा चैत्रकृष्ण चतुर्दशीका दिन मनाइने यस चाडलाई पिशाच चतुर्दशी वा पासाचह्रे पनि भनिन्छ। घाट, फोहोर ठाउँ आदि स्थलको वरपर बसी जे पायो त्यही खाएर बस्ने मानिसलाई पिशाच भनिन्छ (बज्राचार्य, २०७७, पृ. १२४)। भूतप्रेत पिशाच भनेको महादेवको गण हुन्। पाहाँचह्रेमा *लुकुमाद्यः*लाई पूजा गर्ने पर्व हो। *लुकुमाद्यः* भनेको लुकेर बसेका महादेव हुन्। काठमाडौं उपत्यकामा सम्पूर्ण हिन्दू र बौद्ध नेवारहरु दशैं र तिहार पछिको महत्वपूर्ण पर्वका रुपमा तीन दिनसम्म यो पाहाँचह्रे पर्व मनाउने गर्दछन्। सालको अन्त्यमा पर्ने भएकाले यसलाई नेवारहरु *म्ह्याय्मचा नखः* भन्ने गर्दछन् भने कसैले यसलाई अतिथिहरुलाई सत्कार गर्ने पासाचह्रे पनि भन्ने गर्दछन्। यस्तै विभिन्न रोगादिबाट छुटकारा दिन सक्ने लसुन भएकाले यो पर्वमा विशेष गरेर लसुन राखी खाने चलन भएकाले यसलाई नेवारहरु *लाभा नखः* पनि भन्ने गर्दछन् (वज्राचार्य, २०७६, पृ. १२०)।

पिशाच चतुर्दशी पर्वको अवसरको सम्बन्धमा यस्तो किंवदन्ती पाइन्छ । यो पर्व शिव र पार्वती बिच विवाद चल्दा एक पटक पार्वतीलाई चित्त दुख्ला भनेर शिवजी पिशाचको रूपमा फोहोर ढलमा लुकेका थिए । यसैलाई सम्झनाका लागि वर्षको एकपटक फोहोर ढल सफा गरी लुकेको महादेवलाई पूजा गर्दै आएका हुन् । यस्तै यस पर्वको सम्बन्धमा नेवारहरू *पाहाँचह्रे* भन्नुको कारण पिशाच चतुर्दशीका दिन भगवान शिवले विश्व प्रकट भई दुनियाँको घर आँगनमा शिवलिङ्ग स्वरूप दर्शन गर्न आई सबैलाई अतिथिको व्यवहार गर्न पूजाआजा गर्ने गरेको हो । यस्तै पिशाच चतुर्दशी पर्व मनाउनु पर्ने कारण अर्को किंवदन्ती अनुसार कुनै समयमा महादेवलाई पनि दशा लागेर भष्मासुरले खोजी गर्दा उनी फोहोर ढल नालामा लुक्नुपर्ने अवस्था आएको थियो । अनि वर्षेनी एक पटक पृथ्वीमा प्रकट गर्ने सिलसिलामा यही पिशाच चतुर्दशीका दिन परेको त्यसै सम्झनामा महादेवलाई पूजाआजा गर्ने प्रचलन रहेको मानिन्छ ।

पाहाँचह्रेको पहिलो दिन काठमाडौँमा विभिन्न देवदेवी *अजिमाह*रुको खट यात्रा गरिन्छ । यहाँ विभिन्न स्थानमा रहेका ठूल्ठूला पीठका देवदेवीहरु जस्तो लुँमधि भद्रकाली, न्हाय्कंतला अजिमा, टंकेश्वरीको नीलवाराही अजिमा, श्वेतकाली र अन्य खटहरु आ-आफ्नो इलाकामा बाजागाजका साथ सहर परिक्रमा गरी जात्रा गर्ने गर्दछन् । सन्ध्याकालमा आ-आफ्नो इलाकामा रहेको पीठ वा कुनै स्थानमा रहेको शिवलिंग *लुकुमाद्यः* पूजा गर्ने गर्दछन् । यसबेला ३६४ दिन सम्म पिशाचको रुपमा पृथ्वीतल लुकिरहेका शिवलिंगलाई अतिथिको रुपमा आँगन, चोक, पीठमा प्रकट भएको अवसर मानी पूजा गर्ने गर्दछन् (वज्राचार्य, २०७६, पृ. १२१) ।

*लुकुमाद्यः*लाई विशेष रुपमा माछा, मासु, भुजा, जाँड, रक्सी, लसुन र अन्य खाद्य पदार्थ राखी पूजा गरिन्छ । सबैले घर घरमा विशेष गरेर हरियो लसुन तरकारी राखी प्रसाद ग्रहण गर्दछन् । पूजामा बालिएको प्रज्जवलित दीपदानीमा गाजल पारी सबै परिवारको सदस्यले गाजल लगाउने गर्दछन् । सो गाजल लगाउनाले आँखाको कुनै रोग नभई आँखा तेजिलो हुनेछ भन्न जनश्रुति रहेको छ । विशेष गरेर पिशाच चतुर्दशीका दिन लुँमधि भद्रकालीको मूर्तिलाई खटमा राखी राति टेबहाल सङ्कटा मन्दिर परिक्रमा गराइ खिचापोखरी, पाको पुखुद्यां र न्यूरोड हुँदै टुँडीखेलमा विराजमानका लागि लगिन्छ ।

पिशाच चतुर्दशीको दोस्रो दिन ठाउँ ठाउँका पीठहरुमा *मलःजा नकेगु* भनी पीठ पूजा गरी स-साना *इही* र व्रतबन्ध नगरेका बालबालिकालाई भुजा, मिठाई र अरु वस्तुहरु बाँड्ने

चलन रहेको छ। यी बालबालिकालाई वर्षातको समयमा विभिन्न रोगले नसताउन् भन्ने आशा राखि दान प्रदान गर्ने गरिन्छ । सोही दिन दिउँसो टुँडीखेलमा घोडेजात्रा पर्व पनि मनाइने गरिन्छ । घोडेजात्रामा पनि पञ्चबली दिने रहेछन् । घोडेजात्राको एक दिन अगाडि भद्रकाली देवी बाहेक सबै देवीगण, गणेश, कुमार, अष्टमातृकाका मूर्ति निकालेर टुँडिखेलमा लैजाने गर्दा रहेछन् । सात दिन सम्म जात्रा भोज गर्ने कुरा अन्तर्वार्ताको क्रममा जानकारी प्राप्त भएको थियो । घोडेजात्रामा *मरजा इहि* र व्रतबन्ध नगरेका बालबालिकालाई खुवाउने प्रचलन रहेछ । उक्त दिन बालबालिकालाई भात, दाल, पिडालु, साग, गेडागुडी, दूध, चकलेट आदि खुवाउने गर्दछन् । आमा नभएका बालबालिकालाई पनि दूध र अन्य परिकार खुवाउने प्रचलन रहेछ । बालबालिका स्वस्थ र राम्रो होस् भनी *मरजा* खुवाउने प्रचलन रहेछ ।

घोडेजात्रामा देवदेवीहरुलाई निकालेर लैजाने हुँदा घोडेजात्राको क्रममा देवदेवीहरु थकित अवस्थामा हुने हुँदा आमाको मुख हेर्ने दिन भन्दा अगाडि सबै गरगहना, आभुषण लगाई दिएर विशेष पूजा गर्ने रहेछन् । जसले गर्दा देवदेवीमा उर्जा पुनः सञ्चार हुन्छ भन्ने मान्यता रहेको छ ।

पिशाच चतुर्दशीको तेस्रो दिन विभिन्न देवदेवीहरुको खट लुँमधि भद्रकाली, यट्खाको कङ्ग अजिमा (कंकेश्वरी), नीलवाराही अजिमा (टंकेश्वरी) आदि तीन खटलाई दिउँसो असनमा ल्याई *द्यो ल्वाकेगु* भनी खट जुधाउने परम्परा रहेको छ । खट जुधाउने भनी ती तीनै खटमा बसी एक आपसमा निगालोको चिराग साटासाट गरि एकले अर्कोलाई परिक्रमा गराइन्छ । तीनवटै खटहरु पछि आ-आफ्नो गन्तव्य स्थानमा जात्राका लागि लैजाने गर्दछन् ।

टेबहालमा *लुकुमाद्यः*लाई पूजा गर्ने ठाउँ भनेको टेबहाल भित्र प्रवेश गर्ने बाटोमा रहेको सानो गणेश मन्दिरको उत्तरतिरको छेउमा पर्ने सडकको बिचमा फलामको ढक्कनले ढाकेको स्थान छ, त्यसलाई स्थानीयहरुले *लुकुमाद्यः* रहेको भनी पूजा गर्ने गर्दछन् । ढाकेर राखेको *लुकुमाद्यः* खोलेर लिपपोत गर्ने गर्दछन् । सन्ध्या समय हुने बित्तिकै *लुकुमाद्यः*को ठाउँमा सुकुन्दामा बत्ती बालेर देवता पूजा गर्ने गर्दछन् । समयबजी सँगै लसुन अनिवार्य रुपमा राखेर भोज पनि चढाउने गर्दछन् । विभिन्न किसिमका परिकार बनाएर सर्वप्रथम *लुकुमाद्यः*लाई चढाएर भोज खाने बेला लसुनको परिवार अनिवार्य रुपमा बनाएर खानुपर्ने प्रचलन रहेको छ । *लुकुमाद्यः*लाई वर्षमा एकचोटी मासु चढाउने गर्दछन् ।

### ३.४.२.३ *पाया:* अर्थात खड्गजात्रा

*पाया:* अर्थात खड्गजात्राको उपलक्ष्यमा काठमाडौँ उपत्यका भित्र अनेक रमाइला सांस्कृतिक तथा धार्मिक जात्रा, पर्व आदि चहलपहलहरु देख्न पाइन्छ । विजयादशमीको दिन पूजाआजा सकिएपछि परिवारका वा गुठीका पुरुषहरुले आ-आफ्नो आगमघर अथवा गुप्त पूजाकोठाबाट त्यहाँ पूजा गरी राखिएका खुँडा, खड्ग, तरवार आदि हातमा लिई आ-आफ्नो परम्परागत रोल क्रम अनुसार जेठो अथवा थकालीको पछि पछि लहर मिलाई परम्परागत पोशाक चोलो, जामा, पगरी आदि लगाई जमराको माला लगाई नाङ्गो खुट्टा भई दुवै हातले ती हतियारहरु समाती बाहिर निस्की मूल ढोका अगाडि राखिएको कुभिण्डोरुपी राक्षसलाई काटी कतै नहेरी थरथर कामी आ-आफ्नो इलाका भित्र परिक्रमा गर्ने गर्दछन् । यस पर्वलाई *पाया:* अर्थात खड्ग जात्रा भनिन्छ ।

काठमाडौँ उपत्यका भित्र खड्गको ठूलो महत्व र महिमा छ । काठमाडौँ शहर नै खड्गको आकारमा बस्ती बसाली तान्त्रिक विधि विधान अनुसार सुरक्षित गरिराखेको शहर हो भन्ने गरिन्छ । दुर्गा भगवती र तुलजा भवानीको शस्त्र एवं यी दुवै देवीहरुका शक्तिको प्रतीक पनि हो । प्रत्येक बाह्र वर्षमा एकपटक वडा दशैँको विजयादशमीको दिन राती भद्रकाली देवीको खड्ग र राजाको खड्ग साट्ने काम मखनटोल स्थित सिंहढोका अगाडि र त्यसरी नै उक्त बाह्र वर्ष भित्र एकपटक सोही दिन पचली भैरव र राजाको खड्ग काष्ठमण्डप अगाडि भूतेश्वर महादेव मण्डप अगाडि साट्ने परम्परा रहेको थियो । तसर्थ खड्गलाई राज्य र शक्ति दुवैको प्रतीक मानिन्छ ।

किलागल, टेबहाल, वटु, यट्खा, कोहिटी आदि टोलहरुमा *पाया:*मा खासगरी महर्जन, डंगोल, सुवाल आदि ज्यापु समुदायका मानिसहरु हुन्छन् भने असनमा उदासहरु र अन्य ठाउँहरुमा श्रेष्ठ तथा छ थरी परिवारका मानिसहरु हुने गर्दछन् । टेबहालको भद्रकाली देवघरमा महर्जन पुजारी रहेका छन् । टेबहालको *पाया:* टेबहालस्थित भद्रकाली देवघरबाट शुरु भई टेबहाल परिक्रमा गरी टेबहाल बाहिरको पूर्व तर्फ रहेको स्थानगणेश अगाडि कुभिण्डो काटी पुनः देवघर भित्र प्रवेश गर्दछन् । टेबहालको *पाया:* पछि मात्र अन्य टोलहरुका *पाया:*हरु निस्कन्छन् (अमात्य, २०६२, पृ. ७३) । यो *पाया:*मा भद्रकालीमा पालो बस्ने महर्जन परिवारका मानिसहरुले मात्र भाग लिने गर्दछन् । तर जात्रा प्रतिको उत्साहमा सबै जातिका मानिसहरु

सहभागि हुन पाउँदछन् भन्ने कुरा अन्तर्वार्ताको क्रममा जानकारी प्राप्त भएको थियो । टेबहालमा खड्ग साटासाट गरिदैन ।

जात्रा चलाउँदा भद्रकाली देवघरमा खिचापोखरीका महर्जनहरुले पूजा गर्दछन् । जात्राको बेलामा धिमे, बाजा, बाँसुरी, न्याँखी आदि बजाउने गर्दछन् । बाजा जुनसुकै समुदायले बजाए पनि हुन्छ । गुठी संस्थानले जात्रा सञ्चालन गर्ने गर्दछ । भद्रकाली देवघरमा दशैं (खड्गजात्रा), घोडेजात्राको खर्च व्यवस्थापन गुठी संस्थानले हेर्ने गर्दछ । विशेषगरी खिचापोखरीका समुदायहरुले खट बोक्ने प्रचलन रहेता पनि वर्तमान समयमा जुनसुकै जाति समुदायले पनि खट बोक्ने गरेको पाइन्छ ।

सबैजसो *पाया:हरु द्यो छें* (देवघर) बाट सुरु गरिन्छ । सर्वप्रथम देवघरमा दुर्गा भवानीको पूजा गर्नुपर्दछ । यसै अवसरमा पीठ पूजा, अष्टभैरव, क्षेत्रपाल र गणेश आदि देवताको पूजा गर्ने गरिन्छ । यसपछि बलि दिने कार्य नवमीको दिनमा गरिन्छ । दशमीको दिन कुभिन्डोलाई बलिको रुपमा काटिन्छ र देवीको विसर्जन हुन्छ (पौड्याल, शर्मा र पोखरेल, २०७८, पृ. १८२) । यस प्रकारको पूजा देवघरका थकालीहरुले सम्पन्न गर्ने गर्दछन् । साँझपख देवघरमा सबैजना भेला भई खड्गको पूजा गरिन्छ । खड्गको पूजा बज्राचार्य र आचार्यले गर्ने गर्दछन् । *पाया:* निस्केपछि *पाया:* अर्थात खड्ग जात्रा पनि समाप्त हुन्छ ।

दशैंको नवमी पूजा नारीहरुले हेर्न हुँदैन । राँगो, बोका, हाँस, कुखुरा र अण्डा सहित पञ्चबलिको रुपमा नवमीमा बलि दिने परम्परा रहेको छ । नवमीमा राँगोका आन्द्रा ल्याएर झुण्ड्याएर राखिन्छ र मूल देवस्थलमा चारैतिर बाट कसैले नदेख्ने गरी कपडाले बाहिरी ढोका बाट वरिपरि बार लगाएर राखिन्छ ।

## ३.४.२.४ शिवरात्रीमा होम पूजा

शिवरात्रीको अवसरमा ३२ वटा काँचो इँटा राखेर दुई जना गुरुजु राखेर होम गर्ने परम्परा रहेको छ । यस भद्रकाली देवघरमा शिवरात्रीमा मात्र होम गर्ने प्रचलन चलि आएको छ । शिवरात्रीमा जोगीशाला बनाएर होम गर्ने गर्दछन् । जोगीशाला बनाएर होम गर्दा पञ्चबली दिएर होम गरिन्छ । पञ्चबलीमा राँगो, बोका, हाँस, कुखुरा र अण्डा चढाउने गरिन्छ । सौगलबहालको बज्राचार्य गुरुजु र संकटा मन्दिरको चक्रेश्वर बज्राचार्य गुरुजु दुई जनाले पूजा

गर्ने गर्दछन् । घ्यू, बत्ति, दियो, फूल, अक्षता, फलफूल आदि पूजा सामग्री चढाइन्छ । दिनभरि पूजा गरिन्छ । पूजा समापन भएपछि सबैजनाले भोज खाने गर्दछन् ।

## ३.४.२.५ भाकल पूजा

यस भद्रकाली देवघरमा भाकल पूजा पनि हुने गर्दछ । मानिसहरुको इच्छा, कामना, भाकल पूरा भएपछि यहाँ भाकल पूजा गर्दा रहेछन् । भाकल पूजा गर्दा पाँचवटा पात्रमा जाँड, रातो जाँड, रक्सी, समयबजी, *ख्यया* राखेर चढाउने गर्दछन् । भाकल पूजा गर्दा भक्तजनहरुले आफैँ पनि पूजा गर्न सक्दछन् । भक्तजनले पुजारी आफैँ लिएर आएर भाकल पूजा पनि गर्न सक्ने प्रचलन रहेछ । महर्जन पुजारीहरुले पूजा विधिमा सहयोग गर्दै आइरहेका छन् ।

## ३.४.२.६ भद्रकाली नृत्य

प्रत्येक बाह्र वर्षमा काठमाडौं उपत्यका भित्र विभिन्न स्थानहरुमा नचाइने भद्रकाली नाच अति नै प्रख्यात रहेको छ । वंशावलीको आधारमा भन्ने हो भने भद्रकाली र पचली भैरवको नाचहरु नचाउने चलन कान्तिपुरका मल्ल राजा अमर मल्लको समय (वि.सं. १५८६-१६१७) देखि भएको बुझिन्छ (अमात्य, २०६२, पृ. ३९) । तर "नेपाल देशको इतिहास" नामक एक प्राचीन हस्तलिखित ग्रन्थमा राजा रत्न मल्लले आफ्नो राज्यकालमा अनेकौं धार्मिक तथा सांस्कृतिक नाचहरु चलाएका थिए । जसमध्ये भद्रकालीको नाचपनि एक हुन् भनी उल्लेख गरिएको छ (अमात्य, २०६२, पृ. ३९) ।

भद्रकालीको नाच प्रत्येक बाह्र/बाह्र वर्षमा हुने भनिएता पनि यी नाचहरु बाह्र वर्ष भित्र एक/एक पटक नचाइन्छ (अमात्य, २०६२, पृ. ४०) । महानवमीको दिन साँझपख भैरव, भद्रकाली, वज्रवाराही, गणेश र कुमारी यी पाँच देवदेवीहरु वटुको आगम घरबाट निस्की टुँडीखेल स्थित भद्रकालीको मन्दिरमा गई भैरवले लिएर गएको *वौ पा* भद्रकाली मन्दिरमा राखिन्छ र त्यहाँ ती पाँच देवदेवीहरुलाई राँगो बलि चढाई पूजा गरिन्छ । त्यसपछि भैरवद्वारा भद्रकाली मन्दिरको वरिपरि तीन पटक परिक्रमा गरी भैरव, वाराही र भद्रकालीले त्यहाँ भेला भएका सबैलाई प्रसाद स्वरुप समयबजी बाँड्ने गरिन्छ ।

विभिन्न टोलहरुले चन्दा संकलन गरी यी नाचहरु नचाउने चलन पनि रहेको छ । यस चलन अनुसार इन्द्रचोक, जनबहाल, असन र टेबहालमा पनि यो नाच नचाउने गरिन्छ ।

टेबहालमा भद्रकाली नाच नचाइसकेपछि बलि भोग दिनको लागि टुँडिखेलमा लगी एउटा जिउँदो बोको छोड्ने चलन रहेको छ । जुन देवदेवी तथा गणले त्यो बोको समात्न सक्छ । त्यसले आफ्नो भागमा पुच्छर भेट्टाउने चलन छ (अमात्य, २०६२, पृ. ४३) । उक्त समातिएको बोकालाई पुनः संकटामा ल्याई भैरवद्वारा काटिन्छ । जुनसुकै स्थानमा उक्त नाच नचाएपनि वटुमा गएर भैरवले सबै देवता गणहरु र गुरु खलकलाई समेत पूजा गर्नु पर्दछ ।

हरेक पात्रले नाचको शुरु र अन्त्यमा नृत्येश्वरलाई अभिवादन गर्दछ र त्यहाँ बजाइने सबै बाजाहरुलाई ढोक्दछन् । यी नाचहरुमा गणेशको सम्पूर्ण आवरण सेतो हुन्छ । ब्रह्मायणीको मुकुट पहेँलो र वस्त्र सेतो हुन्छ । रुद्रायणीको मुकुट र वस्त्र सबै सेतो हुन्छ । कुमारीको मुकुट र वस्त्र सबै रातो हुन्छ । वैष्णवीको मुकुट र वस्त्र सबै हरियो हुन्छ । वाराहीको मुकुट र वस्त्र रक्त वर्णको हुन्छ । इन्द्रायणीको मुकुट कुमकुम वर्णको र पोशाक सेतो हुन्छ । चामुण्डा भद्रकालीको मुकुट र पोशाक नीलो रंगको हुन्छ र कम्मरमा बाघको छालाले बेरिएको हुन्छ । सिंहिनीको सबै कुरा रातो हुन्छ र व्याघ्रिनीको मुकुट पहेँलो र पोशाक रातो हुन्छ । भैरवको मुकुट र वस्त्र दुवै निलो रंगको हुन्छ र कम्मरमा बाघको छाला बाँधेको हुन्छ । वैष्णवीको मुकुट र पोशाक दुवै हरियो हुन्छ (अमात्य, २०६२, पृ. ४४) ।

बाह्र वर्षको भद्रकालीको नाचमा चाहिने लुगा, कपडा, गहना, बाजागाजा, हातहतियार आदि सामग्रीहरु सबै गुठीयारहरुले नै सुरक्षित गरिराख्ने चलन छ । तर पोशाक चाहीँ सरकारको आर्थिक सहायताबाट नयाँ बनाउने चलन रहेको छ ।

## ३.५ गुंला पर्व र अभ्यास

एक महिना भरी उपत्यकाको तीनवटै शहरका बौद्ध विहार, चैत्य, देवस्थलहरुमा गुंला पर्व मनाइने गरिन्छ । श्रावण शुक्लपक्ष प्रतिपदा देखि भाद्र कृष्णपक्ष औँसी सम्मको एक महिनाको अवधि गुंला पर्वको रुपमा मनाइने गरिन्छ (वज्राचार्य, २०७६, पृ. ३७) । गुंला महिना भरि स्वयम्भू महाचैत्य परिसरमा बिहान सबेरै देखि काठमाडौँका विभिन्न ठाउँबाट सांस्कृतिक बाजा धाः बाजा, धिमे बाजा आदि बजाउँदै समूहगत रुपमा भक्तजनहरु आई स्वयम्भूको दर्शन, पूजा र परिक्रमा गर्दछन् । स्वयम्भू महाचैत्यमा गुंलाबाजा बजाई विभिन्न देवदेवताको स्तोत्र नामसंगीति पाठ गर्न बिहान सबेरै घुँइचो लाग्ने गर्दछ । कतिपय भक्तजनहरुले स्तोत्र पाठ गर्दै चैत्य घुमिरहेका पनि हुन्छन् । स्वयम्भू परिसरमा रहेका भजन सत्तलमा बिहान सबेरैदेखि थुप्रै

भक्तजनहरु बौद्ध भजन गाउन र सुन्नमा तल्लीन भइरहेको पनि देख्न सकिन्छ । उपत्यका भित्रका थेरवादी विहारहरुमा ध्यान, प्रवचन, परित्राण पाठका कार्यक्रमहरु चलिरहेका हुन्छन् भने बज्रयानी विहारहरुमा स्तोत्र पाठ, नवग्रन्थ पाठ, प्रवचन, भजन आदि गरिरहेका हुन्छन् ( शाक्य, २०६५, पृ. ४३) ।

गुंला पर्वको बारेमा विभिन्न किसिमका किंवदन्ती रहेको पाइन्छ । गौतम बुद्धले बैशाख पूर्णिमाका दिन बोधिज्ञान लाभ गरेको र आषाढ पूर्णिमाका दिन प्रथम धर्मचक्र प्रवर्तन गरेको खुशीयालीमा गुंला महिना भरी धार्मिक महोत्सव गरी मनाउने गरिएको हो भन्ने विश्वास रहेको पाइन्छ ।

यसैगरी, गुंला महिनामा विशेष गरी गर्मीको साथै बढी पानी पर्ने भएकोले रोग ब्याधि लाग्न सक्ने समय हो । बाढी पहिरो आई घरखेत पनि नष्ट हुन सक्ने भएकाले त्यस्ता कुनै पनि प्राकृतिक विपत्ति रोग ब्याधिको भय नआओस् भन्ने अभिप्रायले धार्मिक अभ्यास गर्ने महिनाको रुपमा पनि गुंला पर्वलाई परिचित गराएको पाइन्छ ।

प्रायः *गथांमुगः* (घण्टाकर्ण) सम्ममा खेतहरुमा धान रोपाई गर्ने काम सकिन्छ । रोपाइँको क्रममा धेरै किराफट्याङ्ग्राहरु मरेका हुन्छन् । यसरी अन्जानमा हुने प्राणी हिंसाको पापको प्रायश्चित स्वरुप र उक्त प्राणीहरु सुगतिमा जन्मन पाउन् भन्ने अभिप्रायले गुंला  पर्व मनाउने गरिन्छ ।

गुंला पर्व एक महिना सम्म चलाइने पर्व भएकोले धेरै धार्मिक क्रियाकलापहरु गरिन्छ । तीर्थ स्नान, चैत्य भक्ति, बुद्ध पूजा र धर्मदेशना, सद्धर्म पाठ, बोगी वनेगु, व्रत उपवास बस्ने, पञ्चशील/अष्टशील पालन, त्यागशील धर्म आदि धार्मिक क्रियाकलापहरुको अभ्यास गर्ने गरिन्छ (शाक्य, २०६५, पृ. ४५-४६) ।

गुंलामा विशेष गरेर महायानी बौद्ध ग्रन्थ प्रज्ञापारमिता बज्राचार्यद्वारा पाठ गराउने गर्दछन् । बुद्धको जन्मस्थल लुम्बिनी कपिलवस्तुमा गुंलाबाजा बजाउने चलन थियो । सिद्धार्थ राजकुमारलाई यसको ताल स्वर निकै मन पर्दथ्यो भन्ने भनाई रहेको पाइन्छ । पछि शाक्य गणराज्यको पतन भएपछि शाक्य र कोलियहरु काठमाडौं उपत्यकामा आई बसोबास गरेपछि यहाँ पनि बहा बहीमा गुंला बाजा बजाउने परम्परा रह्यो (वज्राचार्य, २०७६, पृ. ३८) ।

राजकीर्ति महाविहार परिसरमा रहेको *नासःद्यः* को मन्दिर अगाडि गुंला पर्व सुरु हुने दिनको अघिल्लो साँझ बाजाहरु बजाई पूजाआजा गर्ने प्रचलन छ। पूजा गर्दा बालबालिका, युवायुवतीहरुले बाजा बजाइरहेका थिए । करिब १ घण्टा बाजा बजाएर *नासःद्य* मन्दिरभित्र पूजा गर्दछन् । बाजालाई जल, टीका, चामल, फूल, *जजंका*, रोटी, *समयबजी* र धुप चढाएर पूजा गर्ने परम्परा छ। बाजा बजाउने सबै सदस्यहरुलाई गुरुजुले पालै पालो टीका लगाइदिएका थिए । त्यसपछि सबैले भोज खाएका थिए ।

गुंला पर्व सुरु हुनु भन्दा अघिल्लो साँझ गरिएको पूजालाई मतः पूजा भनिन्छ। बाजा बजाउन सिक्ने बेला विशेष पूजा गरिन्छ, जसलाई *नासः* पूजा भनिन्छ। विशेषगरी श्रीपञ्चमीमा बाजा बजाउन सिकाउने गर्दछन् । तर आजभोलि जुनसुकै समयमा पनि *नासः* पूजा गरेर बाजा सिकाउने प्रचलन बढेको छ। बाजा बजाउँदा धाः बाजा कम्तिमा पनि ४ जनाले, न्याखी बाजा १ जनाले र ब्याण्ड बाजा परियार जातिले बजाउने प्रचलन छ (व्यक्तिगत अन्तर्वार्ता, प्रचण्ड शिखाकार, २०८२-४-८) । टेबहाल वरिपरि बस्ने शिखाकार समुदायले गुंला पर्वमा एक महिना बाजा बजाएर बिहान सबेरै स्वयम्भू महाचैत्य पुगेर बाजा बजाउँदै टेबहाल राजकीर्ति महाविहार परिसर भित्र परिक्रमा गर्दछन्। त्यसपछि बाजा बजाउने समूहलाई खाजा खुवाइ समापन गर्दछन् ।

नेपाली समाजको हरेक पक्षलाई संस्कृतिको रुपमा विकसित गर्न वाद्यवाजन, पर्व, जात्रा, विभिन्न प्रकारका परिकारहरुले ठूलो सहयोग पुऱ्याएको छ। गुंला पर्व जस्तो एक महिना सम्म मनाइने चाडले धार्मिक मठ, मन्दिर, विहार, चैत्यहरुको पूजाआजा र संरक्षण हुने गरेको छ । गुंला पर्वले अमूर्त संस्कृतिलाई समेत बचाइ राखेको छ । विभिन्न मठ, मन्दिर, चैत्य, विहारहरुमा हुने धार्मिक क्रियाकलापलाई निरन्तरता दिन गुंला जस्ता पर्वहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् ।

# अध्याय चार

# राजकीर्ति महाविहार परिसरमा आएका परिवर्तन र तिनका कारणहरु

## ४.१ सांस्कृतिक सम्पदामा परिवर्तनको अवधारणा

कुनै पनि समाजले आफ्ना नीति, नियम, परम्परा, आस्था, विश्वास र आचरणलाई निरन्तरता दिने गर्दछ । तर समयको अन्तरालमा त्यस्ता मूल्य र मान्यतामा परिवर्तन आउँदै जाने गर्दछ । विभिन्न क्षेत्रहरुका मानिसहरुको बिचमा एक अर्कामा सम्पर्क बढ्नाले, बसाइँसराइँ हुनाले, अन्तर्राष्ट्रिय सम्बन्धका कारणले, भौतिक विकासका कारणले र अन्य विविध कारणहरुले गर्दा समाज र संस्कृतिमा परिवर्तन आउने गर्दछ । कतिपय अवस्थामा समाजका मानिसहरुले योजनाबद्ध ढङ्गमा पनि आफ्नो समाज र संस्कृतिमा परिवर्तन ल्याउँछन् भने अन्य कतिपय अवस्थामा समाज र संस्कृतिमा आफै परिवर्तन आउने गर्दछ (दाहाल र खतिवडा, २०५७, पृ. २६५) । ग्रामीण क्षेत्र शहरीकरण हुँदै जाँदा, औद्योगिकरणको विकास, नयाँ नयाँ रोजगारको स्थिति, आधुनिकीकरण, शिक्षाको उन्नति, नयाँ नयाँ वैज्ञानिक खोजहरु हुँदै जाँदा स्वाभाविकरुपमा समाज र संस्कृतिमा परिवर्तन आउँदै गएको देखिन्छ ।

सामाजिक नियमलाई निरन्तरता दिने, सुधार गर्ने र अवलम्बन गर्ने तथा नगर्ने विषयवस्तु पनि संस्कृतिभित्र समाहित हुने गर्दछ । आफ्ना पुराना परम्परालाई रुपान्तरण गरेर नयाँ परम्परा स्थापित गरेर त्यसको अभ्यास गर्नु पनि संस्कृतिमा आएको परिवर्तनको रुपमा हेर्ने गरिन्छ ।

## ४.२ संस्कृतिमा परिवर्तन ल्याउने कारक तत्वहरु

समाज र संस्कृतिमा परिवर्तन ल्याउने थुप्रै प्रकारका तत्वहरु हुन्छन् । परम्परागत रुपमा चलिआएको संस्कृतिमा समयानुसार परिवर्तन हुँदै गइरहेको पाइन्छ । अन्तर्राष्ट्रिय समुदायको भूमिका, राज्यको भूमिका, राजनीतिक दलहरुको भूमिका, गैरसरकारी संघ संस्थाहरुको भूमिका, समुदायको भूमिका, परिवारको भुमिका र मनोविज्ञानले गर्दा संस्कृतिमा परिवर्तन ल्याउन सक्ने कारक तत्वहरु हुन् ।

## ४.३ सांस्कृतिक सम्पदामा परिवर्तनको प्रक्रिया

सांस्कृतिक परिवर्तनका विभिन्न आयामहरुमा मानिसहरुले थाहा नपाउने किसिमले उसको जीवन शैलीमा परिवर्तन हुँदै गएको हुन्छ। मानिस आधुनिक हुँदै जानु, शहरी सभ्यताको बिस्तार हुनु, बाह्य प्रभाव, संस्कृतिकरण आदि अनेक प्रक्रियामा वर्तमान समाज ढल्किरहेको पाइन्छ । सांस्कृतिक परिवर्तनको प्रक्रियालाई आधुनिकीकरण, शहरीकरण, पश्चिमीकरण, परसंस्कृतिग्रहणले प्रभाव पारिरहेको हुन्छ ।

समाजले परापूर्व कालदेखि स्वीकार गर्दै आएको मूल्यमान्यता, धर्म, संस्कृति, परम्परामा आघात पुग्ने क्रियाकलाप समाजलाई पाच्य हुँदैन तर पनि कुनै-कुनै परिवर्तन नचाहेर पनि हुने गर्छन् । सामाजिक सोच, विचार, चिन्तन र व्यवहार गतिशील प्रक्रिया हो । सामाजिक रूपान्तरण सामाजिक विकासका लागि अपरिहार्य हुन्छ । सामाजिक रूपान्तरणको नियमले समाजको आवश्यकतालाई मध्यनजर गर्दै समाजलाई सकारात्मक संरचनात्मक परिवर्तनको दिशामा लगेको हुन्छ ।

## ४.४ राजकीर्ति महाविहार परिसरमा रहेका मूर्त सांस्कृतिक सम्पदामा आएका परिवर्तनहरु

राजकीर्ति महाविहार परिसर भित्र थुप्रै मूर्त सांस्कृतिक सम्पदाहरु रहेका छन् । कुनै कुनै भौतिक सम्पदा पुरानै रहेको छ भने कुनैमा सामान्य किसिमका परिवर्तन भएका छन् । राजकीर्ति महाविहारको संरचनामा पहिलेको स्वरुपको तुलनामा हाल केही परिवर्तन देखिएको छ । पहिला झिंगटीको छानो, दोस्रो तल्लामा झिंगटीको पाली, माटोको गजुर रहेको थियो भने हाल आएर धातुको छानो, दोस्रो तल्लाको पाली हटाइएको तथा धातुको गजुर राखेको पाइन्छ । यसको कारण खोजी गर्दा परिवर्तनको मुख्य कारण बेलाबेलामा गइरहने भुकम्प, आधुनिकीकरणको प्रभाव, व्यक्तिले संरक्षण गर्न नसक्ने, पानी पर्दा छानो चुहिने र प्राचीन संरचनाको संरक्षण गर्ने कुरामा ज्ञानको अभाव भएको पाइन्छ। राजकीर्ति महाविहारको ढोकाको अगाडि दुवै छेउमा रहेका बुद्धका अग्रश्रावक सारिपुत्र र मौद्‌गल्यायनलाई आभुषण लगाइएर सुसज्जित पारिएको छ । सारिपुत्र र मौद्‌गल्यायनलाई बुद्धको जस्तै कपाल भएको उष्णिष सहित देखाइएको छ । प्रतिमालक्षणको पालना नगरेको यी दुवै मूर्तिमा स्पष्ट सँग देखिन्छ । परिवर्तन गरिनुको कारणहरुमा प्रतिमा लक्षणको ज्ञान नहुनु, कलाकारको सोच र मनोविज्ञानमा आधुनिकीकरणको छाप बस्नु र सौन्दर्यात्मक भावलाई मूर्त रुप दिन खोजेको देखिन्छ ।

बन्धुदत्त विहारको स्वरुप हेर्दा पहिला झिंगटीले छानो छाएको पाइन्छ भने पुनः निर्माण पछि धातुको छानो लगाइएको पाइन्छ । यस विहारमा पनि माथि उल्लेखित कारणले नै परिवर्तन गरिएको देखिन्छ ।

सङ्कटा मन्दिरको मौलिक स्वरुप कस्तो थियो भन्ने कुरा ज्ञात हुन सकेको छैन । पुरातत्व विभागमा सूचिकृत भए अनुसारको विवरणमा सुझावको रुपमा मन्दिरमा जस्ताको छाना, फलामे सामग्री अत्यधिक प्रयोग भएको भन्ने उल्लेख गरिएको छ । जसले गर्दा यसको मौलिक स्वरुपको बारेमा ज्ञात नभएको स्पष्ट देखिन्छ । यसको परिवर्तनको कारणहरुमा भुकम्पको प्रभाव, आधुनिकीकरण, पुरातात्विक संरचनालाई संरक्षणको लागि ज्ञानको कमि भएको पाइन्छ ।

बन्धुदत्त विहारको उत्तरपट्टि रहेको सूर्य र चन्द्रको मूर्ति राखिएको भागलाई अहिले पुनः निर्माणको कार्य भइरहेको छ । पहिला इँटाको संरचना बनाई सूर्य र चन्द्रका मूर्ति राखिएको थियो भने हाल नयाँ संरचना बनाई सबैभन्दा माथि सूर्य र चन्द्रको मुखाकृति स्वरुपको आकृति समेत राखिएको छ । उक्त संरचनामा जोडिएर पूर्वपट्टिको भागमा तेलिया इँटा छापेर सुन्दर बनाइएको छ । बिचको संरचनामा ढुङ्गेधारा समेत बनाइएको छ ।

## ४.५ राजकीर्ति महाविहार परिसरमा रहेका अमूर्त सांस्कृतिक सम्पदामा आएका परिवर्तनहरु

राजकीर्ति महाविहार परिसरमा रहेका अमूर्त सांस्कृतिक सम्पदामा आएका परिवर्तनहरुलाई प्राचीन स्मारक संरक्षण ऐन २०१३ लाई आधार मानेर अध्ययन गरिएको छ ।

### ४.५.१ सङ्कटाको १२ वर्षे जात्रामा परिवर्तन

सङ्कटा मन्दिरको दक्षिणपट्टिको भागमा पहिला फूलबारी रहेको थियो । सङ्कटा मन्दिरमा चढाउनको लागि त्यही फूलबारीको फूलहरु मात्र प्रयोग गर्ने गरिन्थ्यो (व्यक्तिगत अन्तर्वार्ता, चक्रेश्वर मोतीकाजी बज्राचार्य, २०८२-४-२२) । तर समयक्रमानुसार उक्त प्रचलन हटेर गयो । अहिले सङ्कटाको दक्षिणतर्फको भागमा फूलबारी छैन । आधुनिकीकरण, बढ्दो जनसङ्ख्या, शहरीकरणको कारणले गर्दा राजकीर्ति महाविहारको वरिपरि घरहरु बन्न थाले र अहिलेको स्वरुपमा आएको देखिन्छ । अहिले पूजाआजा गर्नको लागि बाहिर बाट पूजासामग्री किनेर लैजाने चलन चलेको छ ।

१२ वर्षे जात्राको क्रममा पहिला र अहिलेको अवस्थामा केही परिवर्तन आएको पाइन्छ । वि.सं. २०२४ साल भन्दा अगाडि कटुवालदहबाट तान्त्रिक विधिबाट कलशमा देवता आह्वान गरेर कलश ल्याउँदा प्रमुख पुजारी चक्रेश्वरले तान्त्रिक पूजा गर्ने तथा दोस्रो र तेस्रो पुजारीले कम्मरभन्दा तल हात सिधा पारेर हातैमा समातेर देवता आह्वान गरेको कलश ल्याउने प्रचलन रहेको थियो । तर वि.सं. २०२४ साल पछि देवता आह्वान गरेको कलश बज्राचार्य पुजारीहरुले मात्र बोकेर सानेपा भजन मण्डलीमा ल्याउने र त्यहाँ सर्वसाधारणलाई दर्शन गराएपछि साँझ पख बाजा गाजा, जात्रा सहित कलशलाई खटमा राखेर टेबहाल सङ्कटा मन्दिरमा खटलाई ल्याएर विधिपूर्वक कलशलाई विराजमान गराउने प्रचलन चलेको पाइन्छ । यस्तो परिवर्तन हुनुको कारण भनेको बज्राचार्य पुजारीहरुको सङ्ख्या बढ्नु र देवतालाई तामझामका साथ खटमा राखेर हर्षोउल्लासका साथ भित्र्याउने भन्ने मनोविज्ञान रहेको देखिन्छ (व्यक्तिगत अन्तर्वार्ता, चक्रेश्वर मोतीकाजी बज्राचार्य, २०८२-४-२२) ।

पूजाविधिमा कुनै पनि परिवर्तन आएको छैन । परम्परागत रुपमै तान्त्रिक पूजा चलिरहेको छ । खानपानमा पनि उल्लेखनीय परिवर्तन भएको देखिदैन । खानपानमा *घासा* ( नेवारी समुदायको विभिन्न खानाको परिकारहरु) अनिवार्य हुन्छ । भोज अनिवार्य गर्नपर्ने भएको हुँदा भोज गर्ने प्रचलन पनि रहेको पाइन्छ ।

पुजारीहरुको सोच, चिन्तन र मनोविज्ञानमा समेत परिवर्तन आएको पाइन्छ । परिवर्तनको मुख्य कारण भनेको “बुद्धले हरेक वस्तुहरु परिवर्तनशील हुन्छन्, नित्य केही पनि हुँदैन” भनेको सिद्धान्तलाई अङ्गिकार गरेको र परिवर्तनलाई आत्मसात् गरेको पाइन्छ । यसलाई समय अनुसार चलेको मनोविज्ञानको रुपमा लिने गरेको कुरा अन्तर्वार्ताको क्रममा पाइएको छ ।

जात्राको क्रममा प्रयोग गरिने सामग्रीहरुमा पनि कुनै त्यस्तो परिवर्तन भएको पाइँदैन । सङ्कटा र वरुण भएको कलशलाई सिँगारपटार गर्ने, पुजारीहरुले नयाँ कपडा लगाउने बाहेक अन्य कुनै परिवर्तन आएको पाइँदैन । देवतालाई लगाइदिने पोशाक, जात्राको क्रममा बजाउने वाद्यबाजनमा महर्जनहरुले धिमे बाजा, शिखाकारहरुले गुंलाबाजा, खड्गीहरुले न्येकीबाजा बजाउने गर्दछन् । यो बाहेक ब्याण्ड बाजा समेत बजाउने प्रचलन चलेको पाइन्छ ।

## ४.५.२ गुंला बाजा बजाउँदा आएको परिवर्तन

राजकीर्ति महाविहार भित्र रहेको *नासःद्यः*को मन्दिर अगाडि गुंला पर्व सुरु हुनुभन्दा अगाडि *मतः* पूजा (गुला पर्व शुरु हुनु भन्दा अघिल्लो साँझ गरिने पूजा) गर्दा रहेछन् । उक्त पूजा गर्दा करिब १ घण्टा जति बाजा बजाएर सुरु गर्दा रहेछन् । पहिला पहिला बाजा बजाउँदा धाः बाजा, न्याखी बाजा शिखाकार समुदायले मात्र बजाउने गरेकोमा हाल आएर ब्याण्ड बाजा पनि बजाउने प्रचलन चलेको रहेछ । ब्याण्ड बाजा परियार जातिले बजाउनु पर्ने रहेछ । यस्तो किसिमको परिवर्तनको कारण पश्चिमीकरण र आधुनिकीकरणको प्रभावले भएको हो । पहिले भोज गर्दा बाजा बजाउने र भोज खाने जतिलाई निशुल्क भोज खुवाउँने प्रचलन रहेकोमा पछिल्लो समयमा महङ्गीको कारणले गर्दा शुल्क उठाएर भोज खाने चलन चलेको छ ( व्यक्तिगत अन्तर्वार्ता, प्रचण्ड शिखाकार, २०८२-४-८) ।

## ४.५.३ भद्रकाली देवघरमा हुने पर्वमा आएको परिवर्तन

भद्रकाली देवघरमा पनि केही परिवर्तन आएको अन्तर्वार्ताको क्रममा जानकारी पाइएको छ । राजनीतिक व्यवस्था परिवर्तन भएपछि आफू अनुकूल चलन चलाउँदा समाजले समेत त्यसैलाई निरन्तरता दिइएको पाइएको छ ।

भद्रकाली देवघरमा बडा दशैँको अवसरमा हुने पूजामा पहिले पहिले राष्ट्र प्रमुखको रुपमा राजा आएर पूजा गर्ने गर्दथे । वि.सं. २०६२/०६३ मा राजनीतिक परिवर्तनसँगै पूजा गर्ने परम्परा पनि हराएर गयो । अहिले पनि राजसंस्थाका अन्तिम राजा आएर राजकीय रुपमा नभएर आम नागरिकको रुपमा पूजा गर्दछन् । राजनीतिक परिवर्तन भएपछि हाल सम्म कुनै पनि राष्ट्र प्रमुख आएर पूजा गरेका छैनन् । वर्तमान समयमा राष्ट्र प्रमुखले सङ्कटा मन्दिरमा पूजा गर्छन तर भद्रकाली देवघरमा पूजा गर्ने प्रचलन रहेको छैन ।

भद्रकालीको १२ वर्षे नृत्यको बेलामा पनि पूजा गर्ने विधिमा परिवर्तन आएको पाइन्छ । टोलभरिका नेवार समुदायहरुले पूजा गर्दा पहिला राँगो बली दिएर पूजा गर्ने परम्परा रहेको थिएन । वि.सं. २०५४ सालतिर वडाध्यक्षले चुनाव जितेको खुशीयालीमा दुई वटा राँगो गणेश मन्दिरमा बली दिएको हुनाले हाल सम्म पनि निरन्तर रुपमा बली दिने परम्परा रहिआएको पाइन्छ । भद्रकाली नृत्यमा त्यो भन्दा पहिला त्यसरी बली दिने परम्परा थिएन । वि.सं. २०५४ सालबाट चलाइएको यस परम्परालाई समाजले निरन्तर रुपमा चलाई रहेको छ । यसरी

राजनीतिक प्रभाव, सामाजिक मनोविज्ञान र परम्परागत रुपमा चलेको विधिविधानको बारेमा जानकारी नहुनु पनि अमूर्त संस्कृतिमा आउने परिवर्तनहरु हुन् । यस्ता किसिमका परिपवर्तनहरुले समाजमा नयाँ किसिमको परम्परालाई स्थापित गराउँदछन् ।

भद्रकालीको पूजा गर्ने विधिमा पनि परिवर्तन आएको पाइन्छ। पहिले दिनभरि लगाएर गरिने प्रचलन रहेकोमा हाल मध्यान्ह सम्ममा पूजा सकिने गरेको पाइन्छ। पूजा सकेपछि भोज खाने परम्परामा पनि परिवर्तन आएको पाइन्छ । पहिलेको समयमा टोलबासीहरु सबै मिलेर चन्दा उठाएर भोजको सामग्रीहरु तयार बनाउने गर्दथे । हाल आएर महङ्गी, समुदायको सक्रियताको अभावको कारणले भोजको सामग्रीहरुमा परिवर्तन भएको पाइन्छ । पहिले राँगो काटेर भोज गर्ने परम्परा रहेको थियो। बिस्तारै राँगोबाट बोका काटेर भोज गर्ने प्रचलन रहेको थियो । तर हाल गुठीयारहरु मात्र सहभागी हुने हुँदा कुखुरा काटेर पनि भोज गर्ने गर्दछन् । भोजमा कुखुरा अनिवार्य काट्नु पर्दछ भन्ने जानकारी पाइएको छ ।

सामाजिक मनोवृत्ति, महङ्गी, आधुनिकीकरणको प्रभावले गर्दा अमूर्त संस्कृतिका आयामहरुमा परिवर्तन हुँदै गइरहेका छन्। ज्येष्ठ नागरिकहरुका कुरा नसुनी अहिलेको पुस्ताले आफूखुशी भोजमा परिवर्तन ल्याएको गुनासो पाइन्छ ।

## ४.६ राजकीर्ति महाविहार र बन्धुदत्त विहार ओझेलमा

भद्रकाली देवघर हिन्दू मन्दिर भएको हुनाले यहाँ मानिसहरु आएर पूजापाठ गर्ने गर्दछन् । देवीको दर्शन र मनोकामना पूरा होस् भनेर भाकल पनि गर्दछन्। त्यस्तैगरी *नासःद्य*मा पनि संगीत र नृत्यका देवता भएका हुनाले बाजा बजाउन सिक्नेहरुको चहलपहल रहेको हुन्छ।

राजकीर्ति महाविहार परिसर भित्र रहेको सबैभन्दा प्रख्यात र मानिसहरुको भिड धेरै हुने मन्दिर सङ्कटाको मन्दिर हो । यस मन्दिरमा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुले विशेष आस्था र विश्वासका साथ पूजापाठ गर्ने गर्दछन् । हरेक शनिबार मन्दिर परिसरमा दर्शन गर्नेहरुको भिड लाग्ने गर्दछ। ग्रहदशा शान्त पार्न र सङ्कट हर्नको लागि मानिसहरु सङ्कटाको दर्शन र पूजा गर्न आउने कुरा अन्तर्वार्ताको क्रममा जानकारी भएको हो। राजकीर्ति महाविहार र बन्धुदत्त विहारमा नित्य पूजा र बौद्ध धर्म सँग सम्बन्धित अन्य पूजा, पाठ, गुठीका बज्राचार्यहरुले धार्मिक क्रियाकलाप, कर्मकाण्ड बाहेक प्रायःजसो यी दुई विहारहरुमा चहलपहल हुँदैन । अभिलेख, वंशावली र किंवदन्ती अनुसार सातौं शताब्दी देखि महत्वपूर्ण रहेका संरचनाहरु रहेता पनि ओझेलमा परेको देखिन्छ ।

# अध्याय पाँच

# प्राप्ति, छलफल र निष्कर्ष

"काठमाडौँ टेबहाल स्थित राजकीर्ति महाविहार परिसरको सांस्कृतिक अध्ययन" शीर्षकको प्रस्तुत शोधग्रन्थ पाँच अध्यायमा रहेको छ । राजकीर्ति महाविहार परिसरमा रहेका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा र सांस्कृतिक सम्पदामा आएका परिवर्तनहरुलाई विवरणात्मक र विश्लेषणात्मक विधिबाट छलफल गरेर प्राप्त प्रमाणहरुको आधारमा निष्कर्षमा पुगिएको छ ।

## ५.१ प्राप्ति तथा छलफल

"काठमाडौँ टेबहाल स्थित राजकीर्ति महाविहार परिसरको सांस्कृतिक अध्ययन" शीर्षकको प्रस्तुत शोधग्रन्थ पाँच अध्यायमा विभाजन गरिएको छ। प्रस्तुत शोधपत्रमा समस्याको रुपमा पहिचान भएका प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ । राजकीर्ति महाविहार परिसरमा रहेका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा र सांस्कृतिक सम्पदामा आएका परिवर्तनहरुको बारेमा यस शोध केन्द्रित रहेको छ। यस शोधबाट आएको प्राप्ति र छलफललाई निम्न रुपमा प्रस्तुत गरिएको छ ।

### ५.१.१ राजकीर्ति महाविहार परिसरको ऐतिहासिकता

राजकीर्ति महाविहार परिसरको अध्ययन गर्दा ऐतिहासिक रुपमा महत्वपूर्ण प्रमाणहरु प्राप्त भएका छन् । राजकीर्ति महाविहार परिसर लिच्छविकालमा नै स्थापना भएको हो । राजकीर्ति महाविहार परिसरमा गणेश मन्दिरको अगाडि बायाँ पट्टिको पसल भित्र महांकालको मूर्ति रहेको रहेको छ। त्यसैको पादपीठमा लिच्छविकालीन अभिलेख रहेको छ। उक्त अभिलेख मानदेवको पालामा सार्थवाह गुहमित्रले संवत् ४०२ आषाढ शुक्ल पूर्णिमाको दिन इन्द्रनामक भगवान सूर्यलाई भक्तिपूर्व स्थापना गरेको पाइन्छ । नवग्रहहरु मध्ये सूर्य पनि एक भएको हुनाले नवग्रहको पूजा लिच्छविकालदेखि नै हुँदै आइरहेको पाइन्छ । मानिसहरुलाई ग्रहदशा लाग्दा ग्रह शान्त बनाउनको लागि मठ मन्दिरमा जाने, पूजा गर्ने, होम गर्ने गर्दछन् । आफ्नो सङ्कट मोचन गर्न, ग्रह शान्तिको लागि पूजापाठ, व्रत बस्ने तथा मन्दिर र विहारमा गएर दानादि कार्य पनि गर्ने गर्दछन् । धार्मिका विश्वास र आस्थालाई स्वीकार गर्ने हुँदा यस क्षेत्रमा राजकीर्ति महाविहार परिसरको स्थापना लिच्छविकालदेखि नै भएको स्पष्ट देखिन्छ ।

सङ्कटा मन्दिरको स्थापना पनि लिच्छविकालमा नै भएको देखिन्छ। सङ्कटा मन्दिरको दक्षिणतर्फको पर्खालमा एउटा जलद्रोणी रहेको छ । जलद्रोणीको छेउको पर्खालमा उत्तर लिच्छविकालीन अभिलेख रहेको छ। उक्त अभिलेखमा मिति उल्लेख छैन तर लिपिको हिसाबले उत्तर लिच्छविकालको अभिलेख रहेको देखिन्छ । उक्त अभिलेखमा प्रियपाल नामक शाक्य भिक्षुले रत्नत्रय (बुद्ध, धर्म र संघ) लाई प्राणीहरुको उपभोगको लागि कुवा र टुटेधारा बनाएको उल्लेख पाइन्छ। यस राजकीर्ति महाविहार परिसरमा लिच्छविकालीन समय देखि नै हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुले आस्था राख्ने मन्दिर र विहार एउटै परिसरमा रहेको देखिन्छ। मानदेवको पालाको सार्थवाह गुहमित्रले राखेको सूर्यको मूर्ति र प्रियपाल नामक भिक्षुले रत्नत्रयलाई सम्बोधन गरी कुवा र टुटेधारा बनाएको प्रसङ्गलाई विश्लेषण गर्दा लिच्छविकालीन समयदेखि नै यस क्षेत्र हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुको लागि महत्वपूर्ण धार्मिक स्थल रहेको पाइन्छ। हिन्दू धर्मावलम्बीहरुले ग्रहदशा लाग्दा शनिको पूजा, नवग्रहको पूजा, भगवतीको पूजा गर्ने र बौद्ध धर्मावलम्बीहरुले पनि ग्रहदशा लाग्दा चण्डमहारोषण, अचल, पद्मान्तक भैरवको पूजा गर्ने हुँदा दुवै धर्मावलम्बीहरुको आस्थाको केन्द्र सङ्कटा मन्दिर भएको देखिन्छ । हिन्दू धर्मावलम्बीहरुले आस्था, विश्वास र पूजा गर्ने सूर्यको मूर्ति र बौद्ध धर्मावलम्बीहरुले आस्था र विश्वास गर्ने बुद्ध धर्म र संघलाई सम्बोधन गरेर बनाइएको आधारले यिनै मन्दिरलाई लक्षित गरेर देवीदेवताकै उपासनाका निम्ति यि कुवा र टुटेधारा बनाइएको स्पष्ट हुन्छ। यसै कारणले गर्दा यस क्षेत्रमा हिन्दू तथा बौद्धहरुको आस्थाको केन्द्रको रुपमा मन्दिर र विहार रहेको पुष्टि हुन्छ।

राजकीर्ति महाविहार परिसरमा लिच्छविकालीन दुईवटा अभिलेख र सात वटा लिच्छविकालीन चैत्यहरु रहेका छन् । अभिलेख र चैत्यहरुको आधारमा विश्लेषण गर्दा यस क्षेत्रमा सूर्यको मूर्ति स्थापना गर्नु, कुवा र टुटेधारा बनाएको अभिलेख हुनुले यस स्थल धार्मिक स्थल हो भन्ने कुरालाई पुष्टि गरेका छन् । यस परिसरमा रहेका सात वटा लिच्छविकालीन चैत्यहरुले यस परिसरलाई लिच्छविकालीन समय देखि नै विहारको रुपमा रहेको कुरालाई अझ बढी प्रमाणित गरिदिएका छन्। यस परिसर भित्र विहार रहेको हुनाले मानिसहरुको चहलपहल हुने हुँदा मानिसहरुलाई पिउनको लागि, मन्दिर र विहारमा आवश्यक पर्ने जलको लागि भनेर प्रियपाल भिक्षुले कुवा र टुटेधारा बनाएको कुरा समेत पुष्टि हुन आउँछ।

स्थानीय बासिन्दाहरुको विश्वास र किंवदन्ती अनुसार लिच्छविकालीन राजा नरेन्द्रदेव, आचार्य बन्धुदत्त र ललित ज्यापुले कामरुप कामाक्षबाट मत्स्येन्द्रनाथलाई ललितपुरको

बुङ्मतीमा स्थापना गराएपछि राजाले आफ्ना गुरु आचार्य बन्धुदत्तको लागि राजकीर्ति महाविहार परिसरमा एउटा विहार बनाएका थिए । हाल उक्त विहारलाई बन्धुदत्त विहार भनिन्छ । बन्धुदत्त विहार भित्र अक्षोभ्य बुद्धको मूर्ति रहेको छ र अक्षोभ्य बुद्धको मूर्तिको अगाडि लिच्छविकालीन सानो एउटा चैत्य रहेको छ । उक्त चैत्यमा गवाक्ष खाली रहेको छ । गवाक्ष खाली भएको चैत्यहरु पाँचौ/छैठौं शताब्दीमा बनेको हुनाले सम्भवतः यस महाविहार परिसरमा पहिले नै विहार भएको हुनुपर्दछ । बन्धुदत्त विहारको बाहिर बरण्डामा अलि ठूलो खालको लिच्छविकालीन चैत्य रहेको छ । स्थानीय बासिन्दाहरुको विश्वास, किंवदन्ती र लिच्छविकालीन चैत्यहरुको समयसिमाको विश्लेषण गर्दा लिच्छविकालीन राजा नरेन्द्रदेवको समयावधि सातौं शताब्दीको रहेको र चैत्यहरुलाई विश्लेषण गर्दा चैत्यको गवाक्ष खाली र चिल्लो खालको कालो लेप भएका हुँदा लिच्छविकालीन चैत्यको विशेषता सँग मिल्न जाने हुँदा स्थानीहरुले विश्वास गरेको कुराको पनि पुष्टि हुन आउँछ । लिच्छविकालीन गवाक्ष खाली भएको चैत्यको आधारमा हेर्दा यस परिसर नरेन्द्रदेव भन्दा अगाडि नै बौद्ध तीर्थस्थलको रुपमा विकास भएको छ । अतः बन्धुदत्त विहारको स्थापना लिच्छविकालमै भएको हो ।

राजकीर्ति महाविहारको निर्माण पनि लिच्छविकालमै भएको आधारहरु भेटिन्छन् । यस महाविहार परिसर भित्र तेदो विहार, तीर्थ विहार, त्रिरत्न विहार भनेर विहारहरु रहेको कुरा विद्वानहरुले उल्लेख गरेका छन् । सङ्कटा मन्दिरको दक्षिणतिरको जलद्रोणीको छेउमा रहेको प्रियपाल भिक्षुले राखेको अभिलेखमा "रत्नत्रय" भन्ने शब्द परेको छ । यस शब्दले त्रिरत्नलाई बुझाउँछ । बौद्ध धर्ममा त्रिरत्न भनेको बुद्ध, धर्म र संघ हो । यसकारण लिच्छविकालमै त्रिरत्न विहारको स्थापना भइसकेको प्रमाणित हुन्छ । राजकीर्ति महाविहार परिसर भित्र रहेको ने.सं. ५८३ (सन् १४६२) को चन्द्रको मूर्तिको अभिलेखमा तेदो विहारको उल्लेख भएको छ ।

हाँडीगाउँको अंशुवर्माको अभिलेखमा "श्रीराजविहारस्य" भन्ने विहारको नाम उल्लेख भएको छ । राजविहार निर्माण गर्ने राजाहरु धर्मदेव र अंशुवर्मा हुन् । यि दुई मध्ये कसले राजविहार स्थापना गरेका हुन यकिनका साथ भन्न नसकिएता पनि राजाले नै राजविहार बनाएको हुनाले आफ्नो कीर्ति फैलाउनको लागि सम्भवतः टेबहालमा रहेको राजकीर्ति महाविहार पनि अंशुवर्माले निर्माण गरेको हुनुपर्दछ । राजकीर्ति शब्दको अर्थ राजाको कीर्ति फैलिएको हुनाले राजकीर्ति विहार स्थापना गरेको हो । यसैको आधारमा राजाको कीर्ति फैलिएको हुँदा राजकीर्ति महाविहार नामकरण गरिएको हो । बन्धुदत्त विहार र त्रिरत्न विहारको

जग्गा सानो सानो क्षेत्रफलमा रहेकालाई दुवै विहारलाई जोडेर एउटै ठूलो महाविहार बनाएको पाइन्छ, जसलाई राजकीर्ति महाविहार भनिन्छ ।

राजकीर्ति महाविहारको अगाडि लिच्छविकालीन एउटा चैत्य रहेको हुँदा यसले पनि राजकीर्ति महाविहार लिच्छविकालमै बनेको कुरालाई स्पष्ट पार्दछ । लिच्छविकालीन राजा नरेन्द्रदेव, आचार्य बन्धुदत्तले कामरुप कामाक्षबाट मत्स्येन्द्रनाथलाई उपत्यकामा विराजमान गराइसकेपछि यहाँको सङ्कट हटेको हुनाले राजाको कीर्ति चारैतिर फैलिएको हुँदा राजकीर्ति विहार भनिएको मानिन्छ । बन्धुदत्त विहार र राजकीर्ति महाविहार एउटै परिसरमा रहेको र राजकीर्ति महाविहारको अगाडिको लिच्छविकालीन चैत्य रहेका हुँदा यस प्रमाणलाई अझ बलियो रुपमा आधार मान्न सकिन्छ । यसरी अभिलेखीय प्रमाण, लिच्छविकालीन चैत्य, किंवदन्ती र स्थानीयहरुको विश्वासको आधारमा राजकीर्ति महाविहार लिच्छविकालीन समयमा निर्माण भएको हो भन्ने कुरालाई प्रमाणित हुन्छ ।

लिच्छविकालीन राजा नरेन्द्रदेव र आचार्य बन्धुदत्तले मत्स्येन्द्रनाथलाई ल्याउने क्रममा सङ्कटालाई पनि सँगै ल्याएर यस महाविहार परिसर भित्र स्थापना गरेको कुरा देखिन्छ । माथि उल्लेखित विभिन्न अभिलेखीय प्रमाण, चैत्य, किंवदन्ती र स्थानीयहरुको विश्वासको आधारमा यस महाविहार परिसरमा रहेका राजकीर्ति महाविहार, बन्धुदत्त विहार र सङ्कटा मन्दिरको स्थापना लिच्छविकालमा नै भएको प्रमाणित हुन्छ ।

राजकीर्ति महाविहार परिसर भित्र चन्द्र र सूर्यका मूर्तिहरु रहेका छन् । ने.सं. ५८३ ( सन् १४६२) मा यक्ष मल्लले चन्द्रको मूर्ति राखेको कुरा पादपीठमा उल्लेख रहेको छ । उनले पूर्णिमाको व्रत पूरा गरेको हुनाले तेदो विहारमा चन्द्रको मूर्ति स्थापना गरिएको कुरा पादपीठमा रहेको अभिलेखमा उल्लेख रहेको छ । नवग्रह सहितको चन्द्रको मूर्ति राखिएको छ । यस मूर्तिलाई विश्लेषण गर्दा राजा यक्ष मल्लले पूर्णिमाको व्रत सम्पन्न गरेको र नवग्रहहरुलाई पनि पूजा गरेको कुरा यस मूर्तिबाट स्पष्ट हुन आउँछ । राज्यमा संकट, बाधा नपरोस् भनेर नवग्रहहरुको पूजा गरेको हुन सक्ने अनुमान देखिन्छ । राज्य र आफ्नो ग्रहदशा नलागोस् भनेर सङ्कटा मन्दिर रहेको परिसरमा पूजा गरी चन्द्रको मूर्ति स्थापना गरेको अनुमान गर्न सकिन्छ । हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुको संगम धार्मिक स्थल भएको हुनाले यस परिसरमा यक्ष मल्लले चन्द्र र सूर्यको मूर्ति राखेर धार्मिक सहिष्णुतालाई अझ मजबुत पारेको देखिन्छ ।

ने.सं. ६४० (सन् १५१९) मा राजा रत्न मल्लले पनि यस राजकीर्ति महाविहार परिसर भित्र सूर्यको मूर्ति स्थापना गरेको पाइन्छ । यस मूर्तिको पादपीठमा भएको अभिलेखमा "राजकीर्ति महाविहार" भनेर उल्लेख गरिएको छ । यस राजकीर्ति महाविहार परिसर भित्र पहिले धेरै विहारहरु रहेको कुरा यस अभिलेखमा उल्लेख राजकीर्ति महाविहार भन्ने शब्दले स्पष्ट पारेको छ । यहाँ रहेका लिच्छविकालीन विहारहरु - बन्धुदत्त विहार, त्रिरत्न विहार, राजकीर्ति विहार, तेदो विहार रहेको पाइन्छ भने यस अभिलेखमा राजकीर्ति महाविहार भनेर नामकरण गरिएको छ । यस राजकीर्ति महाविहार परिसरमा साना-साना विहारहरुलाई एउटै विहारमा गाभेर राजकीर्ति महाविहार नामकरण गरिएको कुरा पुष्टि हुन आउँछ । अतः यस क्षेत्र लिच्छविकाल देखि मल्ल काल सम्म पनि निरन्तर प्रख्यात रहेको कुरा चन्द्र र सूर्यको मुर्तिमा रहेको अभिलेखले समेत पुष्टि गर्दछ ।

हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुले ग्रहदशा शान्त पार्नको लागि नवग्रहको पूजा गर्ने भएको हुँदा यक्ष मल्ल र रत्न मल्लले सूर्य र चन्द्रको मुर्तिलाई यस महाविहार परिसरमा स्थापित गरेर धार्मिक समन्वय समेत गरेको पाइन्छ । तत्कालीन समाज धर्ममा आस्था र विश्वास गर्ने भएको हुँदा मठ, मन्दिर, विहार, चैत्य, मूर्तिहरुको निर्माण र स्थापना एउटै परिसर भित्र हुनुले पनि शासकहरुको दुरदृष्टिलाई समेत बुझ्न सकिन्छ ।

## ५.१.२ राजकीर्ति महाविहार परिसरका मूर्त सम्पदा

राजकीर्ति महाविहार परिसर लिच्छविकालमै स्थापना भइसकेको पाइन्छ । यसै परिसरमा रहेका भद्रकालीको स्थापनाको बारेमा सातौं शताब्दीका प्रसिद्ध तान्त्रिक शास्वतबज्रले कालीको साधना गरी वैष्णवी पीठमा स्थापना गरेपछि यस पीठलाई भद्रकाली भन्न थालियो भन्ने जनविश्वास पाइन्छ । राजकीर्ति महाविहार परिसरमा रहेको भद्रकाली देवघर टुँडीखेलमा रहेको भद्रकाली पीठको देवघर हो । भद्रकाली देवघरको कला, वास्तुकला, मुर्तिकला, झ्याल, ढोका, तोरण, टुँडाल, छानो, गजुर आदिको बारेमा विस्तृत रुपमा अध्ययन गरिएको छ । तोरण तथा टुँडालमा भएका गणेश, भद्रकाली एवं अष्टमातृकाको प्रतिमालक्षणको बारेमा गहिरो रुपमा अध्ययन गरिएको छ । गणेश, भद्रकाली एवं अष्टमातृकाको आयुध, आसन, गरगहना, वाहन आदिको बारेमा अध्ययन गरिएको छ । भद्रकाली, चामुण्डा, श्वेतकाली, रक्तकाली र दक्षिणकालीको प्रतिमालक्षण, आयुध, वाहन, आसन, गरगहना आदिको बारेका विस्तृत रुपमा

अध्ययन गरिएको छ । भद्रकाली देवघरको कला, वास्तुकला, मूर्तिकलाको विस्तृत अध्ययन गरेर निष्कर्ष निकालिएको छ ।

नेपालमा शाक्त परम्पराको देवीहरुको मन्दिरको तोरण एवं टुँडालमा प्रायजसो अष्टमातृका, अष्टभैरवको प्रतिमाहरु निर्माण गरिने प्रचलन रहेको छ। मातृकाहरुलाई शक्तिको प्रतिकको रुपमा पूजा गरिने हुनाले पनि सबै मातृकागणहरुलाई एउटै मन्दिरमा राखिएको पाइन्छ । हिन्दू धर्मावलम्बीहरुले मातृकाहरुको सामुहिक रुपमा पूजाआजा गर्ने चलन रहेको पाइन्छ। नेपालमा प्राचीन कालदेखि नै मातृकाहरुको पूजा हुँदै आएको पाइन्छ भने मध्यकालमा मातृकाहरुको पूजाको परम्परा धेरै विकास भएको पाइन्छ । हाल सम्म पनि निरन्तर रुपमा मातृकाहरुको पूजाआजा हुँदै आइरहेको छ। नवग्रह शान्ति, युद्धमा विजय प्राप्ति, रोगव्याधिको निराकरण गर्न मातृकाहरुको पूजाआजा गर्ने प्रचलन रहेको छ ।

हिन्दू धर्मावलम्बीहरुले *नासःद्य* (नृत्यनाथ) लाई भगवान शिवको एउटा स्वरुपको रुपमा पुज्ने गर्दछन् । नृत्यनाथलाई संगीत, वाद्यबाजन र नृत्यका देवताको रुपमा पूजाआजा गरिन्छ । नेवारी समाजमा *नासःद्य* लाई त्रिकोणात्मक प्वालको रुपमा पूजा गर्ने प्रचलन रहेको छ । बाजागाजा, संगीत, नृत्य सिक्नु अघि *नासःद्य* को मन्दिरमा गई पूजाआजा गर्ने प्रचलन काठमाडौँ उपत्यकाका नेवार समुदायमा पाइन्छ । बौद्ध धर्मावलम्बीहरुले *नासःद्य* लाई पद्मनृत्येश्वरको रुपमा पूजा गर्ने गर्दछन् । बज्राचार्यहरुले दीक्षा दिने समयमा *नासःद्य* भनी एक मूर्ति प्रदर्शन गर्दछन् तर यो मूर्ति अरुलाई देखाइदैन । दीक्षा दिने र लिनेहरुले मात्र यो मूर्ति हेर्दछन् । राजकीर्ति महाविहार परिसरमा रहेको *नासःद्य* को मन्दिरको वास्तुकला, ढोका, तोरण, टुँडाल, छानो र गजुरको अध्ययन गरेर प्रस्तुत गरिएको छ ।

राजकीर्ति महाविहार र बन्धुदत्त विहारको वास्तुकला, ढोका, झ्याल, तोरण, टुँडाल छानो, गजुर आदिको बारेमा विस्तृत रुपमा अध्ययन गरिएको छ। विहार भित्र रहेका अक्षोभ्य बुद्धको प्रतिमालक्षण, सारिपुत्र र मौद्गल्यायनका मूर्तिहरुको प्रतिमालक्षण आदिका बारेमा समेत विस्तृत रुपमा अध्ययन गरेर प्रस्तुत गरिएको छ ।

सङ्कटा मन्दिरको वास्तुकला, ढोका, झ्याल, तोरण, टुँडाल, भित्तेचित्र, छानो, गजुर आदिको बारेमा विस्तृत रुपमा अध्ययन गरिएको छ । माथिल्लो तल्लामा सङ्कटाको मूर्ति रहेको छ। सङ्कटाको मूर्ति भएको कक्षमा भएका वज्रयोगिनी, मञ्जुश्री आदि देवीदेवताहरुको पनि अध्ययन गरेर प्रस्तुत गरिएको छ। पद्मपाणी लोकेश्वरको मूर्ति भुइँतल्लामा रहेको छ।

पद्मपाणी लोकेश्वरको प्रतिमालक्षण, त्यहाँ भएका अरु देवीदेवताको बारेमा समेत उल्लेख गरिएको छ ।

राजकीर्ति महाविहार परिसरमा लिच्छविकालीन चैत्य सात वटा रहेका छन् भने मल्लकालका चैत्यहरु पनि सात वटा रहेका छन् । हालसम्मपनि चैत्यहरु स्थापना गरेर राखेको पाइन्छ । परिसरभित्रै सरस्वतीको मूर्ति र क्षेत्रपालको रुपमा गणेश र महांकालको मूर्ति रहेका छन् । मध्यकालको सरस्वतीको मूर्ति, गणेशको मूर्तिको प्रतिमालक्षणको बारेमा अध्ययन गरी उल्लेख गरिएको छ । यस परिसर भित्र लिच्छविकालीन दुईवटा अभिलेख, मल्लकालीन अभिलेखहरु र शाहकालीन अभिलेख समेत पाइएको छ ।

राजकीर्ति महाविहार परिसर लिच्छविकाल, मल्लकाल देखि हालसम्म पनि यहाँ रहेका मूर्त सांस्कृतिक सम्पदाले भरिपूर्ण रहेको हुनाले यस परिसर अत्यन्तै महत्वपूर्ण रहेको छ ।

## ५.१.३ राजकीर्ति महाविहार परिसरका अमूर्त सम्पदा

राजकीर्ति महाविहार परिसरमा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुले आस्था, विश्वास र पूजा गर्ने मन्दिर, विहार, चैत्य, मूर्तिहरु रहेका छन् । उक्त मूर्त सम्पदा सँग जोडिएका अलग अलग किसिमका अमूर्त संस्कृतिहरु रहेका छन् । अध्ययनको क्रममा राजकीर्ति महाविहार, बन्धुदत्त विहार र सङ्कटा मन्दिरको पुजारी दीक्षा लिएका बज्राचार्य परिवारबाटै हुने गरेको पाइएको छ । विहार तथा मन्दिरमा नित्य पूजा, नैमित्तिक पूजा, *बुसाधँ* (वर्षबन्धन) पूजा, *स्वांछ्या* पूजा, नाग पूजा, सङ्कटा मन्दिरको गजुर मान्द्रोले छोप्ने, दिशीपूजा गर्ने, नरकट प्रतिमा बनाई सेलाउने, भ्यागुतालाई भात खुवाउने, दशैंमा जमरा राख्ने, सङ्कटा मन्दिरको मान्द्रो निकाल्ने, राती तान्त्रिक विधिले होम गर्ने, महावली पूजा गर्ने, हरेक शनिबार पूजा गर्ने, भाकल पूजा, सङ्कटाको १२ वर्षे जात्रा, जात्रामा शिखाकार गुठीको भूमिका, भद्रकाली मन्दिरमा चतुर्दशी पूजा, पिशाच चतुर्दशी पर्व, खड्गजात्रा, शिवरात्रीमा होम पूजा, भद्रकाली नृत्य, गुंला पर्वमा शिखाकारहरुको भूमिका, *य:सिं* परम्परा आदि अमूर्त संस्कृतिको बारेमा गहिरो सँग अध्ययन गरिएको छ ।

राजकीर्ति महाविहार, बन्धुदत्त विहार र सङ्कटा मन्दिरमा बज्राचार्य पुजारीहरुले पूजा गर्ने गर्दछन् । १५/१५ दिनमा पुजारीहरुले पालो फेर्ने गर्दछन् । बज्राचार्य पुजारीहरुको प्रमुख पुजारीलाई चक्रेश्वर भनिन्छ । चक्रेश्वरले मात्र बन्धुदत्त विहारमा नित्य पूजा गर्ने गर्दछन् । पालो पर्ने पुजारीहरुले अरु मन्दिरमा नित्य तथा नैमित्तिक पूजा गर्ने गर्दछन् ।

नित्य पूजामा देवता जगाउने, धोएर सफा गर्ने, धुपबत्ती गर्ने, आरती गर्ने, मन्त्रोच्चारण गरेर पूजा गर्ने गर्दछन् । नैमित्तिक पूजामा प्रायजसो तान्त्रिक विधिबाट पूजा गर्ने प्रचलन रहेको छ । तान्त्रिक पूजा बिहान, दिनभरि र राती कसैले पनि नदेख्ने गरी गर्ने परम्परा चलिआएको छ । तान्त्रिक पूजा गर्दा चर्या गीत अनिवार्य रुपमा गाउनुपर्ने परम्परा रहेको छ । तान्त्रिक पूजा गर्दा दीक्षा लिएका बज्राचार्य पुजारीहरुले मात्र भाग लिन पाउँदछन् । राजकीर्ति महाविहार, बन्धुदत्त विहार र सङ्कटा मन्दिरमा नैमित्तिक पूजा प्रायजसो प्रत्येक महिनामा गर्नुपर्दछ । सङ्कटाको १२ वर्षे जात्रा विशेष महत्वपूर्ण रुपमा मनाउने गर्दछन् ।

सङ्कटाको १२ वर्षे जात्रामा सङ्कटालाई ल्याउन दीक्षा लिएका बज्राचार्यहरु कटुवालदह जाने गर्दछन् । त्यहाँ तान्त्रिक विधिले पूजा गरेर देवता आह्वान गरेर कलशमा हाली टौदहमा आएर कर्कोटक नागको पूजा गर्दछन् । त्यहाँ बाट चोभार जलविनायकमा आएर रात्री समयमा तान्त्रिक पूजा गर्दछन् र भोलि बिहान पूजा गरेर सानेपा भजन मण्डलमा गएर कलशलाई सिंगारेर जात्रा सहित टेबहालमा स्वागत गरी देवता आह्वान गरेको कलश भित्र्याउँछन् ।

बज्राचार्य पुजारीहरु र स्थानीय बासिन्दाहरुको अनुसार राजा नरेन्द्रदेव, आचार्य बन्धुदत्तले मत्स्येन्द्रनाथलाई कामरुप कामाक्षबाट ल्याउँदा मत्स्येन्द्रनाथको पछि लागेर यक्ष, यक्षिणी, योगिनी, क्रोधित देवताहरु सँगै आएका थिए भन्ने पाइन्छ । सङ्कटालाई पनि यक्ष, यक्षिणी, योगिनी, क्रोधित देवताहरु मध्ये एक देवता भएको विश्वास गर्दछन् । यसैलाई आधार बनाएर सङ्कटालाई कामरुप कामाक्ष बाट ल्याइएको भनी भन्ने गर्दछन् । तर अध्ययन गर्दै जाँदा सङ्कटा देवता कामरुप कामाक्ष बाट नभई कटुवालदहबाट नै उत्पत्ति तथा स्थापना भएको तथ्य भेटिन्छ ।

सर्वप्रथम सङ्कटा देवताको बारेमा जान्नु उपयुक्त हुन्छ । लिच्छविकालीन राजा नरेन्द्रदेव, आचार्य बन्धुदत्त र ललित ज्यापुले कामरुप कामाक्षबाट तान्त्रिक विधिबाट मत्स्येन्द्रनाथलाई भमराको रुपमा कलशमा राखी काठमाडौं उपत्यकामा ल्याउँन खोज्दा ललितपुर जिल्लाको कटुवालदहमा आएपछि विघ्न, बाधा, सङ्कट उत्पन्न भएको पाइन्छ । कटुवालदहमा आइपुगेपछि सङ्कटाले पनि मत्स्येन्द्रनाथ सँगै काठमाडौं उपत्यकामा जाने इच्छा गरी पाँच औंला सहितको हत्केला देखाएको भनी विश्वास गरिन्छ । कटुवालदहमा आएपछि काठमाडौं उपत्यकामा मत्स्येन्द्रनाथलाई ल्याउन नसक्ने भएपछि आचार्य बन्धुदत्तले तान्त्रिक

पूजा गरेर उत्पन्न भएको विघ्न, बाधा, सङ्कटलाई शान्त पारेको विश्वास गरिन्छ । आचार्य बन्धुदत्तले कटुवालदहमा सङ्कटालाई पछि लिन आउने बाचा गरी त्यहीँ विधिपूर्वक स्थापना गरेर मत्स्येन्द्रनाथलाई लिएर ललितपुरको बुङ्मतीमा स्थापना गरेको किंवदन्ती र स्थानीयको विश्वास रहेको पाइन्छ ।

मत्स्येन्द्रनाथलाई बुङ्मतीमा स्थापना गरेको केही दिन पछि बाचा गरेअनुसार सङ्कटालाई काठमाडौँ उपत्यकामा ल्याउनको लागि आचार्य बन्धुदत्त कटुवालदहमा गएर तान्त्रिक विधिबाट सङ्कटा र वरुण (योगिनी) लाई दुई वटा कलशमा आह्वान गरेर बन्धुदत्त विहार रहेको स्थानमा मत्स्येन्द्रनाथलाई स्थापना गराइएको जग्गा जति काठमाडौँ टेबहालमा उपलब्ध बनाएर सङ्कटालाई विराजमान गराएको किंवदन्ती र स्थानीयहरुको विश्वास रहेको पाइन्छ ।

अनुसन्धानको क्रममा किंवदन्ती र स्थानीयहरुको विश्वासको आधारमा विश्लेषण गर्दा मत्स्येन्द्रनाथको पछि लागेर कामरुप कामाक्षबाट सङ्कटा सँगै आएको नभई नेपालको सरहद कटुवालदहमा बस्ने स्थानीय शक्तिशाली देवताको रुपमा सङ्कटा देवता रहेको पाइन्छ । मत्स्येन्द्रनाथ बाहिरको देवता भएको हुँदा उपत्यकामा भित्र्याउन खोज्दा स्थानीय देवता सङ्कटाले सङ्कट उत्पन्न गरी कटुवालदहमा अवरोध गरेको देखिन्छ । यदि सङ्कटा मत्स्येन्द्रनाथ सँग पछि लागेर आएको भए कटुवालदहमा आएर सङ्कट उत्पन्न गर्ने थिएनन् । मत्स्येन्द्रनाथलाई जहाँ स्थापना गरिन्छ, त्यहीँ नै सङ्कटा पनि रहन्थे । तर त्यसो नभई कटुवालदहमा सङ्कट उत्पन्न गरी उपत्यकामा जाने इच्छा देखाएको पाइन्छ । यसै कारणले गर्दा सङ्कटा देवता नेपालका स्थानीय देवता हुन् । उनको उत्पत्ति ललितपुरको कटुवालदहमा भएको पाइन्छ । कटुवालदहमा सङ्कट उत्पन्न भएर सङ्कटालाई उपत्यकामा ल्याउने बाचा गर्दा साथ सङ्कट निवारण भई मत्स्येन्द्रनाथलाई उपत्यकामा ल्याउन राजा नरेन्द्रदेव र आचार्य बन्धुदत्त सफल भएको देखिन्छ । सङ्कटलाई तुरुन्तै निवारण गरेको कारण सङ्कटा देवता भनेर नामकरण गरेको हुनुपर्दछ ।

हिन्दू र बौद्ध धर्मावलम्बीहरुले सङ्कटा देवतालाई भिन्न भिन्न नामले चिन्ने गर्दछन् । हिन्दू धर्मावलम्बीहरुले ग्रहदशा शान्त पार्ने, विघ्न, बाधा, सङ्कट हर्ने देवताको रुपमा सङ्कटालाई शनि, भगवती, सङ्कट तारिणी देवीको रुपमा पूजा गर्ने गर्दछन् र त्यही अनुरुपको विश्वास र आस्था पनि राखेको पाइन्छ । बौद्ध धर्मावलम्बीहरुले पनि ग्रहदशा शान्त पार्ने,

विघ्न, बाधा, सङ्कट हर्ने देवताको रुपमा सङ्कटा देवतालाई चण्डमहारोषण, अचल, पद्मान्तक भैरव भनी आस्था, विश्वास र पूजा गर्ने गर्दछन् ।

हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुले ग्रहदशा शान्त पार्ने, विघ्न, बाधा, सङ्कट हर्ने देवताको रुपमा सङ्कटालाई पूजा गर्ने गरिरहेका छन् । एउटै देवतालाई हिन्दू र बौद्ध धर्मावलम्बीहरुले पूजा गर्नु, विश्वास र आस्था राख्नु भनेको धार्मिक सहिष्णुतालाई कायम गर्नु हो । एक अर्काको अस्तित्वलाई स्वीकार गर्नु हो ।

पञ्चध्यानी बुद्धलाई कल्पना गरिएका बुद्धको रुपमा लिइन्छ । साधनमाला अनुसार अक्षोभ्य बुद्धबाट डरलाग्दा र भयङ्कर रुपका देवताहरुको प्रादुर्भाव भएको पाइन्छ । जसमध्ये चण्डरोषण, हेरुक, बुद्धकपाल, संवर, हयग्रीव रक्तयमारी, कृष्णयमारी, जम्भल, उच्छुष्म जम्भल आदि देवतालाई क्रोधित देवताको रुपमा चिनिन्छ । यी देवताहरुलाई प्रतिमाहरुमा निलो वर्ण, विकट मुखमण्डल भएका, त्रिनेत्रधारी, तीक्ष्ण स्वभाव भएका, जिब्रो बाहिर निकालिएका, मुण्डमालाधारी, बाघको छाला बेरेका, गलामा सर्पको माला धारण गरेका देवताको रुपमा देखाउने चलन रहेको छ ।

बज्रायानी बौद्ध दर्शनमा सौम्य देवता र रौद्र देवताको परिकल्पना रहेको पाइन्छ । रौद्र देवताको विशेषताको रुपमा प्रायः उठिरहेको, आयुधहरु पनि युद्ध गर्ने खालका, गरगहनामा सर्प कुण्डल, खप्पर, मुकुटमा पाँचवटा खप्परको आकृति भएको हुन्छ । श्रीचण्डमहारोषणतन्त्रम् ग्रन्थमा चण्डमहारोषणको अर्थ दिएको छ । चण्डको अर्थ तीव्रताको कारण, रोषणको अर्थ क्रोधको कारण भनी दिएको छ । चण्डमहारोषणलाई सबै मारलाई क्रोधपूर्वक तीव्रताले महान् प्रयत्नले नाश गर्ने देवताको रुपमा देखाइएको छ । चन्द्र र सूर्य रहेका, प्राणीको हितको लागि कार्य गर्ने देवताको रुपमा चण्डमहारोषण वा अचललाई देखाइएको छ ।

सङ्कटा मन्दिरमा राखिएको सङ्कटा देवताको प्रतिमालक्षण हेर्दा उनी शनि, भगवती, सङ्कट तारिणी देवीको रुपमा नभई बौद्ध धर्म अन्तर्गतका देवता देखिन्छन् । सङ्कटा मन्दिरमा रहेका देवता उठिरहेको, सङ्कटाको मूर्तिको माथि चन्द्र र सूर्य रहेका, आयुधको रुपमा दायाँ हातमा खड्ग, घाँटीमा धातुको नागको माला र मुकुटमा पाँच वटा खप्परको आकृति कुँदिएको हुँदा मन्दिरमा विराजमान रहेका देवता बौद्ध दर्शन अन्तर्गतका रौद्र देवता हुन् भन्ने पाइन्छ । उल्लेखित विशेषताका आधारमा चण्डमहारोषण वा अचल र पद्मान्तक भैरव मध्ये एक देवता हुनुपर्दछ । पुरातत्व विभागका अनुसार अचलवीर र सङ्कटा मन्दिरको पुजारीका अनुसार

पद्मान्तक भैरव भन्ने रहेको छ । अध्ययनको क्रममा सङ्कटामा विराजमान रहेका देवता चण्डमहारोषण हुन् भन्ने प्रमाणित हुन्छ ।

सङ्कटाको मन्दिरमा ने.सं. ७१९ (सन् १५९८) मा हाकुराम, गरुजुरामले सुनले मोलम्बित र ने.सं. ८९७ (सन् १७७६) मा टेबहाल टोल पुखालयताक्ष्मा बस्ने महर्जन गुणसिं थकाली समेत सीवा खलले गजुर राखेको भनी ताम्रपत्रमा उल्लेख भएको छ । ने.सं. ७१४ ( सन् १५९३) तेदोबहा यताछैं भिक्षु जकसिंले सुनले मोलम्बित इलां चदुवा चढाएको पाइन्छ।

ने.सं. ५८२ (सन् १४६१) को ताम्रपत्रमा टेबहालमा अरु कसैले होम यज्ञ गर्न पाउँदैन गरे देवताको कुदृष्टि लाग्ने छ भनी उल्लेख गरिएको छ । यो ताम्रपत्रमा उल्लेख भएअनुसार सन् १४६१ मा यस टेबहालमा गुठीयार बाहेक अरुले होम गर्न नपाउने कुरालाई उल्लेख गरेको पाइन्छ । सङ्कटा मन्दिरमा १५ औं शताब्दीमा होम गर्ने प्रचलन रहेको देखिन्छ ।

भद्रकालीको देवघरमा नित्य पूजा, नैमित्तिक पूजा, भाकल पूजा आदि हुने गर्दछ । विजयादशमीको बेला खड्ग जात्रा गरिन्छ । भद्रकालीको देवघरमा हरेक महिनाको चतुर्दशीमा सौगलबहालका बज्राचार्य गुरुजु आएर पूजा गर्ने प्रचलन रहेको छ । यस देवघरमा वर्षमा तीन पटक बडादशैं नवमी, पाहाँचह्रे र शिवरात्रीमा बलि सहितको पूजा गर्ने परम्परा रहेको छ ।

टेबहालमा रहेका अन्य अमूर्त संस्कृतिमा *य:सिं* (लिङ्गो) ठड्याउने, स्थान गणेशमा पूजा गर्ने, टेबहाल, नछेंगल्ली र खिचापोखरीका छोरीहरुको विवाह हुँदा यसै मन्दिरमा ल्याई दर्शन गर्न लगाएर दुलहा र दुलहीलाई स्वागत गर्ने गरिन्छ । नव विवाहित जोडीलाई यस मन्दिरमा स्वागत गरेपछि घर भित्र्याउँदा स्वागत गर्न नपर्ने प्रचलन रहेको छ ।

यसरी राजकीर्ति महाविहार परिसरमा रहेका अमूर्त संस्कृतिले यस क्षेत्रको गौरव बढाएको छ । लिच्छविकालदेखिका सम्पदाहरुलाई जीवन्त राखिरहेको पाइन्छ ।

### ५.१.४ राजकीर्ति महाविहार परिसरका सांस्कृतिक सम्पदामा आएका परिवर्तनहरु

राजकीर्ति महाविहार परिसरमा आएका परिवर्तनहरुलाई प्राचीन स्मारक संरक्षण ऐन, २०१३ मा व्यवस्था भएअनुसरा हेरिएको छ । राजकीर्ति महाविहार परिसरका सांस्कृतिक सम्पदाहरु मध्ये मूर्त सम्पदामा जीर्णोद्धारका क्रममा गरिएका परिवर्तनहरु बाहेक अरु परिवर्तनहरु देखिदैनन् । राजकीर्ति महाविहारको संरचना पहिला जस्तो थियो त्यो रुपमा नभएर पुनः निर्माणको कार्य गर्दा स्वरुपमा परिवर्तन गरिएको पाइन्छ । परिवर्तन गरिनुको कारण

आधुनिकीकरण, बढ्दो जनसङ्ख्या र व्यक्तिले रेखदेख नगर्ने हुँदा अहिलेको स्वरुपमा ल्याइएको पाइन्छ । छानो र गजुरमा परिवर्तन गरिएको छ । आधुनिकीकरणको मनोवैज्ञानिक प्रभावले गर्दा सारिपुत्र र मौद्गल्यायनलाई आभुषण र गरगहना लगाइदिएको पाइएको छ ।

सङ्कटा मन्दिरको मौलिक स्वरुप कस्तो थियो भन्ने कुरा ज्ञात हुन नसकेपनि यस मन्दिरमा अत्यधिक मात्रामा फलामको प्रयोग गरिएको छ । बन्धुदत्त विहार पनि पहिला झिंगटीको छानो रहेकोमा अहिले धातु पाताको छानो रहेको छ । आधुनिकीकरण र सामाजिक मनोविज्ञानको कारणले परिवर्तन भएको देखिन्छ ।

अमूर्त सांस्कृतिक सम्पदामा केही परिवर्तनहरु देखा परेका छन् । सङ्कटा मन्दिरको दक्षिणतिरको भाग पहिला फूलबारीको रुपमा रहेको र उक्त फूलबारीबाट फूल टिपेर सङ्कटामा चढाइने गरिन्थ्यो तर हाल उक्त स्थानमा फूलबारी छैन । फूल पनि पसलबाट किनेर चढाउने गरिन्छ । सङ्कटाको १२ वर्षे जात्रामा पनि केही परिवर्तन आएको पाइन्छ । वि.सं. २०२४ साल भन्दा अगाडि कटुवालदहमा तान्त्रिक विधिबाट कलशमा देवता आह्वान गरेपछि हातैले समातेर टेबहालमा ल्याउने परम्परा रहेको थियो । वि.सं. २०२४ सालपछि सानेपाबाट खटजात्रा गरी खटमा कलश राखेर ल्याउने परम्परा बस्न गएको देखिन्छ । समयको अन्तरालमा पुजारीहरुको मनोविज्ञानमा परिवर्तन आएको पाइन्छ । देवतालाई तामझामका साथ जात्रा गरेर भित्र्याउने परम्परा रहेको पाइन्छ ।

गुंला बाजा बजाउँदा पनि केही परिवर्तन आएको पाइन्छ । पहिला धाः बाजा, न्याखी बाजा, आदि बाजा शिख्राकार समुदायले मात्र बजाउने गरेकोमा हाल आएर ब्याण्ड बाजा पनि बजाउने प्रचलन रहेको छ । ब्याण्ड बाजा परियार जातिले बजाउने गर्दछन् । यस्तो किसिमको परिवर्तनको कारण आधुनिकीकरण र पश्चिमीकरणको प्रभावले गर्दा भएको हो ।

भद्रकाली देवघरमा बडा दशैंको अवसरमा हुने पूजामा पहिले पहिले राष्ट्र प्रमुखको रुपमा राजा आएर पूजा गर्ने गर्दथे । नेपालमा राजनीतिक परिवर्तनसँगै पूजा गर्ने परम्परा पनि हराएर गयो । राजनीतिक परिवर्तन भएपछि हाल सम्म कुनै पनि राष्ट्र प्रमुख आएर पूजा गरेका छैनन् । २०५४ सालतिर वडाध्यक्षले चुनाव जितेको खुशीयालीमा दुई वटा राँगो गणेश मन्दिरमा बली दिएको हुनाले हाल सम्म पनि निरन्तर रुपमा बली दिने परम्परा रहिआएको पाइन्छ । भद्रकाली नृत्यमा त्यो भन्दा पहिला त्यसरी बली दिने परम्परा रहेको थिएन ।

भद्रकाली देवघरमा राजनीतिक प्रभावको कारणले पर्वमा केही परिवर्तन आएको पाइएको छ । राजनीतिक नेतृत्वले आफू खुशी चलन चलाउँदा समाजले समेत त्यसैलाई निरन्तरता दिइएको दखिन्छ ।

यसरी माथि उल्लेखित विविध कारणहरुले मूर्त तथा अमूर्त संस्कृतिमा परिवर्तनहरु आएको देख्न सकिन्छ ।

## ५.२ निष्कर्ष

राजकीर्ति महाविहार परिसर लिच्छविकालमै निर्माण भएको हो । राजकीर्ति महाविहार, बन्धुदत्त विहार र सङ्कटा मन्दिरको स्थापना लिच्छविकालमै भएको देखिन्छ । राजकीर्ति महाविहार परिसरमा सात वटा लिच्छविकालीन चैत्यहरु रहेका छन् भने दुई वटा लिच्छविकालीन अभिलेख रहेका छन् । मल्लकालमा पनि यस परिसरमा सूर्य र चन्द्रका मूर्ति अभिलेख सहित राखिएको छ । जसले गर्दा यस विहारको नाम तेदो विहार, राजकीर्ति महाविहार भनेर स्पष्ट रुपमा उल्लेख गरिएको छ । यस परिसरमा साना साना विहारहरु रहेकोमा सबैलाई गाभेर एउटै राजकीर्ति महाविहार बनाइएको पाइन्छ ।

राजकीर्ति महाविहार परिसर एक महत्वपूर्ण धार्मिक स्थल हो । यस परिसरभित्र हिन्दू तथा बौद्ध धर्मावलम्बीहरु बिच धार्मिक सहिष्णुता, सामाजिक मेलमिलाप रहेको पाइन्छ । एउटै परिसरभित्र हिन्दू तथा बौद्ध देवीदेवताहरु रहनु र पूजा गर्नुले पनि धार्मिक सहिष्णुताको अन्योन्याश्रित सम्बन्धलाई देखाएको छ ।

राजकीर्ति महाविहार परिसरमा रहेका अमूर्त संस्कृतिले यस क्षेत्रलाई गौरवान्वित बनाएको छ । मानिसहरुको धार्मिक आस्था र विश्वासले गर्दा जुनसुकै देवता भएपनि पूजा गर्ने प्रचलनले शान्ति, सद्भाव कायम रहेको हुन्छ । यस क्षेत्रमा पाइएको प्रमाण अनुसार होम गर्ने प्रचलन १५ औं शताब्दीमा पनि रहेको तथ्य उजागार भएको छ । सङ्कटा देवताको उद्गम स्थल नेपालको ललितपुरको कटुवालदहमा भएको तथ्य रहेको पाइएको छ । लिच्छविकालदेखी नै मूर्त तथा अमूर्त सम्पदाहरुलाई जोगाइ राखेर निरन्तर रुपमा धार्मिक अभ्यास गर्नाले पनि संस्कृतिलाई जीवन्त राखिरहेको छ । अतः राजकीर्ति महाविहार परिसरमा लिच्छविकाल, मल्लकाल र वर्तमान काललाई प्रतिनिधित्व गर्ने अभिलेख, चैत्य, विहार, मन्दिर र मूर्तिले यस क्षेत्रलाई नमूना धार्मिक क्षेत्रको रुपमा विकसित गरेको छ ।

# परिशिष्ट क

## अन्तर्वार्ताको क्रममा सोधिएका प्रश्नहरु

१. राजकीर्ति महाविहार परिसरको स्थापना कहिले भएको हो ?

२. सङ्कटा देवता को हुन ?

३. सङ्कटा मन्दिरमा नित्य तथा नैमित्तिक पूजाको व्यवस्था कसरी गरिएको छ ?

४. भद्रकाली मन्दिरमा नित्य पूजा, जात्रा पर्व कसरी सञ्चालन भएको छ ?

५. नित्य पूजामा के कस्ता सामग्रीको प्रयोग हुन्छ ?

६. नैमित्तिक पर्वहरू के-के छन् र तिनलाई कसरी सञ्चालन गरिएको छ ?

७. यस मन्दिरसँग सम्बन्धित जात्राहरू के-के छन् ?

८. जात्राहरू कसले सञ्चालन गर्छ ?

९. जात्रा कति दिन चल्छ र कहाँ-कहाँ लगिन्छ ?

१०. यस मन्दिरमा हुने जात्रामा पहिले र अहिले के-कस्ता पविर्तनहरू आए ?

११. विगत र अहिले सांस्कृतिक क्रियाकलापमा के-कस्तो भिन्नता आएका छन् ?

# परिशिष्ट ख

## अन्तर्वार्तामा लिइएका मानिसहरुको नामावली

| क्र.सं. | नाम | ठेगाना | विज्ञता | अन्तर्वार्ता मिति |
|---|---|---|---|---|
| १ | मोतीकाजी बज्राचार्य | धापासी | सङ्कटा मन्दिरको चक्रेश्वर (मुख्य पुजारी) | २०८२-४-२२ |
| २ | विश्वविजय बज्राचार्य | टेबहाल | सङ्कटा मन्दिरको दोस्रो पुजारी | २०८२-४-२९ |
| ३ | प्रचण्ड शिखाकार | टेबहाल | गुंला बाजा खलः अध्यक्ष | २०८२-४-८ |
| ४ | रञ्जन शिखाकार | टेबहाल | गुंला बाजा खलः सदस्य | २०८२-४-८ |
| ५ | विष्णुमाया महर्जन | खिचापोखरी | पालो पर्ने पुजारी | २०८२-३-१५ |
| ६ | कान्छा महर्जन | टेबहाल | पालो पर्ने पुजारी | २०८२-४-२९ |
| ७ | डा. लोकनाथ दुलाल | भक्तपुर | सह-प्राध्यापक, संस्कृति केन्द्रीय विभाग, त्रि.वि. | २०८२-४-१४ |
| ८ | डा. पुष्परत्न शाक्य | भक्तपुर | उप-प्राध्यापक, बौद्ध अध्ययन केन्द्रीय विभाग, त्रि.वि. | २०८२-४-२३ |
| ९ | घोतमान तामाङ | कटुवालदह | पुजारी | २०८२-४-१० |
| १० | आशाराम तामाङ | कटुवालदह | पुजारी | २०८२-४-१० |
| ११ | कविराज तामाङ | कटुवालदह | स्थानीय | २०८२-४-१० |

# परिशिष्ट ग

## टेबहालको मानदेवको पालाको गुहमित्रको अभिलेख

**अभिलेखको परिचय :**

टेबहालको मानदेवको पालाको गुहमित्रको अभिलेख काठमाडौं राजकीर्तिमहाविहार (टेबहाल) भित्र पस्ने ढोकैनिर बायाँपट्टिको एउटा पसलभित्र महाकालको मूर्ति रहेको छ। त्यसैको पादपीठमा यो अभिलेख कुँदिएको छ। यसको अभिलेख कुँदिएको भाग ५० अङ्गुल लम्बा र ३३ अङ्गुल चौडा रहेको छ। यहाँ संवत् ४०२ लेखिएको छ।

**मूलपाठ :**

१. (संव)त् ४०२ राज्ञः श्रीमनदेवस्य सम्यक्पालयतो महीम्
आषाढशुक्लस्य तिथौ पञ्चदश्यां शुभार्त्थिना
२. वणिजां सार्त्थवाहेन गुहमित्रेण भक्तितः
संस्थापितोत्र भगवानिन्द्रो नाम दिवाकरः
क्षेत्रं यथा गुम्पद्वृम्प्रदेशे
३. शतस्य भूमिः पिण्डकमानिका ६०

**नेपालीमा अनुवाद :**

राजा श्रीमानदेवबाट राम्ररी पृथ्वीको पालना गरिरहनुभएको बेलामा, कल्याण चिताउने सार्थवाह गुहमित्रले संवत् ४०२ आषाढ शुक्ल पूर्णिमाको दिन इन्द्रनामक भगवान सूर्यलाई भक्ति पूर्वक यहाँ स्थापना गरे। (गुठी राखेको) खेत यस प्रकारको छ - गुम्पद्वृम् भन्ने ठाउँमा ६० मानिका पिण्डक (कुत) आउने सय भूमि।

# परिशिष्ट घ

## सङ्कटा मन्दिरको दक्षिणतर्फको पर्खालमा भएको अभिलेख

**अभिलेखको परिचय :**

सङ्कटा मन्दिरको दक्षिणतर्फको पर्खालमा एउटा जलद्रोणी रहेको छ । जलद्रोणीको छेउको पर्खालमा उत्तरलिच्छविकालीन अभिलेख रहेको छ । अभिलेख दुई लाइनको रहेको छ । यसको अभिलेख कुँदिएको भाग १३ अङ्गुल लम्बा र ३ अङ्गुल चौडा छ । यहाँ संवत् छैन ।

**मूलपाठ :**

१. *रत्नत्रयम्भगवदाय्र्यमुदारवर्ण्ण मुद्दिश्य सत्वपरिभोगनिमित्तमेतो*

२. *कूपञ्जलद्रवणिकाञ्च शुभाय पित्रोः शाक्योयतिविहितवान्प्रियपालनामा*

**नेपालीमा अनुवाद :**

(आफ्ना) आमा बाबुको कल्याण होस् भनी प्रियपाल नाउँ भएका शाक्य भिक्षुले उज्जवल कीर्ति भएका उहाँ ठूला रत्नत्रय (बुद्ध, धर्म, संघ) लाई लख गरेर प्राणीहरुको उपभोगको निमित्त यो कुवा र टुटेधारा बनाए ।

# परिशिष्ट ङ

## काठमाडौं टेबहालको ने.सं. ५८३ को अभिलेख

**अभिलेखको परिचय :**

**मूलपाठ :**

१. नमः श्रीकुमुदबांधवे ॥ तुषार(कु)ण्डसंकासं उदये धीर अर्ण्णवे ।
नमामि निशिनाथाय जगदा -

२. (न)न्तलोचनम् ॥ श्रीमत्तेदोविहारेयं थापितोऽयं निशाकरः ।
पूर्ण्णिमाव्रतपूरित्वात

३. सज्जनः ॥ श्रेयोऽस्तु । सम्बत् ५८३ कार्त्तिशुक्लपूर्ण्णिमास्यां तिथौ ॥
राजाद्धिराजपरमेश्वरपरम(भ)-

४. ट्टारकरविकुलकमलविकासनभास्करः श्रीश्रीजयजक्षमल्लदेवस्य विजयराज्ये ॥
थ्व पुनि-

५. -या जेष्टभिक्षु श्रीजयराज -- प्वलाकार मदु भारो । मेगराज जोती
। रत्नराज । सको । जयतेजजु । जयं-

६. तराज ॥ भरि मनिसरामः । जय ... जयमयी । गोमयि । जिवामयि ।
रहसूत । हरखत जयमयी-

७. -मयी ... थ्वते घरमनि जासन प्रतिष्ठा ... याङा शुभ-

**नेपालीमा अनुवाद :**

चन्द्रमालाई नमस्कार । हिउँ जस्तो सफा, समुद्रबाट उदाएका, संसारको आँखा भएका चन्द्रमालाई ढोग्दछु । पूर्णिमाव्रत पूरा गरीकन तेदोविहार (टेबहाल)मा यी चन्द्रमाको स्थापना गरिएको हो ।

कल्याण होस् । ने.सं. ५८३ कार्त्तिकशुक्ल पूर्णिमाको दिन राजाधिराज परमेश्वर परमभट्टारक सूर्यवंशको विकास गर्ने श्रीश्रीजययक्ष मल्लदेवको विजयराज्यमा ... का जेठा भिक्षु श्रीजयराज ...प्वलाकार, मदु भारो मेघराज, ज्योति, रत्नराज, सको, जयतेज, जयन्तराज यी भारोहरु र ... जयमयी, गोमयी, जीवामयी, रहसूत, हरख, जयमयी ... यी भरीहरु मिली प्रतिष्ठा ... गरिएको हो ।

# परिशिष्ट च

## बन्धुदत्त विहारको छानोको तलपट्टि चारैतिर सुनौलो अक्षरमा लेखिएको अभिलेख

**पश्चिम :** ॥ स्वस्ति श्री राजकीर्ति महाविहारया क्वापाद्या, अक्षोभ्य बुद्ध (मूगःद्य) देगः स्यं वलय् ईलय् व्यलय् तिथि कथं नेपा ल संवत् ६८२, ७४५, ७७५ स द्या, देगः

**उत्तर :** थाप व मेमेगू ज्या जूजूपि व भक्तजन पिंस व्रतदना तयावगू ख ल्वह पौ पाखें सिदू ॥ अथ हे नेपाल संवत् ११३२ दिल्लाथ्व गुनू पून्हि (वि.सं. २०१६ असार ३१ गते) मंगल वाः कून्हू

**पूर्व :** श्री संकटा संरक्षण तथा व्यवस्थापन समितिया ग्वसालय् श्री पद्मान्तक आजू सर्व संघ, यँ महानगरपालिका, सांसद विकास कोष व श्रद्धावन्त धर्मचित्त दूपिं भक्तजन पिनिगू यथाश्रद्धा

**दक्षिण :** ॥ दां ग्वाहालिं थूगू श्री अक्षोभ्य बुद्ध (मूगःद्यो) या देग हाकन (पुनः निर्माण) दयकेगू ज्या क्वचाय् कागू जूल ॥ थूगू पूण्य संकल प्राणीया जय जूई मा, भिं जूईमा ॥

# परिशिष्ट छ

## चित्रसूची



चित्र नं. १ राजकीर्ति महाविहार




चित्र नं. २ बन्धुदत्त विहार



चित्र नं. ३ भद्रकाली द्योःछें

*तस्वीर स्रोत : अनुसन्धानकर्ता*



चित्र नं. ४ नासःद्य (नृत्यनाथ)



चित्र नं. ५ सङ्कटा मन्दिर




चित्र नं. ६ चैत्य




चित्र नं. ७ लिच्छविकालीन चैत्य

*तस्वीर स्रोत : अनुसन्धानकर्ता*



चित्र नं. ८ राजकीर्ति महाविहारको तोरण




चित्र नं. ९ सङ्कटा मन्दिरको तोरण

*तस्बीर स्रोत : अनुसन्धानकर्ता*



चित्र नं. १०    भद्रकाली द्योःछें को बाहिरी ढोकाको तोरण



भद्रकाली द्योःछें को भित्री ढोका र तोरण

चित्र नं. ११



नासःद्य को तोरण र चित्र

चित्र नं. १२

*तस्वीर स्रोत : अनुसन्धानकर्ता*



चित्र नं. १३ भद्रकालीको मूर्ति



भद्रकाली द्योःछें को मूर्ति भएको स्थानको तोरण
चित्र नं. १४



चित्र नं. १५ पद्‍मपाणी लोकेश्वर




चित्र नं. १६ पद्‍मपाणी लोकेश्वर

*तस्वीर स्रोत : अनुसन्धानकर्ता*



चित्र नं. १७  सरस्वतीको मूर्ति



चित्र नं. १८ चन्द्रको मूर्ति



चित्र नं. १९    सूर्यको मूर्ति



चित्र नं. २० सूर्यको मूर्ति

*तस्बीर स्रोत : अनुसन्धानकर्ता*



चित्र नं. २१ महांकालको मूर्ति




चित्र नं. २२ गणेशको मूर्ति



राजकीर्ति महाविहारको अक्षोभ्य बुद्ध

चित्र नं. २३



बन्धुदत्त विहारको अक्षोभ्य बुद्ध

चित्र नं. २४

*तस्बीर स्रोत : अनुसन्धानकर्ता*



कटुवालदहमा सङ्कटाको हात

चित्र नं. २५



करुणामयलाई कलशमा साधना गरेको (कटुवालदह)

चित्र नं. २६



चित्र नं. २७ कटुवालदह थान



चित्र नं. २८ कटुवालदहबाट चोरी भएको सङ्कटाको हात

(तस्बीर स्रोत : पुजारी)

*तस्बीर स्रोत : अनुसन्धानकर्ता*

## पारिभाषिक शब्दावली

| | |
|---|---|
| *अजिमा द्यः* | - मातृका देवी |
| *आजु द्यः* | - पुरुष देवता |
| *इलां* | - चँदुवा |
| *इहि* | - नेवार बालिकाहरुलाई बेल संग विवाह गर्ने |
| *क्वापाद्यः* | - गन्धकुटी देवता |
| *क्वापाद्यः छेँ* | - गन्धकुटी देवताको घर |
| *कलः* | - एक प्रकारको पूजा थाली |
| *कषाय्गा* | - एक किसिमको रातो कपडा |
| *किकिम्पा* | - टाउकोमा लगाउने मुकुट |
| किभुः | - थालीमा भरीएको चामल |
| कोतः | - नेवारहरुले विशेष पूजामा प्रयोग गरिने एक किसिमको गहिरो पूजा गर्ने थाल |
| *कोनेपुईं बहाः* | - तल्लो क्षेत्रको बिहार |
| *ख्याक* | - नेवार समुदायमा प्रचलित एक किसिमको भूत जस्तै |
| *गुरुजु* | - पुरोहित /पण्डित |
| *गुँला बाजा* | - नेवार बौद्ध समुदायको गुँला पर्वमा बजाउने एक किसिमको बाजा |
| *घासा* | - विभिन्न खानाको परिकार |
| *जजंका* | - काँचो धागोबाट बनाइएको देवतालाई चढाउने धागो |
| *तायो* | - नेवार समुदायमा प्रयोग गर्ने घाँटीमा लगाउने गहना |
| *थथुपुईं बहा* | - उपल्लो क्षेत्रको बहाल |
| *दथुपुईं बहाः* | - बिचको क्षेत्र बहाल |
| *देखा* | - दीक्षा |
| *द्योकु* | - झ्यालको माथिल्लो भागमा काठको देवताको मूर्ति बनाइएको ठाउँ |
| *द्योःछें* | - देवताको घर |
| *द्यो ल्हायेगु* | - देवतालाई अर्पण गर्नु |

*धकिं* - वस्त्र

*धौ सगं वियेगु* - पुरुषलाई दाहिने कञ्चटमा र महिलालाई बाँया कञ्चटमा बुढी औंलाले दही लगाएर दिइने सगुन

*नासः* - छालाले मोडिएको बाजामा तीखो स्वर आउने भाग, कार्य सिद्धि

*नासःद्य* - भगवान शिवको एउटा स्वरुप

*नासः प्वाः* - प्वालको रुपमा नासः द्यःलाई पुज्ने

*पाल्हाःद्योः* - संकटा देवता

*पाहाँचऱ्हे* - घोडाजात्राको बेलामा नेवार समुदायले मनाउने पर्व/चाड

*पिखालुखु* - मूल ढोका

*पुईं हायेगु* - नागलाई गरिने एक किसिमको विषेश पूजा

*पोताय्* - एक किसिमको अबिर, सिन्दूर मिसिएको फुस्रो ढुंगाको चुर्ण

*बलिंपियेगु* - चामलको कनिकाहरु छरी भूत पिसाच पन्छाउने काम

*बहाः* - बहाल

*बही* - बहील

*बुसाधँ* - वर्ष बन्धन

*बौ पा* - एक प्रकारको देवतालाई चढाउन प्रयोग गरिने सामग्री

*म्ह्ययम्चा नखः* - छोरीबेटी चाड/पर्व

*मतः पूजा* - गुंला पर्व शुरु हुनु भन्दा अघिल्लो साँझ गरिने पूजा

*मरः जा* - बच्चाहरुलाई रोग व्याधि नलागोस् भनेर खुवाइने भात

*माताचा* - एक प्रकारको पुरानो फलामे ताल्चा

*मुगः द्यो* - मूल देवता

*मेराप* - घोडाको आकृति बनाइएको ठाँउ

*यः सिं* - काठको लिङ्गो

*ल्हागा वस्त्र धकिं* - देवताले लगाएको वस्त्र

*लसकुश* - स्वागत

*लायकुपुईं* - राजकुल क्षेत्र

*लाभा नखः* - लसुन खाने पर्व (लुकुमाद्यःमा खाने परिकार)

*लुकुमाद्यः* - लुकेर बसेको महादेव

| | |
|---|---|
| *लुँमढी द्यःछें* | - भद्रकाली देवीको घर |
| *संझ्या* | - विषेश किसिमका कलात्मक झ्याल |
| *समय्बजि* | - चिउरा, कालो भटमास, अदुवा, माछा, मासु आदि परिकारहरु भएको खाना |
| *सिफं लुयेगु* | - काठको पाठीमा चामल, अवीर, फूल, फलफूल आदि मिलाई शिर माथि खन्याई गरीने एक किसिमको पूजा |
| *सिलाय्कू* | - सिसा भएको झ्यालको बिचमा रहेको स्तम्भ |
| *हृदयफो* | - एक प्रकारको गहना |
| *हैमाद्यः* | - देवताको नाम |

## सन्दर्भ सामग्री

अमात्य, साफल्य, (वि.सं. २०५३), *टुँडिखेल वरपर विद्यमान स्मारक एवं देवस्थलहरु,* काठमाडौं महानगरपालिका ।

अमात्य, साफल्य, (वि.सं. २०६२), *नेपाल-मण्डल काठमाडौं उपत्यकाका धार्मिक नाचहरु,* चकँ दवू ।

अमात्य, साफल्य, (वि.सं. २०६८), *पुरातत्व, इतिहास र संस्कृति,* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

आचार्य, महेशकुमार, (वि.सं. २०७९), *क्वयना गने द्यः अर्थात् जलविनायक,* इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

उप्रेती, डिल्लीराज, (अनु.), (२०२०), *नेपाल हिन्दू अधिराज्यको इतिहास (पहिलो खण्ड),* हिमाल किताब प्रा.लि. ।

कोइराला, कुलचन्द्र, (वि.सं. २०५२), *श्रीमत्स्येन्द्रनाथ,* गुठी संस्थान ।

खतिवडा, सोमप्रसाद, ढकाल, प्रदिप, (वि.सं. २०८२), *पाशुपत विश्वकोश,* मकालु ग्रुप अफ कम्पनी प्रा.लि. ।

खनाल, सन्ध्या, (वि.सं. २०७०), टेबहाल (राजकीर्ति महाविहार) तथा प्राङ्गणका महत्वपूर्ण सम्पदाहरु, *बुद्ध ज्योति (अंक १),* पृ. ९५-१०२ ।

घिमिरे, चन्द्रकला, (वि.सं. २०७९), *नेपालमा बुद्ध धर्मको इतिहास,* भुँडीपुराण प्रकाशन ।

जोशी, चन्द्र बहादुर, (वि.सं. २०४४), *काठमाडौं उपत्यकाका कलात्मक झ्यालहरु,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

टण्डन, गोविन्द, (वि.सं. २०४२), *काठमाडौं अधित्यकाका गणेश मूर्तिहरु,* नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय ।

ढकाल, प्रदीप, थापा, मिलनकुमार, (प्र.सम्पा.) (२०७७), *पाशुपत क्षेत्रको सांस्कृतिक सम्पदा (मूर्त र अमूर्त),* पशुपति क्षेत्र विकास कोष ।

दर्नाल, प्रकाश, (सं.), (वि.सं. २०७०), *कान्तिपुर शिलालेख सूची - भाग ४,* राष्ट्रिय अभिलेखालय ।

दाहाल, पेशल, खतिवडा, सोमप्रसाद, (वि.सं. २०५७), *नेपाली समाज र संस्कृति,* एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

दाहाल, पेशल, खतिवडा, सोमप्रसाद, (वि.सं. २०६०), *नेपालको कला र वास्तुकला,* एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स ।

नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, (वि.सं. २०७६), *अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि २००३,* नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, (वि.सं. २०८१), *अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१,* नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

न्यौपाने, काशीनाथ, (अनु.), (२०१६), *श्रीचण्डमहारोषणतन्त्रम्,* इण्डियन माइन्ड ।

पौड्याल, वीणा, (वि.सं. २०५७), *नेपाली मूर्तिकला र चित्रकला,* नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

पौड्याल, वीणा, पराजुली, खनाल सन्ध्या, (वि.सं. २०७७), *नेपाल मण्डलका सूर्य, चन्द्र र नवग्रहका मूर्तिहरु,* पैरवी बुक हाउस प्रा.लि. ।

पौड्याल, वीणा, शर्मा, डिल्लीराज, पोखरेल, गोपाल, (वि.सं. २०७८), *नेपाल उपत्यकाका केही जात्रा,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रजापति, सुभाषराम, (वि.सं. २०६३), *नासः द्यः परम्परा र दर्शन,* नेवाटेक इन्कर्पोरेटेड ।

बज्राचार्य, गणेश, (वि.सं. २०७७), *नेवार संस्कृति तथा चाडपर्वहरु,* भ्री पुचः नेपालभाषा तथा सांस्कृतिक संघ ।

बज्राचार्य, जुद्धरत्न, (वि.सं. २०५८), *श्री संकटा राजकीर्ति महाविहार (टेबहाल) को संक्षिप्त परिचय,* सुनकेशरी बज्राचार्य ।

बज्राचार्य, नरेश मान, (वि.सं. २०६९), *बज्रयान नेपाल,* त्रिरत्न प्रकाशन ।

बज्राचार्य, पुरुषोत्तम, (वि.सं. २०५९), श्री संकटा १२ वर्षे मेला एक यात्रा स्मरण, *श्री संकटा १२ वर्षे मेला २०६० स्मारिका,* पृ. ३७-४५ ।

बज्राचार्य, पूर्णरत्न, (वि.सं. २०६०), संकटाको स्थापना, *श्री संकटा १२ वर्षे मेला २०६० स्मारिका,* पृ. २३-२६ ।

बज्राचार्य, सन्ध्या, (वि.सं. २०८१), *काठमाडौँमा प्रचलित यःसिं परम्पराको सांस्कृतिक अध्ययन,* [अप्रकाशित एम.ए. शोधपत्र], नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

भट्टराई, सुभद्रा, (सं.), (वि.सं. २०६८), *कान्तिपुर शिलालेख सूची - भाग २,* राष्ट्रिय अभिलेखालय ।

मानन्धर, जीतबहादुर, (वि.सं. २०५१), *श्रीगणेशाय नमः,* तारादेवी मानन्धर ।

राजवंशी, शङ्करमान, (सं.), (वि.सं. २०७८), *कान्तिपुर शिलालेख सूची - भाग १ (दोस्रो संस्करण),* राष्ट्रिय अभिलेखालय ।

वज्राचार्य, धनबज्र, (सं.), (वि.सं. २०१९), *पण्डित सुन्दरानन्द विरचित त्रिरत्न-सौन्दर्य-गाथा,* नेपाल-सांस्कृतिक-परिषद् ।

वज्राचार्य, धनबज्र, (वि.सं. २०५३), *लिच्छविकालका अभिलेख (दोस्रो संस्करण),* नेपाल र एशियाली अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालय ।

वज्राचार्य, धनबज्र, (वि.सं. २०६८), *पूर्वमध्यकालका अभिलेख,* नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

वज्राचार्य, मुनीन्द्ररत्न, (वि.सं. २०७६), *नेपालको चाडपर्वहरुको संगालो,* सुदर्शनमान सिंह ।

वज्राचार्य, रञ्जना, (वि.सं. २०५९), *ललितपुर, इलांननीस्थित श्रीचण्डमहारोषण (श्रीसङ्कटा) : एक अध्ययन,* श्री पद्मरत्न धाख्वा ।

वज्राचार्य, राजेन्द्रमान, (वि.सं. २०७५), *कान्तिपुरका महाविहार/विहारहरु,* वज्रयान बौद्ध तथा महाविहार संघ नेपाल ।

शाक्य, तीर्थरत्न, (वि.सं. २०६५), *नेपाल मण्डलका बौद्धहरुको धार्मिक अभ्यास र जीवन शैली,* बुद्धधर्म अध्ययन गोष्ठी ।

साङ्कृत्यायन, राहुल, (अनु.), (१९३५), *विनय पिटक,* महाबोधि सभा सारनाथ ।

सिखाकार, पदम तारा (वि.सं. २०५९), श्री संकटाको मेलामा टेबहाल शिखाकार गुठीको भूमिका, *श्री संकटा १२ वर्षे मेला २०६० स्मारिका,* पृ. ६९-७२ ।

श्री संकटा १२ वर्षे मेला सहयोग समिति, (वि.सं. २०५९), *श्री संकटा १२ वर्षे मेला २०६० स्मारिका,* श्री संकटा १२ वर्षे मेला सहयोग समिति ।

श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, (वि.सं. २०६१), *काठमाडौँ उपत्यकाका सांस्कृतिक सम्पदाहरु काठमाडौँ महानगरपालिका भाग ३,* श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

Bhattacharyya, B. (1924). *The Indian Buddhist Iconography*. Humphrey Milford Oxford University Press.

Bhattacharyya, B. (1958). *The Indian Buddhist Iconography (second edition)*. K. L. Mukhopadhyay.

Locke, J. K. (1985). *Buddhist Monasteries of Nepal*. Sahayogi Press Pvt. Ltd.

Regmi, D. R. (1966). *Medieval Nepal (Part III).* Firma K. L. Mukhopadhyay.

Ways, D. (2019). *Kathmandu Valley Heritage Walks*. Himalayan Travel Guides.